मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०७७/७८-२०७९/८०)

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं
२०७७

मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०७७/७८ - २०७९/८०)

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

२०७७

भूमिका

सार्वजनिक खर्चको कुशल व्यवस्थापनद्वारा आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत र विषय क्षेत्रगत लक्ष्य र उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउँछ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ। साथै, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय तहले सार्वजनिक आय व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ।

आवधिक योजना र वार्षिक बजेटबीच तदाम्यता ल्याउने महत्वपूर्ण औजारको रुपमा रहेको यस मध्यमकालीन खर्च संरचनामा आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट अनुमान तथा त्यसपछिका दुई आर्थिक वर्षको प्रक्षेपण गरी तीन आर्थिक वर्षको चक्रीय बजेट प्रस्तुत गरिएको छ। साथै, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना (कोभिड-१९) संक्रमणका कारण उत्पन्न नकारात्मक असर न्यूनीकरण गर्दै अर्थतन्त्रको पुनरोत्थान गर्ने दिशामा यस खर्च संरचना केन्द्रित गरिएको छ। यस संरचनाले विषय क्षेत्रगत मन्त्रालय तथा निकायहरुलाई आवश्यक स्रोत सहित सार्वजनिक वित्तको पूर्वानुमान गर्न सहयोग हुने अपेक्षा गरिएको छ।

'*समृद्ध नेपाल सुखी नेपाली*' को राष्ट्रिय सोच एवम् वि. सं. २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्न र वि. सं. २०७९ सम्ममा अति कमविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुनको लागि दीर्घकालीन सोचसहितको पन्ध्रौं योजनाका लक्ष्य र उद्देश्य हासिल गर्न यस खर्च संरचना सहयोगी हुने अपेक्षा गरिएको छ। सार्वजनिक वित्त व्यवस्थापनमा अनुशासन कायम गरी प्राथमिकता प्राप्त क्षेत्रमा आवश्यक बजेट विनियोजन मार्फत सार्वजनिक खर्चको कुशल र प्रभावकारी व्यवस्थापन गरी अपेक्षित नतिजा हासिल गर्न सघाउ पुग्ने विश्वास लिइएको छ।

मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गरिएको छ। नतिजा सूचक तयार गर्दा पन्ध्रौं योजनाका साथै कोभिड-१९ महामारीको सम्भावित असर तथा प्रभाव, बिषय क्षेत्रगत गुरूयोजना, रणनीतिक योजना, दिगो विकास लक्ष्यलाई आधार लिइएको छ। यी नतिजा सूचक बमोजिमका लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कनलाई थप सुदृढ वैज्ञानिक र नतिजामूलक प्रणालीलाई सुदृढ गर्न जोड दिइएको छ।

अन्तमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न हुनुहुने राष्ट्रिय योजना आयोगका सबै पदाधिकारी एवम् कर्मचारी, मध्यमकालीन खर्च संरचना निर्देशक समितिका सदस्य तथा विषयगत मन्त्रालय तथा निकायका कार्यदलका सदस्यहरुलाई राष्ट्रिय योजना आयोग धन्यवाद ज्ञापन गर्दछ।

राष्ट्रिय योजना आयोग

जेष्ठ २०७७

विषयसूची

परिच्छेद १ परिचय **१-५**

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य २

१.३ नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास ३

१.४ संस्थागत व्यवस्था ३

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ४

परिच्छेद २ मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७७/७८-२०७९/८०) **६-२६**

२.१ पृष्ठभूमि ६

२.२ चुनौती तथा अवसर ६

२.३ सोच, उद्देश्य तथा रणनीति ७

२.४ मध्यमकालीन आर्थिक खाका ८

२.५ मध्यमकालीन नतिजा खाका ९

२.६ मध्यमकालीन बजेट खाका १५

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट १७

परिच्छेद ३ कृषि, भूमि व्यवस्था, सहकारी तथा वन क्षेत्र **२७-६१**

३.१ कृषि २७

३.२ भूमि व्यवस्था ४२

३.३ सहकारी तथा गरिबी निवारण ४९

३.४ वन, वातावरण तथा जलवायु परिवर्तन ५३

परिच्छेद ४ आर्थिक क्षेत्र **६२-८९**

४.१ अर्थ ६२

४.२ उद्योग ७१

४.३ वाणिज्य तथा आपूर्ति ७७

४.४ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन ८१

परिच्छेद ५ सामाजिक क्षेत्र **९०-१४४**

५.१ शिक्षा, विज्ञान तथा प्रविधि ९०

५.२ स्वास्थ्य तथा जनसंख्या १०६

५.३ खानेपानी तथा सरसफाइ ११७

५.४ युवा तथा खेलकुद १२५

५.५ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक १३१

५.६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा १४०

परिच्छेद ६ पूर्वाधार क्षेत्र **१४५-२०२**

६.१ ऊर्जा, जलस्रोत तथा सिँचाइ १४५

६.१.१ ऊर्जा १४५
६.१.२ जलस्रोत १५६
६.१.३ सिँचाइ १६०
६.१.४ जल तथा मौसम विज्ञान १६८
६.२ भौतिक पूर्वाधार तथा यातायात १७२
६.३ सञ्चार तथा सूचना प्रविधि १८३
६.४ शहरी विकास, आवास र भवन निर्माण १९०
६.५ पुनर्निर्माण २००
परिच्छेद ७ शासकीय व्यवस्था र अन्तरसम्बन्धित विषय क्षेत्र **२०३-२४८**
७.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् २०३
७.२ संघीय मामिला तथा सामान्य प्रशासन २१०
७.३ कानून, न्याय तथा संसदीय मामिला २२०
७.४ गृह २२४
७.५ रक्षा २३३
७.६ परराष्ट्र २३९
७.७ योजना तथा तथ्याङ्क २४२
परिच्छेद ८ संवैधानिक अंग तथा निकाय **२४९-२९६**
८.१ राष्ट्रपतिको कार्यालय २४९
८.२ उपराष्ट्रपतिको कार्यालय २५१
८.३ संघीय संसद २५३
८.४ अदालत २५६
८.५ अख्तियार दुरूपयोग अनुसन्धान आयोग २६१
८.६ महालेखापरीक्षकको कार्यालय २६४
८.७ लोक सेवा आयोग २६६
८.८ निर्वाचन आयोग २६९
८.९ राष्ट्रिय मानव अधिकार आयोग २७२
८.१० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग २७४
८.११ राष्ट्रिय महिला आयोग २७७
८.१२ राष्ट्रिय दलित आयोग २८१
८.१३ राष्ट्रिय समावेशी आयोग २८४
८.१४ आदिवासी जनजाति आयोग २८६
८.१५ मधेशी आयोग २८९
८.१६ थारु आयोग २९१
८.१७ मुस्लिम आयोग २९३
८.१८ न्याय परिषद् २९५

अनुसूचीहरू

अनुसूची १.१	मन्त्रालय/निकायगत त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण	२९७
अनुसूची १.२	मन्त्रालय/निकायगत त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	२९९
अनुसूची २.१	विषय क्षेत्रगत त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण	३०१
अनुसूची २.२	विषय क्षेत्रगत त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३०३
अनुसूची ३.१	कृषि, भूमि व्यवस्था, सहकारी तथा वन क्षेत्रको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण	३०५
अनुसूची ३.२	कृषि, भूमि व्यवस्था, सहकारी तथा वन क्षेत्रको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३०९
अनुसूची ४.१	आर्थिक क्षेत्रको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण	३१२
अनुसूची ४.२	आर्थिक क्षेत्रको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३१६
अनुसूची ५.१	सामाजिक क्षेत्रको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण	३१९
अनुसूची ५.२	सामाजिक क्षेत्रको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३२४
अनुसूची ६.१	पूर्वाधार क्षेत्रको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण	३२८
अनुसूची ६.२	पूर्वाधार क्षेत्रको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३३७
अनुसूची ७.१	शासकीय व्यवस्था तथा अन्तर सम्बन्धित विषय क्षेत्रको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण	३४४
अनुसूची ७.२	शासकीय व्यवस्था तथा अन्तर सम्बन्धित विषय क्षेत्रको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३४८
अनुसूची ८.१	संवैधानिक अंग तथा निकायको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण	३५२
अनुसूची ८.२	संवैधानिक अंग तथा निकायको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३५६
अनुसूची ९.१	साँवा ब्याज भुक्तानी तथा अर्थ विविधको त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण एवम् कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण	३६०
अनुसूची ९.२	साँवा ब्याज भुक्तानी तथा अर्थ विविधको त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण	३६२
अनुसूची १०	प्रति एकाई लागत अनुमान	३६४
अनुसूची ११	आयोजना प्राथमिकीकरणका आधारहरु	३७३
अनुसूची १२	विकास आयोजना/कार्यक्रमको प्राथमिकीकरणको आधारमा अंक प्रदान गर्ने तरिका	३८१

परिच्छेद १
परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानको कार्यान्वयन, *'समृद्ध नेपाल र सुखी नेपाली'* को दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना र दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। साथै, अतिकम विकसित मुलुकबाट विकासशील मुलुक र वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुँदै वि.सं. २१०० सम्ममा समुन्नत मुलुकको रूपमा स्थापित हुनेगरी सार्वजनिक वित्तको प्रभावकारी र कुशल परिचालन गर्नुपर्ने हुन्छ। यसका लागि स्रोत-साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन तीन वटा पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी पक्षहरूको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ।

दीर्घकालीन सोच, आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता र सामञ्जस्यता कायम गर्न मध्यमकालीन खर्च संरचना महत्वपूर्ण औजारका रूपमा रहेको छ। यसले विकास योजनाका लक्षित नतिजा हासिल गर्न स्रोत-साधनको न्यायोचित वितरण र महत्तम परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, पूर्वाधार निर्माण तथा सेवाको गुणस्तर तथा प्रभावकारिता, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउँछ। यसको सकारात्मक असर सार्वजनिक वित्त क्षेत्रमा मात्र नभई आर्थिक तथा वित्तीय स्थायित्वमा समेत पर्दछ।

मुलुक संघीय संरचनामा रूपान्तरण भएसँगै विगतमा केन्द्रको मातहतमा रहेको राजस्वको एकल अधिकार संविधान र कानुनी व्यवस्था अनुसार बाँडफाँट भएपछि एकातिर संघको राजस्व संकुचन हुने र अर्कातिर सोही संकुचित राजस्व तथा स्रोतबाट प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पुरा गर्न अनुदानका रूपमा हस्तान्तरण गर्नुपर्ने अवस्था भएकाले समग्र साधन व्यवस्थापन चुनौतीपूर्ण बनेको सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले दीर्घकालीन सोच तथा विकास योजनाले लिएको लक्ष्य, उद्देश्य तथा रणनीतिहरू हासिल गर्न क्षेत्रगत तथा आयोजनागत/कार्यक्रमगत प्राथमिकता निर्धारण, खर्च र स्रोतको आँकलन तथा प्रक्षेपण गरी वित्त व्यवस्थापन तथा आर्थिक विकासमा सहयोग पुऱ्याउँछ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त प्रावधान अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा बजेट विनियोजनमा आवश्यकताको पुष्ट्याईंलाई समेटिनु पर्ने, प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि समेत उल्लेख हुनुपर्ने व्यवस्था छ। साथै, योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति ब्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्रथमिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १३ (ख) मा अर्थ मन्त्रालयले राजश्व र व्ययको अनुमानमा मध्यमकालीन खर्च संरचना समेत समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। उल्लिखित प्रावधान बमोजिम राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दै आइएको छ।

यो खर्च संरचना तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने आधारहरू परिमार्जन गरी वस्तुगत रूपमा पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यसँग कार्यक्रम/आयोजनाको सामञ्जस्यता कायम गर्ने गरी प्राथमिकीकरणको निश्चित मापदण्ड बनाइएको छ। समग्र विकासका विषय क्षेत्रहरूलाई ५ क्षेत्रमा विभाजन गरी मापदण्डहरूमा सबै क्षेत्रले योगदान पुऱ्याउनु पर्ने गरी ५ वटा सामान्य आधार र दुई वटा विषय क्षेत्रगत आधार तय गरिएका छन्। यस खर्च संरचनामा पहिलो वर्ष वा आर्थिक वर्ष २०७७/७८ को हकमा बिनियोजित बजेट अनुरूप र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ। साथै, मन्त्रालय तथा निकायले सञ्चालन गर्ने आयोजना र कार्यक्रमका विभिन्न क्रियाकलापहरूको प्रति एकाई खर्च अनुमानका साथै विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरू प्रस्तुत गरिएका छन्।

१.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रूपमा यस खर्च संरचनाले उपलब्ध साधन-स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस अन्तर्गत राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ। यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र सरकारका अन्य निकायहरूको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र संघीय संरचनामा संघीय सरकारले प्रदेश र स्थानीय तहको सरकारलाई उपलब्ध गराउनु पर्ने अनुदान र राजस्व बाँडफाँट सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ। यसरी निर्धारण भएको स्रोतभित्र रहेर मन्त्रालय एवम् निकायहरूले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन्। सम्बन्धित निकायहरूसँको छलफल पछि तीन वर्षअवधिको बजेटको खाका तयार गरिन्छ।

यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ। यसमा पहिलो वर्षको खर्च र स्रोत अनुमानको बार्षिक बजेटसँग तादात्म्यता रहन्छ र बाँकी दुई वर्षको प्रक्षेपण गरिन्छ। पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ। त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरिनुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार छन् :

१. सावर्जनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने।

२. सरकारको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत-साधनको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने।

३. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

४. सम्बन्धित मन्त्रालयहरूको बजेट अनुमान वास्तविक बनाउने।

उल्लेखित लक्ष्य हासिल गर्न आवधिक रूपमा मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा लैजानु पर्दछ।

१.३ नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास

नेपालमा सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा विभिन्न समस्या विद्यमान छन्। खासगरी आवधिक योजना र वार्षिक कार्यक्रम बीचमा तादात्म्यता नरहनु र कुनै आयोजनामा आवश्यक बजेट नछुट्याइनु तर कुनै आयोजनामा आवश्यकताभन्दा बढी बजेट छुट्याइनु, दिगोपना नभएको आयोजनामा निरन्तर रूपमा बजेट विनियोजन हुनु, बजेटको सुनिश्चितता नहुनु र कार्यान्वयन क्षमता भन्दा बढी आयोजनाहरू सञ्चालनमा रहनु यसका प्रमुख समस्या हुन्।

यसलाई ध्यानमा राखी दशौं योजना (२०५९—६५) सँगसँगै मध्यमकालीन खर्च संरचना योजनासँग तालमेल हुनेगरी तर्जुमा तथा कार्यान्वयन गर्न थालिएको थियो। नेपालमा पहिलो पटक आर्थिक वर्ष २०५९/६० देखि यस्तो खर्च संरचनाको शुरुवात भएको थियो। शुरुमा शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, विद्युत, सडक र जलस्रोत जस्ता मुख्य क्षेत्रमा यसको शुरुआत गरिएको थियो। यसले आवधिक योजना र वार्षिक बजेट बीच तादात्म्यता कायम गर्ने, विकास आयोजना/कार्यक्रमको प्राथमिकीकरण गर्ने, आवधिक योजनाले लिएका उद्देश्य र लक्ष्य हासिल हुने गरी स्रोत साधनको सदुपयोग गर्ने र पहिलो प्राथमिकतामा परेका आयोजनामा स्रोतको सुनिश्चितता गर्ने उद्देश्य लिएको थियो। यसबाट वित्त अनुशासन र आर्थिक स्थायित्व कायम हुने अपेक्षा गरिएको थियो।

शुरुका ५-६ वर्षसम्म खर्च संरचना तर्जुमा कार्यलाई संस्थागत गर्न प्रयास गरिएको र त्यसको फलस्वरूप यसका उद्देश्यहरू खासगरी वित्त अनुशासन र खर्चको रणनीतिक रूपमा विनियोजन कार्यमा सहयोग पुगेको थियो। तर, पछिल्ला केही वर्षमा यसको तर्जुमालाई निरन्तरता दिन सकिएन। हाल अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले कानुनी रूपमा अनिवार्य गरेको छ।

१.४ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता अपनाउने उपकरण भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसको लागि संस्थागत व्यवस्थाका रूपमा देहाय बमोजिमका विभिन्न स्तरका समितिहरूको व्यवस्था गरिएको छ।

१. **निर्देशक समिति :** मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा एक निर्देशक समिति रहेको छ। सो समितिमा आयोगका सबै सदस्यहरू तथा सदस्य सचिव एवम् सबै मन्त्रालय र निकायका सचिवहरू सदस्य रहने व्यवस्था छ। आयोगको आर्थिक व्यवस्थापन हेर्ने महाशाखाका प्रमुख सदस्य सचिव रहने व्यवस्था छ।

२. **स्रोत समिति :** अर्थतन्त्रको आर्थिक परिसूचकहरूको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयारी, आगामी तीन आर्थिक वर्षहरूको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा स्रोत सहितको मध्यमकालीन खर्च संरचना सीमा निर्धारण र बजेटको कार्यान्वयन स्थितिको समीक्षा गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण गर्न देहाय बमोजिमको स्रोत समिति रहने व्यवस्था छ। सो समितिमा आर्थ मन्त्रालयका राजश्व सचिव र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिवलाई समेत विशेष आमन्त्रण गर्ने गरिएको छ।

उपाध्यक्ष, राष्ट्रिय योजना आयोग	— अध्यक्ष
सदस्य (आर्थिक व्यवस्थापन क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग	— सदस्य
गभर्नर, नेपाल राष्ट्र बैंक	— सदस्य
सचिव, अर्थ मन्त्रालय	— सदस्य
सचिव, राष्ट्रिय योजना आयोग	— सदस्य
महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय	— सदस्य
महाशाखा प्रमुख, आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग	— सदस्य सचिव

३. **मध्यमकालीन खर्च संरचना कार्यदल :** सम्बन्धित मन्त्रालय तथा निकायहरूमा आ-आफ्नो मातहतमा देहाय बमोजिमका मध्यमकालीन खर्च संरचना कार्यदल रहने व्यवस्था छ। सो कार्यदलले प्रत्येक क्रियाकलापको एकाइगत लागत आँकलन, परिमार्जनका साथै आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी समन्वय गर्ने तथा सो निकायको बजेट मस्यौदा तयार गर्ने कार्य गर्दछ।

योजना तथा बजेट हेर्ने महाशाखा प्रमुख सबै केन्द्रीय निकायहरू	— संयोजक
सम्बन्धित निकायको आर्थिक प्रशासन शाखा प्रमुख	— सदस्य
सम्बन्धित निकाय अन्तर्गतको विभागीयस्तरको कार्यालयको प्रतिनिधि	— सदस्य

४. **मध्यमकालीन खर्च संरचना सम्बन्धी केन्द्रीय एकाइ :** राष्ट्रिय योजना आयोगको आर्थिक व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा यो एकाइ रहेको छ। आयोगका विषयगत क्षेत्र हेर्ने शाखा प्रमुखहरू सदस्य रहने यो एकाईले मध्यमकालीन खर्च संरचना तयारी र यससँग आवश्यक निर्देशिका तयारी, विभिन्न तालिम तथा गोष्ठी आयोजना र समग्र समन्वयसम्बन्धी भूमिका निर्वाह गर्दछ।

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

१. **त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार निर्धारण गर्ने :** गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालीन खर्च संरचनाको आधारमा सम्बन्धित निकाय/मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गर्दछन्। यो कार्य गर्दा सम्बन्धित मन्त्रालयहरूले सम्बन्धित खर्च संरचना कार्यदलको संलग्नतामा कार्यगत रूपमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गर्दछ। स्रोत समितिले देशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, शोधनान्तर स्थिति, वैदेशिक व्यापार स्थिति, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गरिन्छ।

२. **बजेट सीमा र मार्गदर्शन पठाउने :** स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र राष्ट्रिय योजना आयोगमा मन्त्रालयगत र कार्यगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार हुन्छ। माथि उल्लेख भए अनुसार तयार भएको मन्त्रालयगत बजेट सीमा र मार्गदर्शन अर्थ मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टि

गरी सम्बन्धित मन्त्रालयहरूमा पठाउनुपर्दछ। सम्बन्धित मन्त्रालयहरूले मातहतका विभाग, जिल्ला कार्यालय र आयोजनाहरूमा मार्गदर्शनसहित बजेटको सीमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एल.एम.बि.आइ.एस)मा प्रविष्टि गर्नुपर्दछ।

३. **त्रि—बर्षीय खर्च प्रक्षेपणसहित कार्यक्रम तथा बजेट तयार गरी संसदमा पेश गर्ने :** मन्त्रालयहरूले तयार गरी पठाएको सीमा र मार्गदर्शनभित्र रही सम्बन्धित कार्यालय र आयोजनाहरूले त्रिबर्षीय खर्च प्रक्षेपण सहितको बजेट तयार गरी सम्बन्धित विभागमा पठाउनुपर्दछ। उपरोक्तानुसार प्राप्त भएको बजेटको आधारमा आफ्नो समेत बजेट तयार गरी सम्बन्धित विभागहरूले एल.एम.बि.आइ.एस.मा प्रविष्टि गरी सम्बन्धित मन्त्रालयहरूमा पठाउनुपर्दछ। सम्बन्धित मन्त्रालयले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको आफ्नो बजेट समेत तयार गरी एल.एम.बि.आइ.एस.मा प्रविष्टि गर्ने र आफ्नो एवम् अन्तर्गतका आयोजना/निकायहरूको बजेट माथि छलफल गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा एल.एम.बि.आइ.एस. मार्फत पठाउनु पर्दछ।

४. **त्रि—बर्षीय खर्च प्रक्षेपणसहित कार्यक्रम तथा बजेट उपर छलफल गर्ने :** सम्बन्धित मन्त्रालयबाट तयार गरी पठाएको बजेट अनुमान विशेषत चालु खर्चतर्फको कार्यक्रम खर्च, पुँजीगत खर्च एवम् वित्तीय व्यवस्थापनसहितको कार्यगत र निकायगत रूपमा नीतिगत छलफल राष्ट्रिय योजना आयोगमा गरिन्छ। यसमा अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग तथा समन्वय महाशाखा, बजेट तथा कार्यक्रम महाशाखा र सम्बन्धित मन्त्रालय/निकायको सहभागिता रहन्छ। निकायगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको छलफल टुङ्गिएपछि अर्थ मन्त्रालयले राष्ट्रिय योजना आयोग र आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय समेतको परामर्शमा बजेटको अन्तिम मस्यौदा तयार गर्दछ।

५. **व्यवस्थापिका संसदमा मध्यमकालीन खर्च संरचना प्रस्तुत गर्ने :** मध्यमकालीन खर्च संरचना र बार्षिक विकास कार्यक्रम राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएपछि आगामी आर्थिक वर्षको बजेट तथा वार्षिक विकास कार्यक्रम मन्त्रिपरिषद्बाट स्वीकृत गर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा १३ मा अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको आय व्यय अनुमान तयार गर्दा मध्यमकालीन खर्च संरचना समेत समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा १४ मा अर्थ मन्त्रीले दफा १३ बमोजिम तयार भएको आय व्ययको अनुमान जेठ १५ गते संघीय संसदको दुबै सदनको संयुक्त बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। साथै, राष्ट्रिय योजना आयोगबाट तयार गरिदै आएको आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम पनि संघीय संसदको दुबै सदनको संयुक्त बैठकमा पेश हुँदै आएको छ।

परिच्छेद २

मध्यमकालीन खर्च संरचना

(आ.व. २०७७/७८-२०७९/८०)

२.१ पृष्ठभूमि

नेपालको संविधानले लोक कल्याणकारी राज्यको अवधारणा र समाजवाद उन्मुख आर्थिक प्रणाली मार्फत मुलुकमा सुशासन, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ। सो बमोजिम *समृद्ध नेपाल, सुखी नेपाली* को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाका रूपमा चालु आर्थिक वर्षदेखि पन्धौं योजना कार्यान्वयनमा आएको छ। यस योजनाले अतिकम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्ने सोच सहित उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने गरी लक्ष्य लिएको छ।

योजनाको लक्ष्य प्राप्तिका लागि वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक विकास र उच्च आर्थिक वृद्धि हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ। सो बमोजिम पन्ध्रौं योजनासँग सामन्जस्य हुनेगरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (आ.व. २०७७/७८-२०७९/८०) तर्जुमा गरिएको छ। यस त्रिवर्षीय खर्च संरचना तयार गर्दा दीर्घकालीन सोच सहितको पन्धौं योजना (आ.व. २०७६/७७-२०८०/८१) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ। साथै, कोरोना भाइरस (कोभिड-१९) बाट अर्थतन्त्रमा परेको असर तथा प्रभावलाई न्यूनीकरण गर्दै राहत तथा पुनरोत्थानमा जोड दिँदै उच्च आर्थिक वृद्धि हासिल हुनेगरी खर्च संरचना तयार गरिएको छ।

२.२ चुनौती तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन गर्दै पन्ध्रौं योजनाले लिएका सोच, लक्ष्य र उद्देश्य हासिल गर्न समन्यायिक आर्थिक समृद्धि र नागरिकको जीवनमा गुणात्मक सुधार गर्नु, निरपेक्ष तथा बहुआयामिक गरिबीको अन्त्य गरी नागरिकको परिष्कृत एवम् मर्यादित जीवनयापनको वातावरण सिर्जना र सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्दै न्यायपूर्ण समाजको निर्माण गर्नु प्रमुख चुनौतीको रूपमा रहेको छ। साथै विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीको कारण लगानी, श्रम, उत्पादन, व्यापार र पर्यटन लगायतका क्षेत्रमा परेको नकारात्मक असर न्यूनीकरण गर्दै अर्थतन्त्रलाई चलायमान बनाउँदै आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता पुनः स्थापित गर्नु चुनौतीको रूपमा रहेको छ। कोरोना महामारी लगायत विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा पुनरोत्थान, उत्थानशीलता र जलवायु अनुकूलनशीलता हासिल गर्ने तथा मुलुकलाई आधारभूत उत्पादनमा आत्मनिर्भर बनाउने कार्य समेत उत्तिकै चुनौतीपूर्ण रहेको छ।

साथै व्यवस्थित शहरीकरण, एकीकृत एवम् सुरक्षित बस्ती विकास, ग्रामीण पूर्वाधार विकास, स्वच्छ ऊर्जाको उपभोगमा वृद्धि र सूचना प्रविधिको विकास गर्नु, कृषि र वनजन्य उत्पादनमा व्यावसायीकरण, उद्योग क्षेत्रको विस्तार र सेवा क्षेत्रको गुणस्तरीयता अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, स्वस्थ र शिक्षित नागरिक एवम् दक्ष मानव संशाधनको विकासद्वारा उत्पादनशील रोजगारीका अवसर अभिवृद्धि गरी जनसाङ्ख्यिक लाभको उपयोग गर्नु पनि चुनौतीको रूपमा रहेको छ। वित्तीय संघीयताको कुशल कार्यान्वयन गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र संघ, प्रदेश र स्थानीय तहका कार्य जिम्मेवारी पूरा गर्न साधन-स्रोतको लागत अनुमान, वितरण र जनशक्ति एवम् संस्थागत प्रबन्ध गर्नु तथा तीनै तहमा सार्वजनिक खर्चको कुशल, समन्यायिक र

नतिजामूलक व्यवस्थापन गरी उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्त अनुशासन कायम समेत चुनौतीपूर्ण छ।

संघ, प्रदेश र स्थानीय तहमा क्रियाशील सरकार र संस्थागत स्थायित्वका कारण मुलुक सामाजिक न्याय सहित आर्थिक समृद्धिको दिशामा अगाडि बढ्नु र प्रदेश तथा स्थानीय तहमा दिगो विकास, समृद्धि र सुशासनका क्षेत्रमा हुने प्रतिस्पर्धी भावना आफैंमा अवसरको रूपमा रहेको छ। साथै, उपलब्ध जनसाङ्ख्यिक लाभलाई मानवपुँजी निर्माणको माध्यमद्वारा मुलुकको विकासमा उपयोगको सम्भावना उच्च छ। प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणबाट पुँजीगत खर्च र गुणस्तर अभिवृद्धि भई सार्वजनिक सेवा प्रवाहमा सुधार, स्थानीय अर्थतन्त्रको विकासबाट रोजगारी, आय-आर्जन र गरिबी न्यूनीकरण एवम् राष्ट्रिय उत्पादनमा बढोत्तरी हुने सम्भावना रहनुका साथै प्राकृतिक, भौगोलिक, जैविक, पर्यावरणीय तथा सामाजिक सांस्कृतिक विविधताको बहुआयामिक उपयोग अवसरको रूपमा रहेको छ। आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासबाट सेवा क्षेत्रको विस्तार भई अर्थतन्त्रको उत्पादन र उत्पादकत्व बढोत्तरीमा मद्दत पुग्नेछ। यसबाट उत्पादनशील रोजगारी सिर्जना, निर्यात अभिवृद्धि र आयात व्यवस्थापनका माध्यमबाट समष्टिगत आर्थिक स्थायित्व कायम भई समृद्धि हासिल गर्न सहयोग पुग्न जानेछ। विदेशबाट फर्किएका नेपाली युवाको अनुभव, ज्ञान र सीपको अधितकतम उपयोग गरी स्रोत साधन परिचालन, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने र सामाजिक आर्थिक रूपान्तरण गर्ने अवसर समेत सिर्जना भएको छ। साथै, कोरोना महामारीले सिर्जना गरेका अवसरकको पूर्ण उपयोग गर्ने दिशामा यस खर्च संरचनालाई केन्द्रित गरिएको छ।

२.३ सोच, उद्देश्य तथा रणनीति

दीर्घकालीन सोच सहितको पन्धौं योजनामा उल्लेखित सोच, राष्ट्रिय उद्देश्य तथा रणनीतिहरू मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ।

२.३.१ दीर्घकालीन सोच

'समृद्ध नेपाल, सुखी नेपाली'

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

२.३.२ राष्ट्रिय उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु।

२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जीवनयापनको अनुभूति गराउनु।

३. सामाजिक-आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु।

२.३.३ राष्ट्रिय रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,

२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने,

३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,

४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने,

६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,

७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने र

८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्वर्द्धन गर्ने।

२.४ मध्यमकालीन आर्थिक खाका

पन्धौं योजनामा उल्लेखित आर्थिक वृद्धिदरको लक्ष्यका आधारमा आधारमा आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका निर्धारण गरिएको छ। आर्थिक खाका तर्जुमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन र रोजगारीमा प्रोत्साहन सहित समष्टिगत आर्थिक स्थायित्व कायम गर्न जोड दिइएको छ। कोरोनाको विश्वव्यापी महामारीबाट नेपालको अर्थतन्त्र र विकास प्रकृयामा परेको वा पर्नसक्ने सम्भावित असर तथा प्रभावको प्रारम्भिक अनुमानका आधारमा आगामी आ.व. २०७७/७८ को आर्थिक वृद्धिदरको अनुमान गरिएको छ। सो अनुसार वास्तविक क्षेत्र अन्तर्गत उत्पादन, रोजगारी र आयका साथै मौद्रिक तथा वित्तीय क्षेत्र एवम् बाह्य क्षेत्रको खाका तर्जुमा गरिएको छ। खर्च संरचनाको दोस्रो र तेस्रो वर्षको लक्ष्य पन्धौं योजनामा उल्लेखित लक्ष्य नै उल्लेख गरिएको छ। उल्लेखित सूचकहरूको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ र समृद्धि र सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक क्रमशः तालिका २.२ र तालिका २.३ मा प्रस्तुत गरिएको छ।

तालिका २.१: मध्यकालीन समष्टिगत आर्थिक लक्ष्य

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	वार्षिक आर्थिक वृद्धिदर	प्रतिशत	६.८	२.३	७.०	९.९	९.६
	कृषि	प्रतिशत	५.१	२.६	५.०	५.७	५.८
	गैरकृषि	प्रतिशत	७.४	२.३	७.८	११.०	१०.५
	उद्योग	प्रतिशत	७.७	३.४	११.३	१४.८	१३.२
	सेवा	प्रतिशत	७.३	२.०	६.९	१०.३	१०
२.	मुद्रास्फिति दर	प्रतिशत	४.६	६.५	७	६.०	६.०
३.	चालु खाता सन्तुलन	रू. अर्ब (+/-)	-२६५.४	-१९०.४	-३८०.२	-३३९.७	-३७३.१
४.	भुक्तानी सन्तुलन	रू. अर्ब (+/-)	-६७.४	१०.०	-७५.०	१०.०	२०.०
५.	प्रतिव्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	१,०४७	१,०९७	१,१८८	१,३३७	१,४५६
६.	आर्थिक जोखिम सूचकांक (EVI)	सूचकांक	२७	२६	२५	२४	२३
७.	मानव सम्पत्ति सूचकांक (HAI)	सूचकांक	७२	७४	७५	७६	७७

२.५ मध्यमकालीन नतिजा खाका

पन्धौं योजनाको आधारमा योजनाले लिएका राष्ट्रिय लक्ष्यहरू र विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुगेगरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका निर्धारण गर्दा चालु आ.व. २०७६/७७ को अनुमानित उपलब्धि तथा माथि उल्लेख भए बमोजिम आगामी आ.व. २०७७/७८ को लक्ष्य गरिएको छ भने खर्च संरचनाको दोस्रो र तेस्रो वर्षको लक्ष्य पन्धौं योजनामा उल्लेखित लक्ष्य नै उल्लेख गरिएको छ। समृद्धि र सुखका राष्ट्रिय लक्ष्य तथा गन्तव्य सूचक तालिका २.२ र २.३ मा प्रस्तुत गरिएको छ। आ.व. २०७६/७७ को अनुमानित उपलब्धि र मध्यमकालीन लक्ष्य विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त विवरण तथा पन्धौं योजनाको नतिजा खाकाको आधारमा उल्लेख गरिएको छ ।

तालिका २.२: समृद्धिका मध्यमकालीन राष्ट्रिय लक्ष्य र गन्तव्य

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	**उच्च र समतामूलक राष्ट्रिय आय**						
१.१	**औद्योगिक राष्ट्रको स्तरको उच्च आय**						
१.१.१	आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)	प्रतिशत	६.७	२.३	७.०	९.९	९.६
१.१.२	प्रतिव्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	१,०४७	१,०९७	१,१८८	१,३३७	१,४५६
१.२	**गरिबीको अन्त्य**						
१.२.१	गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी)	प्रतिशत	१८.७	१६.७	१४.८	१३.०	११.२
१.३	**राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा**						
१.३.१	आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात	अनुपात	१.३	१.२८	१.२७	१.२७	१.२६
१.३.२	सम्पत्तिमा आधारित जिनी गुणक	गुणक	०.३१	०.३१	०.३०	०.३०	०.२९
२	**मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग**						
२.१	**स्वस्थ र लामो आयु भएका नेपाली**						
२.१.१	अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	६९.७	७१.०	७१.२	७१.५	७२.०
२.१.२	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा)	सङ्ख्या	२३९	२३९	१७५	१५०	१२५

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२.१.३	५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	सङ्ख्या	३९	३२	३१	२८	२६
२.१.४	किशोरी अवस्थाको प्रजनन (१९ वर्ष मुनि)	प्रतिशत	१३	१३	१०	९	८
२.२	**गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक**						
२.२.१	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	५८	६५	७५	८५	९५
२.२.२	युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	९२	९२	९४	९४	९८
२.२.३	आधारभूत तह (१-८) मा खुद भर्नादर	प्रतिशत	९३	९६	९८	९९	९९
२.२.४	माध्यमिक तह (९-१२) मा खुद भर्नादर	प्रतिशत	४६	४७	५३	५७	६०
२.२.५	उच्च शिक्षामा कुल भर्नादर	प्रतिशत	१२	१४	१६	१८	२०
२.२.६	काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या	प्रतिशत	३१	३५	३८	४२	४५
२.३	**उत्पादनशील र मर्यादित रोजगारी**						
२.३.१	श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि)	प्रतिशत	३८.५	४२	४४	४५	४७
२.३.२	रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा	प्रतिशत	३६.५	४१	४३	४६	४७.५
३	**सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता**						
३.१	**सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात**						
३.१.१	सडक घनत्व	कि.मि. प्रति वर्ग कि.मि.	०.५५	०.५९	०.६२	०.६८	०.६९
३.१.२	राष्ट्रिय र प्रादेशिक लोकमार्ग (२ लेनसम्म, कालोपत्रे सडक मात्र)	कि.मि.	७,७९४	१००९४	१२५९४	१५०९४	१७६९४
३.१.३	राष्ट्रिय लोकमार्ग (२ लेन माथि, द्रूतमार्ग समेत)	कि.मि.	९६	१५५	२२५	३४५	७४५
३.१.४	रेलमार्ग	कि.मि.	४२	५३	११५	१९०	२६०

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
३.२	**पूर्वाधारमा पहुँच तथा आबद्धता**						
३.२.१	३० मिनेट सम्मको दूरीमा यातायात पहुँच भएको परिवार	प्रतिशत	८२	८६	९१	९२	९४
३.२.२	विद्युतमा पहुँच प्राप्त परिवार	प्रतिशत	८८	९०	९२	९८	१००
३.२.३	इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या	प्रतिशत	६५.९	६८	७१	७४	७७
४	**उच्च र दिगो उत्पादन तथा उत्पादकत्व**						
४.१	**अर्थतन्त्रमा क्षेत्रगत योगदान**						
४.१.१	प्राथमिक क्षेत्र (कृषि, वन र खानी)	प्रतिशत	२७.६	२८.२	२७.७	२४.७	२४.०
४.१.२	द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्यास र पानी तथा निर्माण)	प्रतिशत	१४.६	१३.७	१४.३	१६.९	१७.४
४.१.३	तृतीय क्षेत्र (सेवा)	प्रतिशत	५७.८	५८.१	५८.०	५८.४	५८.६
४.२	**स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग**						
४.२.१	विद्युत उत्पादन (जडित क्षमता)	मेगावाट	१,२५०	१५५५.४	२४६३.९	३,६९९.४	४,१३३
४.२.२	प्रतिव्यक्ति विद्युत उपभोग	किलोवाट घण्टा	२४५	२७५	३५०	६००	६५०
४.३	**व्यापार सन्तुलन**						
४.३.१	वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)	अनुपात	९.०	८.०१	११.३	१२.६	१४.१
४.३.२	वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)	प्रतिशत	५०.८	४०.०३	५०.९	५०.९	५१.०
४.४	**राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व**						
४.४.१	श्रम उत्पादकत्व	रू. हजारमा	१८४.६	२१५.१	२३०.३	२४५.५	२६०.०
४.४.२	कृषि उत्पादकत्व (प्रमुख बाली)	मे.ट./ हेक्टर	३.१	३.३	३.५	३.७	३.९

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
४.४.३	सिँचाइयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि	प्रतिशत	३३	३४	३६	३९	४४
४.४.४	प्रति पर्यटक खर्च (प्रति दिन)	अमेरिकी डलर	४८	५०	५५	६३	८५

तालिका २.३: सुखका मध्यमकालीन राष्ट्रिय लक्ष्य र गन्तव्य सूचक

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
५	**परिष्कृत तथा मर्यादित जीवन**						
५.१	**नागरिक स्वस्थता तथा सन्तुष्टि**						
५.१.१	मानव विकास सूचकाङ्क	सूचकाङ्क	०.५७९	०.५९१	०.६०२	०.६११	०.६१८
५.१.२	नागरिक सन्तुष्टिको अनुभूति सूचकाङ्क	सूचकाङ्क	४.७	४.८	४.८	४.९	५.०
५.१.३	बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या[२]	प्रतिशत	२८.६	१९.५	१७.५	१५.५	१३.५
५.१.४	५ वर्ष मुनिका कम तौल भएका बालबालिका[३]	प्रतिशत	२७	२०	२०	१९	१८
५.१.५	३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घर-परिवार	प्रतिशत	४९	६९	७०	७३	७५
५.२	**सुरक्षित तथा सुविधासम्पन्न आवास**						
५.२.१	सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या	प्रतिशत	४०	४५	५०	५४	५७
५.२.२	आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या	प्रतिशत	८९	९०	९४	९६	९८
५.२.३	उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या	प्रतिशत	२१	२५	२९	३३	३६
५.३	**भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व**						
५.३.१	आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार	प्रतिशत	८५.३	८७	८७	८८	८८
५.३.२	सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या	प्रतिशत	४.४	६	८	११	१६
६	**सुरक्षित, सभ्य र न्यायपूर्ण समाज**						

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
६.१	**विभेद, हिंसा र अपराधमुक्त समाज**						
६.१.१	लैङ्गिक विकास सूचकाङ्क	सूचकाङ्क	०.८९७	०.९३७	०.९४३	०.९५१	०.९५७
६.१.२	लैङ्गिक असमानता सूचकाङ्क	सूचकाङ्क	०.४७६	०.४५	०.४४	०.४३	०.४१
६.१.३	जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला	प्रतिशत	२४.४	२२.२	२०.	१७.८	१६
६.१.४	दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात	अनुपात	८८.९	९१.१	९३.३	९५	९५
६.२	**सामाजिक-सांस्कृतिक विविधता**						
६.२.१	मातृभाषामा पठनपाठन हुने विद्यालय	सङ्ख्या	२७०	२८०	२९०	३००	३१२
६.२.२	विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदा	सङ्ख्या	१०	१०	११	११	१२
६.३	**सामाजिक सुरक्षा तथा संरक्षण**						
६.३.१	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या	प्रतिशत	१७	३१	३९	४७	५४
६.३.२	राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च	प्रतिशत	११.७	१२.१	१२.५	१२.९	१३.३
७	**स्वस्थ र सन्तुलित पर्यावरण**						
७.१	**प्रदुषणमुक्त र स्वच्छ वातावरण**						
७.१.१	ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात	प्रतिशत	७	८	९	१०	११
७.१.२	वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५)	माइक्रोग्राम प्रति घ.मि.	५०	४८	४६	४४	४२
७.२	**पर्यावरणीय सन्तुलन र दिगो उपयोग**						
७.२.१	वनजंगल घनत्व	रूख प्रति हेक्टर	४३०	४३०	४४०	४४०	४४०
७.२.२	काठ उत्पादन	घनफिट (लाख)	१९४	२००	२२५	२५०	२७५
७.३	**जलवायु परिवर्तन अनुकूलनशीलता**						
७.३.१	अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह	सङ्ख्या	२१७	४८	४६	४४	४२
८	**सुशासन**						
८.१	**विधिको शासन**						

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
८.१.१	विधिको शासन सूचकाङ्क	सूचकाङ्क	०.५४	०.५५	०.५६	०.५६	०.५७
८.१.२	विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क	सूचकाङ्क	५१.६	५३.०	५५.०	५७.०	५९.०
८.१.३	व्यवसाय सहजीकरण सूचकाङ्क	सूचकाङ्क	६३.२	६४	६५	६६	६७
८.१.४	भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क[८]	सूचकाङ्क	३.३	३.४	३.५	३.६	३.७
८.२	**सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता**						
८.२.१	भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क[९]	सूचकाङ्क	३४	३४	३६	३८	४०
८.२.२	*'हेलो सरकार'* मा प्राप्त उजुरीको फर्छ्यौट	प्रतिशत	४८.९	५९	६९	७८	८८
८.२.३	कुल आर्थिक प्रतिष्ठान मध्ये दर्ता नभएका (अनौपचारिक) प्रतिष्ठानको अनुपात	प्रतिशत	४९.९	४१	३३	२५	१७
८.२.४	दर्ता भएकामध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात	प्रतिशत	५२	५६	६०	६४	६७
९	**सबल लोकतन्त्र**						
९.१.१	निर्वाचनमा मतदाताको सहभागिता	प्रतिशत	६८.६७	६८.६७	६८.६७	६८.६७	७२
९.१.२	मुद्दा फैसला	प्रतिशत	५६.५	६०	६०	६०	६०
९.१.३	फैसला कार्यान्वयन	प्रतिशत	३९	६०	६०	६०	६०
१०	**राष्ट्रिय एकता, सुरक्षा र सम्मान**						
१०.१	**नेपालीत्वको उच्च भावना**						
१०.१.१	राष्ट्रिय परिचय-पत्र प्राप्त गरेका नेपाली नागरिक	प्रतिशत	-	१	३३	५०	७५
१०.१.२	नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक	सङ्ख्या	३५	४०	४५	५०	५५
१०.२	**मानव तथा अन्य सुरक्षा**						
१०.२.१	पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता	प्रतिशत	६३	७१	८०	९०	९५
१०.२.२	आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	४८.२	५६	६३	७०	७५
१०.२.३	आत्महत्या दर (प्रति लाख जनसङ्ख्यामा)	संख्या	१०	९	८	७	६
१०.३	**विपद् उत्थानशील समाज र अर्थतन्त्र**						

क्र.सं.	सूचक/लक्ष्य	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१०.३.१	विपद्का घटनाबाट प्रभावित परिवार संख्या	प्रति हजार	१७.१	१५	१२.३	११.२	१०.५
१०.३.२	विपद्का घटनाबाट मृत्यु हुने जनसङ्ख्या	प्रति लाख	१.७	१.५	१.३	१.३	१.०
१०.४	**अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता**						
१०.४.१	कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश	प्रतिशत	१४.७	१३	११	९	७

२.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका निर्माण गर्दा पन्धौं योजना (आ.व. २०७६/७७ - २०८०/८१) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त र प्राथमकिता र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र एवम् समष्टिगत आर्थिक स्थायित्व, विनियोजन कुशलता र अनुमानयोग्यतालाई मुख्य आधार लिइएको छ। वित्तीय संघीयताको कुशल व्यवस्थापन, उच्च आर्थिक वृद्धि, तीव्र आर्थिक सामाजिक विकास र समन्यायिक वितरण गर्न विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लेखित नतिजा खाकाका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुनेगरी स्रोत तथा खर्च अनुमान गरिएको छ।

कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण, स्वास्थ्य, रोजगारी, कृषि र उद्योग एवम् कोरोनाको विश्वव्यापी महामारीबाट पर्यटन, यातायात, उद्योग, निर्माण, शिक्षा, कृषि लगायत अर्थतन्त्रका विभिन्न क्षेत्रमा सिर्जित नकारात्मक प्रभावबाट अर्थतन्त्रको पुनरूत्थानलाई प्राथमिकता दिइएको छ। साथै, सामाजिक सुरक्षा तथा संरक्षण मार्फत न्युनतम मानवोचित कल्याणका कार्यक्रमलाई जोड दिइएको छ। कोभिड-१९ को महामारीले सिर्जना गरेका अवसरको उपयोग गर्नेगरी विकास कार्यक्रम तर्जुमालाई प्राथमिकता दिइएको छ।

संघ, प्रदेश र स्थानीय तहमा विकास आयोजना बाँडफाँट सम्बन्धी मापदण्ड बमोजिम आयोजना बाँडफाँट गरिएको छ। राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, नयाँ प्रमुख कार्यक्रम र बहुवर्षीय ठेक्कामा गएका अन्य आयोजनाका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी विषय क्षेत्रगत बजेट खाका निर्माण गरिएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाको कार्यान्वयन अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्नसक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। कार्यान्वयनको अवस्था, आयोजना अवधि, सिर्जित दायित्व तथा खर्च गर्नसक्ने अवस्था अनुसार क्रमागत कार्यक्रम तथा आयोजनाको पुनःप्राथमिकीकरण गरी विनियोजनको प्राथमिकता निर्धारणमा जोड दिइएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाको पुनरावलोकन गरी दोहोरोपना रहेका एउटै प्रकृतिका कार्यक्रम वा आयोजना एक आपसमा गाभ्ने वा खारेज गर्नेगरी बजेट अनुमान गरिएको छ। नयाँ आयोजनाको लागि पूर्व तयारी कार्य सम्पन्न भएका बहुवर्षीय ठेक्का लगाउनु पर्ने प्रकृतिका आयोजनालाई कार्यान्वयनमा लैजान एक तिहाइ बजेट विनियोजन हुनेगरी र तयारी कार्य नभएका आयोजनाको लागि आवश्यक रकम विनियोजन गरी तयारी कार्य सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गरिएको छ।

मध्यमकालीन स्रोत अनुमान गर्दा राजस्व परिचालनको विगतको प्रवृत्ति, कोभिड-१९ को संक्रमणको कारण अर्थतन्त्र र स्रोत परिचालनमा परेको चाप एवम् आगामी वर्षमा पर्नसक्ने असर तथा प्रभाव, स्रोतको प्राथमिकीकरण र पुनःप्राथमिकीकरणको

आवश्यकता लगायतका पक्षलाई विशेष ध्यान दिइएको छ। संघबाट संकलन भएको मूल्य अभिवृद्धि कर आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क र रोयल्टी तर्फको राजस्व अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा रहेको प्रावधान बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने रकम घटाएर मात्र संघको राजस्व अनुमान गरिएको छ। वैदेशिक सहायता अनुमान गर्दा दातृ राष्ट्र वा संस्थासँग भएको सम्झौता वा प्रतिबद्धतालाई समावेश गरिएको छ। नेपाल सरकारले लिनसक्ने आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको ५.२ प्रतिशतको सीमामा राखिएको छ।

माथि उल्लेखित आधारमा आगामी तीन वर्षको अवधिमा कुल सरकारी बजेट रू. ५१ खर्ब २७ अर्ब २० करोड ५२ लाख (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रू. ३० खर्ब १५ अर्ब ७ करोड ३ लाख र पुँजीगत खर्च रू. १५ खर्ब १७ अर्ब ४५ करोड ५४ लाख रहने प्रक्षेपण गरिएको छ। साथै वित्तीय व्यवस्थातर्फ रू. ५ खर्ब ९४ अर्ब ६७ करोड ९५ लाख बाँडफाँट गर्नुपर्ने अनुमान रहेको छ। त्यसैगरी स्रोत परिचालनतर्फ राजस्वबाट रू. ३२ खर्ब ११ अर्ब ७९ करोड ८ लाख, वैदेशिक अनुदान रू. १ खर्ब ९३ अर्ब ७७ करोड ७७ लाख, वैदेशिक ऋण रू. ९ खर्ब ४९ अर्ब ४९ करोड ९३ लाख र आन्तरिक ऋणबाट रू. ७ खर्ब ७२ अर्ब १३ करोड ७४ लाख व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.४ मा उल्लेख गरिएको छ।

तालिका २.४: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (प्रचालित मूल्यमा)

(रू. लाखमा)

क्र. सं.	विवरण	आ.व. २०७५/७६ को यथार्थ	आ.व. २०७६/७७ को संशोधित अनुमान	मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण			
				२०७७/७८ को अनुमान	२०७८/७९ को प्रक्षेपण	२०७९/८० को प्रक्षेपण	तीन वर्षको कुल
१	**बजेट अनुमान**						
	चालु खर्च	७१६४१७६	७०१९६१६	९४८९४०६	१००४११३२	१०६२०१६५	३०१५०७०३
	पुँजीगत खर्च	२४१५६२५	२३९१५९१	३५२९१७५	४९२२५८४	६७२२७९५	१५१७४५५४
	वित्तीय व्यवस्था	१५२४७७०	१३२२२९७	१७२७८७३	२०१२००८	२२०६९१४	५९४६७९५
	कुल	**१११०४५७१**	**१०७३३५०४**	**१४७४६४५४**	**१६९७५७२४**	**१९५४९८७४**	**५१२७२०५२**
२	**स्रोत अनुमान**						
	राजस्व*	७४२६३२९	७२६८३०३	८,८९६,१८४	१०,६५२,१६७	१२,५६९,५५७	३२११७९०८
	वैदेशिक अनुदान	२२८९८७	३१९९१९	६०५,२७७	६५०,०००	६८२,५००	१९३७७७७
	वैदेशिक ऋण	१२४३७२५	१२१०००१	२,९९४,९९३	३,१५०,०००	३,३५०,०००	९४९४९९३
	आन्तरिक ऋण	९६३,८००	१,९३५,२८१	२२५००००	२,५२३,५५७	२,९४७,८१७	७७२१३७४
	कुल	**९८६२८४१**	**१०७३३५०४**	**१४७४६४५४**	**१६९७५७२४**	**१९५४९८७४**	**५१२७२०५२**
३	**बचत (-) न्यून (+)**	**१२४१७३०**	**०**	**०**	**०**	**०**	**०**

*पुनश्चः *संघीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व तथा प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रभित्र परिचालन हुने राजस्व रकम समावेश गरिएको छैन।*

स्रोत परिचालन तर्फ विद्यमान कोभिड-१९ को संक्रमणको विषम अवस्था तथा आवश्यकताको आधारमा नेपाल सरकारको वित्तीय आकार (Fiscal space) लाई समेत मध्यनजर गरी स्रोत अनुमान तथा आँकलन गरिएको छ। आ.व.

२०७६/७७ मा राजश्वको परिचालनमा कठिनाई आए तापनि आगामी तीन वर्षमा करीब औषत दरको वृद्धिको प्रक्षेपण/आँकलन गरिएको छ। वैदेशिक सहायतालाई सो अनुसार परिपूरक स्रोतका रूपमा परिचालन हुने आँकलन छ। साथै, आन्तरिक ऋणलाई वाञ्छित सीमाभित्र रहने गरी परिचालन गर्ने गरी अनुमान गरिएको छ।

माथि उल्लेखित बजेट अनुमान तथा प्रक्षेपणका आधारमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सरकारी बजेटको तुलना तालिका २.५ मा प्रस्तुत गरिएको छ।कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेटको आकार सामान्य रूपमा बढ्न गए तापनि आन्तरिक ऋण बान्छित सीमा भित्रै रहनेछ।

तालिका २.५: बजेटको त्रिवर्षीय विनियोजन र प्रक्षेपणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (प्रतिशत)

क्र. सं.	विवरण	आ.व. २०७५/७६ को यथार्थ	आ.व. २०७६/७७ को संशोधित अनुमान	मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण		
				२०७७/७८ को अनुमान	२०७८/७९ को प्रक्षेपण	२०७९/८० को प्रक्षेपण
१	**बजेट अनुमान**					
	चालु खर्च	२०.७	१८.६	२२.०	१९.९	१८.०
	पुँजीगत खर्च	७.०	६.३	८.२	९.८	११.४
	वित्तीय व्यवस्था	४.४	३.५	४.०	४.०	३.७
	कुल	**३२.१**	**२८.५**	**३४.२**	**३३.६**	**३३.२**
२	**स्रोत अनुमान**					
	राजस्व	२१.५	१९.३	२०.६	२१.१	२१.३
	वैदेशिक अनुदान	०.७	०.८	१.४	१.३	१.२
	वैदेशिक ऋण	३.६	३.२	६.९	६.२	५.७
	आन्तरिक ऋण	२.८	५.१	५.२	५.०	५.०
	कुल	**२८.५**	**२८.५**	**३४.२**	**३३.६**	**३३.२**

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

अ. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको पन्ध्रौं योजनाको रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ। यसरी वर्गीकरण गर्दा प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान तथा नयाँ कार्यक्रम/आयोजना अन्तर्गत विभिन्न विषय क्षेत्रमा कार्यक्रम रहने तथा सोको जानकारी प्राप्त नहुने भएकाले रणनीतिक स्तम्भको आधारमा सांकेतीकरण गर्दा समावेश गरिएको छैन।

तालिका २.६: रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

रणनीतिक संकेत	रणनीतिक स्तम्भ	आ.व. २०७५/७६ को यथार्थ		आ.व. २०७६/७७ को संशोधित अनुमान		आ.व. २०७७/७८ को व्यय अनुमान		आ.व. २०७८/७९ को खर्च प्रक्षेपण		आ.व. २०७९/८० को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	तीव्र, दिगो र रोजगार-मूलक आर्थिक वृद्धि	७९८,८८३	७.१९	५७६,५४४	५.३७	९३१,७२०	६.३२	१,३२८,१०३	८.०६	१,९५९,९६७	१०.५५
२	स्वास्थ्य तथा शिक्षा	५४६,८५५	४.९२	५८९,२२३	५.४९	१,३३४,९०५	९.०५	१,५००,२२०	९.१०	१,८४७,५६५	९.९५
३	अन्तरआबद्धता र शहरी विकास	१,५२०,३५५	१३.६९	१,४३१,३०१	१३.३३	२,२२९,४६५	१५.१२	२,९५९,७६४	१७.९५	३,३५७,३७२	१८.०८
४	उत्पादन र उत्पादकत्व अभिवृद्धि	५४८,८१०	४.९४	४१८,२९४	३.९०	५७६,५३२	३.९१	६८२,१८६	४.१४	७७९,७३२	४.२०
५	सामाजिक सुरक्षा तथा संरक्षण	६४५,१५६	५.८१	५९८,३९२	५.५७	१,०२२,१०७	६.९३	१,१२१,१५१	६.८०	१,१९२,८४१	६.४२
६	न्यायपूर्ण समाज	४७५,४२३	४.२८	४७२,११६	४.४०	५२२,३७३	३.५४	६०१,६३७	३.६५	६५७,०२३	३.५४
७	प्राकृतिक स्रोत तथा उत्थानशीलता	१,०४७,२१७	९.४३	८६६,४८६	८.०७	९२८,३९७	६.३०	४०१,०३४	२.४३	२८६,१५७	१.५४
८	सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता	९८०,३१२	८.८३	१,१४२,५८४	१०.६५	१,३०२,५९७	८.८३	१,४२७,५६३	८.६६	१,४८७,०६५	८.०१
९	साधारण प्रशासन	१,३२९,७३४	११.९७	१,८०५,००७	१६.८२	२,२७२,०४५	१५.४१	२,६२२,१३६	१५.९०	२,९३०,४४०	१५.७८
१०	अनुदान	३,२११,८२६	२८.९२	२,८३३,५५७	२६.४०	३,६२६,३१३	२४.५९	३,८४३,८९२	२३.३१	४,०७४,५२५	२१.९४
	जम्मा	**११,१०४,५७१**	**१०० **	**१०,७३३,५०४**	**१०० **	**१४,७४६,४५४**	**१०० **	**१६,४८७,६८६**	**१०० **	**१८,५७२,६८७**	**१०० **
	सांकेतीकरण नगरिएको	-	-	-	-	-	-	४८८,०३८	-	९७७,१८७	-
कुल जम्मा		**११,१०४,५७१**	-	**१०,७३३,५०४**	-	**१४,७४६,४५४**	-	**१६,९७५,७२४**	-	**१९,५४९,८७४**	-

रणनीतिक स्तम्भका आधारमा सबैभन्दा बढी रकम अन्तरआवद्धता र शहरी विकास (रणनीतिक स्तम्भ ३) र साधारण प्रशासन (रणनीतिक स्तम्भ ९) मा बाँडफाँट भएको छ। आगामी आ.व. २०७७/७८ मा विगतको तुलनामा स्वास्थ्य र शिक्षा क्षेत्रमा बजेटको हिस्सा उल्लेख्य रूपमा वृद्धि हुने अनुमान छ। अन्तरआवद्धता र पूर्वाधार विकासमा जोड दिनुपर्ने भएकाले यसको हिस्सा समेत बढ्दै जाने आँकलन छ।

आ. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ। यसरी वर्गीकरण गर्दा प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान तथा नयाँ कार्यक्रम/आयोजना अन्तर्गत विभिन्न प्रकृतिका हुने तथा सोको जानकारी प्राप्त नहुने भएकाले प्राथमिकताक्रमको आधारमा सांकेतीकरण गर्दा समावेश गरिएको छैन।

तालिका २.७ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण

(रू लाखमा)

प्राथमिकताक्रम	आयोजना संख्या	आ.व. २०७५/७६ को यथार्थ		आ.व. २०७६/७७ को संशोधित अनुमान		आ.व. २०७७/७८ को व्यय अनुमान		आ.व. २०७८/७९ को खर्च प्रक्षेपण		आ.व. २०७९/८० को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
पहिलो (P_1)	२६०	१०,२१३,२२७	९१.९७	१०,०३९,२१२	९३.५३	१३,५६४,७५९	९१.९९	१५,२८०,४४१	९२.६८	१७,२६२,६२८	९२.९५
दोस्रो (P2)	६४	८९१,३४४	८.०३	६९४,२९२	६.४७	१,१८१,६९५	८.०१	१,२०७,२४५	७.३२	१,३१०,०५९	७.०५
जम्मा	**३२४**	**११,१०४,५७१**	**१००**	**१०,७३३,५०४**	**१००**	**१४,७४६,४५४**	**१००**	**१६,४८७,६८६**	**१००**	**१८,५७२,६८७**	**१००**
सांकेतीकरण नगरिएको	-	-	-	-	-	-	-	४८८,०३८	-	९७७,१८७	-
कुल जम्मा	**३२४**	**११,१०४,५७१**	**-**	**१०,७३३,५०४**	**-**	**१४,७४६,४५४**	**-**	**१६,९७५,७२४**	**-**	**१९,५४९,८७४**	**-**

पहिलो प्राथमिकताका कार्यक्रम वा आयोजनाका लागि बजेट विनियोजनको अंश आगामी आ.व. २०७७/७८ मा ९२ प्रतिशत रहेको छ। विनियोजना दक्षता र पुनःप्राथमिकताका आधारमा दोस्रो र तेस्रो वर्षमा थप वृद्धि हुने आँकलन छ।

इ. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ। यसरी वर्गीकरण गर्दा कार्यक्रम/आयोजना तथा प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान विभिन्न प्रकृतिका हुने र सोको जानकारी प्राप्त नहुने एवम् सार्वजनिक ऋणको साँबा व्याज भुक्तानी लगानी नभएकाले दिगो विकास लक्ष्यको आधारमा सांकेतीकरण गर्दा समावेश गरिएको छैन।

तालिका २.८ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

संकेत नं	दिगो विकास लक्ष्य	आ.व. २०७५/७६ को यथार्थ		आ.व. २०७६/७७ को संशोधित अनुमान		आ.व. २०७७/७८ को व्यय अनुमान		आ.व. २०७८/७९ को खर्च प्रक्षेपण		आ.व. २०७९/८० को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	गरिबीको अन्त्य	८८८,५४१	१२.४४	७४१,६३७	१५.३२	९८६,५३०	१३.८०	१,६१६,०६७	१४.१६	१,७४६,१२५	१३.४०
२	शून्य भोकमरी	३८७,७९२	५.४३	४८२,९१६	५.७६	६०९,५७५	६.३२	७४१,९१०	६.५०	९५१,७७२	७.३१
३	स्वस्थ जीवन	३४९,०७७	४.८९	३२५,६८०	४.३४	४३७,२४९	७.४८	७४७,८६८	६.५५	७९०,०७८	६.०६
४	गुणस्तरीय शिक्षा	३९२,२४०	५.४९	४९३,९२७	५.३८	६७८,०६२	५.६२	६३८,२६०	५.५९	६७६,९८७	५.२०
५	लैङ्गिक समानता	३७,१७०	०.५२	३१,३७३	०.४६	४८,६२३	०.४७	४८,४१४	०.४२	५४,३५८	०.४२
६	स्वच्छ पानी तथा सरसफाइ	१२५,८४४	१.७६	२४५,१०१	३.१२	३७३,६९३	३.४८	३५४,१५८	३.१०	३९९,१५०	३.०६
७	आधुनिक ऊर्जामा पहुँच	५४१,०९८	७.५८	७३५,६४४	६.२५	७१४,७३३	६.६५	८५६,३८०	७.५१	९७७,२८१	७.५०
८	समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम	११४,२६९	१.६०	१५३,४४३	१.२४	२४०,०३७	२.४०	२८६,०३७	२.५१	३८८,१२५	२.९८
९	उद्योग, नवीन खोज र पूर्वाधार	१,५५१,९७३	२१.७३	१,४४५,६९१	१८.१३	२,१९७,४७६	२०.१४	३,०५४,५२२	२६.७७	३,९५५,८९१	३०.३६
१०	असमानता न्यूनीकरण	२३,२९४	०.३३	४११,८६५	०.०४	६४५,६८४	०.१२	४०,८०६	०.३६	४५,२३९	०.३५
११	दिगो शहर र बस्ती	१,२४४,४९०	१७.४२	१,८६१,३८३	१६.०७	२,१७८,१४७	१३.१४	९१८,३४६	८.०५	९२८,०६३	७.१२
१२	दिगो उपभोग तथा उत्पादन	२७,४९१	०.३८	५१,५३५	०.५४	७०,१७०	२.२३	१०५,२०३	०.९२	२८,४२१	०.२२
१३	जलवायु परिवर्तन अनुकुलन	३०,०७३	०.४२	२९,४०४	०.५१	५२,१२६	०.४८	४४,२५७	०.३९	५५,०६०	०.४२
१४	सामुद्रिक स्रोतको	-	-								

संकेत नं	दिगो विकास लक्ष्य	आ.व. २०७५/७६ को यथार्थ		आ.व. २०७६/७७ को संशोधित अनुमान		आ.व. २०७७/७८ को व्यय अनुमान		आ.व. २०७८/७९ को खर्च प्रक्षेपण		आ.व. २०७९/८० को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
	उपयोग										
१५	भू सतह स्रोतको उपयोग	९६,८९०	१.३६	१४२,७०५	१.५६	१५८,५०१	१.२१	१५४,४०४	१.३५	१५८,५७९	१.२२
१६	शान्ति, न्याय र सबल संस्था	१,२७८,८३०	१७.९१	१,३२०,८८७	२०.३६	१,५९४,७९८	१५.५४	१,७१२,९४४	१५.०१	१,७९५,३८१	१३.७८
१७	दिगो विकासका लागि साझेदारी	५३,००७	०.७४	५९,६५६	०.९५	७२,१८९	०.९२	८९,६०९	०.७९	७७,३१६	०.५९
	जम्मा	**७,१४२,०७९**	**१००**	**६,९६६,०२९**	**१००**	**१०,११८,५५८**	**१००**	**११,४०९,१८६**	**१००**	**१३,०२७,८२७**	**१००**
	सांकेतीकरण नगरिएको	३,९६२,४९२	-	३,५५०,८२९	-	४,२७२,०७८	-	५,५६६,५३८	-	६,५२२,०४६	-
कुल जम्मा		**११,१०४,५७१**	**-**	**१०,७३३,५०४**	**-**	**१४,७४६,४५४**	**-**	**१६,९७५,७२४**	**-**	**१९,५४९,८७४**	**-**

आ.व. २०७६/७७ मा सबैभन्दा ठूलो हिस्सा दिगो शहर (लक्ष्य नं ११), शान्ति र सुशासन (लक्ष्य नं १६) र उद्योग, नवीन खोज र पूर्वाधार (लक्ष्य नं ९) मा रहेकोमा आगामी आ.व.मा पुनर्निर्माणको कार्य सम्पन्न हुने क्रममा रहेको हुँदा सो लक्ष्य ११ मा उल्लेख्य रूपमा कमी आउने अनुमान छ, तर स्वस्थ जीवन (लक्ष्य नं ३) र गुणस्तरीय शिक्षा (लक्ष्य नं ४) मा समेत बजेटको हिस्सा उल्लेख्य वृद्धिको अनुमान छ। पछिल्ला दुई वर्षमा पूर्वाधार र उद्योग क्षेत्रमा लगानी उल्लेख्य वृद्धि हुने आँकलन छ। त्यसैगरी लैंगिक समानता (लक्ष्य नं ५), दिगो उपयोग र उत्पादन (लक्ष्य नं १२), जलवायु परिवर्तन अनुकूलन (लक्ष्य नं १३) र दिगो विकासका लागि साझेदारी (लक्ष्य नं १७) मा लगानी वृद्धि गर्नुपर्ने चुनौती छ।

ई. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। यसरी वर्गीकरण गर्दा नयाँ कार्यक्रम/आयोजना तथा प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान विभिन्न प्रकृतिका हुने र सोको जानकारी हाल प्राप्त नहुने हुँदा रुपमा लैंगिक संकेतका आधारमा सांकेतीकरण गर्दा समावेश गरिएको छैन।

तालिका २.९: लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

संकेत नं.	लैंगिक संकेत	आ.व. २०७५/७६ को यथार्थ		आ.व. २०७६/७७ को संशोधित अनुमान		आ.व. २०७७/७८ को व्यय अनुमान		आ.व. २०७८/७९ को खर्च प्रक्षेपण		आ.व. २०७९/80 को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	प्रत्यक्ष लाभ	१,७६६,७७६	२२.३८	१,९५२,१६९	२४.६९	३,१८०,१६९	२८.६०	३,५६२,२५८	२८.१७	३,९३५,३४२	२७.१४
२	अप्रत्यक्ष लाभ	३,४५४,७७३	४३.७७	३,२१६,९८७	४०.६९	४,८२४,३३३	४३.३८	५,८९२,१७२	४६.६०	६,९३२,४७८	४७.८२
३	तटस्थ	२,६७१,१९६	३३.८४	२,७३६,८९५	३४.६२	३,११५,६३९	२८.०२	३,१८९,३६४	२५.२२	३,६३०,३४०	२५.०४
	जम्मा	**७,८९२,७४५**	**१००**	**७,९०६,०५१**	**१००**	**११,१२०,१४१**	**१००**	**१२,६४३,७९४**	**१००**	**१४,४९८,१६१**	**१००**
	सांकेतीकरण नगरिएको	३,२११,८२६	-	२,८२७,४५३	-	३,६२६,३१३	-	४,३३१,९३०	-	५,०५१,७१२	-
कुल जम्मा		**११,१०४,५७१**	**-**	**१०,७३३,५०४**	**-**	**१४,७४६,४५४**	**-**	**१६,९७५,७२४**	**-**	**१९,५४९,८७४**	**-**

आ.व. २०७६/७७ को तुलनामा लैंगिक समानता तथा सशक्तीकरणमा प्रत्यक्ष लाभ पुऱ्याउने प्रकृतिका कार्यक्रममा बजेट विनियोजनको हिस्सा उल्लेख्य वृद्धि भएको र अप्रत्यक्ष लाभ पुऱ्याउने प्रकृतिका कार्यक्रममा बजेट विनियोजन समेत वृद्धि भई तटस्थ कार्यक्रममा बजेटको हिस्सामा उल्लेख्य कमी आएको छ। सांकेतीकरण नगरिएको बजेट तथा खर्चको हिस्सामा बढी रहेको एवम् पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमले अप्रत्यक्ष लाभ पुऱ्याउने भएकाले सो हिस्सामा वृद्धि भएको हो।

उ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ। यसरी वर्गीकरण गर्दा नयाँ कार्यक्रम/आयोजना तथा प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान विभिन्न प्रकृतिका हुने र सोको जानकारी हाल नहुने हुँदा जलवायु संकेतका आधारमा सांकेतीकरण गर्दा समावेश गरिएको छैन।

तालिका २.१०: जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

संकेत नं.	जलवायु परिवर्तन संकेत	आ.व. २०७५/७६ को यथार्थ		आ.व. २०७६/७७ को संशोधित अनुमान		आ.व. २०७७/७८ को व्यय अनुमान		आ.व. २०७८/७९ को खर्च प्रक्षेपण		आ.व. २०७९/८० को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	प्रत्यक्ष	४३७,१५६	५.५४	४१२,८७७	५.२२	६३७,३१३	५.७३	८५९,११४	६.७९	९९३,४९९	६.८५
२	अप्रत्यक्ष	१,२६५,८३४	१६.०४	१,२१८,२९२	१५.४१	२,२३३,८५९	२०.०९	२,६४७,९३४	२०.९४	३,१९६,४५०	२२.०५
३	तटस्थ	६,१८९,७५५	७८.४२	६,२७४,८८२	७९.३७	८,२४८,९६९	७४.१८	९,१३६,७४७	७२.२६	१०,३०८,२१२	७१.१०
	जम्मा	**७,८९२,७४५**	**१००**	**७,९०६,०५१**	**१००**	**११,१२०,१४१**	**१००**	**१२,६४३,७९४**	**१००**	**१४,४९८,१६१**	**१००**
	सांकेतीकरण नगरिएको	३,२११,८२६	-	२,८२७,४५३	-	३,६२६,३१३	-	४,३३१,९३०	-	५,०५१,७१२	-
कुल जम्मा		**११,१०४,५७१**	-	**१०,७३३,५०४**	-	**१४,७४६,४५४**	-	**१६,९७५,७२४**	-	**१९,५४९,८७४**	-

आ.व. २०७६/७७ को तुलनामा जलवायु परिवर्तन न्यूनीकरणमा अप्रत्यक्ष लाभ पुऱ्याउने प्रकृतिका कार्यक्रममा बजेट विनियोजनको हिस्सा उल्लेख्य वृद्धि, प्रत्यक्ष लाभ पुऱ्याउने प्रकृतिका कार्यक्रममा बजेट विनियोजनको हिस्सामा सामान्य वृद्धि भएको र तटस्थ कार्यक्रममा बजेटको हिस्सामा कमी आएको छ। सांकेतीकरण नगरिएको बजेट तथा खर्चको हिस्सामा बढी रहेको एवम् पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमले अप्रत्यक्ष रूपमा लाभ पुऱ्याउने भएकाले सो हिस्सामा वृद्धि भएको हो।

ए. राष्ट्रिय गौरवका आयोजना

राष्ट्रिय गौरवका आयोजनाको लागि आ.व. २०७७/७८ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण तालिका २.११ मा प्रस्तुत गरिएको छ। यी आयोजनाको लागि आ.व. २०७७/७८ मा रू. ८७ अर्ब ७९ करोड ४६ लाख विनियोजन भएको तथा आ.व. २०७८/७९ मा रू. १ खर्ब ७ अर्ब ८४ करोड २४ लाख र आ.व. २०७९/८० मा रू. १ खर्ब ६१ अर्ब १४ करोड ४० लाख प्रक्षेपण गरिएको छ।

तालिका २.११: राष्ट्रिय गौरवका आयोजनाको मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

क्र.सं.	ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	२०७५/७६ को यथार्थ	२०७६/७७ को संशोधित अनुमान	२०७७/७८ को विनियोजन	२०७८/७९ को प्रक्षेपण	२०७९/८० को प्रक्षेपण
१	३३७००१०१	काठमाडौं-तराई मधेश फाष्ट ट्रयाक	५७,३३७	३१,६८९	८९,३८८	१०६,३३०	४०७,४००
२	३३७०१११४	पुष्पलाल राजमार्ग (मध्य पहाडी राजमार्ग)	११६,२०६	६९,१५७	८२,७४०	१५०,९३०	१७५,०८६
३	३३७०१११८	उत्तर दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी)	३१,००६	३४,१७५	४०,९६७	८०,४०७	११०,४५४
४	३३७०११२८	हुलाकी राजमार्ग (पुलहरू समेत)	९६,६९४	८३,०५९	७०,१५२	९०,०३०	१२०,०९१
५	३३७०२१०१	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	३४,४०५	४०,७०९	८६,६६६	११०,०५१	१४०,०६६
६	५०१२५१०३	दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना	१५५,२९०	१७,८०३	४७,२५०	५,०००	-
७	५०१२५१०४	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	७०,४७१	४१,७३८	१०७,५००	१०,०००	-
८	५०१२५१०५	दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा	३,०००	१०,६५०	५,०००	७०,०००	७०,०००
९	३०८००१०१	बुढी गण्डकी जलविद्युत आयोजना	९७,८९८	५५,७४९	८०,०८४	१४०,३००	१९०,३००
१०	५०१०८११०	माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मे.वा.)	५,०००	९,९७६	१०,०००	-	-
११	३०५००१०८	मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल	८,९८२	६३,२१८	९१,०५३	११३,६९५	१५७,५७०
१२	३०८०३११२	बबई सिँचाइ आयोजना	७,५८१	१०,६६७	१४,९९१	१६,३१०	२०,०००
१३	३०८०३११६	सिक्टा सिँचाइ आयोजना	१४,७२४	१०,३७४	१५,५७४	१२,३३६	१३,३७०
१४	३०८०३११९	रानी जमरा कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत)	१५,१०५	१६,४२३	२१,७५६	२४,५३८	३१,५९२
१५	३०८०३१२०	भेरी - बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	३७,९९६	२९,८०९	३१,११७	४५,०००	५५,०००
१६	३१३००१०१	मेलम्ची खानेपानी आयोजना	२६,५०६	३९,१९२	५४,६४५	७१,१८६	८६,२४२
१७	३२५५१०११	पशुपति क्षेत्र विकास कोष	३,४८७	२,२७५	३,५००	३,७१०	३,९३३
१८	३२५५१०१२	लुम्बिनी विकास कोष	८,७७१	५,८०१	१०,०००	१०,६००	११,२३६
१९	३२९००१०४	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम	-	१०,७११	१५,५६३	१८,०००	१९,१००
जम्मा			**७९०,४५९**	**५८३,१७५**	**८७७,९४६**	**१,०७८,४२४**	**१,६११,४४०**

ऐ. रूपान्तरणकारी आयोजना

रूपान्तरणकारी राष्ट्रिय गौरवका आयोजनाको लागि आ.व. २०७७/७८ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण तालिका २.१२ मा प्रस्तुत गरिएको छ। यी आयोजनाको लागि आ.व. २०७७/७८ मा रू. ६३ अर्ब ७० करोड १६ लाख विनियोजन भएको तथा आ.व. २०७८/७९ मा रू. १ खर्ब ३८ अर्ब ८७ करोड ६८ लाख र आ.व. २०७९/८० मा रू. १ खर्ब ८२ अर्ब ६९ करोड ३६ लाख प्रक्षेपण गरिएको छ।

तालिका २.१२: रूपान्तरणकारी आयोजनाको मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

क्र. सं.	ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	२०७५/७६ को यथार्थ	२०७६/७७ को संशोधित अनुमान	२०७७/७८ को विनियोजन	२०७८/७९ को प्रक्षेपण	२०७९/८० को प्रक्षेपण
१	३१२००१०६	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	१८,५४८	२५,२५७	३२,३११	३७,१५८	४५,९३८
२	३०८०३१२४	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	१७४	१०,३०६	२४,५८५	३०,१८०	१३८,७८९
३	३२९००१०५	समृद्धिका लागि वन	-	-	१,१००	६,२५०	१२,०६०
४	३३६००१०३	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम	२०,४९७	७१	२,५१८	१३,२००	१४,५२०
५	३०७००१०१	औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)	११,७४७	१०,७८४	२६,४३२	४४,०१६	४९,३६६
६	३७०००११६	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४९,९२४	४०,१३९	१४३,४९४	१७७,३९१	१८५,८९०
७	३४०००१०५	राष्ट्रपति महिला सशक्तिकरण परियोजना	७६४	१,४५३	२,५००	२,७११	२,९७३
८	३३७०११०९	गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना	१४,४४७	११,२०४	१३,७१९	२१,०९१	३०,०९६
९		पूर्व पश्चिम राजमार्ग स्तरोन्नति आयोजना	-	२८,६२८	८९,१७१	२७६,६२२	४९६,५७४
	३३७०११४५	सासेक राजमार्ग सुधार आयोजना	-	२६,६५४	४३,८१९	८६,०६७	१२८,८७१
	३३७०११६७	क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना	-	१,९७४	३४,९७७	१००,०५५	१६७,१०३
	३३७०११७१	काकरभिट्टा-इनरुवा-पथलैया-नारायणघाट खण्ड	-	-	१०,३७५	९०,५००	२००,६००
१०	३४७०१११०	नयाँ शहर आयोजना	११,७६७	१५,६०९	२०,०११	२३,२००	३६,५७०
११	३४७०१११८	शहरी कोरिडोर आयोजना	-	-	१,२६८	२५,६००	६८,०००
१२	३६५०१११२	प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम	-	३५४	५०,०००	३८७,३४९	४४६,१६१
१३	५०१०८१०१	१३२ के.भी. तथा अन्य प्रसारण लाईन विस्तार	१४८,१९६	१३६,०९६	१९९,४३१	२५०,०००	२३०,०००
१४	५०१०८१२२	अपर अरूण जलविद्युत आयोजना कम्पनी लिमिटेड	३,९९९	४,९८८	२,०००	६०,०००	६०,०००
१५	३१४०१०११	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग	६५६	३९,५९५	२८,४७६	३४,०००	१०,०००
		जम्मा	**२८०,७१९**	**३२४,४८४**	**६३७,०१६**	**१,३८८,७६८**	**१,८२६,९३६**

ओ. अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण

प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१३ र २.१४ मा प्रस्तुत गरिएको छ।

तालिका २.१३: प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

अनुमान तथा प्रक्षेपण	कुल हस्तान्तरण	राजस्व	वित्तीय समानीकरण अनुदान	सशर्त अनुदान	समपूरक र विशेष अनुदान
आ.व. २०७५/७६ को यथार्थ	४,१८२,००४	९७०,२९०	१,३५५,७१४	१,७४०,९००	११५,१००
आ.व. २०७६/७७ को संशोधित अनुमान	१२,७९०,०६५	१०,०१८,६७०	१,४५२,४५६	१,१७८,९३९	१४०,०००
आ.व. २०७७/७८ को अनुमान	४,८४७,७१३	१,२२१,४००	१,४५२,५००	१,९७४,४७४	१९९,३३९
आ.व. २०७८/७९ को प्रक्षेपण	५,३१७,९०३	१,४७४,०११	१,५३९,६५०	२,०९२,९४२	२११,२९९
आ.व. २०७९/८० को प्रक्षेपण	५,८१३,८५८	१,७३९,३३३	१,६३२,०२९	२,२१८,५१९	२२३,९७७

तालिका २.१४: प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

(रू. लाखमा)

आ.व.	कुल हस्तान्तरण	राजस्व	वित्तीय समानीकरण अनुदान	सशर्त अनुदान	समपूरक र विशेष अनुदान
प्रदेश					
आ.व. २०७५/७६ को यथार्थ	१,५८९,८२९	४८५,१४५	५०२,९८४	५३३,८००	६७,९००
आ.व. २०७६/७७ को संशोधित अनुमान	५,९४४,१४२	५,००९,३३५	५५२,९८६	३११,८२१	७०,०००
आ.व. २०७७/७८ को अनुमान	१,६०९,४३७	६१०,७००	५५१,९५०	३६३,५७५	८३,२१२
आ.व. २०७८/७९ को प्रक्षेपण	१,७९५,६६७	७३७,००५	५८५,०६७	३८५,३९०	८८,२०५
आ.व. २०७९/८० को प्रक्षेपण	१,९९१,८४७	८६९,६६६	६२०,१७१	४०८,५१३	९३,४९७
स्थानीय तह					
आ.व. २०७५/७६ को यथार्थ	२,५९२,१७५	४८५,१४५	८५२,७३०	१,२०७,१००	४७,२००
आ.व. २०७६/७७ को संशोधित अनुमान	६,८४५,९२४	५,००९,३३५	८९९,४७०	८६७,११९	७०,०००
आ.व. २०७७/७८ को अनुमान	३,२३८,२७६	६१०,७००	९००,५५०	१,६१०,८९९	११६,१२७
आ.व. २०७८/७९ को प्रक्षेपण	३,५२२,२३६	७३७,००५	९५४,५८३	१,७०७,५५३	१२३,०९५
आ.व. २०७९/८० को प्रक्षेपण	३,८२२,०११	८६९,६६६	१,०११,८५८	१,८१०,००६	१३०,४८०

आ.व. २०७७/७८ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण, विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि ८ सम्म प्रस्तुत गरिएको छ। यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेत तथा स्रोत अनुसूची ३ देखि ९ र प्रति एकाई लागत अनुमान अनुसूची १० तथा आयोजना प्राथमिकीकरणका आधारहरू अनुसूची ११ र १२ मा समावेश गरिएको छ।

परिच्छेद ३

कृषि, भूमि व्यवस्था, सहकारी तथा वन क्षेत्र

३.१ कृषि

१. पृष्ठभूमि

कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आबद्ध भएको कृषि क्षेत्रको विकासले नै आर्थिक समृद्धि हासिल गर्ने आधार तयार गर्दछ। खाद्य तथा पोषण सुरक्षाको महत्वलाई हृदयंगम गरी नेपालको संविधानले खाद्य सम्प्रभुताको प्रत्याभूति हुने व्यवस्था गरेको सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिएको छ। कृषि क्षेत्रले उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने भएकोले वैज्ञानिक ढङ्गले सुधार तथा रूपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाउनु पर्नेछ। खाद्य सुरक्षा बहुआयामिक विषय भएको र यसको उद्देश्य प्राप्त गर्न बहुपक्षीय प्रयास आवश्यक छ। देशलाई खाद्य सम्प्रभु तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन ध्यान केन्द्रित गरिएको छ। नेपालको संविधान, कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रको रूपमा रहेको कृषि विकास रणनीति (सन् २०१५-२०३५) र दिगो विकास लक्ष्यलाई कृषि क्षेत्रको विकासको लागि मार्गदर्शनको रूपमा लिइएको छ।

२. समस्या तथा चुनौती

कृषि उत्पादकत्व वृद्धि गर्न स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधार जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता, अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दरको न्यूनता, जमिनको तीव्र खण्डीकरण, उत्पादकत्व वृद्धि गर्नु, जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्नु र कृषिजन्य उपज÷खाद्यान्नहरूमा विषादि, हानिकारक रसायन, हार्मेन, एन्टिबायोटिक्स आदिको अवशेष कम गरी वातावरण र जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव घटाउनु यस क्षेत्रका समस्याका रुपमा रहेका छन्।

अनुसन्धानबाट विकास भएका प्रविधि पर्याप्त मात्रामा विस्तार नहुनु, वैज्ञानिक जनशक्तिको व्यवस्थापन कमजोर हुनु, अनुसन्धानको लागि प्रयोगशाला लगायत अन्य पूर्वाधारको कमी हुनु, व्यावसायिक पकेट क्षेत्रहरूमा अनियन्त्रित र असन्तुलित रूपमा जीवनाशक विषादी, एण्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगले मानव तथा वातावरणीय स्वास्थ्यमा असर पुग्नु, खाद्यान्नको आयात अपेक्षित रूपमा घट्न नसक्नु र खाद्य पदार्थहरूमा पौष्टिक तत्वहरूको स्रोत र उचित उपयोगबारे चेतना र ज्ञानको कमीले गर्दा स्वस्थकर खानपान तथा सोको लागि व्यवहार परिवर्तन गर्न कठिनाइ रहनु चुनौतीको रूपमा रहेका छन्।

३. सोच

खाद्य र पोषण सुरक्षा तथा खाद्य संप्रभुता सहितको दिगो, प्रतिस्पर्धी एवम् समृद्ध कृषि अर्थतन्त्र।

४. उद्देश्य

१. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।

२. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु।

३. व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु।

५. रणनीति

१. संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालासँगको समन्वय तथा सहकार्यमा कृषि सम्बन्धी नीति, कानुन तथा योजना निर्माण गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

२. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धताको सुनिश्चितता गर्ने।

३. कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार र कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने।

४. कृषि पूर्वाधारको विकास, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने।

५. स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरूको प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरूको अधिकार सुनिश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने।

६. तुलनात्मक लाभ एवम् उच्च मूल्य बाली तथा वस्तुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने।

७. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकूलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	कृषिको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	३.१३	३.३२	३.६२	३.८५	३.९०
२	धानको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	३.७६	३.८०	४.१६	४.३०	४.४०
३	मकैको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	२.८४	३.०२	३.५५	३.८०	३.९०
४	गहूँको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	२.८५	३.१०	३.३०	३.४०	३.५०
५	कोदो	मे. टन प्रति हेक्टर	१.२	१.२	१.३	१.३	१.३
६	फापर	मे. टन प्रति हेक्टर	१.१	१.१	१.२	१.२	१.२
७	तरकारीको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	१४.०५	१४.०९	१७.०५	१९.०५	१९.६०
८	आलुको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	१६.०५	१७.१५	१९.२०	२०.६०	२१.२०
९	दलहन	मे. टन प्रति हेक्टर	१.२	१.२	१.२	१.३	१.३

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१०	तेलहन	मे. टन प्रति हेक्टर	१.१	१.२	१.२	१.२	१.२
११	फलफूलको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	९.७९	१०.५०	११.२०	१११.९०	१२.००
१२	माछाको उत्पादकत्व	मेट्रिक टन/हेक्टर	४.९३	४.९५	४.९७	४.९९	५.५०
१३	दुध	दुधालु पशु/वेत/लिटर	१०५०	११००	१२००	१३००	१४००
१४	मासु	वध गरिएको पशु/केजी	७५	७७	७९	८१	८३
१५	अन्डा	गोटा/पन्छी	२४५	२५०	२५२	२५५	२५८
१६	विश्व व्यापी खाद्य सुरक्षा सूचकाङ्क	स्कोर	४६	५०	५३	५६	६१
१७	प्रमुख बालीहरूको बीउ प्रतिस्थापन दर	प्रतिशत	१६	१८	२०	२२	२४
१८	माटोमा जैविक पदार्थको मात्रा	प्रतिशत	१.९६	२.००	२.१	२.२	२.३
१९	कृषि अभिमुखीकरण सूचकाङ्क	सूचकाङ्क	-	०.३	०.३	०.३	०.३
२०	मलखाद आपूर्ति (रासायनिक/प्राङ्गारिक)	मे.टन (हजारमा)	३६४	३८६	५००	५५०	६००
२१	उन्नत जातका बीउ उत्पादन	मे.टन (हजारमा)	३४.६	३६.४	३९.२	४१.९	४३.७
२२	पशु चौपायामा खोप सेवा	संख्या (लाखमा)	९४	९५	१०३	११०	११८
२३	पन्छीमा खोप सेवा	संख्या (लाखमा)	३००	३१५	३४२	३६२	४००
२४	पशु चौपायाहरूका लागि खोप उत्पादन	संख्या (लाखमा)	९४	९५	१०३	११०	११८
२५	पन्छीहरूका लागि खोप उत्पादन	संख्या (लाखमा)	३००	३१५	३४२	३६२	४००

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२६	कृत्रिम गर्भाधान (नस्ल सुधारको लागि)	संख्या	६२२	६५५	६८९	७२४	७५९
२७	घाँसको बीउ उत्पादन	मे.टन	७८३	८८६	९८९	१,०९२	१,१९६
२८	खाद्य तथा कृषि सम्बन्धी वनस्पति र जनावरका सुरक्षित अनुवांशिक स्रोत	संख्या	१२,०००	१२,५००	१३,५००	१४,५००	१५,५००
२९	विश्वव्यापी खाद्य सुरक्षा सूचकाङ्क	सूचकाङ्क	४६	५०	५३	५६	६१
३०	गम्भीर खाद्य असुरक्षित परिवार	प्रतिशत	७.८	६.६	५.५	४.३	३.२
३१	व्यावसायिक कृषि फर्म	संख्या (हजारमा)	२४.२	२६	२८	३०	३३
३१	कुल उपभोगको दुई—तिहाइभन्दा बढी खानामा खर्च गर्ने परिवार	प्रतिशत	४४	४१	३८	३६	३३

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३३३,२७६	२६१,७७४	३१,५०२	४०,०००	१४०,५७९	२८,४०२	१६४,२९५
२०७८/७९	३८८,६२३	२९८,१९४	४६,४३०	४४,०००	२७५,१४४	६,२०३	१०७,२७६
२०७९/८०	४२०,१७३	३२०,६९७	५०,९७५	४८,५००	३२०,६८८	६८५	९८,८००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३१२०००११	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	नीतिगत समन्वय	सालबसाली			योजना, नीति, कार्यक्रमको तर्जुमा, कर्मचारीको व्यवस्थापन, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न विभिन्न तहका सरकार र सम्बद्ध पक्षहरूसँग समन्वय भएको हुने। धान, गहुँ, मकै र उखु बालीको न्यूनतम समर्थन मूल्य तोकी कार्यान्वयनका नीतिगत सुधार प्रदान गरिएको हुने।
३१२००१०१	कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम	नीतिगत समन्वय	सालबसाली			कृषि विकास रणनितिलाई संघीय संरचना अनुरुप परिमार्जन गरी कार्यान्वयन भएको हुने। कृषकहरूलाई कृषि उत्पादन सामाग्रीको उपलब्धतामा सहजीकरण भएको हुने। कृषि तथा पशुपंक्षीका लागि राहत तथा पुनर्स्थापना कार्यक्रम संचालन गरी जोखिम तथा प्रकोप व्यवस्थापन भएको हुने।
३१२००१०२	विशेष कृषि उत्पादन कार्यक्रम	कृषकहरूलाई रासायनिक तथा प्राङ्गरिक मल उपलब्ध गराई उत्पादन तथा उत्पादकत्व वृद्धि	सालबसाली			४ लाख ५५ हजार मे.टन रासायनिक मल वितरण भएको हुने। देशभर रहेका नेपाली कृषकहरूलाई उत्पादन वृद्धि सुपथ मूल्य, समयमा र पर्याप्त मात्रामा रासायनिक मल आपूर्तिको सेवा उपलब्ध भएको हुने। कृषि सामग्री कम्पनी लि. मा नेपाल सरकारले शेयर लगानीमा ३ वटा मल भण्डारणको लागि गोदाम घर निर्माण भएको हुने।
३१२००१०३	बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम	विभिन्न बालीका नयाँ जातहरूको उन्मोचन तथा दर्ता, श्रोत बीउ प्रमाणीकरण, बीउको गुणस्तरको जाँच तथा नियमन र क्षमता	सालबसाली			नेपालमा आयातित बीउ बिजनको दर्ता एवम् गुणस्तर नियमन तथा नयाँ विकसित बीउ बिजनको दर्ता एवम् पंजीकरण तथा उन्मोचन कार्य भएको हुने। बीउ बिजनको राष्ट्रिय वासलात तयारी तथा कार्यान्वयनको सहजीकरणका साथै निजी क्षेत्रलाई बीउ बिजन उत्पादन तथा

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		अभिवृद्धि				गुणस्तर नियन्त्रणमा सहजीकरण भएको हुने। परम्परागत बीउ बिजन उत्पादन, संचय, साटफेर र उपयोगमा कृषकको हित सुनिश्चित हुनुका साथै आर्थिक महत्वका कृषि बालीका जातीय विकासमा प्रजननकर्ताको हित प्रवर्द्धन भएको हुने।
३१२००१०४	प्लाण्ट क्वाराण्टाईन तथा विषादी व्यवस्थापन कार्यक्रम	विषादिको सुरक्षित प्रयोग र व्यवस्थापन, आन्तरिक क्वारेन्टाइनको सुदृढीकरण र सीर्भिलेन्स क्षमता विकास	सालबसाली			विषादीको आयात, वितरण, उपयोग र व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, कानुन, नियमन र समन्वयका साथै वनस्पति एवम् बिरुवा क्वारेण्टिन सम्वन्धी कार्यहरू क्वारेण्टिन चेकपोष्टको स्थापना एवम् व्यवस्थापन भएको हुने। इन्टोमोप्याथोजेनिक निमाटोड ट्राइकोडर्मा भिरिडि तथा एनपीभी उत्पादन तथा प्रयोगमा तीव्रता ल्याई एकिकृत शत्रुजीव व्यवस्थापन प्रविधिमा आधारित खेती प्रणाली लागू भएको हुने। विषादी पञ्जीकरण प्रमाणपत्र वितरण, विषादी खुद्रा विक्रेता इजाजतपत्र वितरण र अभिलेखीकरण भएको हुने। देशैभरी बाली बिरुवामा आकस्मिक रुपमा देखापर्ने रोग कीराहरूको पहिचान तथा बालीहरूमा प्रवेश, स्थापना र फैलावटमा न्यूनीकरण गरी बाली संरक्षण सेवा प्रवर्द्धन भएको हुने।
३१२००१०५	कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम	कृषि सूचना प्रसारण, सचेतना तथा क्षमता विकास कृषि प्राविधिक कर्मचारीको क्षमता विकास	सालबसाली			कृषि सूचना सामग्री प्रकाशन र वितरणबाट कृषक समुदाय लगायत सरोकारवाला सबैको कृषि प्रकाशन सामग्रीमा पहुँच वृद्धि भई ज्ञान, सीप र व्यवहारमा सुधार आएको हुने। किसान कल सेन्टर सन्चालन भई कृषकहरूको कृषि सम्बन्धी सूचना जानकारी र समस्या समाधानमा पहुँच वृद्धि भएको हुने। १२ औं, १३ औं र १४ औं आह्वान अन्तर्गतका आयोजनालाई सशर्त शोधभर्ना उपलब्ध भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						कृषि तथा पशुपन्छी सम्बन्धी विभिन्न तालिमहरूको माध्यमबाट कृषि क्षेत्रमा संलग्न जनशक्तिको दक्षता अभिवृद्धि गरी कृषि प्रविधि हस्तान्तरणमा सघाउ पुगेको हुने।
३१२००१०६	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रहरू निर्माण, निर्यातयोग्य कृषि वस्तुहरूको वृद्धि, कृषिलाई नाफामूलक तथा सम्मानजनक व्यवसायमा रूपान्तरण उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिबी निवारण र क्षमता अभिवृद्धि	२०७३/७४-२०८२/८३	१ खर्ब ३० अर्ब ७४ करोड	विशिष्टिकृत कृषि क्षेत्रहरू निर्माण र आत्मनिर्भरता	४५१८ वटा साना व्यावसायिक उत्पादन केन्द्र (पकेट), २२५९ वटा व्यावसायिक उत्पादन केन्द्र (ब्लक), १०६ वटा जोन र १६ वटा सुपरजोन स्थापना भई एकीकृत रुपमा कार्यक्रम संचालन हुने। देशभर ४००० साना सिँचाइ संरचनाहरू निर्माण भई १०००० हेक्टरमा सिँचाइ सुविधा विस्तार हुने। विभिन्न बालीमा २४०० हेक्टरमा विजवृद्दी कार्यक्रम संचालन गरिने। ३५ वटा पशु नश्ल स्रोत केन्द्र स्थापना हुने। राष्ट्रिय तथा स्थानीय महत्वका मूल्य श्रृङ्खलाका बाली बस्तुको ३००० हेक्टरमा थप क्षेत्रफल विस्तार हुने। कृषि शिक्षा अनुसन्धान र प्रसारको सुदृढिकरणको लागि विश्वविद्यालय, अध्ययन संस्थान तथा कृषि कलेजहरूबाट ९०० कृषि स्नातक परिचालन (इन्टर्न) हुने। चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन गरि १०८५० हेक्टरमा कार्यान्वयन गरिने। प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम १६० वटा विद्यालयमा संचालन हुने। स्क्रीन हाउस, बीउ भण्डार घर, रष्टिक स्टोर निर्माणमा जोड गरी कृषिमा व्यवसायीकरण हुने। ४ वटा कोल्ड स्टोर निर्माण सम्पन्न भई देशभर न्यूनतम २१००० मे.टनको भण्डारण क्षमता हुनेछ। मत्स्य ह्याचरी, पोखरीहरूको विस्तार एवम् सुदृढिकरण गर्दै १२०० हेक्टर क्षेत्रफलमा नयाँ मत्स्य पोखरी क्षेत्र विस्तार

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						गरी माछामा व्यापक व्यवसायिकीकरण हुने। स्थानीय तहको समेत लागत साझेदारीमा ७७ जिल्लामा वीउ श्रोत केन्द्रको स्थापना हुनेछ। स्थानीय तहकोसमन्वयमा ७७ वटा नर्सरी श्रोत केन्द्रको स्थापना हुनेछ।
३१२००१०७	लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना	पशुजन्य वस्तुहरू (दूध, मासु, पश्मिना) मा आधारित साना किसान तथा उद्यमीहरू लगायतको समानुकूलतामा सुधार	२०७५/०७६-२०८२/०८३	५४६००		दूध, मासु र च्याङ्ग्राको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने। नेपाल पशु चिकित्सा परिषद्को भवन निर्माण भएको हुने। बाग्मती प्रदेश र प्रदेश नं ५ मा पशुसेवा तालिम केन्द्र स्थापना भएको हुने।
३१२००१०८	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	कृषि प्रविधिको प्रसार, कृषकको आयस्तर वृद्धि, खाद्य सुरक्षा, गरिबी निवारण र क्षमता विकास	२०७५/७६-२०८०/८१	२ करोड ८० लाख अमेरिकी डलर	खाद्य सुरक्षा तथा पोषण	आधुनिक तथा उन्नत कृषि प्रविधिहरूको (जलवायु अनुकुल सहित) अनुसरण गर्ने कृषकको संख्या ३१८०० पुगेको हुनेछ आयोजनाको प्रत्यक्ष लाभग्राहीहरूको खाद्य असुरक्षा अनुभव स्केल (FIES) मा ४० प्रतिशतले सुधार भएको हुने
३१२००१०९	कृषि क्षेत्र विकास कार्यक्रम	उच्च मूल्य कृषि वस्तुको मूल्य श्रृङ्खलाको विकास, कृषिको व्यावसायीकरण, निर्यात प्रवर्द्धन, गरिबी निवारण, क्षमता अभिवृद्धि	२०७५/७६-२०८०/८१	५ करोड १० लाख अमेरिकी डलर	गरिबी निवारण र खाद्य सुरक्षा	१२० वटा मूल्य श्रृङ्खला विकासमा समूह, सहकारी सँग सहलगानी भएको हुने। आयोजनाको कार्य क्षेत्रमा कृषि उत्पादनलाई बजारसँग जोड्ने प्रणाली तयार भएको हुने। हिमाली र पहाडी क्षेत्रका बासिन्दाको गरिबी निवारण र खाद्य सुरक्षा वृद्धि भएको हुने।
३१२००१११	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	जलवायु प्रकोपबाट हुने क्षतिहरूको पूर्व जानकारी गराउने कृषि सूचना प्रणालीको विकास	जुन, २०१३-सेप्टेम्बर,२०२०	६० लाख अमेरिकी डलर	जलवायु प्रकोपबाट कृषिमा क्षतिहरूको न्यूनीकरण	कृषि ब्यवस्थापन सूचना प्रणालीको वेभपोर्टल स्थापना भएको हुने। आयोजनाको प्रभाव सम्बन्धि भिइयो डकुमेन्ट्री निर्माण भएको हुने।
३१२००११२	नेपाल कृषि बजार	आयात प्रतिस्थापन र	डिसेम्बर,२०१६	९.६५	कृषि	२५,००० अर्धव्यावसायिक र व्यापारिक उत्पादन

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	विकास कार्यक्रम	निर्यातमा वृद्धि, तुलनात्मक लाभ भएका कृषि उपजको विकास, बजार विकास	- २०१९	मिलियन स्वीस फ्रयान्क	बजारको विकास	एकाइहरूको आफ्नो अतिरिक्त वार्षिक आय सरदर २०००० रुपैयाले वृद्धि भएको हुने। जसमध्ये ३० प्रतिशत उत्पादन एकाइ महिलाले नेतृत्व गरेको हुने। गरिब र विपन्न वर्गका लागि करिब १६०० जनालाई नयाँ रोजगारीको सृजना भएको हुने।
३१२०१०११	कृषि विभाग	अन्न, तरकारी र फलफूल लगायतको उत्पादन र उत्पादकत्व वृद्धिको लागि समन्वय तथा सहजीकरण	सालबसाली			बाली बिमा गर्ने कृषकहरूको संख्या बृद्धि भई बालीको सम्भाव्य क्षति न्यूनिकरण भएको हुने उखु कृषकलाई उत्पादनको आधारमा अनुदान भूक्तानी भई उखु कृषकहरू प्रोत्साहित हुने। उत्पादन र उत्पादकत्व बृद्धि भई उद्योगको लागि कच्चा पदार्थ सुनिश्चित हुने विभाग अन्तर्गतका निकायको समन्वय र अनुगमन भएको हुने।
३१२०११०१	राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम	आलुबाली तथा तरकारीको उत्पादन तथा उत्पादकत्व वृद्धि, मसलाबालीको क्षेत्रफल विस्तार तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा, रोजगारी र गरिबी निवारण	सालबसाली			स्थानीय तथा उन्नत जातका आलु बालीको जर्मप्लाजम संकलन तथा सम्वर्द्धन हुनुका साथै PBS र TPS आलु बीउ समेत उत्पादन गरी आलुको व्यावसायीकरण भएको हुने। प्याजको गानो तथा बीउ उत्पादनमा वृद्धि भई आयातमा ५० प्रतिशतले कमी हुने। आलु बीउ उत्पादन कार्यक्रम मार्फत ५ वर्ष भित्रमा बीउ उत्पादन गरी भारतबाट आयात हुने आलुमा ५० प्रतिशतले कमी हुने। गोलभेंडाको वर्णशंकर जात श्रृजनाको बीउ उत्पादन तथा बिक्री वितरण गरी व्यावसायिक गोलभडा उत्पादन भएको हुने।
३१२०११०२	राष्ट्रिय फलफुल विकास कार्यक्रम	फलफूलको उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा, रोजगारी एवम् आय वृद्धि	सालबसाली			फलफूलको रुटस्टक बिरुवा उत्पादन —एम.पी) कटिङ्ग २७०००, क्रेप एप्पल ३३०००, मयल ५००००, हलुवाबेद ५००००, किवी २०००००, आरु ४५००००, वर्षे (तीनपाते १००००००, भोगटे १८००००) गरी व्यावसायिक फलफूल

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						उत्पादन भएको हुने। हाई डेन्सिटि प्लान्टिङ्को लागि स्याउका वार्फिङ रूटस्टक र स्पर टाईप एप्पल भेराईटीजको प्लट स्थापना तथा व्यवस्थापन भई व्यवसायिक स्याउ खेती विस्तारमा सहयोग पुगेको हुने। तरकारी बालीको श्रोत बीउ उत्पादन तथा विक्री वितरणमार्फत तरकारी उत्पादकत्वमा वृद्धि भएको हुने।
३१२०११०३	व्यवसायिक कीट विकास	रेशम, मौरी र च्याउ खेतीमा व्यवसायिकीकरण जैविक विविधता संरक्षण गरिबी निवारण, क्षमता अभिवृद्धि	सालबसाली			१००० हेक्टर किम्बु क्षेत्र विस्तारबाट १२०० मे.टन कोकुन उत्पादन भएको हुने। आधुनिक प्रविधियुक्त च्याउखेतीको विकास र नमुना प्रदर्शन भएको हुने। किम्बु बगैचा फार्म व्यवस्थापन, रेशम विज कोय उत्पादन, रेशम विज उत्पादन र किम्बु बिरुवा उत्पादन भएको हुने। हाइजनिक मौरी रानुको उपलब्धता भएको हुने।
३१२०११०४	बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम	खाद्यान्न बालीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षामा सुधार, रैथाने बालीहरूको प्रवर्द्धन,	सालबसाली			९ मे.टन धान र ९ मे.टन गँहुको मूल बीउ उत्पादन भएको हुने। ३५ स्थानीय तहमा धान उत्पादन प्रबर्द्धन कार्यक्रम लागु भई धान उत्पादन र उत्पादकत्वमा बृद्धि भएको हुने। ३२ स्थानीय तहमा मकै उत्पादन प्रवर्द्धन कार्यक्रम लागु भई उत्पादन र उत्पादकत्वमा बृद्धि भएको हुने। रैथाने बाली प्रवर्द्धन कार्यक्रम मार्फत सिमी, फापर, चिनो, कागुनो जस्ता रैथाने बालीको उत्पादन तथा प्रयोगमा बृद्धि भएको हुने।
३१२०११०५	केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम	माटोको उर्वराशक्ति पहिचान, माटो जाँच तथा व्यवस्थापन प्रविधिको विकास, दिगो भू-	सालबसाली			माटो, बीउ तथा मलखादको विश्लेषणबाट सन्तुलित तथा नियमित मलखाद प्रयोगमा सहयोग पुग्नुका साथै माटो विश्लेषणको आधारमा माटो स्वस्थता प्रमाणपत्र वितरण भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		व्यवस्थापन, क्षमता विकास				मोबाइल भ्यान मार्फत कृषककै खेतबारीमा गुणपरक माटो विश्लेषणको सुविधा पुगेको हुने। ७ वटै प्रदेशमा प्रयोगशाला संचालनलाई निरन्तरता दिई कृषि वस्तुहरूमा विषादीको प्रयोगलाई न्यूनीकरण गरी आम उपभोक्ताहरूको स्वास्थ्य सम्बन्धी हकहित सुनिश्चित भएको हुने।
३१२०११०६	कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम	कृषि बजार पूर्वाधारको विकास तथा प्रवर्द्धन, बजार सम्बन्धी नीति, नियमावली, सञ्चालन निर्देशिका तयारी	सालबसाली			काठमाण्डौको २ स्थानमा कृषि बजार पुर्वाधार निर्माण भई संचालनमा आएको हुने। संघ अन्तरगत रहेका ५ वटा कृषि उपज थोक बजारस्थलहरूको पूर्वाधार विस्तार तथा स्तरोन्नती भएको हुने। कृषि यन्त्र/औजार/ उपकरणहरूको स्पेसिफिकेसन सहितको मापदण्ड तयार भई कार्यान्वयनमा आउने, ५ वटा कष्टम हायरिङ्ग सेन्टर निर्माण भई संचालनमा आउने रणनीतिक महत्वका ५ स्थानहरूमा कृषि उपज बजारस्थलहरूको डि.पि.आर. तयार हुने।
३१२०११०७	रानी जमरा कुलरिया सिचाई आयोजना–प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम	उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिबी निवारण र क्षमता अभिवृद्धि	२०७५/०७६-२०८०/०८१	१ करोड अमेरिकी डलर	सिचित क्षेत्रमा कृषिमा आधुनिकीकरण	बीज (धान, गहु, तोरी र मसूरा) उत्पादन वृद्धि भएको हुने। फलफूल (केरा, कागती, मेवा आँप र अनार) र तरकारीको व्लक प्रदर्शनी। केरा पकाउने घर निर्माण भएको हुने।
३१२०१११११	समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम (कृषि)	कृषिको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, गरिबी निवारण, खाद्य सुरक्षा र कृषि क्षेत्रबाट आयस्तर वृद्धि	२०७२/०७३-२०७८/०७९	कृषि कम्पोनेन्टको बजेट : ३४ लाख अमेरिकी डलर	सिँचित क्षेत्रमा उन्नत कृषि प्रविधिको विस्तार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा वृद्धि	१९,९२० हे. सिँचित क्षेत्रफलको विस्तार र सुधार भएको हुने। सिँचाइ प्रणालीको सुधार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा मुख्य खाद्यान्न बालीहरूको (धान, गहुँ र मकै) उत्पादनमा ३० प्रतिशतले वृद्धि हुने। बाली सघनता तराई क्षेत्रमा ३० प्रतिशत र पहाडी क्षेत्रमा ४५ प्रतिशत सिँचाई आयोजनामा वृद्धि ल्याउने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						प्रत्येक सिँचाइ उप-आयोजनामा कम्तीमा एक प्रशिक्षित अगुवा कृषक हुने जसमध्ये अगुवा कृषक ३५ प्रतिशत महिला हुने। समूह सदस्यहरूमध्ये ४० प्रतिशत महिलाहरू प्रशिक्षित हुने।
३१२०२०११	पशु सेवा विभाग	पशुपन्छी क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको लागि समन्वय तथा सहजीकरण	सालबसाली			पशुपन्छी सेवाका कार्यक्रमहरूको सहजीकरण र समन्वय हुने। खोरेत रोगको प्रकोप न्यूनीकरण भएको हुने। रानीखेत रोगबाट ग्रामीण कुखुरामा, क्लासिकल स्वाइन फिभरबाट बंगुरमा तथा एच एस बि क्युबाट गाईभैंसीमा हुने क्षतिलाई न्यूनीकरण भएको हुने। पशुपन्छी बिमामा कृषकहरूको संख्या बृद्धि भएको हुने। दूध, अण्डा र मासुको उपलव्धतामा वृद्धि भएको हुने।
३१२०२१०१	मत्स्य विकास कार्यक्रम	मत्स्यपालन व्यवसायबाट रोजगारी तथा आयआर्जनमा वृद्धि, स्वस्थ्य एवम् ताजा माछाको बिक्री वितरण, क्षमता विकास	सालबसाली			मत्स्य ह्याचरी मापदण्ड तयारी भएको हुने। फार्म तथा प्रजनन् केन्द्रमा स्टक रिप्लेस्मेन्ट तथा नश्ल सुधार कार्ययोजना तयार गरी कार्यान्वयन भएको हुने। मत्स्य प्रजनन केन्द्रहरूमा भुरा उत्पादन परिमाणात्मक र गुणात्मकरुपले कमि आएको सन्दर्भमा भुरा उत्पादनमा प्रयोग हुने सुद्ध नश्लका २००० संख्या मा माउहरू प्रतिस्थापन भएको हुने। देश लाई आबश्यक पर्ने मूल बीउ र उपयोगी जातका कार्प तथा पंघास माछा भुरा उपलब्धता देशमै सुनिश्चित भएको हुने।
३१२०२१०२	पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाईन कार्यक्रम	पशुपन्छीमा लाग्ने विभिन्न संक्रामक रोगहरूको रोकथाम, नियन्त्रण तथा उन्मूलन	सालबसाली			AI, PPR, ND, Rabies जस्ता रोगको Gold standard protocol तयार भएको हुने। राष्ट्रिय खोप उत्पादन प्रयोगशाला रेबिज खोप उत्पादन युनिट समेत BSL2 plus मा स्तरोन्नति भएको हुने। खोप उत्पादन सेवा विस्तार गर्न Enterotoxaemia, IB, IB ND F1 and IB Lasota उत्पादन प्रकृया सुरु भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३१२०२१०३	पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम	पशुपन्छी उत्पादनमा वृद्धि, नश्ल सुधार उच्च नश्ल सुधारको लागि वंशाणुगत श्रोतको व्यवस्था तथा उपलब्धता उत्पादकत्व अभिवृद्धि	सालबसाली			गाई भैसी तथा बाख्रामा गरिने कृत्रिम गर्भाधान सेवा हालको वार्षिक ६ लाख २२ हजारबाट ७ लाख पुर्याउने, बंगुर औधोगिक पार्कको स्थापना तथा संचालन मार्फत गुणस्तरिय मासु उत्पादन तथा बजारिकरणमा टेवा पुगेको हुने। च्याङ्ग्रा स्रोतकेन्द्र स्थापना मार्फत मासु तथा पश्मिना उत्पादनमा टेवा पुगेको हुने। फार्म केन्द्रहरू उत्कृष्टताको केन्द्रको रुपमा विकास भएको हुने। देश लाई आवश्यक पर्ने मूल बीउ र उपयोगी जातका बोयर बाख्रा, योर्कशायरल्याण्डरेस तथा ड्युरोक वगुर, ग्रामीण कुखुरा र मुर्रा राँगोको उपलब्धता देशमै सुनिश्चित भएको हुने।
३१२०२१०४	पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम	चरन एवम् खर्कहरूको संस्थागत सुधार तथा संरक्षण चरन, घाँसेबाली तथा डाले घाँसको बीउ उत्पादनमा गुणात्मक र परिमाणात्मक सुधार	सालबसाली			पशु आहारका लागि घाँस उत्पादनमा वृद्धि हुने। आयात तथा निर्यात हुने तयारी दाना, दाना कच्चा पदार्थ तथा फिड सप्लिमेन्टहररुको गुणस्तर सूनिश्चिततामा सहयोग पुगेको हुने। दाना कच्चा पदार्थहरूको नमूना संकलन तथा परिक्षण भएको हुने।
३१२०३१०१	खाद्य पोषण तथा प्रविधि कार्यक्रम	उपभोक्ताहरूको हक हित एवम् स्वास्थ्य संरक्षण, कुपोषण न्यूनीकरण र खाद्य पोषण सुरक्षा, मिसावट पहिचान एवम् विश्लेषण	सालबसाली			खाद्य वस्तुको वितरण एवम् आयात र निर्यातसम्म शुद्धता कायम गरी आम उपभोक्ताहरूको हक हित एवम् स्वास्थ्य संरक्षणमा मद्दत पुगेको हुने। प्रमाणीकृत एवम् भरपर्दो विश्लेषण सेवा प्रदान भई निर्यात प्रवर्द्धनमा समेत टेवा पुगेको हुने। उपयुक्त खाद्य पोषण कार्यक्रममार्फत कुपोषण न्यूनीकरण र खाद्य पोषण सुरक्षामा सघाउ पुगेको हुने। कृषि एवम् पशुजन्य खाद्य उत्पादनमा विषादि, एण्टीबायटिक हार्मोनको अवशेष पहिचान एवम् विश्लेषण गरी उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						होटल रेष्टुरेन्टहरूमा उपलव्ध हुने खाद्य वस्तुहरूको स्वच्छतामा अभिवृद्धि भएको हुने।
३१२२१०११	राष्ट्रिय किसान आयोग	किसान संघ संगठन तथा संजालहरूको सशक्तिकरण	सालबसाली			केन्द्र तथा प्रदेशस्तरमा कृषि प्रसार, अनुसन्धान, र विकास तथा किसानहरू सम्बद्ध समसामयिक समस्याहरूको पहिचान हुने। केन्द्र तथा प्रदेशस्तरमा किसान संघ संस्थाहरूको क्षमता अभिवृद्धि भएको हुने।
३१२३१०११	राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड	चिया, कफी तथा अलैंचीको बजार विस्तार	सालबसाली			चिया, कफी तथा अलैंचीको क्षेत्रफल, बजारीकरण र अन्तर्राष्ट्रिय व्यापार विस्तार भएको हुने। चिया तथा कफी किसान, सहकारी, उद्योग तथा प्राविधिक जनशक्तिको क्षमता विकास भएको हुने।
३१२३१०१२	राष्ट्रिय दुग्ध विकास बोर्ड	राष्ट्रिय स्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति तथा योजना तर्जुमामा सहयोग र दुग्ध उद्योगको विकास	सालबसाली			दुग्ध व्यवसाय क्षेत्रको नीतिगत व्यवस्था र विकासमा सहयोग पुगेको हुने। दुधको बजारीकरण प्रबर्द्धन हुने तथा गुणस्तरमा वृद्धि भएको हुने।
३१२४१०११	नेपाल पशु चिकित्सा परिषद्	पशु चिकित्सा क्षेत्र, पशु चिकित्सक तथा विश्वविद्यालयहरूको गुणस्तर अभिवृद्धि	सालबसाली			पशु चिकित्सकको दर्ता र भेटेरेनरी शैक्षिक संस्थाको नियमन भएको हुने।
३१२४११०१	कृषि अनुसन्धान कार्यक्रम	बैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार उन्नयन र विकास	सालबसाली			प्रदेश ५ र सुदूर पश्चिम प्रदेशमा कृषि अनुसान्धान केन्द्र स्थापना भएको हुने। विभिन्न भौगोलिक क्षेत्र, हावापानी तथा परिवर्तित मौसम सुहाउँदो रोग कीरा अवरोधक वा कम लाग्ने उन्नत जातका धान, मकै, गहूँ, दलहन, तेलहन, कोदो, जौ, फापर, उखु, जुटको जातीय परीक्षण, विकास र तिनका एकीकृत बाली व्यवस्थापन सम्वन्धी अनुसन्धान गरी नवीनतम प्रविधिहरूको विकास गरिएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						धान, मकै र तरकारीबालीको बर्णशंकर जातको विकास र विस्तार भएको हुने। उखुको जातीय विकास तथा यान्त्रिकीकरणमा जोड दिईएको हुने। तरकारी र फलफूलबालीको जातीय परीक्षण, एकीकृत खेती व्यवस्थापन लगायत, उत्पादनोपरान्त प्रविधि विकास भएको हुने। पोखरीमा माछा उत्पादकत्व र उत्पादन बढाउन, रोग नियन्त्रण, वायुप्रवाह प्रविधि आदिको विकास भएको हुने। विभिन्न बालीवस्तुहरूको उत्पादन लागत घटाउन श्रोत संरक्षण र यान्त्रिक प्रविधि विकास गरिएको हुने।
३१२८१०११	कपास विकास समिति	कपास खेतीको प्रवर्द्धन गर्ने	सालबसाली			कपास खेतीको मूल्य श्रृङ्खलाको विकास भएको हुने।

पन्ध्रौ योजनाको रूपान्तरणकारी आयोजनाको रूपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रहेको छ। साथै, प्रमुख कार्यक्रमको रूपमा मासु आत्मनिर्भरताको लागि पशुपन्छीपालन तथा बजारीकरण कार्यक्रम, मकै उत्पादन प्रवर्द्धन कार्यक्रम, फलफूल विकास कार्यक्रम, माछा उत्पादन तथा प्रवर्द्धन कार्यक्रम, बीउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रम र कृषि अनुसन्धान कार्यक्रम सञ्चालन हुनेछन्।

९. जोखिम पक्ष तथा अनुमान

कृषि क्षेत्रका समय सीमा तोकिएका कतिपय अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको जवाफदेहिता तथा उपलब्धि हासिल गर्न, तीन तहका सरकारवाट सम्पादन हुँदै आएका कार्यक्रमहरूको तथ्याङक संकलन, विश्लेषण र प्रतिवेदनमा सामज्यस्यता कायम हुने र वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको रकम कृषि क्षेत्रको पुँजी निर्माणमा लगाउने वातावरण निर्माण हुनेछ। प्रविधि, मल, गुणस्तरीय बीउको सुलभ आपूर्ति, भरपर्दो सिँचाई प्रणाली, भूमिको उपयोग र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा प्राप्तिमा जोखिम रहने आँकलन गर्न सकिन्छ।

३.२ भूमि व्यवस्था

१. पृष्ठभूमि

नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहीन दलितको हक कार्यान्वयन गर्न तथा सन् २०३० सम्ममा हासिल गरिसक्नुपर्ने दिगो विकासका लक्ष्य प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमि स्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमि तथा भूमि स्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भू-उपयोग नीति, २०७२ अनुरूप भूमिको वर्गीकरण र भू-उपयोग सम्बन्धमा राष्ट्रिय भूमि नीति, २०७५ तर्जुमा भइसकेका छन्। नीतिहरुको प्रभावकारी कार्यान्वयन गरी भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण गरी भू-उपयोग योजना तयार गर्न, आधुनिक प्रविधिको प्रयोग मार्फत नापनक्सामा शुद्धता कायम गर्दै भूमि प्रशासनलाई व्यवस्थित, सुरक्षित, पारदर्शी र विश्वसनीय बनाउन र देशको सम्पूर्ण भूमिलाई नापनक्सा तथा भू-सूचना प्रणालीमा आबद्ध गरी अनलाइन सेवा प्रवाह तथा डिजिटल अभिलेख तयार गर्न आवश्यक नीति, कानून, पूर्वाधार तयारी र स्रोत-साधन परिचालनमा जोड दिइएको छ।

२. समस्या तथा चुनौती

कृषियोग्य जग्गाको खण्डीकरण बढ्दै जानु, गैह्रकृषि क्षेत्रमा यसको प्रयोग बढ्दै जानु, सुकुम्बासी, मोही तथा गुठी किसान, भूमिहीन, अव्यवस्थित बसोबासीहरूको बसोबास सम्बन्धी उचित व्यवस्था हुन नसक्नु र देशको कुल भू-भागको करिब ७० प्रतिशत क्षेत्रलाई भूमि प्रशासनको आधिकारिक अभिलेख भित्र ल्याउन नसकिनु प्रमुख समस्याका रुपमा रहेका छन्। भूमिमा सबै नागरिकको समन्यायिक पहुँच स्थापित गर्नु, भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्नु, भूमि प्रशासन प्रणालीलाई समयानुकूल बनाई प्रभावकारी सेवा प्रवाह गर्नु, भूमि सम्बन्धी सम्पूर्ण अभिलेख डिजिटाइज गरी एकीकृत भू-सूचना प्रणाली लागू गर्नु र नापनक्सा कार्यमा समयानुकूल आधुनिक प्रविधिको अवलम्बन र दक्ष जनशक्ति प्राप्त गरी टिकाइराख्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

३. सोच

समन्यायिक, उत्पादनमुखी र दिगो भूमि व्यवस्था।

४. उद्देश्य

१. भूमिको समुचित उपयोग मार्फत उत्पादन वृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्नु।

२. योजना तर्जुमा र विकास निर्माणको लागि आवश्यक शुद्ध एवम् विश्वसनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउनु।

३. भूमि व्यवस्थालाई आधुनिक प्रविधियुक्त, सरल, र पारदर्शी बनाउनु।

५. रणनीति

१. भू-उपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन वृद्धि गर्ने।

२. भूमिहीन दलित, कृषक, सुकुम्बासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तकृत वर्गको भूमिमाथिको अधिकार र पहुँच सुनिश्चित गर्ने।

३. आधुनिक प्रविधिमा आधारित नाप नक्साका आधारभूत पूर्वाधारहरू तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना संकलन गर्ने।

४. भौगोलिक सूचना पूर्वाधारको अवधारणा बमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने।

५. कित्तानापी हुन बाँकी रहेका भूभागमा नापनक्सा गरी सम्पूर्ण जमिनलाई जग्गा प्रशासन प्रणालीमा आबद्ध गर्ने र सरकारी, सार्वजनिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने।

६. वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने।

७. आधुनिक प्रविधिमा आधारित भूमि सम्बन्धी अभिलेखहरूको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	मालपोत कार्यालयमा कम्प्युटर प्रविष्ट डाटाको परिक्षण	क्षेत्र एवम् जिल्ला	-	-	६०	४०	३१
२.	अनलाइन सेवा विस्तार	संख्या	७५	३३	१८	-	-
३.	नाप नक्सा तथा भूमि व्यवस्थापनमा तालिम प्राप्त गर्ने कर्मचारी	जना	७५३९	२२५	२५०	२५०	२५०
४.	भवन निर्माण (मालपोत कार्यालयहरु)	संख्या	२३	५	६	७	७
५.	लाइडार (LiDAR) सर्वेक्षण र नक्साकंन	वर्ग कि.मि. (हजार)	-	२० (सुरु)	२० (सुरू)	४० (सम्पन्न) २० (सुरू)	२० (सम्पन्न) २० (सुरू)
६.	गा.पा/न.पा. स्तरीय भू-उपयोग नक्सा/ डाटा तयारी तथा हस्तान्तरण	स्थानीय तह	३६९	१६३	२२१	-	-
७.	गा.पा/न.पा. स्तरीय भू-उपयोग नक्सा सम्बन्धी तालिम	स्थानीय तह	७	५०	२०	५०	५०
८.	दुर सम्वेदन विधिबाट स्थलरुप नक्सा अद्यावधिक	सिट	२०१	२५०	१००	१४५	१४५
९.	गाउँ व्लक नापी, पुनः नापी तथा द्वन्द्वबाट क्षतिग्रस्त भूमि लगतको पुनःस्थापना	हेक्टर (हजार)	३२२	१२	१३	२३	२७
१०.	नापी कार्यालयहरूलाई नमुना कार्यालयको रुपमा विकास	वटा	-	७	-	७	७
११.	जियोडोटीक तथा समतलन नापी सर्भेक्षण	कि.मि.	७०००	११०	२०	१२०	१२५
१२.	GNSS प्रविधिबाट प्रथम दर्जा नियन्त्रण बिन्दुमा सर्भेक्षण तथा डाटा प्रशोधन	बिन्दु	-	२०	२०	२८	-

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	७७,९९८	४७,८४१	२५,१५७	५,०००	७१,४३८	६,५६०	-
२०७८/७९	९७,६३७	५५,३४५	२७,२९२	१५,०००	९७,१७७	४६०	-
२०७९/८०	१०८,११२	५८,१०९	३०,००३	२०,०००	१०७,६५२	४६०	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि सुरु र समाप्ति	लागत (रू अर्ब)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३३६०००११	भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय	भूमि, सहकारी तथा गरिबी निवारण सम्बन्धी नीति तथा कानून तर्जुमा	सालबसाली			नीति ऐन कानून तयार भै कार्यान्वयन भएको हुने।
३३६००१०३	भूमिहीन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबास पहिचान तथा व्यवस्थापन कार्यक्रम	भूमिहिन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबास पहिचान तथा व्यवस्थापन	२०७७/७८ - २०८०/८१			अनौपचारिक रूपमा आवाद कमोद भएका करिब १ करोड कित्ता जग्गा राज्यको अभिलेख प्रणालीभित्र आबद्ध भएको हुने। करिब १३ लाख अव्यवस्थित बसोबासी परिवारको व्यवस्थापन भएको हुने र यसबाट उल्लेखनीय राजस्व संकलन भएको हुने। नापी र मालपोत कार्यालयमा रहेका करिब २० करोड पाना कागजात (स्रेस्ता, लिखत, फिल्ड बुक, नक्सा लगायत) विद्युतीय शासन प्रणालीमा आबद्ध भएको हुने। नापनक्सा र जग्गा प्रशासन सेवा एकीकृत प्रणालीमा सञ्चालन भएको हुने।
३३६०१०११	भूमि व्यवस्थापन तथा अभिलेख विभाग	भूमि प्रशासनको आधुनिक, विश्वसनीय, गुणस्तरयुक्त र वस्तुपरक भू-सूचना प्रणालीको विकास	सालबसाली			मालपोत कार्यालयहरूमा अनलाईन सेवा पूर्वाधारको निर्माण भएको हुने। मालपोत कार्यालयहरूबाट अनलाईन सेवाको प्रवाह भएको हुने।
३३६०११०१	मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम	वैज्ञानिक भू-अभिलेख प्रणाली स्थापना र व्यवस्थापन	२०५६/५७ सालबसाली			मालपोत कार्यालयमा अनलाइन सेवा पूर्वाधारको निर्माण र सेवाको प्रवाह भएको हुने। मालपोत कार्यालयहरुको स्रेस्ता स्क्यानिङ भई विद्युतीय अभिलेख तयार भएको हुने।
३३६०१०१२	भूमिसुधार तथा मालपोत कार्यालयहरु	कार्यालयमा रहेका अभिलेख तथा श्रेस्ता व्यवस्थित गरी भू-सूचना प्रणालीको माध्यमबाट सरल र सहज रूपमा सेवा	सालबसाली			सम्पूर्ण भूमिसुधार र मालपोत कार्यालय सेवाग्राहीमैत्री बनाई आफ्नै भवनमा सञ्चालन भएको हुने। सरकारी सार्वजनिक जग्गाको अभिलेख व्यवस्थित भएको

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि सुरु र समाप्ति	लागत (रू अर्ब)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		प्रवाह				हुने। कार्यालयका अभिलेख डिजिटाइज्ड भएको हुने। कार्यालयहरुमा अनलाइन सेवा विस्तार भएको हुने।
३३६०२०११	नापी विभाग	देशको कित्तानापी प्रणालीलाई आधुनिकीकरण गर्दै व्यक्तिगत स्वामित्वका सम्पूर्ण वैध जग्गालाई कित्तानापीको दायरामा ल्याउनु देशको जियोडेटिक पूर्वाधारलाई सुदृढीकरण गर्दै अन्तर्राष्ट्रिय सञ्जालसँग आवद्ध गराउनु भौगोलिक सूचना पूर्वाधार संरचना स्थापना अन्तर्राष्ट्रिय सीमाको प्रभावकारी व्यवस्थापनका लागि पूर्वाधार निर्माण	सालबसाली			१५०० हेक्टर गाँउब्लक नापी सम्पन्न भएको हुने। अभियानको रुपमा पुनः नापी सञ्चालन भएको हुने। ४०० सिट स्थलरुप नक्सा अद्यावधिक सम्पन्न भएको हुने। द्वन्दबाट क्षति भएको भूमि लगत तयार भएको हुने। ४० हजार वर्ग कि.मि. मा लाइडार सर्वेक्षण (LiDAR Surveying and Mapping) भएको हुने। उच्च हिमाली क्षेत्र बाहेक भू-उपयोग नक्सांकन हुन बाँकी २० जिल्लाका गा.पा./न.पा. स्तरीय भू-उपयोग नक्सा डाटा तयार भएको हुने। संघीय प्रदेशको भूमि सम्बन्धी डाटावेस तयार भएको हुने।
३३६०२०१२	नापी कार्यालयहरु	भू-सूचना प्रणालीमा आधारित भएर गुणस्तरीय सेवा प्रवाह	सालबसाली			अनलाइन मार्फत सेवा प्रवाहका लागि पूर्वाधारको विकास भएको हुने। दक्ष जनशक्तिको विकास भएको हुने। १५ वटा नापी कार्यालयहरु नमुना कार्यालयको रूपमा विकास भएको हुने।
३३६०२१०१	कित्तानापी तथा नापी कार्यालय सुधार कार्यक्रम	कित्ता नापीमार्फत जग्गा प्रशासनका लागि भूमि लगत तयारी	२०३८ सालवसाली			द्वन्द्वबाट क्षतिग्रस्त भूमि लगत तयार भएको हुने। एकसरो नापनक्साको क्रममा छुटेका गाउँब्लकहरुको नापनक्सा तयार भई भूमि लगत तयार भएको हुने।
३३६०२१०२	स्थलरुप नापी तथा भू उपयोग व्यवस्थापन कार्यक्रम	विभिन्न माननापमा आधार नक्सा, विषयगत नक्सा तथा भौगोलिक सूचना उत्पादन अन्तर्राष्ट्रिय सीमाको सर्भेक्षण	२०३२ सालवसाली			४० हजार वर्ग कि.मि.मा लाइडार सर्वेक्षण र नक्साङ्कन भएको हुने। २० जिल्लाका गाउँपालिका/नगरपालिका स्तरीय भू-

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि सुरु र समाप्ति	लागत (रू अर्ब)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						उपयोग नक्सा डाटा तयार भएको हुने। ४०० सिट स्थलरुप नक्शा र डाटा दूर सम्बेदन विधि (इमेज) बाट फिचर अद्यावधिक भएको हुने।
	भौगोलिक सूचना पूर्वाधार कार्यक्रम	नापनक्शा तथा भौगोलिक सूचना उत्पादनमा एकरूपता कायम सरकारी तथा गैरसरकारी निकायसँग समन्वय र नियमन	२०५८ सालवसाली			संघीय संरचना अनुरूप डाटावेस र नक्शा प्रकाशन भएको हुने। Integrated geoportal ,image map service तयार भएको हुने।
३३६०२१०३	खगोल तथा भू–मापन कार्यक्रम	विकास निर्माणको पूर्वाधारका रुपमा रहेको राष्ट्रिय नियन्त्रण बिन्दुहरुको संजालको सुदृढीकरण गरी नवीनतम प्रविधिको अबलम्बन	२०२६ सालवसाली			नियन्त्रण विन्दुहरुको संजाल सुदृढीकरण भएको हुने। २७० कि.मि. मा भू-आकर्षण सर्भेक्षण, GNSS सर्भेक्षण र समतलन सर्भेक्षण भएको हुने। Continuously Operating Reference System (CORS) को DPR तयार भै CORS network स्थापना भएको हुने।
३३६०४०११	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	दक्ष जनशक्ति उत्पादन तथा क्षमता अभिवृद्धि	२०२५ सालवसाली			नापनक्सा, भौगोलिक सूचना र भूमि प्रशासन तथा व्यवस्थापनको क्षेत्रका दक्ष जनशक्ति विकास भएको हुने।
५०१३६१०१	भूमि बैक कम्पनी	जग्गा धनीलाई जमिनको संरक्षणको प्रत्याभूति र जमिन लिन चाहनेलाई सर्त, सेवा, सुविधा सहित जमिनको सदुपयोगको लागि सहजीकरण, समन्वय र उत्प्रेरणा, बाँझो रहेको जमिनमा कृषि लगायत विभिन्न किसिमको व्यवसाय संचालन गरी राष्ट्रिय उत्पादन वृद्धि, खाद्यय सुरक्षाको प्रत्याभूति	२०७७/०७८			बाँझो जग्गाको सदुपयोग भएको हुने। बैदेशिक रोजगारबाट फर्किएका तथा स्वदेशमा रहेका युवा व्यवसायिक खेतितर्फ आकर्षित भएको हुने। जग्गामा पहुँच नभएका व्यक्तिले खेतिको लागि भूमि बैक मार्फत लिजमा जग्गा प्राप्त गरेको हुने। रोजगारी सृजना भएको हुने। जग्गाको उत्पादकत्वमा वृद्धि भएको हुने। कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने।

पन्ध्रौ योजनाको रूपान्तरणकारी आयोजनाको रूपमा भूमि सुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम रहेको छ। साथै, प्रमुख कार्यक्रमको रूपमा नापनक्सा तथा भौगोलिक सूचना उत्पादन कार्यक्रम र स्वरोजगारीका लागि सहकारी क्षेत्र सुदृढीकरण कार्यक्रम संचालन हुनेछन्।

९. जोखिम पक्ष तथा अनुमान

तुलनात्मक रूपले न्यून प्राथमिकता प्राप्त भूमि प्रशासन सम्बन्धमा जग्गाको हदबन्दी व्यवस्थापन, द्वैध स्वामित्वको अन्त्य, चुस्त केन्द्रीय अभिलेख व्यवस्थापन, जग्गा रोक्का तथा तामेली व्यवस्थापन आदि पक्ष महत्वपूर्ण हुन्। आवश्यक स्रोत, साधन, चुस्त व्यवस्थापन र समन्वय हुन नसकेमा सम्भाव्य जोखिमका कारण अपेक्षित नतिजा हासिल गर्न नकारात्मक असर पर्न सक्दछ।

३.३ सहकारी तथा गरिबी निवारण

१. पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मूल आधारको रुपमा आत्मसात गरेको छ। सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि मार्फत दिगो विकास लक्ष्य हासिल गर्न योगदान गर्दछ। वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तीकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। यस क्षेत्रमा प्राप्त उपलब्धिको सम्बर्द्धन गर्दै सहकारी आन्दोलनको स्वस्थ विकासलाई प्रोत्साहित गर्नु वाञ्छनीय भएको छ।

संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति अंगीकार गरेको छ। हाल ५० भन्दा बढी गरिब लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन्। गरिब लक्षित कार्यक्रम लक्षित वर्गमा केन्द्रित गर्न गरिब घर-परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अगाडि बढेको छ। गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १६.६७ प्रतिशत र बहुआयामिक गरिबी सूचकांक २८.६ प्रतिशत रहेको छ। दिगो विकास लक्ष्यमा उल्लेख गरिए अनुसारको सबै ठाँउबाट सबै प्रकारको गरिबी अन्त्य गर्ने गरी गरिबीका बहु-आयामलाई सम्बोधन गर्दै गरिबहरुको प्रतिव्यक्ति आय वृद्धि गर्नुका साथै भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरुबीच विद्यमान रहेको आर्थिक असमानता न्यूनीकरण गर्न रूपान्तरणीय प्रयास आवश्यक देखिएको छ। त्यसैगरी गरिबी न्यूनीकरण अन्तरसम्बन्धित विषय भएकाले यसका लागि सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदारको एकीकृत र समन्वयात्मक भूमिका अपरिहार्य रहेको छ।

२. समस्या तथा चुनौती

सहकारी सम्बन्धी शिक्षा र चेतनाको विस्तार अपेक्षित रूपमा गर्न नसकिनु, सहकारी क्रियाकलाप बचत तथा ऋणको कारोबारमा बढी केन्द्रित हुनु, कतिपय सहकारी संस्था सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा रहनु यस क्षेत्रका प्रमुख समस्या हुन्। सहकारी संघसंस्थाको संख्यात्मक विस्तारभन्दा गुणात्मक विकास गरी समुदायमा आधारित र सदस्य केन्द्रित बनाउनु, सहकारीमैत्री नीतिहरूको प्रवर्द्धन गर्नु, सहकारीलाई ग्रामीण विपन्न समुदायसम्म विस्तार गर्नु, संविधानले निर्दिष्ट गरे अनुरुप सहकारीलाई मुलुकको समृद्धिको आधारको रूपमा स्थापित गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

गरिब लक्षित कार्यक्रम क्षमता विकासभन्दा वितरणमुखी हुनु, वास्तविक गरिबलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न नसक्नु, विभिन्न निकायहरूबाट सञ्चालित छरिएर रहेका गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीच समन्वयको अभाव रहनु, कृषि क्षेत्र निर्वाहमुखी हुनु, राज्यको स्रोतसाधनमा गरिबहरूको सहज पहुँच पुऱ्याउन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक सामाजिक विप्रेषणको उपयोग उत्पादनमूलक क्षेत्रमा लगाउन नसक्नु गरिबी निवारणका प्रमुख समस्याका रूपमा रहेका छन्। गरिबी न्यूनीकरणको प्रयासलाई तीव्रता दिँदै भौगोलिक, लैङ्गिक, जातीय र आयवर्ग बीच रहेको गरिबीको गहनता र असमानता कम गर्नु, सीप, पुँजी र प्रविधिमा गरिबीको रेखामुनि रहेका नागरिकको पहुँच सुनिश्चित गरी स्वरोजगार प्रवर्द्धन गर्नु, कृषिमा आश्रित आवश्यकताभन्दा बढी जनसङ्ख्यालाई क्रमिक रूपले गैरकृषि क्षेत्रमा स्थानान्तरण गराउनु आदि चुनौतीका रुपमा रहेका छन्।

३. सोच

- आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारी (सहकारी)।
- सबै प्रकारको गरिबीमुक्त समाज (गरिबी निवारण)।

४. उद्देश्य

१. सहकारी मार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तीकरणको प्रक्रियामा सहभागी गराउनु (सहकारी)।

२. सहकारी मूल्य र सिद्धान्तको अनुशरण तथा पारस्पारिकता र स्वावलम्बनको संस्कार विकास र सुशासन कायम गर्नु (सहकारी)।

३. सहकारी संघसंस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन ती संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु (सहकारी)।

४. गरिब पहिचान गर्नु एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु (गरिबी निवारण)।

५. गरिबवर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु (गरिबी निवारण)।

६. राज्यको स्रोत-साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु (गरिबी निवारण)।

५. रणनीति

अ. सहकारी

१. सहकारी क्षेत्रलाईउत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने।

२. सहकारीको माध्यमबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने।

३. सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबुत बनाउने।

४. सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम् व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने।

५. सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने।

६. कृषि ,बायोग्यास प्लान्ट स्थापना र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने।

आ. गरिबी निवारण

१. सर्वेक्षण मार्फत गरिब घर-परिवार पहिचान गरी अध्यावधिक विवरण राख्ने।

२. पहिचान भएका गरिब लक्षित गरी गरिबी निवारण योजना, कार्यक्रम तथा आयोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने।

३. रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने।

४. उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी यसमा गरिबको पहुँच सुनिश्चित गर्ने।

५. गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोत-साधनमा गरिबहरूको पहुँच सुनिश्चित गर्ने।

६. आधारभूत आवश्यकताका वस्तु तथा सेवामा गरिबहरूको पहुँच सुनिश्चित गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	रोजगारी सिर्जना	संख्या हजारमा	६२	७	७	७	७
२	सहकारी संघ संस्थाको कुल बचत	रू. अर्बमा	३४६	७	७	७	८
३	सहकारी संघ संस्थाको ऋण लगानी	रू. अर्बमा	३३३	१२	११	११	११
४	सहकारी संघसंस्था	संख्या	३४७६३	४६२	३३५	१४०	१००
५	सहकारी संघ संस्थाको कुल सदस्यता संख्या	लाखमा	६६	.५	१	१	१
६	सहकारी संघ संस्थाको शेयरपुँजी	रू. अर्बमा	७७	१	१	१	१
७	सहकारी प्रशिक्षण तालिम	जना	८१०	१०००	१०००	१०००	१०००
८	गरिब घरपरिवार पहिचान कार्यक्रम	जिल्ला	२६	२३	२८	-	-

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	९,२७१	८,९०१	३७०	-	९,२७१	-	-
२०७८/७९	८,७२९	७,९२४	८०५	-	८,७२९	-	-
२०७९/८०	९,४९१	८,६०९	८८१	-	९,४९१	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाईं	आगामी तीन आर्थिक वर्षको उपलब्धि
१.	३३६००१०१	गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम)	नीति तथा योजना निर्माण, नियमन र व्यवस्थापन पहिचान गरिएका गरिब घर परिवार लक्षित कार्यक्रम संचालन	सालवसाली			सम्पूर्ण गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण भएको हुने। पहिचान भएका गरिब घर परिवारको जीविकोपार्जनमा वृद्धि भएको हुने। गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको हुने।
२.	३३६००१०२	गरिबसँग विश्वेश्वर कार्यक्रम	पहिचान भएका गरिब घरपरिवारको समूह मार्फत जीविकोपार्जन अभिवृद्धि	सालवसाली			पहिचान भएका गरिब घर परिवारहरुको जीविकोपार्जनमा अभिवृद्धि भएको हुने।
३.	३३६०३०११	सहकारी विभाग	सहकारी सम्बन्धी सङ्घीय नीति निर्माण तथा नियमनमा सहयोग र समन्वय	सालवसाली			सहकारी सम्बन्धी संघीय नीति तथा निर्माण तथा नियमनमा सहयोग र समन्वय भएको हुने।
४.	३३६०३०१२	सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र	अध्ययन अनुसन्धान, प्रशिक्षण, व्यवस्थापन परामर्श र पाठ्यक्रम स्तरोन्नति	सालवसाली			३,८५० जनाले तालिम प्राप्त गरेका हुने। पाठयक्रममा सुधार भएको हुने। सहकारी सम्बन्धी अध्ययन/अनुसन्धान र व्यवस्थापन परामर्श भएको हुने।
५.	३३६०३१०१	सहकारी क्षेत्र सुदृढीकरण आयोजना	सङघीय तहमा सहकारी क्षेत्रका कार्य र उपलब्धिलाई प्रविधिमा आवद्धता	सालवसाली			सहकारी संघसंस्थाबाट सम्पादन हुने समग्र क्रियाकलापको अभिलेखीकरण भएको हुने। सबै सहकारी संस्था व्यवस्थापन सूचना प्रणाली (COPMIS) प्रणालीमा आबद्ध भई कागजविहिन प्रशासनिक परिपाटी कायम भएको हुने। सहकारी संस्थाबाट संचलित व्यावसायिक आयोजनाबाट उत्पादन, बजारीकरण र रोजगारी वृद्धि भएको हुने।

३.४ वन तथा वातावरण मन्त्रालय

१. पृष्ठभूमि

नेपालको कुल भू-भागको ४४.७४ प्रतिशत ओगटेको वन क्षेत्र महत्वपूर्ण प्राकृतिक सम्पदा हो र जैविक विविधताको दृष्टिले पनि नेपाल सम्पन्न मुलुक हो। वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबूटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता, पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखी नेपालीको महत्वपूर्ण सूचक हुन्। सिमसार संरक्षण, नदी किनार संरक्षण, क्षतिग्रस्त भूमिको पुनर्स्थापना, पानीको मुहान संरक्षण जस्ता कार्य मार्फत बृहत् जलाधार व्यवस्थापनमा टेवा पुगिरहेको छ।

संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनि, जल, जमीन र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रणका लागि मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन्। विश्वव्यापी रुपमा बढ्दै गएको जलवायु परिवर्तनको समस्यासँग अनुकूलित हुँदै स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यका साथ सहभागितामूलक ढङ्गबाट जलवायु अनुकूलन गाउँ कार्यक्रम पनि सञ्चालनमा ल्याइएको छ।

वन, वातावरण तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि प्रत्येक व्यक्ति, तहगत सरकार, निकाय र क्षेत्रको सहयोग र सहकार्य आवश्यक रहेको छ। विकास तथा वातावरणीय सुरक्षाका अन्तरसम्बन्धित तह, क्षेत्र र अन्तर्राष्ट्रिय समुदाय लगायतका सरोकारवाला बीच प्रभावकारी रूपमा समन्वय गरी जलवायु परिवर्तनका प्रभावसँग अनुकूलित हुने तथा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नेतर्फ नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दै आइएको छ।

२. समस्या तथा चुनौती

वन क्षेत्रको अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक व्यवस्थापन र उपयोग गर्न नसक्नु, यस क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा समग्र अर्थतन्त्रमा पुऱ्याएको योगदानलाई राष्ट्रिय लेखा प्रणालीमा गणना गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार, वन्यजन्तुको प्रकोप र मानव वन्यजन्तु द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण एवम् व्यवस्थापन गर्न नसक्नु वन क्षेत्रका समस्या रहेका छन्। एकीकृत र योजनाबद्ध विकास नहुनु, जनसंख्याको बढदो चाप, अव्यवस्थित शहरीकरण बढ्नु, पूर्वाधार विकास र वातावरण बीचको असन्तुलन हुनु, विभिन्न प्रकारका प्रदूषणको मात्रा बढनु वातावरण क्षेत्रका समस्या रहेका छन्। त्यस्तै जलवायु परिवर्तन सम्बन्धी बुझाईमा एकरूपता नहुनु, जलवायु परिवर्तनका सम्भावित असर र प्रभाव सोबाट हुने क्षति सम्बन्धमा अध्ययन अनुसन्धान र आधारभुत तथ्याङ्कको कमी हुनु जलवायु परिवर्तन सम्बन्धी प्रमुख समस्या रहेका छन्।

उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्नु, वन, वन्यजन्तु लगायत जैविक विविधता संरक्षण, जलधार व्यवस्थापनका कार्य र मुलुकको भौतिक एवम् आर्थिक विकासबीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु, आनुवांशिक स्रोतमाथि पहुँच र समन्यायिक बाँडफाँट गर्नु प्रमुख चुनौती रहेका छन्। त्यस्तै जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापबाट हुने फोहोर तथा हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, जलवायु वित्तमा पहुँच बढाई नतिजामूलक कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु र अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनबाट जोखिममा परेका मुलुकहरूको साझा आवाज स्थापित गर्नु समेत यस क्षेत्रका चुनौती रहेका छन्।

३. सोच

वन क्षेत्रको दिगो व्यवस्थापन र उद्यमशीलताबाट समृद्धि र सुखमा योगदान। (वन, जैविक विविधता तथा जलाधार)

सफा, स्वच्छ र हरित वातावरण (वातावरण)

जलवायु उत्थानशील समाजको निर्माण (जलवायु परिवर्तन)

४.उद्देश्य

अ. वन, जैविक विविधता तथा जलाधार

१. वन, जैविक विविधता तथा जलाधार सम्पदाको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्नु।
२. वन, जैविक विविधता र जलाधारको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्नु।
३. वन, जैविक विविधता तथा जलाधार सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु।
४. वन, जैविक विविधता तथा जलाधार क्षेत्रमा अध्ययन, अनुसन्धानलाई प्रवर्द्धन गरी वनमा आधारित उद्यम विकासमा उपयोग गर्नु।

आ. वातावरण

१. जल, वायु, माटो, ध्वनि तथा विद्युतीय लगायत सबै प्रकारका प्रदूषणको रोकथाम र नियन्त्रण गर्नु।
२. भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गर्नु।
३. प्रमुख शहर र औद्योगिक क्षेत्र लगायत सबै क्षेत्रबाट सिर्जित फोहरमैला (घरधुरी, औद्योगिक प्रतिष्ठान र अस्पताल) को व्यवस्थापन, नदीको स्वच्छता कायम र हरियाली विस्तार गर्नु।
४. प्रदूषण नियन्त्रण सहितको वातावरण व्यवस्थापनका लागि आवश्यक नीति, कानुन र प्रभावकारी संरचना निर्माण गर्नुका साथै शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्नु।

इ जलवायु परिवर्तन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई पेरिस सम्झौता अनुरूप न्यूनीकरण गर्दै अनुकूलन क्षमताको अभिवृद्धि गर्नु।
२. जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरण मैत्री, स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्नु।
३. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि पेरिस सम्झौता लगायतका माध्यमबाट उपलब्ध अन्तर्राष्ट्रिय वित्त र प्रविधिमा दाबी गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्नु।

५.रणनीति

अ. वन, जैविक विविधता तथा जलाधार

१. वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सहभागितामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकासट वस्तु र सेवाको विस्तार र विविधीकरण गर्ने।
२. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको भूपरिधिस्तर र एकीकृत रूपमा संरक्षण र व्यवस्थापन गर्ने।
३. भौतिक पूर्वाधार विकासका लागि वन क्षेत्रको उपयोग गर्दा एकीकृत प्रणालीको अवलम्बन गर्ने र यसको संरक्षण र विकासमा एकीकृत सोच बनाउने।
४. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने।
५. वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने।
६. अनुसन्धान निकाय, विश्वविद्यालय र गैरसरकारी संस्थाबीच समन्वय तथा सहकार्य गरी शोध, अध्ययन, अनुसन्धान, जनचेतना र क्षमता अभिवृद्धि गर्ने।
७. वन क्षेत्रको दिगो व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी आवश्यक कानुन निर्माण र कार्यान्वयन गर्ने।

आ. वातावरण

१. जल, वायु, माटो, ध्वनि, विकिरणजन्य, घातक फोहोरमैला, तथा विद्युतीय प्रदूषण तहको राष्ट्रिय मापदण्ड तयार गरी सबै प्रकारका प्रदूषणको रोकथाम र नियन्त्रण गर्ने साथै प्रदूषण पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्ने।

२. पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्न आवश्यक कानुन र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्यांङ्कन र न्यूनीकरणलाई पूर्वाधार विकासको अभिन्न अंग बनाउने।

३. फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागिता सहित नवीन प्रविधिको अवलम्बन गर्ने।

४. शहरी क्षेत्रमा योजनाबद्ध एकीकृत नदी व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्ने।

५. विश्वविद्यालय र अन्य निकायको सहकार्यमा प्रदूषण नियन्त्रण लगायत वातावरण व्यवस्थापनका क्षेत्रमा शोध, अध्ययन, अनुसन्धान एवम् सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।

इ. जलवायु परिवर्तन

१. जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत संरचनामा सुधार एवम् क्षमता अभिवृद्धि गर्ने।

२. समुदायको संकटापन्नता घटाई समानुकूलित तुल्याउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्ने।

३. जलवायु परिवर्तन न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने र स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने।

४. जलवायु वित्तमा सहज पहुँचको लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्दै सम्भावित लाभहरूलाई प्रदेश, स्थानीय तह र समुदायसम्म पुऱ्याउने।

५. जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन-अनुसन्धान तथा क्षमता विकासका कार्यहरू गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	नतिजा सूचक	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यामकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	वन क्षेत्रबाट प्राप्त अनुमानित राजस्व रकम	रू. अर्ब	३.११	३.५०	४.००	४.५०	५.००
२	वृक्षरोपण गरिएको क्षेत्रफल	हेक्टर	४०००	७०००	१००००	१५०००	२००००
३	बिरुवा उत्पादन	गोटा (हजारमा)	२०५००	२२०००	२५०००	२५०००	३००००
४	वन अनुसन्धानको स्थायी नमुना प्लटहरूको पुनः वन मापन	संख्या	०	८४२	२५०	३७०	४८०
५	वनजंगल घनत्व	रुख प्रतिहेक्टर	४३०	४३०	४४०	४४०	४४०
६	वन विज्ञानका स्नातक तहका विद्यार्थीहरूको लागि इन्टर्नशीप	जना	०	२००	४००	६००	८००
७	वन्यजन्तुको पालन	प्रजाति	-	०	२	२	२
८	वन उद्यमको विकास तथा प्रवर्द्धन	गोटा	२०००	२०००	२०००	२०००	२०००
९	वैज्ञानिक वन व्यवस्थापन भएको क्षेत्रफल	हेक्टर (हजारमा)	८४.०००	९०.०००	९५.०००	१००.०००	११०.०००
१०	साझेदारी वन विकास	हेक्टर (हजारमा)	७५.६६५	७५.६६५	७५.६६५	७५.६६५	७५.६६५

क्र.सं.	नतिजा सूचक	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यामकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
११	दर्ता भएका निजी वन विकास	हेक्टर (हजारमा)	२.३६०	२.५००	३.०००	३.५००	४.०००
१२	कबुलियती वन विकास	हेक्टर (हजारमा)	४५.०४३	४५.०४३	४५.०४३	४५.०४३	४५.०४३
१३	गैर काष्ठ वनपैदावारको व्यावसायिक खेती गरिएको कुल क्षेत्रफल	हेक्टर	०.०	४००.०	८००.०	१२००.०	१६००.०
१४	संरक्षित क्षेत्रमा पर्यटक	संख्या (हजारमा)	७००.०	७५०.०	८००.०	८१०.०	८२०.०
१५	कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान	प्रतिशत	१.७७	१.८०	१.९०	२.००	२.०५
१६	वायु प्रदूषणको कारणबाट हुने मृत्युदर	प्रति लाख	१२०	११०	१००	९०	८०
१७	वन क्षेत्रले ओगटेको क्षेत्रफल	प्रतिशत	४४.७४	४४.७४	४४.७४	४४.७४	४४.७४
१८	संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफल	प्रतिशत	२३.३९	२३.३९	२३.३९	२३.३९	२३.३९
१९	जैविक पिण्ड	टन प्रति हेक्टर	१९४.००	१९४.००	१९८.००	१९८.००	१९८.००
२०	लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका प्रजाति/वनस्पति संरक्षण	प्रजाति	५०६.००	५०६.००	५०६.००	५०६.००	५०६.००
२१	संकटापन्न अवस्थामा रहेका प्राणीहरूको प्रजाती संरक्षण कार्ययोजना	प्रजाति	५.००	५.००	५.००	५.००	५.००
२२	दुर्लभ, लोपोन्मुख, सङ्कटापन्न र जोखिमयुक्त वनस्पति प्रजाति संरक्षण कार्ययोजना निर्माण	संख्या	०.००	२.००	४.००	४.००	४.००
२३	वायु प्रदुषणको औसत मात्रा (पि एम २.५)	माइक्रो ग्राम प्रति घनमिटर	५३.००	५०.००	४८.००	४५.००	४२.००
२४	वायुमा सस्पेन्सन पार्टिकुलेटको गाढापन (TSP, Intensity, per m3, २४ घण्टाको औषत) (मापन केन्द्रको आधारमा)	माइक्रो ग्राम प्रति घनमिटर	२३०.००	२१०.००	१९०.००	१७५.००	१६०.००
२५	वायुमण्डलमा तुवाँलो (PM 10) को गाढापन (२४ घण्टाको औषत) (मापन केन्द्रको आधारमा)	माइक्रो ग्राम प्रति घनमिटर	१२०.००	११०.००	१००.००	९०.००	८०.००
२६	सल्फर डाइअक्साइडको गाढापन (२४ घण्टाको औषत)	माइक्रो ग्राम प्रति घनमिटर	.	.	.	७०.००	७०.००
२७	सुरक्षित रूपमा प्रशोधन गरिएको उद्योग प्रतिष्ठानको फोहोर पानीको अनुपात	प्रतिशत	५.००	७.००	१०.००	१२.००	१५.००
२८	प्रशोधन नगरिएको औद्योगिक फोहोर पानीको अनुपात	प्रतिशत	९५.००	९०.००	८५.००	८०.००	७५.००

क्र.सं.	नतिजा सूचक	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यामकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२९	जलवायु परिवर्तन अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह	संख्या	२१७.००	२८०.००	३५०.००	४३०.००	४५०.००
३०	काठ उत्पादन	घन फिट (लाख)	१९४.००	२००.००	२२५.००	२५०.००	२७५.००
३१	दाउरा उत्पादन	चट्टा संख्या	४०००	४२००	४५००	४८००	५०००
३२	संकटापन्न अवस्थामा रहेका प्राणीहरूको प्रजनन केन्द्र स्थापना गरी संरक्षण	प्रजाति संख्या	४	४	४	४	४
३३	स्थानान्तरण गरी संरक्षण गरिएका प्राणीहरूको प्रजाति	प्रजाति संख्या	४	४	४	४	४
३४	बाघ संख्या – गणना/अनुगमन	संख्या	२३५	२३५	२३५	२५०	२५०
३५	गैंडा संख्या – गणना/अनुगमन	संख्या	६४५	६४५	६४५	६७५	६७५
३६	अर्ना संख्या – गणना/अनुगमन	संख्या	४४१	४४१	४५३	४६०	४६०
३७	बाह्रसिंगा संख्या – गणना/अनुगमन	संख्या	२२४६	२२४६	२२५०	२२५०	२२७०
३८	गौरीगाई संख्या – गणना/अनुगमन	संख्या	४७३	४७३	४८०	४९०	५००
३९	कृष्णसार संख्या – गणना/अनुगमन	संख्या	३००	३२०	३२०	३३०	३३०
४०	सामुदायिक वन उपभोक्ता समूह	संख्या (हजारमा)	२२	२३	२३	२३	२३
४१	निजी वन/पारिवारिक वन	हेक्टर (हजार)	३	५	१०	१५	१५
४२	कबुलियती वन हस्तान्तरण	हेक्टर (हजार)	४५.०४३	४५.०४३	४५.०४३	४५.०४३	४५.०४३
४३	घाँसे मैदान व्यवस्थापन	हेक्टर	३५०	१८००	१८००	२०००	२०००
४४	वृक्षरोपण गरिएको क्षेत्रफल	हेक्टर	४०००	७०००	१००००	१५०००	२००००
४५	वन क्षेत्रको अतिक्रमण हटाइएको क्षेत्रफल	हेक्टर	३५००	२५००	२५००	२५००	२५००
४६	वन्यजन्तुको पालन	प्रजाति	-	२	२	२	२
४७	वन उद्यमको विकास तथा प्रवर्द्धन	गोटा	२०००	२०००	२०००	२०००	२०००
४८	वनस्पति सम्बन्धी डीएनए बैंक	प्रजाति संख्या	०	५०	१००	१५०	२००
४९	सङ्कटापन्न प्राणी/जीव प्रजाति सम्बन्धी डीएनए बैंक	प्रजाति संख्या	१०	१०	१०	१०	१०
५०	पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन	गोटा	२१३	२३५	२५०	२७५	३००
५१	गल्छी / पहिरो / खहरे नियन्त्रण तथा रोकथाम	गोटा	१६५	२०१	२२०	२४०	२६०
५२	भूमिगत जलपुनर्भरण / संरक्षण पोखरी / तालतलैया संरक्षण	गोटा	६०	११६	१२८	१३९	१५०
५३	नदि तथा खोला किनार स्थिरीकरण / व्यवस्थापन	कि.मी	२५.९७	१९.७	२९	३९	४९
५४	पर्यापर्यटन क्षेत्र प्रवर्द्धन	स्थान	१६	१८	२०	२२	२५
५५	शहरी हरित उद्यान निर्माण तथा	संख्या	४	१४	३	३	३

क्र.सं.	नतिजा सूचक	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यामकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
	व्यवस्थापन (स्थानीय तहसँगको सहकार्यमा) (वार्षिक)						
५५	बस्ती तथा बजार संरक्षण (पहिरो नियन्त्रण)	संख्या	१३	२७	५०	८०	१२०
५६	बायो इन्जिनियरिङ गरेको क्षेत्रफल (खोला किनारा संरक्षण)	हेक्टर	२७	१५	४०	५०	६०
५७	वायु गुणस्तर मापन केन्द्र स्थापना	संख्या	१७	२४	३०	३६	४२
५८	वायु गुणस्तर मापन केन्द्र स्थापना (ओजोन, Sox, Nox का लागि)	संख्या			१	२	३
५९	Real time ध्वनि प्रदुषण मापन केन्द्र स्थापना तथा सञ्चालन	संख्या		३	२	२	२
६०	Real time जल प्रदुषण मापन केन्द्र स्थापना तथा सञ्चालन	संख्या		१	१	१	१
६१	वातावरणीय अध्ययन तथा मापदण्ड कार्यान्वयनको अनुगमन (वार्षिक)	संख्या	१५०	२१०	२५०	३००	३००
६२	वातावरणीय प्रभाव मूल्याङ्कन भएका आयोजनाको वातावरणीय परीक्षण	संख्या	१०	१०	१०	१०	१०
६३	जलवायुमैत्री गाउँ (Smart village) अनुगमन (वार्षिक)	संख्या	४२	४२	३०	३०	३०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आ.व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१२६,७१८	८०,३४०	४५,३७८	१,०००	९७,९४६	१९,६९९	९,०७३
२०७८/७९	१५२,७१६	९७,५९४	५४,६२२	५००	१०२,७५२	२३,७७८	२६,१८६
२०७९/८०	१६९,८४१	१०६,७८१	६२,५६१	५००	११३,४५८	२८,७५८	२७,६२६

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि सुरू र समाप्ति	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३२९००००११	वन तथा वातावरण मन्त्रालय	नीति, नियमन, अनुगमन तथा मूल्याङ्कन	सालबसाली	१७३३		नीति तर्जुमा, नियमन, अनुगमन तथा मूल्याङ्कन भएको हुने ।
३३९००१०१	नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम	जलवायु परिवर्तन अनुकुलन कार्यक्रम	२०७४/७५ - २०७९/८०	२२ मिलियन पाउण्ड		आयोजना क्षेत्रमा अनुकूलन योजनाहरू सञ्चालन भएका हुने।
३३९००१०२	रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम	कार्बन व्यापार र दिगो वन व्यवस्थापन	सन् २०१७ - सन् २०२२	५.४५ मिलियन अमेरिकी डलर		कार्बन व्यापारका लागि आवश्यक तयारी पूरा भएको हुने।
३३९००१०३	पहाडी साना किसानका लागि अनुकूलन आयोजना	जलवायुजन्य सङ्कटासन्न न्यूनीकरण तथा जलवायु अनुकुलन	सन् २०१६ – सन् २०२१	३७.६ मिलियन अमेरिकी डलर		२०० वटा अनुकूलन योजना कार्यान्वयनमा आएका हुने।
३२९००१०४	राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति	चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापन	सालबसाली	१५१०१		४६ वटा नदी प्रणालीमा जल तथा भू-संरक्षणका एकीकृत कार्यक्रम सञ्चालन भएको हुने।
३२९००१०५	समृद्धिका लागि वन	वन क्षेत्रको उत्पादकत्व वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान	सालबसाली	५०००		प्रदेश नं. २ र ५ का ५० वटा स्थानीय तहमा वैज्ञानिक वन व्यवस्थापन भएको हुने । वन उद्यम विकासका लागि बैंक मार्फत सरल कर्जा उपलब्ध गराउने।
३२९००१०८	जलवायु उत्थानशील चुरे कार्यक्रम	चुरे संरक्षण कार्यक्रम	सन् २०२० - सन् २०२६	४७ मिलियन अमेरिकी डलर		प्रदेश नं. १ र २ का २८ नदी प्रणाली अन्तर्गत जल तथा जमिनको संरक्षण भएको हुने।
३२९०१०११	वन तथा भू-संरक्षण विभाग	वन व्यवस्थापन	सालबसाली	४५११		वन व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन र नियमन, अनुगमन तथा मूल्याङ्कन भएको हुने।
३२९०१०१२	डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत)	वन व्यवस्थापन	सालबसाली	४४२८		वन व्यवस्थापन सम्बन्धी कार्य भएको हुने।
३२९०११०१	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम	वनको व्यवस्थापन, वृक्षरोपण, बिउ संकलन, नीति मापदण्ड तयारी, अनुगमन, समन्वय तथा प्रचार प्रसार	सालबसाली	१६६०		२०० वटा वन क्षेत्र उपलब्ध गराइएको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको अनुगमन, नीति, मापदण्ड तयारी तथा परिमार्जन, बिउ बगैंचाको व्यवस्थापन, वृक्षारोपण तथा बिरुवा उत्पादन भएको हुने।
३२९०११०२	जलाधार संरक्षण तथा	बृहत् जलाधार क्षेत्रको	सालबसाली	२४३०		४ वटा बृहत् जलाधारमा एकीकृत कार्यक्रम सञ्चालन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि सुरू र समाप्ति	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	व्यवस्थापन कार्यक्रम	संरक्षण तथा व्यवस्थापन				
३२९०१९०१	प्रकृतिमा आधारित पर्यटन कार्यक्रम	संरक्षण क्षेत्र बाहिर र भित्र पर्यटन प्रवर्द्धनका क्रियाकलाप सञ्चालन	सालबसाली	५००९		नेपाल आउने पर्यटक मध्ये ७० प्रतिशत भन्दा बढी पर्यटक संरक्षित क्षेत्र तथा वन क्षेत्रको भ्रमण गरेको हुने।
३२९०२०११	वनस्पति विभाग	वनस्पति अध्ययन अनुसन्धान र संरक्षण	सालबसाली	१८६८		वनस्पति अध्ययन अनुसन्धान र संरक्षण कार्य भएको हुने।
३२९०२१०१	जडिबुटी विकास कार्यक्रम	जडिबूटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण र प्रवर्द्धन	सालबसाली	१२९४		प्रयोगशाला निर्माण भएको हुने। सूदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा जडिबूटी पकेट क्षेत्र कार्यक्रम सञ्चालन भएको हुने। कम्तिमा १० वटा अनुसन्धान/सर्वेक्षण भएको हुने।
३२९०२१०२	वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना	उद्यान विकास तथा व्यवस्थापन	सालबसाली	७६२		११ वटा उद्यानको विकास र व्यवस्थापन हुने र ५ वटा नयाँ उद्यान स्थापना भएको हुने।
३२९०२१०३	वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम	जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, प्रवर्द्धन, अध्ययन अनुसन्धान र बजारीकरण	सालबसाली	३३८		वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरणका क्रियाकलाप सञ्चालन भएको हुने।
३२९०३०११	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग	निकुञ्ज तथा जैविक विविधताको संरक्षण कार्य	सालबसाली	५१५७		निकुञ्ज तथा वन्यजन्तु संरक्षण भएको हुने ।
३२९०३०१२	राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना)	निकुञ्ज सुरक्षा	सालबसाली	३६३२७		निकुञ्ज सुरक्षा भएको हुने ।
३२९०३०१३	हात्तिसारहरू	हात्तीको हेरचाह र व्यवस्थापन	सालबसाली	१८३०		हात्तीको हेरचाह र व्यवस्थापन तथा तालिम भएको हुने।
३२९०३१०१	राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना	संरक्षण क्षेत्रहरूको व्यवस्थापन	सालबसाली	१६८६८		२१ वटा संरक्षण क्षेत्रको व्यवस्थापन भएको हुने। चोरी शिकारी नियन्त्रण, वन्यजन्तु गणना भएको हुने। पर्यापर्यटन प्रवर्द्धनका लागि संरचना निर्माण भएको हुने।
३२९०३१०२	सिमसार क्षेत्र व्यवस्थापन कार्यक्रम	सिमसार क्षेत्रको संरक्षण तथा बुद्धिमतापूर्ण उपयोग	सालबसाली	९१९		सिमसार क्षेत्रहरूमा योजना सहितको व्यवस्थापन, प्रचार प्रसार र पर्यटन प्रवर्द्धन भएको हुने।
३२९०४०११	वन अनुसन्धान तथा सर्वेक्षण	वन अनुसन्धान तथा	सालबसाली	५८४		वन अनुसन्धान तथा सर्वेक्षण सम्बन्धी कार्य भएको हुने ।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि सुरू र समाप्ति	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	विभाग	सर्वेक्षण				
३२९०४१०१	वन अनुसन्धान तथा सर्वेक्षण आयोजना	वन क्षेत्रको अध्ययन अनुसन्धान तथा प्रचार प्रसार	सालबसाली	१३८८		वन सम्बन्धी २५ वटा अध्ययन अनुसन्धान भएको हुने। ६ वटा वनको जानकारी प्रकाशन भएको हुने। बाँसको राष्ट्रिय सर्वेक्षण भएको हुने।
३२९०५०११	वातावरण विभाग	वातावरण प्रदुषण सम्बन्धी कार्यक्रम कार्यान्वयन र नियमन	सालबसाली	३१८२		७ वटा ठूला उद्यान निर्माण भएको हुने। कम्तिमा ३०० वटा उद्योगको प्रदुषण मापदण्ड, अनुगमन निर्देशिका र मापदण्ड भएको हुने।
३२९००१०७	स्वच्छ वातावरण कार्यक्रम	स्वच्छ वातावरण	२०७७/७८ - २०८०/८१	११७०		१० वटा उद्यान निर्माण र हरियाली व्यवस्थापन भएको हुने।
३२९०६०११	केन्द्रीय वन तालिम केन्द्र	कर्मचारी क्षमता अभिवृद्धि	सालबसाली	१००		६०० कर्मचारीको क्षमता अभिवृद्धि भएको हुने।
५०१२९१०१	जडिबुटी उत्पादन तथा कम्पनी लिमिटेड	जडिबुटीहरुको दिगो संकलन, खेती विस्तार, प्रशोधन र उत्पादन	सालबसाली	१०००		जडिबुटीको खेतीलाई आधुनिकिकरण गरी नयाँ प्रविधि तथा उच्च गुणस्तरका जडिबुटीको विउविजन भित्राई गुणस्तर तथा उत्पादनमा वृद्धि गर्ने, जडिबुटीको प्रशोधनका लागि कर्णाली प्रदेशमा जडिबुटी प्रशोधन ईकाइ स्थापना गर्ने, जडिबुटीमा आधारित हर्वल केयर उत्पादनका लागि भवन निर्माण गरी आधुनिक उत्पादनद्वारा वस्तु उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने ।

९. जोखिम पक्ष तथा अनुमान

पर्याप्त बजेटको सुनिश्चितता, पर्याप्त जनसहभागिता, बढ्दो मानव वन्यजन्तु बीचको द्वन्द्व, जलवायू परिवर्तन, वर्तमान महामारीको अवस्था जस्ता जोखिम रहेका छन् ।

परिच्छेद ४

आर्थिक क्षेत्र

४.१ अर्थ

१. पृष्ठभूमि

संघीयता कार्यान्वयनसँग सम्वन्धित कानून निर्माण, एवम् संरचनागत सुधार व्यवस्था र सुधार गरिएवाट मुलुक समृद्धिको बाटोमा द्रुत गतिमा अघि बढ्ने आधार तयार भएको छ। आर्थिक र सामाजिक विकासको जन चाहनालाई सम्बोधन गर्न सीमित स्रोत र साधनको अधिकतम् परिचालन गर्दै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई साकार पार्न मुलुकको समष्टिगत आर्थिक र वित्तीय स्थायित्व कायम गर्दै तीव्र आर्थिक वृद्धि हासिल गर्नुपर्ने भएको छ। सन् २०२२ भित्र अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति गर्ने र सन् २०३० मा दिगो विकास लक्ष्य हासिल गर्न दोहोरो अंकको आर्थिक वृद्धि गर्न सरकारका नीति, योजना तथा कार्यक्रमहरू सोही अनुरूप निर्देशित गर्नुपर्ने भएको छ। पन्ध्रौं योजनाले लिएको लक्ष्य अनुरूप स्रोत परिचालन, कुशल विनियोजन, नीति र कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपरेको छ। यसैगरी संघीय संरचना अनुरूप तीन तहमा राजस्व परिचालन गर्ने क्षमता बढाउन र आन्तरिक ऋण एवं बाह्य सहायतालाई मुलुकको विकासका उद्देश्य र प्राथमिकता अनुरूप अधिकतम प्रतिफल प्राप्त गर्ने गरी वित्तीय सम्भावना (Fiscal Space) को सदुपयोग गर्ने सोच राखिएको छ। बचत वृद्धि तथा राष्ट्रिय पूँजी निर्माण र आन्तरिक उत्पादनमा वृद्धि मार्फत आत्मनिर्भर, सवल र समुन्नत अर्थतन्त्र निर्माण गर्ने तर्फ केन्द्रित हुने गरी कार्यक्रमहरुलाई प्राथमिकतामा राखिएको छ। कोभिड-१९ महामारीको जोखिम न्यूनीकरण गर्न चालिएका कदमहरूबाट सिर्जित असहज परिस्थितिले गर्दा समग्र उत्पादन, उत्पादकत्व एवं आपूर्ति प्रणालीमा असर परेको छ । विश्व आर्थिक गतिविधिमा सुस्तता आई विश्वको समग्र आर्थिक वृद्धि, रोजगारी, मुल्य, अन्तर्राष्ट्रिय व्यापार, पर्यटन लगायतका क्षेत्रमा गहिरो प्रभाव पर्ने देखिएको छ। कोरोना संक्रमणको जोखिमबाट नेपाली अर्थतन्त्रमा पनि प्रतिकूल प्रभाव परेको छ। यस्तो परिस्थितिमा अर्थतन्त्रको पुनरूत्थान गर्दै आर्थिक गतिविधिलाई गतिशील तुल्याउँदै समग्र विकासलाई अगाडि बढाउनु पर्ने भएको छ।

२. समस्या र चुनौती

कोभिड-१९ महामारीका असर र प्रभाव न्यूनीकरण गर्दै अर्थतन्त्रलाई चलायमान स्थीतिमा राख्नु प्रमुख चुनौतीका रूपमा रहेको छ। साथै, सार्वजनिक खर्च व्यवस्थापनका लागि समग्र अर्थ प्रणालीमा विभिन्न चुनौतीहरू देखा परेका छन्। अपेक्षित रूपमा पूँजीगत खर्च हुन नसकी पूँजी निर्माण हुन सकिरहेको छैन। कानुनी र संरचनागत र पूर्वाधारका क्षेत्रमा पछिल्लो समयमा व्यापक रुपमा सुधारका प्रयासहरू भएता पनि अपेक्षित रूपमा विदेशी र स्वदेशी लगानी विस्तार भइसकेको छैन। मुलुकको द्रूततर विकासको आकांक्षा पुरा गर्न आवश्यक स्रोतको कमी रहेको छ। पछिल्लो समयमा वित्तीय पहुँच बढेपनि पूँजी बजारको कार्यक्षेत्र विस्तार भइ सकेको छैन। खर्च गर्ने कमजोर क्षमता तथा विनियोजन कुशलताको अभावले बजेट कार्यान्वयन उपलब्धिमूलक हुन सकेको छैन्। सीमित स्रोतको कुशल उपयोग गर्न कुशल विनियोजनबाट बजेटको पूर्ण कार्यान्वयन गरी सार्वजनिक वित्त र वित्तीय क्षेत्रलाई स्थिरता कायम राख्नुपर्ने चुनौती रहेको छ।

३. सोच

- सार्वजनिक खर्चको कुशल र नतिजामूलक व्यवस्थापनद्वारा समृद्ध अर्थतन्त्र निर्माण (सार्वजनिक खर्च)।
- सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण (राजश्व)।

- अन्तर्राष्ट्रिय विकास सहायताको प्रभावकारी परिचालन मार्फत विकास र समृद्ध अर्थतन्त्र निर्माण (अन्तर्राष्ट्रिय विकास सहायता)।
- सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी सबल अर्थतन्त्र निर्माण (सार्वजनिक ऋण)।
- वित्तीय संघीयता मार्फत समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण (अन्तर-सरकारी वित्त)।
- सबल र प्रतिस्पर्धी सार्वजनिक संस्थान मार्फत आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण (सार्वजनिक संस्थान)।
- सुदृढ र विस्तारित बिमा सेवाबाट जोखिम न्यूनीकरण मार्फत उत्थानशील समाज र अर्थतन्त्र निर्माण (बिमा)।
- स्वच्छ, प्रतिष्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पुँजी निर्माण (पुँजी बजार)।

४. उद्देश्य

अ. सार्वजनिक खर्च

१. सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु।

आ. राजस्व

१. उत्पादन, लगानी, व्यवसाय तथा करदातामैत्री एवम् स्वच्छ, तटस्थ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्नु।

इ. अन्तर्राष्ट्रिय विकास सहायता

१. अन्तर्राष्ट्रिय विकास सहायताको छनोटपूर्ण उपयोग मार्फत उत्पादन, उत्पादकत्व तथा रोजगारी बढाउँदै मुलुकलाई विकास वित्तमा क्रमशः आत्मनिर्भरता उन्मुख बनाउनु।

ई. सार्वजनिक ऋण

१. सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन गरी रोजगारी सिर्जना, राष्ट्रिय पुँजी निर्माण र आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु।

उ. अन्तर-सरकारी वित्त

१. संघ, प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता सम्बोधन हुने गरी न्यायोचित, सन्तुलित र परिपूरक रूपमा स्रोत उपलब्ध गराउनु।
२. तीन तहको वित्तीय आधार (Fiscal Space) वृद्धि गर्नु।

ऊ. सार्वजनिक संस्थान

१. सार्वजनिक संस्थानको स्थापना, सञ्चालन र व्यवस्थापन प्रणालीमा सुधार गरी गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन, वितरण र उपभोगमा नागरिकको पहुँच स्थापित गर्नु।

ए. बिमा

१. बिमा क्षेत्रलाई प्रभावकारी र दिगो बनाई दुर्गम तथा न्यून आय भएका वर्ग लगायत समाजका सबै तह र कारोबारमा बिमा सेवाको पहुँच पुऱ्याउनु।

ऐ. पुँजी बजार

१. धितोपत्र तथा वस्तु विनिमय बजारलाई पहुँचयोग्य, स्वच्छ र विश्वसनीय बनाउनु।

५. रणनीति

अ. सार्वजनिक खर्च

१. संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी नतिजामूलक बनाउने।
२. सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पुँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने।
३. संघ, प्रदेश र स्थानीय तहको विकासको आवश्यकतालाई सम्बोधन गर्ने गरी न्यायोचित, सन्तुलित र परिपूरक रूपमा अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने।
४. सार्वजनिक खर्च प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने।

आ. राजस्व

१. सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने।
२. राजस्व प्रशासनको विस्तार तथा आधुनिकीकरण गरी कुशल, व्यावसायिक र स्वच्छ बनाउने।
३. आर्थिक विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई थप लगानी/व्यवसायमैत्री बनाउने।
४. कर संरचना र दरमा सामयिक सुधार गरी कर प्रणालीलाई थप सरल र समन्यायिक बनाउने।
५. संघीय प्रणाली अनुरूप राजस्व प्रशासनको संरचनागत र प्रणालीगत पक्षमा सुधार गर्ने।

इ. अन्तर्राष्ट्रिय विकास सहायता

१. राष्ट्रिय आवश्यकता, नीति तथा प्राथमिकताका आधारमा अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन गर्ने।
२. विकास सहायता प्रभावकारिता सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रिय नीति अनुरूप विकास सहायताको परिचालन गर्ने।
३. संघीय संरचना बमोजिम विकास सहायता प्रणाली रूपान्तरण गरी प्रादेशिक सन्तुलन र समन्यायिकताको सिद्धान्त अनुरूप विकास सहायता उपयोग गर्ने।

ई. सार्वजनिक ऋण

१. मुलुकले धान्न सक्ने गरी उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने।
२. सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी नीतिगत, कानुनी र संरचनागत सुधार गर्ने।
३. संघीय प्रणाली अनुरूप सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी उपकरण तथा स्रोतको विविधीकरण गर्ने।

उ. अन्तर-सरकारी वित्त

१. तीन तहका एकल तथा साझा कार्य जिम्मेवारीहरू सामञ्जस्यपूर्ण ढङ्गबाट पूरा गर्न स्रोत व्यवस्थापन गर्ने।
२. अन्तर-सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउने।
३. संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने।
४. संघ, प्रदेश र स्थानीय तहमा वित्तीय सुशासन कायम गर्ने।

ऊ. सार्वजनिक संस्थान

१. आवश्यकता र उपादेयताका आधारमा संघीय प्रणाली बमोजिम उपयुक्त ठहरिएका सार्वजनिक संस्थानको पुनर्संरचना र स्थापना तथा सान्दर्भिक नदेखिएका संस्थानको विनिवेश गर्ने।
२. कानुनी तथा संस्थागत सुधार र आधुनिकीकरण गरी सार्वजनिक संस्थानको सञ्चालन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउने।

ए. बिमा

१. बिमा सेवालाई प्रभावकारी र प्रतिस्पर्धी बनाउन तथा बीमितको हकहित सुनिश्चित गर्न नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने।

२. बिमा सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, अभ्यास तथा मापदण्डको आधारमा बिमा सेवा प्रदान गर्ने।

३. सामाजिक संरक्षणको एक महत्वपूर्ण आधारस्तम्भको रूपमा बिमा व्यवसायलाई विकास गर्ने। साथै, बिमा सेवाको विस्तार गरी न्यून आय भएका वर्ग लगायत सम्पूर्ण नागरिक एवम् क्षेत्रमा पहुँच पुऱ्याउनका लागि उपयुक्त संयन्त्रको विकास गर्ने।

ऐ. पुँजी बजार

१. धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धी र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने।

२. कानुनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजार सञ्चालन तथा नियमन प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने।

३. धितोपत्र बजारमा साना र स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	कुल गार्हस्थ्य उत्पादनको अनुपातमा स्थिर पुँजी लगानी	प्रतिशत	३६.९	२८.१३	३९.४	४०.७	३९.९
२.	कुल गार्हस्थ्य उत्पादनको अनुपातमा स्थिर पुँजी लगानी - सरकारी	प्रतिशत	८.०	६.२	१५.१	१६.१	१५.६
३.	कुल गार्हस्थ्य उत्पादनको अनुपातमा स्थिर पुँजी लगानी - निजी	प्रतिशत	२९.०	२१.९	२२.२	२२.४	२२.१
४.	कुल राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)	प्रतिशत	५२.४	४६	५०	४९	४८
५.	कुल गार्हस्थ्य बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)	प्रतिशत	२०.५	१८.१	२१	२१	२१.५
६.	विस्तृत मुद्रा प्रदाय वृद्धिदर	प्रतिशत	१५.८	१३	१७	१७	१७
७.	निजी क्षेत्र तर्फको कर्जा वृद्धिदर	प्रतिशत	१९.४	१५	२१	२१	२०
८.	जनसंख्या प्रति बैंक तथा वित्तीय संस्था शाखा	जना	३,३६३	३०७२	२,९२१	२,७७०	२,६८२
९.	बाली सुरक्षण प्रिमियम अनुदान	हेक्टर	१२७५	१२००	२४००	१४२०	१४२०
१०.	सामाजिक/सामुदायिक कार्यक्रम	संख्या	१६०	१५०	१५०	१५०	१५०
११.	उद्यमशीलता विकास तालिम	संख्या	३८६	३५०	३५०	३५०	३५०

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१२.	साना किसान लघुबित्त वित्तीय संस्था (विविध) कार्यक्रम	संख्या	४०५	४५०	४५०	४५०	४५०
१३.	लघु बिमा सहयोग कार्यक्रम (पशु धन सुरक्षण)	संख्या (हजारमा)	११६.८४	७०.४	९१.४	१००	११०
१४.	पशुधन तथा कर्जा सुरक्षण तालिम	संख्या	५९६	३२५	१२५	१३५	१४७
१५.	कृषि तथा पशुपन्छी व्याज अनुदान	रू (अर्बमा)	-	२	५		
१६.	लघु वित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण	संख्या (हजारमा)	३५८.५	७७७.१	८००	९००	१०००
१७.	कृषि कर्जा सुरक्षण	संख्या	३८२९	३९१८	४५००	५०००	५५००
१८.	प्राविधिक शिक्षा तथा शैक्षिक बेरोजगार कर्जा सुरक्षण	संख्या	-	५	५१	१००	१५०
१९.	निर्यात कर्जा सुरक्षण	संख्या	-	-	५१	१००	१५०
२०.	निक्षेप सुरक्षण	संख्या (हजारमा)	२२१८०	२६१०४	२६५००	२६८००	२७२००

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	४३०,८७०	२५०,१०३	९५,४६७	८५,३००	१९७,२४०	६८,५४३	१६५,०८७
२०७८/७९	३४६,३९६	१३१,१७५	१२३,२२१	९२,०००	२१२,७०१	१०३,६९५	३०,०००
२०७९/८०	३६०,३८५	१०५,४९३	१५७,८९१	९७,०००	२०३,८१५	१४६,५७०	१०,०००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम / आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
३०५०००११	अर्थ मन्त्रालय	आर्थिक क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा समन्वय	सालबसाली			उच्च आर्थिक वृद्धि, समष्टिगत आर्थिक स्थायित्व कायम भएको हुने। राजस्व परिचालन र वित्तीय क्षेत्रको विस्तार भएको हुने।
३०५०००१२	ऋण असुली पुनरावेदन न्यायाधिकरण	ऋण असुली पुनरावेदन तथा फैसला	सालबसाली			ऋण असुली प्रभावकारी भएको हुने।
३०५०००१३	ऋण असुली न्यायाधिकरण	ऋण असुली	सालबसाली			ऋण असुली प्रभावकारी भएको हुने।
३०५०००१४	अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध	सदस्यता शुल्क	सालबसाली			अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान व्यवस्थापन भएको हुने।
३०५००१०१	साना किसान विकास बैंक (वित्तीय संस्था) विविध	साना किसानको क्षमता विकास	२०६३/६४ सालबसाली			१३५० कार्यक्रम सञ्चालन हुने ।
३०५००१०२	लघु बीमा सहयोग कार्यक्रम (पशु बाली स्वास्थ्य)	पशु, बाली तथा स्वास्थ्य क्षेत्रमा लघु बिमाको लागि सहयोग	२०६८/६९ सालबसाली			३ लाख १ हजार ४ सय पशु सुरक्षण भएको हुने। ८७३६ हेक्टर बालीको वीमा भएको हुने।
३०५००१०५	बजेट सुधार आयोजना	बजेट व्यवस्थामा सुधार				बजेट तर्जुमा तथा कार्यन्वयन सम्बन्धी क्षमता विकास भएको हुने ।
३०५००१०८	मिलिनियम च्यालेञ्ज एकाउण्ट नेपाल	नेपालमा मिलिनियम च्यालेञ्ज कोष परिचालनको सहजीकरण	२०७२/७३ २०८१/८२	७० अर्ब ५० करोड		सबस्टेशन र प्रशारण लाइनको कार्य प्रारम्भ हुने । रणनीतिक सडकको मर्मत संभार शुरु हुने ।
३०५००११३	आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम	महामारी तथा दैविक प्रकोपबाट प्रभावित व्यक्ति, समुदाय तथा व्यवसायलाई पुनरुत्थानको लागि रहात तथा सहुलियत	२०७७/७८- सालबसाली			कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रकको पुनरुत्थान भएको हुने ।

ब.उ.शी.नं.	कार्यक्रम ⁄ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
३०५०१०११	महालेखा नियन्त्रक कार्यालय	सार्वजनिक लेखा र खर्च व्यवस्थापन	सालबसाली			सार्वजनिक लेखा र खर्च व्यवस्थापन प्रभावकारी भएको हुने।
३०५०१०१२	निवृत्तिभरण व्यवस्थापन कार्यालय	निवृत्तिभरण व्यवस्थापन	सालबसाली			निवृत्तिभरण व्यवस्थापन सुदृढ भएको हुने।
३०५०१०१३	कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय	सरकारी बाँकी रकम असुल उपर	सालबसाली			सरकारी बाँकी रकम असुल उपर भएको हुने।
३०५०१०१४	कोष तथा लेखा नियन्त्रक कार्यालयहरु	सार्वजनिक लेखा र खर्च व्यवस्थापन	सालबसाली			सार्वजनिक लेखा र खर्च व्यवस्थापन प्रभावकारी भएको हुने।
३०५०११०१	सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम	सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण	२०७४/७५ - २०७७/७८	१ अर्ब ८० करोड		संसदीय निगरानीमा वृद्धि तथा वित्तीय संघीयता सुदृढीकरण र खरिद व्यवस्थापनमा सुधार आई सार्वजनिक वित्तीय व्यवस्थापन सबल भएको हुने।
३०५०२०११	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	तालिम				सार्वजनिक वित्त सम्बन्धी तालिम प्रदान भएको हुने।
३०५०३०११	भन्सार बिभाग	भन्सार प्रशासन				भन्सार प्रशासन सुदृढ भएको हुने।
३०५०३०१२	भन्सार कार्यालयहरु	भन्सार महशुल तथा अन्य राजस्व संकलन				भन्सार महशुल तथा अन्य राजस्व संकलन प्रभावकारी भएको हुने।
३०५०३१०१	भन्सार सुधार कार्यक्रम	भन्सार प्रक्रिया स्वचालन भौतिक पूर्वाधारको सुधार तथा निर्माण	सन् २००३ - सन् २०२१	२१ मिलियन अमेरिकी डलर र रू. ८१.६७ करोड		भन्सार व्यवस्थापन सक्षम र सुदृढ भएको हुने। व्यवसाय लागत र समयमा सुधार गरी सीमापार डुइङ बिजनेस वातावरणमा सुधार आएको हुने। कानूनको प्रभावकारी कार्यान्वयन, स्वेच्छिक अनुपालनमा वृद्धि र चुहावट न्यूनीकरण भई निकासी पैठारी हुने मालवस्तुबाट भन्सार महसुल लगायतको यथार्थ राजस्व सङ्कलन भएको हुने। अवैध व्यापार र हानिकारक वस्तुको ओसारपसार नियन्त्रण गर्न गर्न मालवस्तुको परिवहन, ढुवानीका साधनहरू र ढुवानीका उपकरण (कन्टेनर, प्यालेट्स,

ब.उ.शी.नं.	कार्यक्रम ⁄ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
						क्रेट्स) उपर निगरानी एवम् नियन्त्रण भएको हुने।
३०५०४०११	आन्तरिक राजस्व विभाग	आन्तरिक राजस्व प्रशासन स्टिकर भण्डारण तथा गोदाम निर्माण	२०७५⁄७६ सालबसाली			आन्तरिक राजस्व प्रशासन प्रभावकारी भएको हुने। अन्तःशुल्क स्टिकर भण्डारण गृह र अन्तःशुल्क प्रयोगशाला निर्माण भएको हुने।
३०५०४०१२	आन्तरिक राजस्व कार्यालयहरू	आन्तरिक राजस्व संकलन	सालबसाली			आन्तरिक राजस्व संकलन प्रभावकारी भएको हुने।
३०५०५०११	सार्वजनिक ऋण व्यवस्थापन कार्यालय	सार्वजनिक ऋण व्यवस्थापन	२०७३⁄७४ सालबसाली			मध्यमकालीन ऋण संरचना तयार भएको हुने। ऋण संचालन तथा व्यवस्थापन प्रणाली (DOMS) संचालनमा आएको हुने। आन्तरिक र बाह्य ऋण भुक्तानी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट भएको हुने। आन्तरिक र बाह्य ऋण लेखांकन निर्देशिकाहरु तयार भई लागु भएको हुने। नेपाल सरकारको ऋणको एकीकृत हिसाब र प्रतिवेदन यस कार्यालयबाट तयार भएको हुने।
५०१०५१०१	लगानी-विविध		सालबसाली			
५०१०५१०२	पशुपालन (मासुजन्य र दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम	मासु तथा दुध र तरकारीजन्य उत्पादनमा वृद्धि गरी आयात न्यूनीकरण र रोजगारी वृद्धिमा सहयोग	२०६७⁄६८ सालबसाली			६९ हजार किसानलाई पशुपन्छीपालन र ४,५०० हेक्टर जमीनमा व्यवसायिक तरकारी खेती सुरु भएको हुने। मासु तथा दुध र तरकारीजन्य उत्पादनमा वृद्धि भएको हुने।
५०१०५१०३	सार्वजनिक संस्थान सुधार कार्यक्रम	सार्वजनिक संस्थान सुधार	सालबसाली			सम्पत्तिको अभिलेख अद्यावधिक भएको हुने। सार्वजनिक संस्थान व्यवस्थापन सूचना प्रणाली (PEMIS) को परिमार्जन भई स्तरोन्नति भएको हुने। संस्थानहरूको वित्तीय स्थितिको अध्ययन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम ⁄ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
						सार्वजनिक संस्थान सुदृढीकरणको लागि विभिन्न गोष्ठी, सेमिनार र सम्मलेन भएको हुने। निजीकरण भएका र सार्वजनिक संस्थानहरूको अभिलेख विद्युतीय माध्यममा राखिएको हुने।

९. जोखिम तथा अनुमान पक्ष

विश्वव्यापि रुपमा फैलिएको कोभिड-१९ को महामारीको असर र प्रभावको न्यूनिकरण गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन पन्ध्रौं योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न सम्बन्धित निकाय बीच प्रभावकारी समन्वयमा कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। कार्यक्रम कार्यान्वयनमा सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय, राजस्व चुहावटमा उल्लेख्य कमी, लघु बिमा कार्यक्रममा नागरिक, कृषक तथा उद्यमीको सहभागिता, सार्वजनिक संस्थानको सुधारका कार्यको संस्थानबाट कार्यान्वयन हुनेछ। उक्त कार्यहरु नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

४.२ उद्योग

१. पृष्ठभूमि

अर्थतन्त्रको विकासका लागि नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै राष्ट्रिय हित अनुकुल हुने गरी वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन गर्ने नीति रहेको छ। सो अनुरुप समग्र उद्योग क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने र सरकारले प्रभावकारी उत्प्रेरक, नियामक र सहजकर्ताको भूमिका निर्वाह गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन गर्ने नीति बमोजिम समग्र उद्योग क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने र सरकारले प्रभावकारी उत्प्रेरक नियामक र सहजकर्ताको भूमिका निर्वाह गर्दै औद्योगिक उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि तीव्र रुपमा औद्योगिकीकरण गर्ने नीति लिएको छ। नेपालले तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका क्षेत्रहरूमा लगानी परिचालन गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट अर्थतन्त्रलाई सुदृढ गर्दै विप्रेषण र आयातमा आधारित अर्थतन्त्रलाई उत्पादनमुखी र निर्यातमूलक बनाउनु पर्नेछ। साथै लघु, घरेलु तथा साना उद्योगहरूको संरक्षण र प्रवर्द्धन गरी ठूलो मात्रामा रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्ने, लगानीमा देखिएका समस्याहरूलाई सहजीकरण गर्ने, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम, विशेष आर्थिक क्षेत्र, अन्तरदेशीय आर्थिक क्षेत्र जस्ता पूर्वाधारको स्थापना र सञ्चालन सहित लगानी मैत्री वातावरण निर्माण गरी औद्योगिकीकरणलाई तीव्रता दिन विभिन्न ऐन नियमहरूको परिमार्जन गर्नुका साथै औद्योगिक क्षेत्र, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र र उद्योग ग्राम लगायतका औद्योगिक पूर्वाधारको विकास गर्ने गरी यस क्षेत्रका कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. समस्या तथा चुनौती

उद्योग क्षेत्रको विकास नहुनु, उत्पादनशील क्षेत्र र उद्योगहरूमा पुँजीको न्यून परिचालन हुनु, औद्योगिक उत्पादन लागत प्रतिस्पर्धी नहुनु, निर्यातयोग्य वस्तुहरूको उत्पादन र विविधिकरण नहुनु, औद्योगिक मूल्य श्रृङ्खलाको विकासमा सार्वजनिक निजी साझेदारी न्युन हुनु उद्योग क्षेत्रका समस्या हुन्। उद्योग स्थापना र संचालन भन्दा आयात व्यापारमा आकर्षण हुनु, खानी उत्खनन र औद्योगिक पूर्वाधार विकास जस्ता क्षेत्रमा दक्ष प्राविधिक जनशक्ति अपर्याप्त हुनु, उद्योगलाई प्राथमिक क्षेत्र जस्तै कृषि, वन, खानी तथा खानीजन्य क्षेत्रसँग एकीकृत र समन्वयात्मक रुपमा लैजान नसक्नु, औद्योगिक पूर्वाधारको कमी रहनु, तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका आधारमा लगानी आकर्षित गर्नु, व्यापारलाई लगानीसँग आवद्ध गर्नु यस क्षेत्रमा देखिएका प्रमुख समस्या तथा चुनौती हुन्।

३. सोच

आर्थिक समृद्धिका लागि दिगो, रोजगारीमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास।

४. उद्देश्य

१. औद्योगिक उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु।

२. उद्योगको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्नु।

३. लगानीमैत्री वातावरण सिर्जना गरी उद्योग क्षेत्रमा स्वदेशी र वैदेशिक लगनी बढाउँदै रोजगारीका थप अवसर सिर्जना गर्नु।

५. रणनीति

१. औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने।

२. लगानीमैत्री वातावरण सिर्जना गर्न प्रविधि प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास निर्माण गर्ने।

३. उद्योग क्षेत्रलाई अन्य उत्पादनमुलक क्षेत्रको अन्तर सम्वन्धको आधारमा विकास र विस्तार गर्ने।

४. खानी तथा खानीजन्य उद्योगको लागत प्रभावी र तुलानात्मक लाभका आधारमा विकास गर्ने।

५. प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा लगानी परिचालन गर्दै आयात प्रतिस्थापनमा जोड दिने।

६. उद्योगधन्दाको विकास र विस्तारको लागि क्षमता विकास वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अवलम्वन गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	नतिजा सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	औद्योगिक लगानीको वृद्धिदर	प्रतिशत	-	६.०	८.०	८.०	९.०
२.	औद्योगिक क्षेत्रको रोजगारीमा ठूला उद्योगको हिस्सा	प्रतिशत	७.१	७.५	८.५	९.५	१०
३.	लघु, घरेलु तथा साना उद्योगबाट थप रोजगारी सिर्जना	संख्या (हजारमा)	१३९	१८०	१८५	१९०	२००
४.	उद्योग दर्ता (वार्षिक)						
	ठूला उद्योग	वटा	३०३	४५०	५००	५५०	६००
	मझौला उद्योग	वटा	५५	८०	९०	१००	११०
	लघु, घरेलु तथा साना उद्योग	संख्या (हजारमा)	३२	३३	३४	३५	३६
५.	दर्ता गरिएका पेटेन्ट	संख्या	२	१०	१५	२०	२५
६.	लघु उद्यमीको स्तरोन्नति	जना (हजारमा)	३२.०	२५.५	३५.६	४५.७	४७.०
७.	लघु उद्यमी सिर्जना	जना (हजारमा)	२७.०	३०.०	३०.०	३०.०	३५.०
८.	कुल औद्योगिक क्षेत्र	संख्या	१०	११	१२	१३	१४
९.	कुल विशेष आर्थिक क्षेत्र	संख्या	१	३	३	४	४
१०.	कुल औद्योगिक ग्राम	संख्या	१	७१	१४१	२५१	२८१
११.	कुल गुणस्तर प्रयोगशाला	संख्या	१०	११	१२	१३	१४
१२.	कुल बिजनेस इन्कुबेसन सेन्टर	संख्या	-	२७६	५५२	७५३	७५३
१३.	खानी अन्वेषणको क्षेत्रफल	वर्ग कि.मि. (हजारमा)	४३.२	४४.५	४५.७	४६.९	४८.१
१४.	कुल आर्थिक प्रतिष्ठान मध्ये दर्ता नभएका प्रतिष्ठानको अनुपात	प्रतिशत	४९.९	४१	३३	२५	१७
१५.	दर्ता भएकामध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात	प्रतिशत	५२	५६	६०	६४	६७

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	७७,३२९	४१,०२०	३१,३०९	५,०००	६०,७२१	६,१७३	१०,४३५
२०७८/७९	९६,७३२	४१,९६३	५०,७७०	४,०००	९०,७२५	५,८६१	१४६
२०७९/८०	१०८,४९६	४५,१६३	६०,८३३	२,५००	१०२,२९६	६,०००	२००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
१३०७००११	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय	उद्योग वाणिज्य र आपूर्ति क्षेत्रमा योगदान	सालबसाली			उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान वढेको हुने।
३०७०००१२	केन्द्रीय कारागार कारखाना	कैदीहरूलाई सीपमूलक तालिम प्रदान	सालबसाली			कैदीहरूको सीप अभिवृद्धि भई क्षमता विकास भएको हुने।
३०७००१३	सैनिक सामाग्री उत्पादन निर्देशनालय	सैनिक सामाग्री उत्पादन	सालबसाली			सहज रुपमा सैनिक सामाग्री उत्पादन भएको हुने।
३०७००१०१	औद्योगिक पूर्वाधार विकास कार्यक्रम	चुनढुङ्गामा आधारित सिमेन्ट उद्योगको लागि विद्युत प्रसारण लाइन निर्माण, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरूको स्थापना र संचालन	सालबसाली			सिमेन्ट उद्योगहरूमा विद्युत प्रशारण लाइन निर्माण भएको हुने। भैरहवा विशेष आर्थिक क्षेत्र पूर्ण रुपमा संचालन भएको हुने। सिमारा र पाँचखाल विशेष आर्थिक क्षेत्रको पुन:निर्माण सम्पन्न भएको हुने। बाँके नौवस्ता, चितवनको शक्तिखोर र कञ्चनपुरको दैजीमा विशेष आर्थिक क्षेत्र निर्माण सम्पन्न भएको हुने। प्रदेश र स्थानीय तहको सहभागितामा प्रत्येक स्थानीय तहमा औद्योगिक ग्राम स्थापना भएको हुने।
३०७००१०२	औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम	औद्योगिक क्षेत्रमा लगानी प्रवर्द्धन सम्बन्धी नीतिगत व्यवस्था	सालबसाली			औद्योगिक र लगानीमैत्री वातावरण निर्माणको लागि नीतिगत, कानूनी र संस्थागत सुधार भई वैदेशिक लगानी बृद्धि भएको हुने। औद्योगिक लगानी सम्बन्धी कानून तर्जुमा भई कार्यान्वयनमा आएको हुने।
३०७०१०११	उद्योग विभाग	उद्योग क्षेत्रमा विदेशी लगानीको स्वीकृति, व्यवस्थापन र समन्वय सहित उद्योग प्रशासन	सालबसाली			एकल विन्दु सेवा केन्द्र संचालन भएको हुने। औद्योगिक प्रकाशन सम्बन्धी कार्यको डिजिटाइजेसन भई लगानीकर्ताले सवै प्रकारका सेवा सहज रूपमा प्राप्त गरेको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३०७०२०११	खानी तथा भूगर्भ विभाग	खानी क्षेत्रको अन्वेषण	सालबसाली			सुन, युरेनियम, तामा, म्याग्नेसाइट र फस्फोराइट खनिज पदार्थको अध्ययन सर्वेक्षण भएको हुने। कर्णली प्रदेश सहित मुलुकको विभिन्न क्षेत्रमा रहेको किम्ती तथा अर्धकिम्ती वहुमुल्य पथ्थरहरूको उत्खनन र प्रशोधन गरी निर्यात प्रवर्द्धन भएको हुने।
३०७०२१०१	खनिज अन्वेषण तथा विकास आयोजना	खनिज पदार्थको उत्खनन क्षमता पहिचान	सालबसाली			खनिजमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति भएको हुने।
३०७०२१०२	पेट्रोलियम अन्वेषण परियोजना	पेट्रोलियम अन्वेषण	सालबसाली			दैलेखमा रहेको पेट्रोलियम खानीको विस्तृत अध्ययन तथा अन्वेषण भई उत्खनन कार्य संचालन भएको हुने।
३०७०२१०३	भू वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना	जियो हाजार्ड र अर्वान जियोलोजीको अध्ययन	सालबसाली			भौगर्भिक अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम संचालन भएको हुने।
३०७०३०११	नेपाल गुणस्तर तथा नापतौल विभाग	गुणस्तर नियमन	सालबसाली			विभिन्न वस्तुहरूको गुणस्तर निर्धारण र नियमित बजार अनुगमनबाट बजारमा गुणस्तरीय सामाग्री उपलब्ध भएको हुने।
३०७०३०१२	नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरू	गुणस्तर कायम गर्न कार्यक्रम संचालन	सालबसाली			बजार अनुगमन मार्फत उत्पादित वस्तुको गुणस्तर निर्धारण भई बजारमा गुणस्तरीय सामाग्री उपलब्ध भएको हुने।
३०७०४०११	कम्पनी रजिष्ट्रारको कार्यालय	कम्पनी दर्ता र कम्पनी प्रशासन	सालबसाली			कम्पनी रजिष्ट्रारको कार्यालयबाट सम्पादन हुने कार्यहरू अटोमेसन भई सेवाग्राहीहरूले अनलाईन सेवाबाट सेवा प्राप्त गरेको हुने।
३०७६१०११	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	औद्योगिक व्यवसाय प्रवर्द्धन	सालबसाली			उद्यमशीलता तालिम प्राप्त गरी युवा स्वउद्यमका लागि अभिप्रेरित भएको हुने।
३०७८१०१३	घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र	घरेलु तथा साना उद्योग प्रवर्द्धन	सालबसाली			लघु उद्यम प्रवर्द्धनका लागि सीप विकास र उद्यमशीलता विकास अन्तर्गत विभिन्न तालिम प्रदान गरी रोजगारी र स्वरोजगारी अवसर सिर्जना भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
५०१०७१०१	धैवादी फलाम कारखाना	फलाम खानीमा फलामजन्य खनिज सम्बन्धी अध्ययन अनुसन्धान गरी सोको आधारमा उद्योग स्थापना गरी फलाम उत्पादन गर्ने ।	२०७६/७७-२०७९/८०	१०५००		पूर्व पश्चिम राजमार्गको कावासोती देखि २० किलोमिटर ट्रयाक खोलिने । विद्युत प्रशारण लाइन जडान हुने ।

९. जोखिम पक्ष तथा अनुमान

उद्योग स्थापनाको लागि पर्याप्त सुविधा सहितको स्थानको उपलब्धता, औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको निर्माण कार्यमा सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय, उद्योग व्यवस्थापन तथा श्रमिक बीच सौहार्दपूर्ण सम्बन्ध, औद्योगिक विकासका लागि प्रभावकारी र अधिकार सम्पन्न संस्थागत संयन्त्र एवम् औद्योगिक क्षेत्र र उद्योगको आसपासमा बसोबास गर्ने समुदाय बीच सुमधुर सम्बन्ध र औद्योगिक प्रदुषण नियन्त्रण भएको हुनेछ। सो कायम नभएमा र हाल देखिएको नोवबेल कोरोना भाइरसले ल्याएको प्रभावको अध्ययन गरी सो अनुसार कार्य नगरेमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन्छ।

४.३ वाणिज्य तथा आपूर्ति

१. पृष्ठभूमि

विश्वव्यापीकरण र यातायात तथा सञ्चार संजालले एकीकृत तथा अन्तरनिर्भर वर्तमान विश्व अर्थव्यवस्थामा तीव्र आर्थिक बृद्धि र विकासमा वाणिज्य क्षेत्रले महत्वपूर्ण भूमिका खेल्दछ। उलब्ध सीप, पुँजी र प्रविधिको उपयोग गरी प्रतिस्पर्धी र तुलनात्मक लाभ भएका वस्तुको उत्पादन ,आन्तरिक उपभोग तथा विश्व बजारमा प्रवेश गराउन सकेमा बढ्दो व्यापार घाटा न्यून गर्दै सबल राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न सकिन्छ। यसका लागि आन्तरिक रूपमा पूर्वाधारको विकास र व्यापार तथा लगानीको वातावरण एवं बाह्य रूपमा व्यापारिक साझेदार राष्ट्रसँगको द्विपक्षी क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्झौताको कार्यान्वयन मुख्य रूपमा महत्वपुर्ण हुन्छन्। नेपालको क्षेत्रीय र अन्तराष्ट्रिय व्यापार प्रणालीमा आबद्धता र कतिपय देशसँग द्विपक्षीय व्यापार सम्झौता भई बजार पहुँचमा विस्तार भएतापनि आन्तरिक अर्थतन्त्रका संरचनागत अवरोधका कारण यी सम्झौताबाट सिर्जित अधिकार र सुविधाको उपयोग गर्न सकिएको छैन। वस्तु तथा सेवा ब्यापारलाई अनुशासित तथा गुणस्तरीय र स्वास्थ्यप्रति जवाफदेही बनाउँदै दैनिक जीवनयापनमा अत्यावश्यक वस्तु तथा सेवाको सहज र निर्वाध आपूर्ति सुनिश्चित गर्नु राज्यको दायित्व हो। साथै कालोबजारी ,एकाधिकार ,कृत्रिम अभाव सिर्जना ,प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई ब्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित संरक्षण गर्नु पनि अपरिहार्य छ।

२. समस्या तथा चुनौती

नागरिकको क्रयशक्ति वृद्धिसँगै उपभोग्य सामग्री र विलासिताका वस्तुको मागमा उच्च वृद्धि भए पनि उक्त माग धान्ने गरी आन्तरिक उत्पादन बढ्न नसक्नु, खनिज ऊर्जाको बढ्दो आयातलाई प्रतिस्थापन गर्ने गरी वैकल्पिक ऊर्जा उत्पादन गर्न नसक्नु, कृषि क्षेत्रलाई यान्त्रिकीकरण, औद्योगिकीकरण तथा व्ययवसायीकरण गर्न नसक्दा यसको उत्पादन तथा उत्पादकत्व न्यून हुन भई कृषिजन्य आयात वृद्धि हुनु, उत्पादन शृंखलामा अग्र र पृष्ठ सम्बन्ध विकास गर्न नसकिनु, निर्यातजन्य तुलनात्मक तथा प्रतिस्पर्धी लाभका वस्तु तथा सेवाको अपेक्षित विकास र मूल्य अभिवृद्धि हुन नसक्नु, विश्व समुदाय तथा बजारमा उपलब्ध सुविधा तथा अवसरलाई व्यापार विकासमा पर्याप्त उपयोग गर्न नसकिनु, औद्योगिक लगानीमा भन्दा आयात व्यापारमा व्यावसायिक आकर्षण बढ्दै जानु प्रमुख समस्या रहेका छन्। साथै, निर्यातमा कच्चा पदार्थ, प्राथमिक वस्तु र अर्धप्रशोधित वस्तुको मात्रा बढी हुनु, व्यापार तथा पारवहन लागत उच्च हुनु र द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौताबाट उल्लेख्य लाभ लिन नसकिनु यस क्षेत्रका थप समस्या हुन्।

उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी व्यापार क्षेत्रमा संरचनागत परिवर्तन गर्नु, निर्यात प्रवर्द्धन गर्दै उच्च व्यापार घाटालाई कम गर्नु, बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौताबाट सिर्जित अवसरबाट अधिकतम लाभ लिँदै त्यसका नकारात्मक असर कम गर्दै जानु, सस्तो श्रम र कच्चा पदार्थको अधिकतम उपयोग गरी प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन वृद्धि गर्नु प्रमुख चुनौती हुन्। नेपाल व्यापार एकीकृत रणनीति, २०७३ ले पहिचान गरेका वस्तु तथा सेवाको उत्पादन र निकासी वृद्धि गर्नु, अन्तर्राष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी र व्यापक गराउन देशगत र वस्तुगत व्यापार विविधीकरण तथा वस्तुको प्रमाणीकरण, लेबलिङ्ग, ब्राण्डिङ्ग गरी गुणस्तरीयता अभिवृद्धि गर्नु, व्यापार कूटनीतिको उपयोग गरी प्राप्त बजार पहुँचको सुविधा उल्लेख्य रूपमा उपयोग गर्नु यस क्षेत्रका थप चुनौती रहेका छन्।

३. सोच

आर्थिक समृद्धिका लागि निर्यात प्रवर्द्धन, आयात व्यवस्थापन र व्यापार सन्तुलन।

४. उद्देश्य

१. खाद्यान्न तथा आधारभूत उपभोगका वस्तुहरू तथा तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन बृद्धि गर्नु (वाणिज्य)।

२. आन्तरिक तथा अन्तराष्ट्रिय व्यापार लागत कम गर्नु (वाणिज्य)।

३. नेपाली वस्तु तथा सेवाको अन्तराष्ट्रिय मूल्य श्रृंखलामा आवद्धता अभिवृद्धि गर्नु (वाणिज्य)।

४. उपभोग्य वस्तु, अत्यावश्यक वस्तु तथा सेवा, अत्यावश्यक औषधि तथा उपकरण, पेट्रोलियम पदार्थ लगायतका वस्तु तथा सेवाको देशव्यापी सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु(आपूर्ति)।

५. बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउनु (आपूर्ति)।

५. रणनीति

वाणिज्य

१. खाद्यान्न तथा आधारभूत उपभोगका र तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको पहिचान, विकास, विविधिकरण तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

२. व्यापारजन्य प्रविधि र पूर्वाधारको विकास र उपयोग, सूचना प्रविधिको प्रयोग एवम् विस्तार, सुशासन र प्रभावकारी नियमन, व्यापार सहजीकरण र संस्थागत सुदृढीकरण गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम गर्ने।

३. व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गर्ने ।

४. आर्थिक कूटनीतिलाई सुदृढ तुल्याउँदै व्यापार सम्बद्ध द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको माध्यमबाट व्यापारजन्य क्षमता बढाउँदै अन्तर्राष्ट्रिय मूल्य श्रृंखलामा आवद्धता र नेपाली सामानको बजार विस्तार गर्ने।

आपूर्ति

१. आपूर्ति व्यवस्था, प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ता हितसँग सम्बन्धित नीति, ऐन कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

२. आपूर्ति व्यवस्थामा संलग्न संस्थानहरूको संस्थागत तथा संरचनागत सुदृढीकरण गर्ने।

३. आपूर्ति अनुगमन प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने।

४. आधारभूत आवश्यकता तथा अत्यावश्यक वस्तु लगायतका सबै वस्तु तथा सेवाको बजारमा उपलब्धता तथा गुणस्तर, मूल्य र आपूर्तिमा पारदर्शिता कायम गरी कृतिम अवरोध र अभावको अन्त्य गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	नतिजा सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवा निर्यातको अनुपात	प्रतिशत	९.०	१०.१	११.३	१२.६	१४.१
२.	कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवा आयातको अनुपात	प्रतिशत	५०.८	५०.९	५०.९	५०.९	५१.०
३.	कुल गार्हस्थ्य उत्पादनको अनुपातमा व्यापार घाटा (वस्तु तथा सेवा)	प्रतिशत	४१.८	४०.८	३९.६	३८.३	३६.९
४.	आन्तरिक व्यापारको ट्रेड मार्जिन	प्रतिशत	१३.०	१२.५	१२.०	११.५	११.०
५.	वस्तु निर्यात	रू. अर्ब	९७	११५	१३८	१६५	१९८
६.	वस्तु निर्यातमा औद्योगिक उत्पादनको अंश	प्रतिशत	११.४	१२.४	१३.४	१४.५	१५.७
७.	खाद्य सञ्चय डिपो	सङ्ख्या	१७५३९	१९२९२	२१२२२	२३३४४	२३३४४

क्र. सं.	नतिजा सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
८.	तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी	मे.टन (हजार)	१४०००	२५०००	२५०००	२५०००	२५०००
९.	तोकिएको दुर्गम जिल्लाहरूमा आयोडिनयुक्त नुन ढुवानी	क्विन्टल (हजार)	७१	७१.६	७१.६	७१.६	७१.६

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तिय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	२९,५३५	११,८३१	१७,७०४	-	११,८६८	१०,१९८	७,४६९
२०७८/७९	१९,१८८	१२,७७४	६,४१४	-	१४,२०८	४,३८०	६००
२०७९/८०	१५,७८३	१३,३२८	२,४५५	-	१४,९८३	-	८००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शि.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि	लागत	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३०७००१०३	कण्ठरोग नियन्त्रण	कण्ठरोग नियन्त्रण	सालबसाली			२५० हजार क्विन्टल आयोडिनयुक्त नुन वितरण भएको हुने।
३०७००१०४	व्यापार सूचना तथा निर्यात सहयोग आयोजना	द्विपक्षीय तथा बहुपक्षीय व्यापारमा सहजीकरण र निर्यातमा सहयोग	सालबसाली			विभिन्न मुलुकहरूसँग भएका सन्धि सम्झौताको कार्यान्वयन भएको हुने। व्यापारमा सहजीकरण भई निर्यात अभिवृद्धि भएको हुने।
३०७००१०५	नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना	व्यापारजन्य पूर्वाधार विकास र सुदृढीकरण	सन् २०१३ - डिसेम्बर २०१९			चोभार सुख्खा बन्दरगाह निर्माण भई सञ्चालनमा आएको हुने । व्यापारजन्य पूर्वाधार विकास भई निर्यात व्यापारमा सहयोग पुगेको हुने। जीवजन्तु तथा वनस्पति स्वास्थ्य (Sanitary and Phytosanitary - SPS) प्रयोगशाला निर्माण सम्पन्न भई प्रयोगशाला सुविधा उपलब्ध भएको हुने।
३०७०५०११	वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग	उपभोक्ता हित संरक्षण बजार अनुगमन	सालबसाली			बजार अनुगमन मार्फत गुणस्तरीय वस्तुको उपभोग र उपभोक्ता हित संरक्षण भएको हुने।
३०७०५०१२	वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू	उपभोक्ता हित संरक्षण बजार अनुगमन	सालबसाली			बजार अनुगमन मार्फत गुणस्तरीय वस्तुको उपभोग र उपभोक्ता हित संरक्षण भएको हुने।
३०७८१०११	व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र	अन्तर्राष्ट्रिय व्यापारको तथ्यांक संकलन तथा प्रकाशन	सालबसाली			अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन भएको हुने।
३०७०००१४	खाद्यान्न ढुवानी कार्यक्रम (नेपाल खाद्य संस्थान)	दुर्गम स्थानमा खाद्यान्न ढुवानी	सालबसाली			खाद्यान्न न्यून भएका दुर्गम जिल्लामा २५५ हजार मेट्रिक टन खाद्यान्न वितरण भएको हुने।

९.जोखिम पक्ष तथा अनुमान

पेट्रोलियम पदार्थको आयातमा क्रमशः कमी आउने, नेपाल व्यापार एकिकृत रणनीतिले पहिचान गरेका वस्तुहरूको बजारीकरण हुने, खाद्यान्न तथा विलासिताका वस्तुको आयातमा कमी आई व्यापार घाटा कमी हुनेछ। साथै, सूचना प्रविधिमा आधारित बजार अनुगमन प्रणाली कार्यान्वयन र पेट्रोलियम पदार्थको भण्डारण क्षमता वृद्धि हुनेछ। यसका साथै हाल देखिएको नोबेल कोरोना भाइरसको समयमै नियन्त्रण हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन्छ।

४.४ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

१. पृष्ठभूमि

अद्वितीय प्राकृतिक एवम् समृद्ध सांस्कृतिक सम्पदाको कारण नेपालको तुलनात्मक लाभको क्षेत्रको रूपमा पर्यटन क्षेत्रलाई लिइने गरिन्छ। पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्वपूर्ण योगदान रहने भएकोले पर्यटन अर्थतन्त्रको प्रमुख सम्वाहक पनि हो। नेपालको संविधानले पर्यटकीय महत्वका सम्पदाहरूको संरक्षण र प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रको आधारको रूपमा पर्यटन क्षेत्रको विकास गर्ने नीति लिएको छ। हाम्रा समृद्ध मूर्त तथा अमूर्त सम्पदा राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रुपमा रहेका छन्। असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सदभाव सुदृढ गर्न सकिन्छ। 'विविधतामा एकता नेपाली समाजको विशेषता' भन्ने तथ्यलाई आत्मसात् गरी राष्ट्रिय एकता र अखण्डतालाई मजबुत बनाउनको लागि संस्कृतिको अहम् भूमिका रहेको छ। विभिन्न पर्यटकीय स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन, विविधीकरण र विकास गर्दै राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा यस क्षेत्रलाई विकसित गर्न आवश्यक छ। पर्यटन क्षेत्रको विकास र विस्तार सहित आन्तरिक र बाह्य हवाई यातायात विकास गरी थप सुरक्षित, स्तरीय र भरपर्दो बनाउन आवश्यक छ।

२. समस्या तथा चुनौती

पर्यटकीय उपजको विविधिकरण सहित पर्यटन क्षेत्रको अपेक्षित रूपमा विकास र विस्तार अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन हुन नसक्नु, आन्तरिक तथा बाह्य लगानी पर्याप्त नहुनु, पर्यटकीय गतिविधिलाई प्रविधिमैत्री बनाई सबै मौसममा सञ्चालन गर्न नसकिनु, नागरिक उड्डयनका लागि आवश्यक पर्ने आधुनिक प्रविधि एवम् पूर्वाधारको अपर्याप्तता हुनु, उडान सुरक्षा नियमनको क्षेत्रमा दक्ष जनशक्ति अपर्याप्त रहनु, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन प्रभावकारी नहुनु, सम्पदाहरूमाथि अव्यवस्थित शहरीकरणद्वारा सिर्जित अतिक्रमण, विश्वव्यापीकरण तथा आधुनिकीकरणद्वारा मौलिकपनमा नकारात्मक प्रभाव पर्नु, संस्कृतिको क्षेत्रमा पर्याप्त मात्रामा अध्ययन, अनुसन्धान तथा अन्वेषण कार्य हुन नसक्नु र संघीय संरचना अनुरुप तीनै तहबीच पर्यटन क्षेत्रको राजस्व संकलन र वितरण प्रणाली प्रभावकारी बनाउन नसकिनु समस्या रहेका छन्।

विश्व पर्यटन बजारमा नेपाललाई प्रमुख आकर्षक पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्नु, पर्यटकीय सेवा सुविधाको गुणस्तर वृद्धि गर्नु, नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको पहिचानसँगै पूर्वाधार विकास मार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नु, पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, पर्याप्त पर्यटकीय सूचना प्रवाह, हवाई सेवाको सुरक्षा, विश्वसनीयता र विस्तार गर्नु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धी नीति, कानून एवम् अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गर्नु, विश्वव्यापीकरणको प्रभावबाट मौलिक संस्कृतिलाई जोगाई राख्नु र संस्कृतिलाई राज्यको प्राथमिकतामा समावेश गरी पर्याप्त स्रोत साधनको व्यवस्था मिलाउनु जस्ता चुनौति रहेका छन्। साथै, कोभिड-१९ को महामारीबाट पर्यटन क्षेत्रमा परेको नकारात्मक असरबाट पुनरुत्थान गर्दै सबल पर्यटन क्षेत्रको विकास गर्नु प्रमुख चुनौतिको रुपमा रहेका छ।

३. सोच

- विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाज (संस्कृति)।
- नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य (पर्यटन)।
- सुरक्षित विश्वसनीय र सर्वसुलभ हवाई यातायात सेवाको सुनिश्चितता (नागरिक उड्डयन)।

४. उद्देश्य

१. सबै जाति/समुदायको सँस्कृति र परम्पराको जगेर्ना गरी मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धि गर्नु (संस्कृति)।

२. सम्पदाहरूको संरक्षण र प्रभावकारी व्यवस्थापन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्नु (संस्कृति)।

३. भाषा, साहित्य, लिपि, सङ्गीत, नाट्यकला र ललितकला क्षेत्रको वृहत्तर विकास र प्रवर्द्धन गर्नु (संस्कृति)।

४. नेपाललाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बनाई आकर्षक पर्यटन केन्द्रको रुपमा विकास गर्नु (पर्यटन)।

५. पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण गरी पर्यटन क्षेत्रको अर्थतन्त्रमा योगदान वृद्धि गर्नु (पर्टयन)।

६. पर्यटकीय क्षेत्रबाट प्राप्त लाभलाई समन्यायिक रूपले जनस्तर सम्म पुऱ्याउनु। (पर्यटन)।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गन्तव्य संजाल विस्तार गरी नागरिक उड्डयन क्षेत्रलाई सर्वसुलभ, पहुँचयोग्य र सुरक्षित बनाउनु (नागरिक उड्डयन)।

५. रणनीति

अ. संस्कृति

१. सबै समुदायको सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य मान्यताको कदर, संरक्षण र सम्मान गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने गरी संस्कृति परिभाष्य निर्माण गर्ने।

२. धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक सम्पदाहरूको संरक्षण र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्नुका साथै प्रवर्द्धन गरी पर्यटकीय उपजको रुपमा विकास गर्न सरकार, निजी क्षेत्र र समुदायबीच सहकार्य गर्ने।

३. भाषा, कला, साहित्य, संगीत, आदि क्षेत्रसँग सम्बद्ध संस्थाहरूको सबलीकरण गर्ने।

४. ऐतिहासिक, धार्मिक एवम् पुरातात्विक सम्पदाहरूको अन्वेषण, उत्खनन्, संरक्षण, जगेर्ना र प्रवर्द्धनमा तहगत सरकारबीच समन्वय र सहकार्य गर्ने।

आ. पर्यटन

१. छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा नेपाली पर्यटनको व्यापक प्रचार प्रसार र प्रवर्द्धन गर्ने।

२. पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकूद जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गर्ने।

३. स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणा अनुरुप आधुनिक पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रवर्द्धन गर्ने।

४. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको सम्वाहकको रुपमा विकास गर्ने। पर्यटकीय गन्तव्य स्थलको पहिचान, विकास तथा विविधीकरण गर्न प्रादेश र स्थानीय तहले अग्रणी रुपमा निजी क्षेत्रसँग सहकार्य गर्ने।

५. पर्यटकीय उपजलाई मूल्य शृंखलामा आवद्ध गरी स्थानीय स्तरसम्म यस क्षेत्रको लाभ वितरण गर्ने।

इ. नागरिक उड्डयन

१. हवाई पूर्वाधारहरूको निर्माण, विकास तथा व्यवस्थापनमा सरकार र निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्ने।

२. सुरक्षा प्रावधान सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको अवलम्वन र नवीन प्रविधिको उच्चतम उपयोग गरी हवाई सेवालाई थप सुरक्षित, गुणस्तरीय र विश्वसनीय बनाउने।

३. हवाई उड्डयन सेवा र हवाई उड्डयन नियमनका लागि नियामक निकायको संरचनात्मक सुदृढीकरण गर्ने।

४. सेवा प्रदायक निकायहरूलाई सक्षम, प्रतिस्पर्धी र प्रभावकारी वनाई हवाई सेवालाई सर्वसुलभ वनाउने।

५. हवाई सम्झौता र हवाई मार्ग विस्तार र बजार प्रवर्द्धन गरी नेपाली वायुसेवा कम्पनीहरूलाई अन्तर्राष्ट्रिय बजारसम्म पहुँच वृद्धि गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	मातृभाषामा पठनपाठन हुने विद्यालय	संख्या	२७०	२८०	२९०	३००	३१२
२.	सांस्कृतिक सम्पदाको डिजिटाइजेसन	संख्या	१५५००	२००००	१४५००	२५०००	२५०००
३.	प्रतिलिपि अधिकार संरक्षण	संख्या	१७३४	२०००	२३००	२६५०	३०००
४.	विश्वसम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदा	संख्या	१०	१०	११	११	१२
५.	दुई पक्षीय हवाई सम्झौता भएका मुलुक	संख्या	३९	४०	४३	४५	४८
६.	बाह्रै महिना सञ्चालन हुने विमानस्थल	संख्या	३२	३४	३७	३९	४१
७.	पर्यटनबाट विदेशी मुद्रा आर्जन	अ. डलर करोडमा	५२.८	४६.९	६१.७१	१७६.४	२४७.८
८.	बिदेशी पर्यटक आगमन	संख्या (हजार)	११९७	८०३	८५०	२४५०	२९५०
९.	प्रति पर्यटक औसत बसाई	दिन	१२.७	१३	१३.२	१४	१४.४
१०.	प्रति पर्यटक खर्च (प्रति दिन)	अमेरिकी डलर	४८	५०	५५	६३	८५
११.	पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना	संख्या (हजारमा)	२००	४०	५०	७५	८३
१२.	अर्थतन्त्रमा क्षेत्रगत योगदान (पर्यटन)	प्रतिशत	२.७	३	४	७	८.५
१३.	आन्तरिक हवाई यातायात प्रयोग गर्ने यात्रु	संख्या (लाखमा)	२८.४८	२५.३	२९.१	३७.९०	४१.६९
१४.	अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु	संख्या (लाखमा)	४३.५३	२९.४५	३३.५	५७.९४	६३.७४
१५.	अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थल	संख्या	१	१	३	३	३
१६.	आन्तरिक	संख्या	३२	३४	३७	३९	४९

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
	विमानस्थलको स्तरोन्नति						
१७.	नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट	संख्या (लाखमा)	८०	९०	९०	१३०	१४०
१८.	पदमार्ग (ग्रेट हिमालयन ट्रेल सहित)	कि.मि.	१८८	३६८	५५६	७४६	९४१
१९.	पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल	संख्या	१९२	१९२	२०८	२२०	२२६
२०.	पर्यटन क्षेत्रमा उत्पादित जम्मा दक्ष जनशक्ति	संख्या	१००००	१३०००	१५०००	१५५००	१५६९०
	शैक्षिक कार्यक्रम	संख्या	५२५	५२५	७६५	७६५	७६५
	१ महिना भन्दा वढीको तालिम	संख्या	३०००	३०००	४०००	४५००	४५००
	१ महिना भन्दा कमको तालिम	संख्या	६४७५	९४७५	१०२३५	१०२३५	१०३८५
२१.	पर्यटन स्तरको होटल र बेड संख्या						
	५ तारे होटल	होटल संख्या	१५	१८	२१	२४	२६
		बेड संख्या	३१४६	३७५६	४३६५	४९००	५३००
	१—४ तारे होटल	होटल संख्या	१२४	१५९	१९५	२२५	२५०
		बेड संख्या	१०६९७	१३५१५	१६५७५	१९१२५	२१२५०
	अन्य होटल	होटल संख्या	९७७	१२३७	१४९७	१७४७	१९९७
		बेड संख्या	२९१३६	३७११०	४४९१०	५२४१०	५९९१०
	होमस्टे र क्षमता	होटल संख्या	२५६	३०२	३५९	३८६	४४९
		बेड संख्या	९४८	१२१०	१४४०	१५४४	१८०५

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	२६१,१९३	३७,५१२	१९,११६	२०४,५६५	९२,६४७	२,३१०	१६६,२३६
२०७८/७९	२१४,९९९	३३,३८६	३६,७६८	१४४,८४५	९९,९९९	–	११५,०००
२०७९/८०	२२३,९५२	३५,४५३	४०,६९९	१४७,८००	१२३,९५२	–	१००,०००

६. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि	लागत	पुष्टयाँई	आगामी तीन वर्षको लागि उपलब्धि सूचक
३२५०००११	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	नीति योजना तथा मापदण्ड निर्धारण र विभिन्न निकायबीच पर्यटन प्रबर्द्धन र समन्वय	सालबसाली			संविधान बमोजिम पर्यटन संस्कृति तथा हवाई उड्डयन सम्वन्धी ऐन, नीति, नियम र मापदण्ड निर्माण र निरन्तर परिमार्जन भई पर्यटक संख्या २९.५ लाख, औसत बसाई १४.४ दिन र कुल गार्हस्थ्य उत्पादनमा योगदान ८.५ प्रतिशत पुगेको हुने।
३२५०२०११	पुरातत्व विभाग	धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र पुनर्निर्माण	सालबसाली			भूकम्पबाट क्षतिग्रस्त ७५३ वटा पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको हुने। थप १७ जिल्लाका पुरातात्विक सम्पदाको पुनर्निर्माण २ वर्षभित्र सम्पन्न भएको हुने।
३२५०३०११	राष्ट्रिय अभिलेखालय	ऐतिहासिक अभिलेखहरूको संरक्षण र व्यवस्थापन	सालबसाली			१५ लाख अभिलेखहरूको डिजिटाइजेशन भएको हुने।
३२५०२०१२	राष्ट्रिय संग्रहालय, छाउनी	ऐतिहासिक तथा पुरातात्विक वस्तुहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन	सालबसाली			संग्रहालय भवन लगायतका पूर्वाधारको स्तरोन्नति गरी संग्रहालयहरू थप व्यवस्थित भएको हुने।
३२५०२०१३	केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला	देश भरका सम्पदाहरूको रसायन संरक्षण	सालबसाली			३० वटा पुरातात्विक स्थलहरूको रसायन संरक्षण भएको हुने।
३२५०४०११	नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय	प्रतिलिपि अधिकार संरक्षण जनचेतना अभिवृद्धि संघ संस्थाको समन्वय	सालबसाली			४५ वटा प्रतिलिपि अधिकार संरक्षण सम्बन्धी क्रियाकलाप संचालन गरिएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको लागि उपलब्धि सूचक
३२५०२०१४	नारायणहिटी दरबार संग्रहालय	नारायणहिटी दरबारको संरक्षण	सालबसाली			त्रिभुवन सदनको पुनर्निर्माण,सिसिटिभी जडान आदि कार्य सम्पन्न भई नारायणहिटी दरबार संग्रहालय अन्तर्राष्ट्रिय संग्रहालयको रुपमा विकास भएको हुने।
३२५०१०११	पर्यटन विभाग	पर्वतारोहणको अनुमति, पर्वतारोहण रोयल्टी संकलन पर्यटन उद्योगको नियमन	सालबसाली			पर्यटकीय गतिविधिबाट राज्यलाई प्राप्त हुने रोयल्टी रकम वृद्धि भएको हुने।
३२५२१०११	भाषा आयोग	लोप हुन लागेका लिपि तथा भाषाको संरक्षण तथा खोज	सालबसाली			नेपालमा लोप हुन लागेका लिपि तथा भाषाको संरक्षण तथा खोज भएको हुने।
३२५६१०११	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	पर्यटन तथा होटल सम्बन्धी अध्ययन अध्यापन	सालबसाली			पर्यटन तथा होटल सम्बन्धी अध्ययन अध्यापन प्रदेश स्तरमा विस्तार भएको हुने। अन्तर्राष्ट्रिय स्तरको अध्ययन अध्यापन भएको हुने।
३२५००१०१	हवाई सुरक्षा तथा हवाई व्यवस्थापन कार्यक्रम	प्राधिकरण सुपरीवेक्षण हवाई उड्डयन सुरक्षा वायुसेवा कम्पनीको व्यवस्थापन	सालबसाली			हवाई सुरक्षामा सुधार आएको हुने। हवाई उद्योगको नियमन प्रभावकारी भएको हुने।
३२५०११०६	पर्यटन पूर्वाधार विकास कार्यक्रम	नेपालका विभिन्न ठाउँमा पर्यटकीय पूर्वाधार निर्माण	सालबसाली			राष्ट्रिय रणनीतिक योजना अनुरुप ७ वटै प्रदेशमा एकीकृत पर्यटकीय विकास कार्यक्रम संचालन भएको हुने। प्रदेश र स्थानीय तहसँगको साझेदारीमा पर्यटक उपजको विकास भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको लागि उपलब्धि सूचक
३२५००१०२	दक्षिण एसिया पर्यटन पूर्वाधार विकास कार्यक्रम	लुम्बिनी तथा आसपासका क्षेत्रमा भौतिक तथा सामाजिक पूर्वाधार निर्माण	सालबसाली			लुम्बिनी क्षेत्रमा इलेक्ट्रोनिक भेइकल संचालनमा आएको हुने।
३२५०२१०१	पुरातात्विक स्थल संरक्षण आयोजना	पुरातात्विक स्थलहरूको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन	सालबसाली			७ वटै प्रदेशमा प्राचिनकाल देखि अस्तित्वमा रहेका करिब ४०० पुरातात्विक स्थलको संरक्षण तथा प्रबर्द्धन भएको हुने।
३२५०२१०२	विश्वसम्पदा क्षेत्र संरक्षण आयोजना	विश्व सम्पदा सूचीमा सूचीकृत क्षेत्रहरूको संरक्षण, जिर्णोद्धार तथा पुनर्निर्माण	सालबसाली			७ वटा विश्व सम्पदाको संरक्षण, जीर्णोद्धार तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रम संचालन गरिएको हुने।
३२५००१०३	संस्कृति प्रवर्द्धन कार्यक्रम	मूर्त तथा अमूर्त सम्पदाको संरक्षण संस्कृति प्रवर्द्धन	सालबसाली			मुलुकमा रहेका मूर्त अमूर्त सम्पदाको अनुसन्धान र संरक्षण प्रवर्द्धन भएको हुने। नृत्य, कला र संस्कृतिको जर्गेना र प्रबर्द्धन भएको हुने। नेपाली साहित्यका लेख रचना प्रकाशन र नेपाली भाषाको प्रबर्द्धन भएको हुने। नेपाली ललित कला, मौलिक नृत्यकला र संस्कृतिको जर्गेना र प्रबर्द्धन भएको हुने।
३२५५१०११	पशुपति क्षेत्र विकास कोष	पशुपति क्षेत्रको संरक्षण, संभार तथा योजनाबद्ध विकास	सालबसाली		पशुपति क्षेत्रको संरक्षण संभार र धार्मिक पर्यटक आगमनमा वृद्धि	पशुपति क्षेत्रको पुनर्निर्माण कार्य सम्पन्न गरी सो क्षेत्र प्रमुख धार्मिक पर्यटन गन्तव्य स्थलको रुपमा विकास भएको हुने।
३२५५१०१२	लुम्बिनी विकास कोष	लुम्बिनीको संरक्षण तथा पूर्वाधार विकास	सालबसाली			लुम्बिनीको संरक्षण, सम्बर्द्धन र विकास भई धार्मिक पर्यटकको संख्यामा वृद्धि भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको लागि उपलब्धि सूचक
३२५०२०१५	राष्ट्रिय कला संग्रहालय भक्तपुर	राष्ट्रिय कलाहरूको खोज, संरक्षण र विकास	सालबसाली			राष्ट्रिय कलाहरूको जगेर्ना भएको हुने।
३२५०२०१६	क्षेत्रीय संग्रहालय	राष्ट्रिय महत्वका क्षेत्रीय संग्रहालयहरूको संरक्षण र संचालन	सालबसाली			कपिलवस्तु संग्रहालयको लागि जग्गा अधिग्रहण हुनुका साथै व्यवस्थित रुपमा संचालन भएको हुने।
३२५०२०१७	संग्रहालयहरू (जातीय संग्रहालय समेत)	राष्ट्रिय महत्वका संग्रहालयको संरक्षण र संचालन	सालबसाली			गोरखा दरबार संग्रहालय व्यवस्थित हुने। मुद्रा तथा धातु कलाको संरक्षण भएको हुने।
३२५०२०१८	ऐतिहासिक दरबारहरू	ऐतिहासिक दरबारहरूको संरक्षण र व्यवस्थापन	सालबसाली			गोरखा दरबार, हनुमानढोका दरबार, नुवाकोट दरबार र ललितपुरको स्मारक संरक्षण भएको हुने र व्यवस्थित सेवा प्रवाह भएको हुने।
३२५०२०१९	स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर	स्मारक संरक्षण तथा दरबार हेरचाह	सालबसाली			भक्तपुर क्षेत्रको स्मारक संरक्षण हुनुका साथै पर्यटकलाई दिइने सेवामा सुधार हुने।
३२५४१०११	बृहत्तर जनकपुर क्षेत्र विकास परिषद	बृहत्तर जनकपुर क्षेत्रको सम्पदा संरक्षण र विकास	सालबसाली			रामायण सर्किट निर्माणको कार्य प्रारम्भ भएको हुने। बृहत्तर जनकपुर क्षेत्रको सम्पदा पुनर्निर्माण भएको हुने।
३२५८१०११	बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति	बौद्ध दर्शन प्रवर्द्धन गुम्बा संरक्षण र विकास	सालबसाली			गुम्बाहरूको वर्गीकरण भएको हुने। राष्ट्रिय महत्वका गुम्बाहरूको निर्माण र संरक्षण हुने।
५०१२५१०१	नेपाल नागरिक उड्डयन प्राधिकरण	आन्तरिक तथा अन्तराष्ट्रिय हवाई उड्डयन अनुमति प्रदान र नियमन	सालबसाली			थप २ वटा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएको हुने। थप १ वटा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण आरम्भ भएको हुने। अन्य विमानस्थलहरूको निर्माण सुधार भई संचालनमा आएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको लागि उपलब्धि सूचक
५०१२५१०२	हवाई यातायात क्षमता अभिवृद्धि आयोजना	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य विमानस्थलको सुधार तथा स्तरोन्नति	सालबसाली			त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावन मार्ग, टर्मिनल भवन विस्तार, भएको हुने। ढल फोहर व्यवस्थापन, खानेपानीको सुविधा र ट्याक्सी-वे निर्माण भएको हुने।
५०१२५१०३	दक्षिण एसिया पर्यटन पूर्वाधार विकास आयोजना	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति	सन् २०१५-२०२०	३० अर्ब ९१ करोड	पन्धौं योजना	ट्याक्सी-वे, अन्तर्राष्ट्रिय टर्मिनल भव निर्माण सञ्चार तथा पथ प्रदर्शक उपकरण जडान लगातका कार्य सम्पन्न भई अन्तर्राष्ट्रिय विमानस्थल (4E स्तर) संचालनमा आएको हुने।
५०१२५१०४	पोखरा अन्तर्राष्ट्रिय विमानस्थल	पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण	२०७१/७२ - २०७९/८०	२१ अर्ब ६० करोड	पन्धौं योजना	अन्तर्राष्ट्रिय टर्मिनल भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर तथा अग्नि नियन्त्रण लगायतका पूर्वाधार निर्माण र सञ्चार तथा पथप्रदर्शक उपकरण जडान कार्य सम्पन्न हुने।
५०१२५१०५	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण	२०७६/७७ - २०८५/८६	१ खर्ब ६५ अर्ब (अमेरिकी डलर १ अर्ब ५० करोड)	पन्धौं योजना	आयोजना पूर्व तयारी तथा निर्माण मोडालिटी तय भई निर्माण कार्य सुरुआत भएको हुने।

७. जोखिम पक्ष तथा अनुमान

पर्यटन क्षेत्रको पुनरुत्थान तथा पर्यटन क्षेत्रका कार्यक्रमको प्राथमिकीकरण गरी उपरोक्त कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय तथा मानवीय स्रोत र विकासमैत्री वातावरण कायम रहनेछ। उक्त स्थिति नरहेमा यस क्षेत्रको लक्षित उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

परिच्छेद ५

सामाजिक क्षेत्र

५.१ शिक्षा, विज्ञान तथा प्रविधि

१. पृष्ठभूमि

नेपालको संविधानले आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क हुने र माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ। नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट विकासोन्मुख राष्ट्रको सूचीमा स्तरोन्नती गर्न एवम् दिगो विकासका लक्ष्य अनुरूप समावेशी र समन्यायमा आधारित विकासका लागि शिक्षाको विकास हुनु पर्दछ। शैक्षिक विकासका लागि विगतमा भएका प्रयासबाट शिक्षामा समतामूलक पहुँचको अभिवृद्धि, विद्यार्थी भर्ना तथा टिकाउ दरमा वृद्धि, विद्यालयमा छात्रछात्राको सहभागिता दर समरुपमा पुगेको, विद्यालय छाड्ने दर तथा कक्षा दोहोऱ्याउने दर घटेको, साक्षर घोषणा हुने जिल्ला बढदै गएको आदि विषयलाई शिक्षा क्षेत्रमा देखिएको प्रगतिको रुपमा लिन सकिन्छ। यसैगरी विज्ञान र प्रविधि क्षेत्रको समुचित विकास र उपयोग बिना मुलुकको विकास, समृद्धि तथा सुशासन सम्भव नहुने तथ्यलाई मनन गरी विगत लामो समयदेखि संस्थागत, नीतिगत तथा कार्यगत प्रयासहरू हुँदै आएका छन्।

२. समस्या तथा चुनौती

शिक्षामा विशेष लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न र विद्यार्थीको निरन्तरता कायम गर्दै लक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, देशको समग्र विकासमा टेवा पुऱ्याउने गरी विज्ञान र प्रविधिको विकास र उपयोगलाई तीव्र बनाउन नसक्नु, तहगत, क्षेत्रगत एवं विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई शिक्षाको मूल धारको रूपमा विकास गर्न नसकिनु, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपविकास एवम् शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्न नसकिनु, विश्वविद्यालय शिक्षालाई अनुसन्धानमा आधारित बनाई ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादनमा केन्द्रित गर्न नसकिनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षा लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभुति गर्न नसकिनु, सार्वजनिक र निजी लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन, प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता शिक्षा क्षेत्रका समस्या रहेका छन्।

त्यसैगरी मुलुकको समग्र विकासका लागि देशभित्र र बाहिर छरिएका हाम्रा जनशक्ति र प्रतिभाहरूको ज्ञान, सीप र क्षमतालाई उपयोग गर्ने वातावरण निर्माण गर्न नसकिनु, विज्ञान र प्रविधिको समुचित विकास र उपयोगका लागि यस क्षेत्रमा राज्यको लगानी सीमित हुनु, क्षमतावान युवा जनशक्तिलाई स्वदेशमा टिकाइ राख्ने वातावरण तयार गर्न नसकिनु, विज्ञान तथा प्रविधिको प्रतिफल जनतासमक्ष पुर्याउन आवश्यक प्रभावकारी संयन्त्रहरूको विकास गर्न नसकिनु, विज्ञान र प्रविधिको क्षेत्रमा विभिन्न नियकाहरूबाट गरिने लगानी उपलब्धिमुलक बनाउन नसकिनु जस्ता विज्ञान तथा प्रविधि क्षेत्रका समस्या छन्।

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,

राष्ट्रप्रेमी, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, सबै विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई अन्तर्राष्ट्रियस्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउनु, प्राविधिक उच्च शिक्षाको अवसर विस्तार गर्दै ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र प्रवर्द्धन गर्नु, क्षमतावान् युवालाई स्वदेशमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, शैक्षिक प्रशासनको समयसापेक्ष पुनःसंरचना, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइसराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्न गर्नु, जीवनपर्यन्त शिक्षाका लागि पठन संस्कृतिको विकास गर्नु कोविड-१९ विश्वव्यापी महामारीले शिक्षा क्षेत्रमा सिर्जना गरेका अवरोधहरूको व्यवस्थापन गर्नु शिक्षा क्षेत्रका चुनौती हुन्।

पारमाणविक प्रविधि, सूचना तथा संचार प्रविधि, नानो प्रविधि, जैविक प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स लगायतका उदियमान प्रविधिहरूलाई मानव हितका लागि सदुपयोग गर्न प्रोत्साहित गर्नु, विज्ञान शिक्षालाई व्यवहारिक र सर्वसुलभ बनाउनु, देशभित्र रहेका वैज्ञानिक तथा प्राविधिक प्रतिभाहरूको क्षमतालाई सदुपयोग गर्नु, अनुसन्धान क्षेत्रलाई पूर्वाधारयुक्त र सवल बनाउन पर्याप्त लगानी गर्नु, विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका विकासहरूलाई आधारभूत सेवा, उद्यमशीलता, उद्योग र उत्पादनसँग आवद्ध गर्नु, विज्ञान-प्रविधि तथा नव-प्रवर्तनको दूरगामी योजना र मार्गचित्र तयार गरी दिगो विकासका लक्ष्य हासिल गर्नु विज्ञान तथा प्रविधि क्षेत्रका विशेष चुनौती हुन्।

३. सोच

- सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास (शिक्षा)।
- समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि र नवप्रवर्तन (विज्ञान तथा प्रविधि)।

४. उद्देश्य

अ. शिक्षा

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चत गर्नु।

३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु।

४. सबै नागरिकका लागि जीवन पर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु।

५. संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु।

आ. विज्ञान तथा प्रविधि

१. जनताको गुणस्तरीय जीवन प्राप्ति र विज्ञानमा आधारित सोच निर्माण र विश्लेषण गर्न विज्ञान तथा प्रविधिको महत्तम उपयोग गर्नु।

२. विज्ञान शिक्षालाई व्यवहारिक बनाउँदै नवीनतम विज्ञानको उन्नयन र उदीयमान प्रविधिहरूको अंगीकार गर्दै तिनलाई आधारभूत सेवा प्रवाहमा उपयोग गर्नु।

३. उत्पादन वृद्धि तथा औद्योगिक विकासका लागि प्रकृति प्रदत्त स्रोत एवम् परम्परागत प्रविधि तथा नव-प्रवर्तनको उपयोग एवम् विकास गर्नु।

५. रणनीति

अ. शिक्षा

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने।

२. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने।

३. विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली (Accreditation System) विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने।

४. मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत् सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने।

५. निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रूपान्तरण गर्ने।

६. युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने।

७. सिकाइका सबै विधि र मार्गहरू खुला गर्दै राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको गतिशीलता र पारगम्यताको सिद्धान्तको आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने।

८. उच्च स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रतिस्पर्धी एवम् नतिजामुखी बनाउने।

९. शिक्षण पेसामा दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय अन्तर्गतका संकायहरू तथा शिक्षण तालिम प्रदायक संस्थाको पुनर्संरचना गर्ने।

१०. ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोजगार प्रवर्द्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न नतिजामा आधारित लगानी पद्धति विकास गर्ने।

११. ज्ञानको स्थानान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधियुक्त सिकाइ केन्द्रको रूपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रणालीलाई सुदृढ, सबल एवम् अनिवार्य बनाउने।

१२. अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत् सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवन पर्यन्त सिकाइलाई सुनिश्चित गर्ने।

१३. परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने।

१४. संरचना तथा कानुनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न शिक्षा र विज्ञान तथा प्रविधि सम्बद्ध सबै तह र निकायलाई तोकिएको कार्य सम्पादन र उपलब्धि प्रति जिम्मेवार बनाउने।

आ. विज्ञान तथा प्रविधि

१. समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्दै विज्ञानसम्मत विश्लेषण गर्ने संस्कारको विकास गर्ने।

२. विज्ञान तथा प्रविधिका लाभ तथा उपलब्धिलाई आम जनमानसमा पुऱ्याई गुणस्तरीय जीवन हासिल गर्न सघाउने।

३. उदीयमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग तादाम्यता कायम गर्ने।

४. देशमा उपलब्ध प्राकृतिक स्रोतहरूको प्रयोग र अधिमूल्यन (भ्यालु एडिसन) का लागि आवश्यक पूर्वाधार तथा प्राविधिक जनशक्ति तयार गर्ने।

५. युवा पिढीलाई वैज्ञानिक ज्ञान र प्राविधिक सीप हासिलमा प्रतिस्पर्धी बन्न उत्प्रेरणा दिँदै स्रोतको अधिकतम उपयोग र अनुसन्धानलाई परिणाममुखी बनाउन संस्थागत समन्वय कायम गर्ने।

६. प्राज्ञिक क्षेत्रमा हुने अनुसन्धानलाई औद्योगिक उत्पादनसँग संयोजन गर्ने तथा औद्योगिक उत्पादन वृद्धिका लागि अनुसन्धान तथा विकासमा लगानी बढाउँदै वैज्ञानिक तथा प्राविधिक जनशक्तिमा उद्यमशीलताको विकास गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	६५.९	८५	८८	९१	९४
२	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	५८	६५	७५	८५	९५
३	युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	९२	९२	९४	९४	९८
४	प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कूल भर्ना दर	प्रतिशत	८५	८८	९०	९२	९४
५	प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव भएका कक्षा १ मा नवप्रवेशीको प्रतिशत	प्रतिशत	६६.९	६८.६	७३	८०	८५
६	खुद भर्नादर						
	(क) आधारभूत तह (कक्षा१-८)	प्रतिशत	९३	९६	९८	९९	९९
	(ख) माध्यमिक तह (कक्षा ९-१२)	प्रतिशत	४६	४७	५३	५७	६०
७	उच्च शिक्षाको कुल भर्ना दर	प्रतिशत	१२	१४	१६	१८	२०
८	लैङ्गिक समता दर (विद्यालय शिक्षाको खुद भर्ना दरमा)						
	(क) आधारभूत शिक्षा (कक्षा १-८)	अनुपात	०.९८	०.९८	१	१	१
	(ख) माध्यमिक शिक्षा (कक्षा ९-१२)	अनुपात	१.०७	१.०३	१	१	१
९	उच्च शिक्षाको कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	अनुपात	१.११	१	१	१	१
१०	टिकाउ दर						
	(क) आधारभूत तह (कक्षा१-८)	प्रतिशत	७७.९	७९.३	९२	९५	९७
	(ख) माध्यमिक तह (कक्षा ९-१२)	प्रतिशत	२२.२	२४	२५	२८	३१
११	विद्यालय छाड्ने दर						
	(क) आधारभूत तह (कक्षा१-८)	प्रतिशत	३.८	३.४	२.९	२.५	१.५

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
	(ख) माध्यमिक तह (कक्षा ९-१२)	प्रतिशत	२.६	२.१	१.८	१.५	१
१२	गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पसहरूको संख्या	संख्या	३०	६०	९०	१२०	१६०
१३	कक्षा ८ को निम्ति सिकाई उपलब्धी (औसत)						
	(क) गणित	स्कोर	३५	४२	५५	५७	६०
	(ख) नेपाली	स्कोर	४८	५१	५७	६०	६२
	(ग) अङ्ग्रेजी	स्कोर	४१	४८	५५	५७	६०
	(घ) विज्ञान	स्कोर	४९	५२	५५	५८	६०
१४	काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या	प्रतिशत	३१	३५	३८	४२	४५
१५	प्रति विद्यार्थी सरकारी खर्च						
	(क) आधारभूत तह (कक्षा१-८)	रु. हजार	१२	१५	१८	२१	२४
	(ख) माध्यमिक तह (कक्षा ९-१२)	रु. हजार	७	९	११	१३	१५
१६	शिक्षक विद्यार्थी अनुपात						
	(क) आधारभूत तह (कक्षा१-८)	अनुपात	१:३३	१:३२	१:३१	१:३०	१:३०
	(ख) माध्यमिक तह (कक्षा ९-१२)	अनुपात	१:४१	१:३९	१:३५	१:३२	१:३०
१७	पेशागत तालिम प्राप्त शिक्षक						
	(क) आधारभूत तह (कक्षा१-८)	प्रतिशत	७६.६	८१	८६	९१	९७
	(ख) माध्यमिक तह (कक्षा ९-१२)	प्रतिशत	७७.१	८१	८६	९१	९७
१८	माध्यमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी (९-१२)	प्रतिशत	१८	२०	२२	२४	२५
१९	स्वच्छ पानी तथा सरसफाई सुविधा सहित शौचालय निर्माण भएका विद्यालय	प्रतिशत	५९	६५	७२	७९	८५
२०	इन्टरनेट सुविधा पुगेको विद्यालय	प्रतिशत	२८	४०	५५	७०	८०
२१	कुल गार्हस्थ उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्च	प्रतिशत	०.३०	०.४०	०.५०	०.७०	०.९०
२२	माध्यमिक शिक्षामा प्राविधिक विषयको अध्ययन गर्ने विद्यार्थीको अनुपात	प्रतिशत	१०	१५	१६	१७	२२
२३	उच्च शिक्षामा प्राविधिक विषयको अध्ययन गर्ने विद्यार्थीको अनुपात	प्रतिशत	२३	२५	२७	२९	३१
२४	विज्ञान अध्ययन केन्द्र स्थापना (वार्षिक)	संख्या	०	१	०	२	१
२५	विषय क्षेत्रगत वैज्ञानिक अध्ययन/अनुसन्धान	संख्या	१०००	१०५०	११००	१२००	१२५०

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२६	डिएनए डाटाबेस	संख्या	९००	९४०	९६५	१०००	१०२५
२७	अनुसन्धान वृत्ति उपलब्धता	संख्या	१००	११०	१२०	१३५	१५०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	५५८,६८९	५५४,८६८	३,८२१	-	४१७,९२९	३७,७०८	१०३,०५२
२०७८/७९	६२७,२४९	६०६,७०८	२०,५४२	-	५३८,८८६	३७,८४५	५०,५१८
२०७९/८०	६६६,०९१	६३८,५३१	२७,५६०	-	६११,९९१	२३,१००	३१,०००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३५०००११	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	सबै तह र विषयको शिक्षामा समान पँहुच विस्तार। गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी एवम् समसामयिक शिक्षा। सिर्जनात्मक, व्यावहारिक, समावेशी र समतामूलक शैक्षिक पद्धति। समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहीमा अभिवृद्धि। वैज्ञानिक अनुसन्धान, अन्वेषण र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पुर्वाधार र क्षमताको विकास। उच्च क्षमतायुक्त प्राविधिक युवा जनशक्तिको विकास गरी मुलुकमै उनीहरूको क्षमताको उपयोग।	सालबसाली			राष्ट्रपति छात्रा छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको हुने। छात्रा शिक्षा कोष सञ्चालन भएको हुने। पारमाणिक पदार्थ तथा रेडियोधर्मी पदार्थको नियमन सम्वन्धी ऐन, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधि तर्जुमा भएको हुने। उच्चस्तरीय जलवायु, जडीबुटी, पर्यटन तथा जलस्रोत सम्बन्धी अनुसन्धान केन्द्र स्थापना भएको हुने। राष्ट्रिय व्यवसायिक योग्यता प्रारुप विकास भएको हुने। प्राविधिक तथा व्यवसायिक शिक्षा (TEVT) कोष सञ्चालन भएको हुने। विद्यार्थी वित्तीय कोषका लागि अनुदान प्रदान गरिएको हुने। दिगो विकास लक्ष्य ४ सम्वन्धी सूचकहरूको विकास, अध्ययन अनुसन्धान लगायतका कार्यक्रम सञ्चालन भएको हुने। स्थानीय तहमा प्राविधिक शिक्षाको सम्भाव्यता अध्ययन भएको हुने। प्रत्येक प्रदेशमा विज्ञान अध्ययन केन्द्र स्थापनाको डिपिआर तयार भएको हुने।
	वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान	जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको प्रार्दुभाव गर्नमा भूमिका निर्वाह विद्यार्थी तथा शिक्षक वर्गमा गर र सिकको	सालबसाली			विज्ञान सम्बन्धी थ्रीडी हल सञ्चालन भएको हुने। विद्यार्थी तथा शिक्षक वर्गहरूमा विज्ञानप्रति अभिरुचि जगाई विज्ञानको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	सङ्ग्रहालय विकास समिति	सिद्धान्त अनुरुप विज्ञानका कठिन र दुरह सिद्धान्तको सरल र सहज प्रयोग				प्रोत्साहित गर्ने। विज्ञानमा आधारित समाजमा रुपान्तरण गर्ने कार्यमा उल्लेख्य योगदान भएको हुने। खगोल विज्ञान तथा अन्तरिक्ष विज्ञानमा अध्यनरत विद्यार्थीहरूका लागि प्रयोगात्मक अध्ययनशालाको निर्माण भएको हुने।
	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला	अपराध, अनुसन्धान र न्याय सम्पादनसँग सम्बन्धित भौतिक सवुत प्रमाणको वैज्ञानिक परीक्षण ।	सालबसाली			प्रयोगशाला भवन र थप वैज्ञानिक उपकरणहरूको व्यवस्था भई अत्याधुनिक प्रयोगशालाहरूको स्थापना भएको हुने। प्रदेशस्तरमा विधि विज्ञान प्रयोगशालाको विस्तार भएको हुने। प्रयोगशाला र सरोकारवाला निकायहरूमा कार्यरत जनशक्तिहरूले भौतिक सवुदहरूको व्यवस्थापन, परीक्षण र विश्लेषण प्रक्रियामा दक्षता हासिल गरेको हुने।
३५०००१२	पुस्तकालयहरू	संकलित एवं उपलब्ध पुस्तकहरूको सुरक्षात्मक प्रबन्ध। संग्रहित दैनिक, साप्ताहिक तथा मासिक पत्रपत्रिकाहरूको व्यवस्थापन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकालयहरूसँग सम्बन्ध एवं समन्वय कायम।	सालबसाली			पुराना तथा नयाँ विषय र ज्ञानका क्षेत्रसँग सम्बन्धित विषयमा पाठकहरूका लागि सहज रुपमा सुविधा उपलब्ध गराउने। नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माण गर्ने।
३५०००१०१	शिक्षाका लागि खाद्य कार्यक्रम	विद्यार्थी भर्नादरमा वृद्धि तथा दैनिक हाजिरी प्रतिशतमा वृद्धि। विद्यालयबाट कक्षाछाडी जाने (भाग्ने) दरमा कमी ल्याउनु। विद्यार्थीहरूको अध्ययन क्षमतामा वृद्धि।	सन् २०१९-२०२३	करिब २ अर्ब ५७ करोड ९५ वर्षको०		विद्यार्थी भर्नादरमा वृद्धि तथा दैनिक हाजिरी प्रतिशतमा वृद्धि भएको हुने। विद्यालयबाट कक्षाछाडी जाने (भाग्ने) दरमा कमी आएको हुने। विद्यार्थीहरूको अध्ययन क्षमतामा वृद्धि भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टर्याई	आगामी तीन वर्षको उपलब्धि सूचक
		विद्यार्थीहरूको पोषण एवं स्वास्थ्य स्थितिमा सुधार। सामाजिक विकृतिको रुपमा रहेको छुवाछुतको भावना हटाउन सहयोग।				विद्यार्थीहरूको पोषण एवं स्वास्थ्य स्थितिमा सुधार भएको हुने। सामाजिक विकृतिको रुपमा रहेको छुवाछुतको भावना हटाउन मद्दत पुगेको हुने।
३५०००१०२	सबैका लागि शिक्षा शिशूविकास कार्यक्रम	सीमान्तकृत समूहका बालबालिकाहरूमा बालविकास कार्यक्रमहरूको पहुँच विस्तार। विद्यालय बाहिर रहेका बालबालिकाको भर्ना अभिवृद्धि।				सीमान्तकृत समूहका बालबालिकाहरूमा बाल विकास कार्यक्रमको पहुँच विस्तार भई विद्यालय बाहिर रहेका बालबालिकाको संख्यामा कमी आएको हुने।
३५०००१०३	व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना □ोस्रो	सीपयुक्त तथा रोजगार उन्मुख जनशक्तिको आपूर्ति बढाउन गुणस्तरीय तालिमको पहुँच वृद्धि। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको सक्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा खपत हुन सक्ने उत्पादनशील र सीपयुक्त जनशक्ति उत्पादनमा सहयोग। प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम पद्धतिको सुदृढीकरण।	२०७४/७५- २०७८/७९	करिब ६ अर्ब ३५ करोड		४६८३६ जना युवाले छोटो अवधिको सीपमूलक तालिम प्राप्त गरेको हुने। २९ वटा पाठ्यक्रम विकास तथा परिमार्जन गर्न सहयोग पुगेको हुने। ३९७९ जना प्राविधिक एसएलसीका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरेका हुने। ९७३ जना डिप्लोमा तहका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरेका हुने। ६० वटा प्राविधिक शिक्षालयले क्रमागत रुपमा कार्यसम्पादनमा आधारित गुणस्तर सुधारका लागि अनुदान प्राप्त गरेको हुने। २२० जनाले नेतृत्व विकास तथा व्यवस्थापन तालिम प्राप्त गरेको हुने। ३०१ जना मुल्याङ्कनकर्ताका लागि तालिम तथा पुनर्ताजगी तालिम प्राप्त गरेको हुने। राष्ट्रिय सीप परीक्षण समिति मार्फत स्वयम् सिकाई

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टर्याई	आगामी तीन वर्षको उपलब्धि सूचक
						भएका १२ हजार जनाको प्रविधिक सीपको परीक्षण गरेको हुने। १५०० जनाले Apprenticeship Model (औद्योगिक अनुभव सहित) / कार्यस्थल प्रशिक्षण (OJT) प्राप्त गरेको हुने।
३५०००१०४	पढाई सीप प्रवर्धन कार्यक्रम	प्रारम्भिक कक्षाका विद्यार्थीका पठन सीप विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन	सन् २०१५/१६-२०२०/२१			प्रारम्भिक कक्षाका विद्यार्थीहरुको पठन सीपमा अभिवृद्धि भएको हुने ।
३५०००१०८	विद्यालय क्षेत्र विकास कार्यक्रम	पहुँच र सहभागिता : विशेष गरी पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले पछाडि परेका समूहका बीच हुने विभेदलाई न्यून गरी समावेशी र समतामूलक शिक्षा प्रणालीको सुनिश्चितता। गुणस्तर : सिकाइ वातावरण, पाठ्यक्रम, शिक्षण सिकाई सामग्री (पाठ्यपुस्तकसमेत), विधि, मूल्याङकन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा सुधार गरी विद्यार्थीको सिकाईमा अभिवृद्धि। सक्षमता : समग्रतामा सिकाइ वातावरण तथा शिक्षण सिकाइ पद्धतिका न्यूनत्तम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरी सुशासन तथा व्यवस्थापकीय प्रणालीको सुदृढीकरण मार्फत् स्थानीय सरकारप्रति उत्तरदायी विद्यालय प्रणाली स्थापना। सुशासन तथा व्यवस्थापन : पहिचान भएका आवश्यकता तथा सङ्घीय स्वरुपलाई ध्यानमा	२०७३/७४ - २०७९/८० सम्म (सन् २०१६ - २०२२)	५ वर्षको लागत ६४६१ मिलियन अमेरिकी डलर		कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुन आउने बालबालिकाको दर ८५ प्रतिशत पुगेको हुने। आधारभूत तह कक्षा १–८ मा खूद भर्नादर ९९ प्रतिशत पुगको हुने। आधारभूत तह कक्षा १–८ को विद्यार्थीको सिकाइ उपलव्धीको प्राप्ताङ्क प्रतिशत गणितमा ६०, विज्ञानमा ६०, नेपालीमा ६२ र अङ्ग्रेजीमा ६० पुगेको हुने। कक्षा ९–१२ को खूद भर्नादर ६० प्रतिशत पुगेको हुने। माध्यमिक शिक्षा कक्षा ९–१२ मा लैङ्गिक समता सूचकाङ्काको आधारमा खूद भर्नादर १ पुगेको हुने। नमूना विद्यालयको संख्या ५४० पुगेको हुने। ५ वर्ष माथिको साक्षरता दर ९४ प्रतिशत पुगेको हुने। आधारभूत तहमा महिला शिक्षकको अनुपात ४५ प्रतिशत पुगेको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनःसंरचना र केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहबीच लागत साझेदारीको अवधारणा अनुरुप दिगो र सुदृढ आर्थिक व्यवस्थापनको सुनिश्चितता। समता : विद्यालय प्रणालीलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउन समग्रतामा सिकाइ वातावरण तथा शिक्षण–सिकाइ पद्धतिका न्यूनत्तम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरी सुशासन तथा व्यवस्थापकीय प्रणालीको सदृढीकरण।				विद्यालय शिक्षाको लागि अनलाइन र अफलाइन कक्षा सञ्चालनको लागि अनलाईन पोर्टल तयार भइ सञ्चालनमा आएको हुने।
३५००२०११	पाठ्यक्रम विकास केन्द्र	विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र परिमार्जन। पाठ्यक्रम तथा पाठ्यक्रम सम्बद्ध सामग्रीहरूको विकास तथा प्रबोधीकरण। विद्यालय शिक्षाको गुणस्तर मानक निर्धारण। प्रदेश र स्थानीय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बद्ध सामग्रीहरूको विकासका लागि सहयोग।	सालबसाली			स्वीकृत राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार कक्षा १–३ को एकीकृत पाठ्यक्रम, मार्गदर्शन, निर्देशिकार स्रोत सामग्री (पाठ्यपुस्तक) विकास भएको हुने। माध्यमिक तहको साधारण, संस्कृत र प्राविधिक धारको पाठ्यक्रम, विशिष्टीकरण तालिका र नमूना प्रश्नपत्र विकास तथा परिमार्जन भएको हुने। डिजिटल सिकाई सामग्री विकास भएको हुने। १ देखि १२ कक्षासम्मको पाठ्यक्रमको अंग्रेजी अनुवाद भएको हुने। कक्षा १० र १२ को मान्यता तथा समकक्षता निर्धारण भएको हुने। निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनका लागि Standardrized Tools सहितको निरन्तर विद्यार्थी मूल्याङ्कन सहयोग सामग्री तयार भएको हुने। माध्यमिक तहमा लागू भएका अनिवार्य र प्रमुख विषयका विशिष्टीकरण तालिका परिमार्जन र सोही

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						अनुसार स्तरीकृत नमूना प्रश्नपत्र (Standardized Model Question) तयार भएको हुने।
३५०२१०१२	शिक्षक सेवा आयोग	सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरवन्दी अनुसार रिक्त शिक्षक पदको नियुक्ति शिक्षकको वढुवाको लागि सिफारिश र शिक्षक अध्यापन अनुमति पत्र सम्वन्धी कार्य।	सालबसाली			विद्यालय शिक्षामा योग्य, सक्षम र उपयुक्त शिक्षकहरूको छनौट भइ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार भएको हुने।
३५००३०११	शैक्षिक गुणस्तर परीक्षण	आवधिक रुपमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान। शैक्षिक निकाय, विद्यालय र बालविकास केन्द्रहरूको कार्यसम्पादनस्तरको परीक्षण गरी गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान। शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू प्रदान।	सालबसाली			कक्षा ५, ८ र १० मा विद्यार्थी उपलब्धि परीक्षण भएको हुने। शैक्षिक व्यवस्थापन सेवा प्रदायक संस्थाको कार्यसम्पादन परीक्षण गरी सुधारका लागि सुझाव प्रदान गर्ने पद्धति स्थापना भई कार्यान्वयन भएको हुने। आगामी ३ बर्षमा सबै सामुदायिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरी तीनै तह (संघ प्रदेश र स्थानीय तह) मा पृष्ठपोषण प्रदान गरेको हुने। गुणस्तरीय शिक्षासँग सम्बन्धित बिषयमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि सुझाव दिएको हुने।
३५००४०११	विद्यालय शिक्षक किताबखाना	सार्वजनिक विद्यालयका शिक्षकहरूको अभिलेख व्यवस्थापन। सेवा निवृत्त शिक्षकलाई निवृत्तभरण, उपदान लगायतका सेवा, सुविधा प्रदान।	सालबसाली			शिक्षकहरूको सिटरोल तथा फायल व्यवस्थापन अध्यावधिक भएको हुने। निवृतिभरण अधिकार पत्र प्राप्त गर्नेलाई सहज र प्रभावकारी रुपमा परिचयपत्र वितरण भएको हुने। शिक्षकहरूको अभिलेख तथा सम्पत्ति विवरण व्यवस्थित भएको हुने।
३५००४०१२	शिक्षक सेवा निवृत्त	सेवा निवृत्त शिक्षकहरूलाई निवृत्तिभरण,	सालबसाली			सेवा निवृत्त शिक्षकहरूको लागि नेपाल सरकारबाट

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	सुविधा	असक्तवृत्ति, सञ्चित विदा, औषधी उपचारको रकम र उपदान प्रदान।				उपलव्ध हुने सेवा सुविधा सहज रुपमा प्राप्त भई सामाजिक सुरक्षा एवं गुणस्तरीय जीवनयापनमा सहयोग पुगेको हुने।
३५०२१०११	विश्वविद्यालय अनुदान आयोग	विश्वविद्यालयहरूको सञ्चालन तथा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित तवरले वितरण। विश्वविद्यालयको शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन।	२०५०/५१ - सालबसाली			विश्वविद्यालय तथा उच्च शैक्षिक संस्था स्थापना गर्ने सम्बन्धमा मापदण्ड तथा नक्शांकनमा आधारित भई नेपाल सरकारलाई परामर्श प्रदान गरेको हुने। विश्वविद्यालयहरूमा सञ्चालन गरिने शैक्षिक कार्यक्रमको गुणस्तर वृद्धि (कूल भर्ना दर, उत्तीर्णता दर, गुणस्तर प्रत्यायन, जेन्डर प्यारिटी, आदि) भई स्तरयुक्त भएको हुने। विश्वविद्यालयहरूबीच समन्वय (क्रेडिट, शिक्षक, विद्यार्थी, पुस्तकालय, प्रयोगशाला आदि) कायम भएको हुने। शैक्षिकस्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा भइ लागू भएका हुने। उच्च शिक्षाको लागि अनलाइन र अफलाइन कक्षा सञ्चालनको लागि अनलाईन पोर्टल तयार भइ सञ्चालनमा आएको हुने।
३५०२१०१३	युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कार्यक्रमहरूको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवम् बौद्धिक विकास। आफ्नो देशको गौरवमय संस्कृतिको वैभवलाई विश्वका अन्य राष्ट्रहरू सम्म विस्तार।	सालबसाली			यूनेस्को सदस्य राष्ट्रका हैसियतले अन्तराष्ट्रिय मञ्चमा नेपालको सहभागिता अभिवृद्धि भएको हुने। शैक्षिक र सांस्कृतिक विकासका कार्यहरूमा सरकारी र गैरसरकारी क्षेत्रको भूमिका अभिवृद्धि भएको हुने। जनमानससम्म युनेस्कोको आदर्श पुगेको हुने।
३५०३१०११	राष्टिय परीक्षा बोर्ड	माध्यमिक शिक्षाको अन्त्यमा हुने माध्यमिक शिक्षाको परीक्षा संचालन,	सालबसाली			माध्यमिक शिक्षा परीक्षा स्तरीकृत प्रश्न पत्रबाट सञ्चालन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		व्यवस्थापन, नतिजा प्रकाशन, प्रमाणीकरण र अभिलेखीकरण।				
३५०४१०११	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	देशको आर्थिक उन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील जनशक्तिको तयार। रोजगारी क्षमता सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको व्यापक विस्तार। सार्वजनिक, सहकारी र औद्योगिक तथा निजी क्षेत्रसँग सहकार्य गरी कार्यस्थलको सिकाइसहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) विस्तार।	२०४५/४६ - सालबसाली			वार्षिक ७४,८६३ जना (आङ्गिक शिक्षालय ५९, ,साझेदारी शिक्षालय २० सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) ५३४ निजी ४२९ शिक्षालय एवं विद्यालय मार्फत) युवाहरूले प्राविधिक शिक्षा हासिल गरेका हुने। वार्षिक ४० हजार वेरोजगार युवाहरूले सीपमूलक व्यावसायिक तालिम प्राप्त गरेका हुने। प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तहमा प्राविधिक व्यावसायिक शिक्षा एवं तालिमको पहूँच विस्तार भएको हुने। सीपमूलक तालिम प्राप्त गर्ने सबै व्यक्तिहरूको सीप प्रमाणीकरण भएको हुने। १०३०० जना औद्योगिक प्रशिक्षार्थी तालिम, १२०० जना कार्यस्थलको सिकाइ, ४३०० जना कार्यगत तालिम र ५८०० युवाले औद्योगिक प्रशिक्षार्थी कार्यक्रममा सहभागी भएको हुने। प्राविधिक शिक्षाको लागि अनलाइन र अफलाइन कक्षा सञ्चालनको लागि अनलाईन पोर्टल तयार भइ सञ्चालनमा आएको हुने।
३५०२१०१४	चिकित्सा शिक्षा आयोग	चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरुप विकास। चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्वन्धी कार्य व्यवस्थापन।	सालबसाली			मेडिकल शिक्षा अध्ययनका लागि एकीकृत प्रवेश परीक्षा सञ्चालन भएको हुने। सार्वजनिक शिक्षण संस्थामा एमविविएस अध्ययन गर्ने ७५ प्रतिशत विद्यार्थीहरूलाई छात्रवृत्ति उपलव्ध भएको हुने। चिकित्सा शिक्षाको न्यूनतम मापदण्ड निर्धारण भएको

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						हुने।
३५००१०१३	शिक्षा विकास तथा समन्वय इकाई	व्यवस्थित रुपमा पुराना शैक्षिक अभिलेख व्यवस्थापन र प्रमाणित प्रतिलिपि उपलव्धता। कक्षा १० को एसइइ परीक्षा , शिक्षा सेवा आयोग र कक्षा ११ र १२ को परीक्षा सञ्चालनमा समन्वय।	सालवसाली			व्यवस्थित रूपमा पुराना शैक्षिक अभिलेख व्यवस्थापन र प्रमाणित प्रतिलिपि उपलव्ध भएको हुने। कक्षा १० को एसइइ परीक्षा , शिक्षा सेवा आयोग र कक्षा ११ र १२ को परीक्षा सञ्चालनमा समन्वय भई प्रभावकारी रुपमा सञ्चालन भएको हुने। जिल्लाभित्रका स्थानीय तहहरूबीच शैक्षिक कार्यक्रम सञ्चालन र व्यवस्थापन तथा अभिलेख एवं प्रतिवेदन सम्बन्धि कार्यमा प्रभावकारी समन्वय भइ कार्यसञ्चालनमा सहजीकरण भएको हुने।
३५००१०११	शिक्षा तथा मानव स्रोत विकास केन्द्र	निर्धारित नीति–नियमका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको योजना तथा बजेट तयार गरी शिक्षा मन्त्रालय समक्ष प्रस्तुत तथा कार्यक्रमहरू कार्यान्वयन। कर्मचारीहरूको वृत्ति विकासका लागि योजना तयार गरी शिक्षा मन्त्रालयमा पेश।				१५-६० वर्ष उमेर समूहको जनसंख्या मध्ये ९५ प्रतिशत भन्दा माथि साक्षर भई साक्षर नेपाल घोषणा भएको हुने। स्थानीय तहगत रुपमा शिक्षकहरूको दरवन्दी मिलान भइ कार्यान्वयन भएको हुने। संस्थागत समन्वय र सहजीकरण भइ शैक्षिक क्षेत्रको विकासमा योगदान पुगेको हुने। एकीकृत शैक्षिक तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रकाशन भई वितरण भएको हुने। शैक्षिक क्षेत्रमा अनुगमन र अनुसन्धान सम्बन्धि कार्य गरी शैक्षिक गुणस्तर अभिवृद्धि र सेवा प्रवाह सुदृढ भएको हुने।
३५०६१०११	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्द्धन।	सालवसाली			नवप्रवर्तन केन्द्र, Analytical Service Centre, Natural Disaster Mitigation अनुसन्धान केन्द्र र Science City स्थापना भएको हुने। नेपालमा Global Innovation Index लाई ३ अंकको

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टर्याई	आगामी तीन वर्षको उपलब्धि सूचक
						सूचकाङ्कबाट २ अंकमा ल्याउने। National Innovation Index र नेपाली अनुसन्धानकर्ता परिचय (Nepali Researchers' Identity) तयार भएको हुने। Who is Who in STI प्रकाशन गर्ने र समय समयमा अध्यावधिक गर्ने। प्रविधि प्रयोगशाला भवनलाई अत्याधुनिक उपकरणहरू जडान गर्ने। नेपालका संकटापन्न, रैथाने, नेपाल सरकारले संरक्षण, खेती विकास र अनुसन्धानका लागि सूचीकृत गरेका, साइटिस अनुसूचीमा परेका महत्वपूर्ण जडीबुटी र अन्य वनस्पतिरुको डिएनए बारकोड (DNA barcode) तयार गरिने।

९. जोखिम पक्ष तथा अनुमान

संरचनागत स्पष्टता, तीनै तहका सरकार बीचको प्रगति प्रतिवेदन संयन्त्र विकास, समयमै भरपर्दो शैक्षिक तथ्याङ्कको विकास र प्रयोग, जनशक्तिको उचित व्यवस्थापन, दातृ निकायबाट प्राप्त हुने स्रोतको प्रर्याप्तता, कानुनी प्रबन्ध, तीन तहका सरकारबीच समन्वय र सहकार्य, विपद जोखिम व्यवस्थापन, जनशक्तिको क्षमता विकास र परिचालन, नवीनतम प्रविधिको उपयोग, शिक्षा सम्बद्ध पेशाकर्मीको रचनात्मक सहयोग र सहकार्य जस्ता पक्षमा समयमै ध्यान पुऱ्याउन सकेमा लक्ष्य पूरा हुने देखिन्छ।

५.२ स्वास्थ्य तथा जनसंख्या

१. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। यसै सन्दर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामुलकबाट सेवामुलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानुपर्ने आवश्यकता छ। स्वास्थ्य क्षेत्रमा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमको परिणाम प्रतिलाख जीवित जन्ममा मातृ मृत्यु अनुपात २३९, प्रतिहजार जीवित जन्ममा नवजात शिशु मृत्युदर २० र पाँच वर्षमुनिका बाल मृत्युदर ३२ मा झरेको र जन्मदाको अपेक्षित उमेर ७०.६ वर्ष भएको छ। स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन सम्बन्धी राज्यको नीति तथा कार्यक्रमको फलस्वरूप जनसंख्याको वार्षिक वृद्धिदर १.३५ प्रतिशत, प्रजननशील उमेरका महिलाको प्रजनन दर २.३ प्रति महिला र जनसांख्यिक लाभांशको रूपमा रहेको सक्रिय जनसंख्या ५७ प्रतिशत रहेको छ।

दिगो विकास लक्ष्यलाई विकास योजनामा आन्तरिकीकरण गर्ने क्रममा पन्ध्रौ आवधिक योजनाको नतिजा सूचकका रूपमा दिगो विकास लक्ष्यका सूचकलाई लिइएको छ। नागरिकलाई स्वस्थ बनाउन आधुनिक, आयुर्वेदिक, प्राकृतिक, होमियोप्याथिक चिकित्सा, स्वास्थ्य सुशासन र अनुसन्धान, विश्वभरी महामारी संकटको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) जस्ता रोगहरुको पहिचान तथा नियन्त्रणको लागि निरोधात्मक, प्रर्वद्धनात्मक र उपचारात्मक कार्यक्रम मार्फत गुणस्तरीय, समतामुलक र न्यायोचित स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराउन आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमबीच सामञ्जस्यीकरण गरिएको छ।

२. समस्या र चुनौती

जनताको अपेक्षा अनुरुप गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र एकरुपता कायम हुन नसक्नु, सेवामूलक तथा जनस्वास्थ्य प्रति उत्तरदायी जनशक्ति पर्याप्त विकास गर्न नसकिनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको जनशक्ति उत्पादन र उपयोग तथा आधुनिक उपकरण र विशेषज्ञ चिकित्सक बीचको सामञ्जस्यता हुन नसक्नु, सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्या विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवनशैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक स्वास्थ्य समस्या बढ्दै जानु स्वास्थ्य तथा पोषण सम्बन्धी प्रमुख समस्याका रुपमा देखा परेका छन्। यसैगरी गरिबी, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित शहरीकरण, बसोबास र बसाईसराई तथा आप्रवासन र सामाजिक कुरीतिले जनसंख्या र विकासबीच असन्तुलन हुनु, विस्तृत एवम् खण्डीकृत तथ्याङ्क सहितको जनसंख्या व्यवस्थापन सूचना प्रणाली स्थापना हुन नसक्नु, जनसांख्यिक लाभको रूपमा रहेको उत्पादनशील जनशक्तिलाई समष्टिगत देश विकासमा परिचालन गर्न नसक्नु जनसंख्या तथा बसाइँसराइ सम्वन्धी प्रमुख समस्याको रुपमा रहेका छन्।

स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पँहुच स्थापित गर्नु, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट निःशुल्क रुपमा उपलब्ध गराउनु, स्वास्थ्य उपचारमा विद्यमान उच्च दरको व्यक्तिगत खर्च घटाउनु, स्वास्थ्य बिमा मार्फत गुणस्तरीय उपचारात्मक सेवामा जनताको सर्वसुलभ पहुँच सुनिश्चित गर्नु, स्वास्थ्य क्षेत्रमा निजी तथा गैर सरकारी क्षेत्रको भूमिका थप सेवामूलक बनाउनु, स्वास्थ्य सेवा र सामाजिक उत्तरदायित्व बहन गर्ने सीप-मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको व्यवस्थापन गर्नु, औषधि उत्पादनमा आत्मनिर्भरता अभिवृद्धि गरी औषधि तथा औषधिजन्य सामाग्रीको प्रभावकारी व्यवस्थापन तथा नियमन गर्नु, जलवायु परिवर्तन र बढ्दो शहरीकरणसँगै सृजना भएका जीवनशैलीसँग सम्बन्धित स्वास्थ्य समस्याको समाधान गर्नु, स्वास्थ्य सूचना प्रणालीहरुलाई यथोचित व्यवस्थापन गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्। उत्पादनशील जनशक्तिलाई क्षमतामा आधारित

रोजगारीको सुनिश्चितता गर्नु, बढदो आप्रवासनलाई समुचित व्यवस्थापन गर्नु, मृत्युको कारणको अभिलेख राख्ने पद्धतिको विकास र नियमित अनुसन्धान गर्नु, उच्चदरमा बढ्दो ज्येष्ठ नागरिकहरुमा रहेको अनुभव, ज्ञान र सिपलाई अन्तरपुस्ता हस्तान्तरण गर्ने प्रभावकारी व्यवस्था गर्नु, जनसांख्यिकीय सूचना बैंकको निर्माण र विस्तार गरी समग्र स्वास्थ्य तथा जनसंख्या क्षेत्रमा सुशासन कायम गर्नु जस्ता चुनौती समेत रहेका छन्।

३. सोच

- स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक (स्वास्थ्य तथा पोषण)।
- उत्पादनशील जनसांख्यिक स्रोत (जनसंख्या तथा बसाइँसराइ)।

४. उद्देश्य

१. संघ, प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्नु। (स्वास्थ्य तथा पोषण)

२. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन अभिवृद्धि गर्दै नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक क्षेत्रको रुपमा क्रमशः रूपान्तरण गर्नु। (स्वास्थ्य तथा पोषण)

३. बहुक्षेत्रीय समन्वय तथा साझेदारी सहित स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउदै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्नु। (स्वास्थ्य तथा पोषण)

४. सबै नागरिकलाई स्वस्थ, सवल र सक्रिय बनाई औसत आयुमा वृद्धि गर्नु। (जनसंख्या तथा बसाइँसराइ)

५. बसाइँसराई तथा सहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग गर्नु। (जनसंख्या तथा बसाइँसराइ)

६. जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु। (जनसंख्या तथा बसाइँसराइ)

५. रणनीति

अ. स्वास्थ्य तथा पोषण

१. प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (Palliative Care) लगायतका आधारभूतदेखि विशिष्टिकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पँहुच सुनिश्चित गर्ने।

२. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरूको योजनाबद्ध विकास र विस्तार गर्ने।

३. जीवनपथको अवधारणा (Life Course Approach) अनुरुप सबै उमेर समूहका नागरिकहरूको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार तथा विस्तार गर्ने।

४. जनसंख्याको वितरण, भौगोलिक अवस्थिति एवम् आवश्यकताको आधारमा संघ, प्रदेश र स्थानीय तहमा अस्पताल र स्वास्थ्य संस्थाहरू तथा सीप-मिश्रित सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने दक्ष जनशक्तिको बिकास तथा बिस्तार गर्ने।

५. स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गर्दै दिगो स्वास्थ्य वित्तीय प्रणालीको विकास गर्ने।

६. स्वास्थ्य सेवामा सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गर्दै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई व्यवस्थापन तथा नियमन गर्ने।

७. नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधि तथा औषधिजन्य सामाग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने।

८. सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा जनस्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वास्थ्य प्रणाली सहितको एकीकृत उपाय अवलम्बन गर्ने।

९. स्वास्थ्य सूचना प्रणालीलाई थप व्यवस्थित, एकीकृत र प्रविधि मैत्री बनाउँदै सबै तहको स्वास्थ्य सूचनाको मागलाई यथोचित सम्बोधन गरी अनुगमन, मूल्याङ्कन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रकियामा तथ्याङ्कको प्रयोग बढाउने।

१०. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्रलाई समयानुकुल परिमार्जन गर्दै प्रदेश स्तरसम्म विकास र विस्तार गर्ने।

११. आप्रवास प्रक्रियाबाट जन स्वास्थ्यमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्था मिलाउने।

१२. बहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

१३. बहुक्षेत्रीय समन्वय मार्फत सबै नीतिमा स्वास्थ्यलाई समावेश गर्ने।

आ. जनसंख्या तथा बसाईँसराइ

१. किशोरकिशोरी तथा युवाहरुको सुरक्षित यौन तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रुपमा विकास गर्ने।

२. जनसांख्यिक लाभांश सदुपयोग गर्न ज्ञान र सीपमा आधारित रोजगारीका अवसरहरू सिर्जना गर्ने।

३. अधिकारमा आधारित लैंगिक समानता र समावेशीकरणको माध्यमबाट जनसङ्ख्या र विकासमा मूलप्रवाहीकरण गर्ने नीति लिंदै विद्यमान कानुन तथा संस्थागत व्यवस्थामा सुधार गर्ने।

४. ग्रामीण तथा दुर्गम क्षेत्रमा एकीकृत बस्ती विकासको माध्यमबाट आन्तरिक बसाईँसराई र शहरीकरणलाई व्यवस्थित गर्ने।

५. जनसंख्या तथा बसाईँसराई सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसंख्या सूचनालाई व्यवस्थित गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

क्र.सं	नतिजा सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	६९.७	७१	७१.२	७१.५	७२.०
२.	३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार	प्रतिशत	४९.३	६९	७०	७३	७५
३.	स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको अनुपात	प्रतिशत	५३	५४.४	४४	४३	४२
४.	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	जना	२३९	२३९	१७५	१५०	१२५
५.	५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	जना	३९	३२	३१	२८	२६
६.	नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	जना	२१	२०	१७	१६	१५
७.	कुल प्रजनन दर	प्रति महिला	२.३	२.३	२.२	२.२	२.१
८.	किशोरी अवस्थाको प्रजनन (१९ वर्ष मुनि जीवित जन्ममा)	प्रतिशत	१३	१३	१०	९	८
९.	पहिचान भएका क्षयरोगीमध्ये उपचारको सफलता दर	प्रतिशत	८६	८८	९५	९५	९५

क्र.सं	नतिजा सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१०.	३० वर्षदेखि ७० वर्ष उमेर समूहका मानिसहरूमा कार्डियोभास्कुलर रोग, क्यान्सर, मधुमेह वा स्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोगहरूबाट हुने मृत्युदर	प्रति हजार	२.८		२.४५	२.४०	२.३५
११.	स्वास्थ्य बिमामा आवद्ध भएको जनसंख्या	प्रतिशत	७	१०	५०	६०	६०
१२.	प्रति लाख जनसंख्यामा स्वास्थ्यकर्मीको संख्या	संख्या	१०५०		४४५०	४४५०	४४५०
१३.	प्रति लाख जनसंख्यामा डाक्टरको संख्या	संख्या	७८		८५	९०	९५
१४.	परिवार नियोजनको आधुनिक साधन प्रयोग दर	प्रतिशत	४३	४२.९	५२	५२	५३
१५.	स्वास्थ्य संस्था मार्फत प्रसूति सेवा लिने महिला	प्रतिशत	५७	६१.४	६९	७२	७४
१६.	दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला (जीवित जन्ममा)	प्रतिशत	५२	५७.५	७०	७१	७३
१७.	प्रोटोकल अनुसार चार पटकसम्म गर्भवती जाँच गर्ने महिला	प्रतिशत	५०	५५.१	७२	७३	७५
१८.	प्रोटोकल अनुसार बच्चाको जन्मपछि तीन पटक सेवा प्राप्त गर्ने महिला	प्रतिशत	१५	२१	५५	६०	६५
१९.	भिटामिन ए प्राप्त गर्ने सुत्केरी महिला	प्रतिशत	७४	६०.६	७६	७७	८०
२०.	डिपीटी हेप हिप खोप तेस्रो प्राप्त गर्ने बालबालिका	प्रतिशत	९०	८१	९२	९३	९४
२१.	दादुरा खोप प्राप्त गर्ने बालबालिका	प्रतिशत	९०	७६.५	९२	९३	९४
२२.	औलो रोगबाट संक्रमित व्यक्ति (इन्डोजेनस संक्रमण मात्र)	संख्या	३५९	८७	१००	५०	२५
२३.	एचआइभिबाट नयाँ संक्रमित व्यक्ति	प्रति लाख	३०	१०.७	२२	१९	१८
२४.	गर्भवती महिला मध्ये पी एम टी सी टी सेवा पाएका महिला	प्रतिशत	७०	५७	८०	८५	९०
२५.	क्षयरोग लाग्ने दर (Incidence Rate)	प्रति लाख	१५८	९४.६	७९	७२	६७
२६.	औलोज्वरो	प्रति हजार	०.०४	०.०२	०.०४	०.०४	०.०४
२७.	डेङ्गु	संख्या	९८५	१९,७७१	४२५	३९५	३६४
२८.	एक्टीभ ट्रकोमा	संख्या	१३६	१३६	८१	७७	७३
२९.	१४ वर्ष वा माथिका व्यक्तिहरूको सुर्ति सेवन/धुम्रपान	प्रतिशत	३०.८	२८.९	२६.०	२५.०	२४.३

क्र.सं	नतिजा सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
३०.	महिलाहरूको नाममा घरजग्गा रहेका परिवार	प्रतिशत	२६	२६	२८	२९	३०
३१.	जीवन कालमा शारीरिक, मानसिक वा यौन हिंसा पीडित महिला	प्रतिशत	२४.४	२२.२	२०	१७.८	१६
३२.	विगत १२ महिनामा शारीरिक, मानसिक वा यौन हिंसा पीडित महिला	प्रतिशत	१३.५	९.१	९.५	८.०	७.०
३३.	५ वर्षभन्दा मुनिका बालबालिकामा भएको पुड्कोपन (उमेर अनुसार उचाई कम)	प्रतिशत	३६	३६	३०	२७	२४
३४.	५ वर्ष मुनिका कम तौल भएका बालबालिका	प्रतिशत	२७	२०	२०	१९	१८
३५.	सुधारिएको सरसफाइ सुविधा (एकल प्रयोग) उपलब्ध परिवार	प्रतिशत	६४.६	-	७९	८६	९३
३६.	प्रजनन उमेर समूहका महिलामा रक्तअल्पता	प्रतिशत	४१	४१	२६	२५	२३
३७.	पूर्ण खोप प्राप्त गर्ने प्रजननयोग्य उमेरका महिला	प्रतिशत	७३	-	९३	९५	९८
३८.	पूर्ण खोप प्राप्त गर्ने बालबालिका	प्रतिशत	७०	६३.९	९३	९५	९८
३९.	स्वास्थ्यमा सरकारी खर्च (कुल राष्ट्रिय बजेटमा)	प्रतिशत	४.३	५.१	६.५	७	
४०.	आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेक परिवार	प्रतिशत	४८.२	४८.२	६३	७०	७५
४१.	जन्मेको एक घण्टाभित्र स्तनपान गरेका बालबालिका	प्रतिशत	५४.९	५५	६३	७०	७५

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	६०६,७८८	४५४,१०७	१५२,६८१	-	२२३,६३७	७३,५८१	३०९,५७०
२०७८/७९	५८४,९०४	३९४,५७२	१९०,३३२	-	२९२,९४५	४०,४५८	२५१,५००
२०७९/८०	६१६,०१२	४१७,९४६	१९८,०६६	-	४३०,७४१	२९,२७१	१५६,०००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन आर्थिक वर्षको उपलब्धि सूचक
३७०००११	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	नीति व्यवस्थापन तथा नियमन	सालबसाली			संघीय संरचना अनुरुप राष्ट्रिय नीति, रणनीति, मापदण्ड तथा निर्देशिकाहरु कार्यान्वयन गरी नियमन तथा व्यवस्थापकीय प्रणाली सुदृढ भई समग्र स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता बढेको हुने।
३७०००१३	पशुपति होमियो चिकित्सालय र युनानी औषधालय	सेवा प्रवाह	सालबसाली			पशुपति होमियो चिकित्सा र युनानी सम्बन्धी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुने।
३७०००१०१	कान्ति बाल अस्पताल	विशेषज्ञ बाल स्वास्थ्य सेवा प्रवाह	सालबसाली (२०१६ देखि)			बालबालिकाहरूको विशिष्ट स्वास्थ्य उपचारको पहुँचमा सुधार आई समग्र स्वास्थ्य स्थितिमा सुधार आएको हुने।
३७०००१०२	शुक्रराज ट्रपिकल अस्पताल	सेवा प्रवाह	सालबसाली (२०४६ देखि)			कोभिड-१९ लगायतका सरूवा रोग परीक्षण, नियन्त्रण र रोकथाम गर्न सघाउ पुऱ्याई स्वास्थ्य सेवा प्रणाली मजबुत भएको हुने।
३७०००१०३	परोपकार प्रसुति अस्पताल	विशेषज्ञ प्रसुति सेवा प्रवाह	सालबसाली (२०१६ देखि)			प्रसुति तथा गर्भपतन पश्चातको सेवालगायत प्रजनन् स्वास्थ्य सेवामा जनताको पहुँच पुगेको हुने।
३७०००१०४	नेपाल आखाँ अस्पताल	विशेषज्ञ आखाँ सेवा प्रवाह र उपचार सेवा	सालबसाली (२०३१ देखि)			सुलभ र प्रभावकारी विशेषज्ञ आँखाको उपचार सेवा उपलब्ध भएको हुने।
३७०००१०५	बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल	विशेषज्ञ सेवा प्रवाह	सालबसाली (२०५२ देखि)			देशभित्र सुलभ र गुणस्तरीय क्यान्सर उपचार सेवा उपलब्ध भएको हुने।
३७०००१०६	मनमोहन कार्डियोथेरासिक भस्कुलर तथा ट्रान्स्प्लान्ट केन्द्र, महाराजगञ्ज	विशेषज्ञ सेवा प्रवाह	सालबसाली (२०६१ देखि)			मुटुरोगीहरूलाई न्यूनतम सेवा शुल्कमा स्तरीय एवम् सुलभ चिकित्सा सेवा उपलब्ध भएको हुने।
३७०००१०७	शहिद गंगालाल हृदय	विशेषज्ञ सेवा प्रवाह	सालबसाली			मुटुका रोगीहरूलाई न्यूनतम सेवा शुल्कमा स्तरीय एवम् सुलभ

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन आर्थिक वर्षको उपलब्धि सूचक
	केन्द्र		(२०५७ देखि)			चिकित्सा सेवा उपलब्ध भएको हुने।
३७०००१०८	त्रि. वि. शिक्षण अस्पताल (सुरेश वाग्ले स्मृति क्यान्सर केन्द समेत)	विशेषज्ञ सेवा प्रवाह	सालबसाली (२०६५ देखि)			त्रि.वि. शिक्षण अस्पतालमा क्यान्सरका बिरामीलाई उपचार सेवा उपलब्ध भएको हुने।
३७०००१०९	स्वास्थ्य कर कोषबाट संचालित कार्यक्रम	उपचार सेवा प्रवाह तथा रोग नियन्त्रणमा सहयोग	सालबसाली (२०५१ देखि)			धुम्रपानले हुने क्यान्सर, मुटुजन्य रोग नियन्त्रणमा थप सहयोग पुगेको हुने।
३७०००११०	आयुर्वेद चिकित्सालय, नरदेवी	आयुर्वेद सेवा प्रवाह	सालबसाली			अस्पतालहरू स्थापना र सुदृढ भई जनतालाई गुणस्तरीय आयुर्वेद सेवा उपलब्ध भएको हुने।
३७०००१११	सिहंदरबार वैद्यखाना	आर्युवेद औषधिको उपलब्धतता	सालबसाली (२०९४ देखि)			गुणस्तरीय आयुर्वेद औषधिहरू सुलभ रूपमा उपलब्ध भएको हुने।
३७०००११२	बी.पी. कोईराला लायन्स नेत्र अध्ययन केन्द्र	विशेषज्ञ सेवा प्रवाह, जनशक्ति उत्पादन	सालबसाली (२०५३ देखि)			दक्ष नेत्र विशेषज्ञ उत्पादन भई स्तरीय आँखा स्वास्थ्य सेवा उपलब्ध भएको हुने।
३७०००११३	नेपाल नेत्र ज्योति संघ	आखाँ सम्बन्धी रोगहरुमा न्यूनीकरण	सालबसाली (२०३५ देखि)			आँखा उपचार सम्बन्धी जनचेतना जागृत भई आँखाको रोगमा कमी आएको हुने।
३७०००११४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	योजना कार्यान्वयन, सुदृढीकरण तथा समन्वय	सालबसाली			तीन तहका स्वास्थ्य सम्बन्धी कार्यमा समन्वयमा थप सुदृढ भई स्वास्थ्य सेवा प्रवाहमा सुधार भएको हुने।
३७०००११५	मानव अंग प्रत्यारोपण केन्द्र	विशेषज्ञ सेवा प्रवाह	सालबसाली			स्वदेशमै अङ्ग प्रत्यारोपणको सेवा उपलब्ध हुनुका साथै मुटु, मृगौला, कलेजो लगायतमा सुलभ उपचार सेवा प्रवाह भएको हुने।
३७०००११६	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	स्वास्थ्य पूर्वाधार विकास तथा विस्तार	(२०५७ देखि सालबसाली) (२०७६/७७-	१,३५,०००		जनसंख्या तथा भूगोलको आधारमा स्वास्थ्य संस्थाहरूको वर्गीकरण, स्वास्थ्य संस्था निर्माण, संचालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड विकास गरी लागू भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन आर्थिक वर्षको उपलब्धि सूचक
	(स्वास्य संस्था तथा स्वास्थ्य सेवा विस्तार कार्यक्रम)		८०/८१)			गुणस्तरीय स्वास्थ्य पूर्वाधारको माध्यमबाट सेवा प्रवाहमा थप सुधार भएको हुने।
३७०००११८	कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्यक्रम	कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण	२०७७/७८	६ अर्ब		कोरोना संक्रमण परीक्षण, क्वारेण्टीन व्यवस्थापन, आवश्यक औषधी उपकरण व्यवस्थापन र प्रमुख प्रवेश नाकामा आवश्यक उपकरण र स्वास्थ डेस्क स्थापना भएको हुने।
३७००१०११	स्वास्थ्य सेवा विभाग	समन्वय	सालबसाली			स्वास्थ्य सम्बन्धी कार्यक्रममा अन्तरतह र निकायबीच समन्वय भई गुणस्तरीय सेवा प्रवाहमा भएको हुने।
३७००११०१	क्षयरोग नियन्त्रण कार्यक्रम	संक्रमण रोग नियन्त्रण तथा सेवा प्रवाह	सालबसाली (२०३२ देखि)			उपचारात्मक तथा प्रवर्द्धनात्मक सेवा प्रदान गरी क्षयरोगीहरूको संख्यामा कमी आएको हुने।
३७००११०२	एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम	संक्रमण रोग नियन्त्रण तथा सेवा प्रवाह	सालबसाली (२०४९ देखि)			उपचारात्मक, प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवा प्रदानमार्फत् एचआई भी एड्स रोगीहरूको संख्यामा कमी आउनुका साथै उनीहरूको जीवन सहज भएको हुने।
३७००११०३	एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम	महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्यमा सुधार	सालबसाली (२०२५ देखि)			परिवार नियोजनका साधनको प्रयोगदरमा वृद्धि, महिलाको आङ्ग खस्ने रोगमा कमी, गर्भवती महिलाको जाँचमा वृद्धि, स्वास्थ्य संस्थामा प्रसूति गराउनेको संख्यामा वृद्धि तथा सुरक्षित गर्भपतनको प्रयोगले महिलाको प्रजनन स्वास्थ्यमा सुधार आई नवजात शिशु मृत्युदर तथा मातृ मृत्युदरमा कमी आएको हुने।
३७००११०५	महामारी तथा रोग नियन्त्रण कार्यक्रम	संक्रमण तथा रोग नियन्त्रण	सालबसाली (२०५० देखि)			कोभिड-१९ लगायतका सरूवाजन्य महामारी रोग र सर्पदंश, रेबिज, कालाजार, डेंगु, मलेरिया, एभियन इन्फ्लुन्जा तथा अन्य संक्रामक रोगको रोकथाम भई मृत्युदरमा कमी आएको हुने।
३७००११०७	औषधि र उपकरण आपूर्ति	औषधि र उपकरणको सुनिश्चितता	सालबसाली (२०३८ देखि)			स्वास्थ्य संस्थाहरूमा समयमा नै औषधि र उपकरण उपलब्ध भई सेवा प्रवाह प्रभावकारी भएको हुने।
३७००११०९	राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार	जनस्वास्थ्यमा सुधार	सालबसाली			स्वास्थ्यका विषयमा जनचेतना अभिवृद्धि भई जनस्वास्थ्यमा सुधार भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन आर्थिक वर्षको उपलब्धि सूचक
	केन्द्र					
३७००१११०	राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम	स्वास्थ्य जनशक्तिको क्षमता विकास	सालबसाली			स्वास्थ्यकर्मीहरूको थप ज्ञान, सीप तथा क्षमतामा अभिवृद्धि भई गुणस्तरीय सेवा प्रवाह भएको हुने।
३७००१११९	कीटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालिम केन्द्र	रोग निदानमा योगदान	सालबसाली			मलेरिया, हात्तीपाइले, जापानिज इन्सेफलाइटिस, कालाजार लगायतका कीटजन्य रोगहरूबारे अनुसन्धान भई रोग निदानमा योगदान भएको हुने।
३७००१११२	राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला	प्रयोगशाला सेवाको सुदृढीकरण	सालबसाली			प्राथमिक स्वास्थ्य केन्द्रसम्म जनस्वास्थ्य प्रयोगशालाहरू सुदृढ तथा व्यवस्थित भई व्याक्टेरियोलोजी, वायोकेमेष्ट्रि सेवा उपलब्ध भएको हुने। कोभिड-१९ जस्ता महामारीजन्य रोगको परीक्षण, नियन्त्रण र उपचारजस्ता सेवा उपलब्ध भएको हुने।
३७००१११५	उपचारात्मक सेवा कार्यक्रम (उपचारात्मक सेवा महाशाखा)	उपचारात्मक सेवाको व्यवस्थापन तथा समन्वय	सालबसाली (२०७५ देखि)			उपचारात्मक सेवाका लागि आवश्यक मापदण्ड तयार हुनुका साथै व्यवस्थापनमा सुधार भई स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि भएको हुने। कोभिड-१९ जस्ता सरूवाजन्य महामारी रोगको नियन्त्रणको लागि समुदायमा आधारित कार्यक्रम संचालन भएको हुने।
३७००१११६	नर्सिङ्ग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम (नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा)	नर्सिङ्ग सेवाको ब्यवस्थापन तथा तथा सामाजिक सुरक्षा सेवा	सालबसाली (२०७५ देखि)			विपन्न नागरिकका लागि उपचारात्मक सेवाको पहुँचमा बृद्दि तथा नर्सिङ्ग सेवामा सुधार भएको हुने।
३७००२०११	औषधि व्यवस्था विभाग	औषधि व्यवस्थापन तथा नियमन	सालबसाली			औषधिको प्रभावकारी नियमनमार्फत् गुणस्तरीय औषधिमा सर्वसाधारणको पहुँच बढेको हुने।
३७००३०११	आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग	अनुगमन, सुपरिवेक्षण तथा व्यवस्थापन	सालबसाली			अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण संस्थागत भई आयुर्वेद लगायत अन्य वैकल्पिक चिकित्सा सेवा प्रभावकारी भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन आर्थिक वर्षको उपलब्धि सूचक
३७००३१०१	विविध कार्यक्रम (आयुर्वेद विभाग)	आयुर्वेद अस्पताल सुदृढीकरण	सालबसाली (२०३८ देखि)			आयुर्वेद अस्पतालहरू स्थापना र सुदृढ भई जनतालाई आयुर्वेद सेवा उपलब्ध भएको हुने।
३७००३१०२	आयुर्वेद सेवा कार्यक्रम	आयुर्वेदिक सेवा प्रवाह	सालबसाली (२०६१ देखि)			गुणस्तरीय आयुर्वेद औषधि सुलभ रूपमा उपलब्ध भएको हुने।
३७०३११०१	स्वास्थ्य बिमा कार्यक्रम	स्वास्थ्य सेवामा सर्वव्यापी र गुणस्तरीय पहुँच र उपयोगमा वृद्धि	२०७२/७३ देखि २०८०/८१			स्वास्थ्य बिमामा आवद्ध जनसंख्या ६० प्रतिशत पुगेको हुने। स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च ५३ प्रतिशतबाट घटेर ४० प्रतिशत भएको हुने।
३७०४१०११	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	स्वास्थ्य योजना तथा सेवा प्रवाहमा योगदान	सालबसाली (२०४८ देखि)			स्वास्थ्य क्षेत्रमा आवश्यक अनुसन्धान भै स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने उपाय पहिचान भएको हुने।
३७०६१०११	केन्द्रिय अस्पताल तथा प्रतिष्ठान	विशेषज्ञ सेवा प्रवाह तथा जनशक्ति उत्पादन	सालबसाली			विशेषज्ञ सेवा प्रवाह हुनुका साथै जनशक्ति उत्पादन भई सेवा प्रवाहमा सुधार भएको हुने।
३७०६१०१२	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत)	विशेषज्ञ सेवा प्रवाह तथा जनशक्ति उत्पादन	सालबसाली (१९३६ देखि)			गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै थप जनशक्ति उत्पादन भएको हुने।
३७०६१०१३	बी.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	विशेषज्ञ सेवा प्रवाह तथा जनशक्ति उत्पादन	सालबसाली (२०५० देखि)			गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै थप जनशक्ति उत्पादन भएको हुने।
३७०६१०१४	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	विशेषज्ञ सेवा प्रवाह तथा जनशक्ति उत्पादन	सालबसाली (२०६८ देखि)			गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै थप जनशक्ति उत्पादन भएको हुने।
३७०६१०१६	रापी स्वास्थ्य विज्ञान प्रतिष्ठान	विशेषज्ञ सेवा प्रवाह तथा जनशक्ति उत्पादन	सालबसाली (२०७६ देखि)			गुणस्तरीय स्वास्थ्य जनशक्ति तथा सेवा उत्पादन र वितरण भएको हुने।
३७०६१०१७	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	विशेषज्ञ सेवा प्रवाह तथा जनशक्ति उत्पादन	सालबसाली			गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै थप जनशक्ति उत्पादन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन आर्थिक वर्षको उपलब्धि सूचक
			(२०७६ देखि)			
३७०६१०१५	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	विशेषज्ञ सेवा प्रवाह तथा जनशक्ति उत्पादन	सालबसाली (२०६८ देखि)			गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा उपलव्ध हुनुका साथै थप जनशक्ति उत्पादन भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सम्बन्धी संविधानप्रदत्त हकहरूको स्वस्फूर्त कार्यान्वयन गर्न तथा संघीय व्यवस्थानुकुल तीनै तहका सरकारको समन्वयात्मक र सहकार्यात्मक प्रयत्नबाट आम नागरिकको स्वास्थ्य सेवा तथा सुविधामा गुणस्तरीय र समतामूलक पहुँच स्थापित गरी पन्ध्रौ योजनाका लक्ष्य हासिलमा सघाउन मध्यमकलीन खर्च संरचना तयार गरिएको हो। प्रस्तावित कार्यक्रमको लागि संस्थागता सबलता, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तरसरकारी समन्वय हुन नसकेको अवस्थामा कार्यान्वयनमा जटिलता र अपेक्षाकृत नतिजामा ह्रास आउन सक्छ। त्यसैगरी सबै प्रदेशमा सरूवा रोग परीक्षण तथा नियन्त्रणको लागि अत्याधुनिक स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि व्यवस्थापन लगायत सम्पूर्ण सरोकारवाला पक्षको परिचालन गर्न नसिकएमा कोराना भाइरस (कोभिड-१९) जस्ता महामारीले स्वास्थ्य सेवा प्रणालीलाई नै क्षय गर्नसक्ने जोखिम रहेको छ।

५.३ खानेपानी तथा सरसफाइ

१. पृष्ठभूमि

खानेपानी जीवनको लागि अपरिहार्य आवश्यकता हो। नेपालको संविधानले नै सबै नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हक र खानेपानी तथा सरसफाइको पहुँचलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। यस्तैं, दिगो विकासको लक्ष्य नं. ६ मा सन् २०३० सम्म, सबैका निम्ति सुरक्षित र व्यहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच पुर्याउनु पर्ने व्यहोरा उल्लिखित छ। खानेपानी तथा सरसफाइ अन्तर्गत राष्ट्रिय जल योजना, २००५, राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६३, राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८, पन्ध्रौं योजना, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई समेत दृष्टिगत गर्दै यथाशीघ्र सबै नागरिकलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य लिइएको छ।

२. समस्या तथा चुनौती

दिन प्रतिदिन बढदै गएको खानेपानी तथा सरसफाइको अत्यधिक मागका बीच निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्न नसकिनु, सम्पन्न भएका आयोजनाको उचित मर्मत सम्भार तथा पुनर्स्थापना गर्न नसकिनु, खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल हुने गरी आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गर्न नसकिनु प्रमुख समस्याका रुपमा रहेका छन्। त्यसैगरी प्राकृतिक, मानवीय तथा अन्य कारणहरूले पानीका मुहानहरू सुक्दै जानु, बढ्दो शहरी क्षेत्रमा पानीको माग पुरा गर्न अत्यधिक चाप पर्नु र उत्सर्जित फोहोर पानीको उचित व्यवस्थापन हुन नसकि नदीनाला, ताल तलैया जलशायहरू प्रदुषित बन्दै जानु यस क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन्।

३. सोच

स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा।

४. उद्देश्य

१. खानेपानी र सरसफाइ सेवाको पर्याप्त, सुरक्षित र सर्वसुलभ रूपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु।

२. सबै नागरिकलाई आधारभूतस्तरको खानेपानी सेवामा पहुँच तथा मानव मलमूत्र र फोहोरपानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउनु।

३. जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु।

४. खानेपानी तथा सरसफाइको दिगो सेवा प्रवाहमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु।

५. रणनीति

१. आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने।

२. आयोजना समयमै निर्माण सम्पन्न गर्ने तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाको उचित मर्मत—सम्भार, पुनर्स्थापना तथा समयसापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने।

३. सुधारिएको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा सहलगानी, लागत साझेदारी, लागत उठ्तीको सिद्धान्त अनुरूप खानेपानी आयोजना सञ्चालन गर्ने।

४. फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोरपानीको प्रशोधन तथा व्यवस्थापन गर्ने।

५. मानवजन्य फोहोरपानी प्रशोधन सहित व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापन गर्दै नदी-नाला, जलाशय, जलाधार तथा ताल-तलैयाको पर्यावरणीय स्वच्छता कायम गर्ने।

६. खानेपानी तथा सरसफाइ आयोजनाहरूलाई जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण हुनेगरी दिगोपना कायम गर्ने।

७. खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण तथा जलस्रोतको बहु उपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने।

८. खानेपानी तथा सरसफाइ सेवा प्रदायक निकायहरूको समयानुकुल सुधार, सुदृढीकरण तथा समायोजन गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	आ.व. २०७५/७६ सम्मको उपलब्धि	आ.व. २०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या	प्रतिशत	८९	९०	९४	९६	९८
२	उच्च मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या	प्रतिशत	२१	२५	२८	३२	३६
३	आधारभूत स्तरको सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या	प्रतिशत	९९.७	१००	१००	१००	१००
४	प्रशोधन सहितको ढल सुविधाबाट लाभान्वित जनसंख्या	प्रतिशत	०	३	७	११	१५
५	पूर्णरुपमा संचालित खानेपानी प्रणालीको पहुँच पुगेको जनसंख्या	प्रतिशत	६२	७०	८०	८८	९४
६	सुधारिएको सरसफाइ सुविधा (एकल प्रयोग) उपलब्ध परिवार	प्रतिशत	६४.६	७२	७९	८६	९३
७	घरायसी प्रयोजनबाट उत्सर्जित फोहोर पानीको प्रशोधन (सुरक्षित रुपमा प्रशोधन गरिएको फोहोर पानीको अनुपात)	प्रतिशत	-	३	७	११	१५
८	उच्च प्रविधियुक्त खानेपानी कार्यक्रम (वार्षिक)	संख्या	३,२३५	३,०००	२,५००	२,०००	१,०००
९	जलवायु अनुकूलित वृहत खानेपानी आयोजना / जलाशय युक्त खानेपानी आयोजना (वार्षिक)	संख्या	१७७	४६	८०	१००	१५०
१०	खानेपानी गुणस्तर सुधार कार्यक्रम	संख्या	६०	७८	३४२	३७६	४३५
११	खानेपानीका प्राकृतिक स्रोत तथा मुहान संरक्षण, भूमिगत पानीको पुनर्भरण	संख्या	२०	६०	१००	१५०	२००
१२	ताल तलैया संरक्षण तथा सौन्दर्यीकरण, नदीनालाको पानीको गुणस्तर सुधार समेत	संख्या	७	२०	५०	१००	१५०
१३	खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी प्रयोगशाला (वार्षिक)	संख्या	५	७	७	५	७

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३९३,८१८	३२,५७५	२४८,२३५	११३,००८	२९१,३८३	१६,२१२	८६,२२३
२०७८/७९	३९६,३६८	१८,१३६	२७३,१६०	१०५,०७१	२८५,४४६	-	११०,९२२
२०७९/८०	४४६,८२२	१८,९६९	३१४,५७३	११३,२८०	३११,५७०	-	१३५,२५२

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
३१३०००११	खानेपानी मन्त्रालय	खानेपानी तथा सरसफाइ सम्बन्धी क्षेत्रगत नीति, ऐन, नियमावली तर्जुमा, अनुगमन तथा मूल्याङ्कन	सालबसाली	३,३९५		नीतिगत तथा नियमनकारी भूमिका पूर्ण रुपमा निर्वाह भएको हुने।
३१३००१०१	मेलम्ची खानेपानी आयोजना	सिन्धुपाल्चोक जिल्लास्थित मेलम्ची खोलाको पानी काठमाण्डौ उपत्यकामा पथान्तरण गरी काठमाण्डौ उपत्यकामा हाल कायम रहेको खानेपानी समस्या समाधान (प्रथम चरण)	सन् २०००-२०२०	३१३,६१३	विस्तृत आयोजना प्रतिवेदन	प्रथम चरण सम्पन्न हुने।
		सिन्धुपाल्चोक जिल्लास्थीत याङ्ग्री र लार्के खोलाको पानी काठमाण्डौं उपत्यकामा पथान्तरण गरी काठमाण्डौं उपत्यकाको खानेपानी व्यवस्थापनलाई थप सहजीकरण (द्वितीय चरण)	सन् २०१७-२०२३	२५०,०००	विस्तृत आयोजना प्रतिवेदन	दोस्रो चरण निर्माणाधीन रहने।
३१३०१०११	खानेपानी विभाग	संघीयस्तरका आयोजनाहरू सञ्चालन तथा प्रदेश र स्थानीय तहलाई समन्वय तथा सहयोग	सालबसाली	३४,९१४		कार्यक्रम व्यवस्थापन पूर्ण रुपमा निर्वाह भएको हुने।
३१३०१०१२	जनसाधन विकास कार्यक्रम	खानेपानी तथा सरसफाइ सम्बन्धी सरोकारवालाहरूको क्षमता विकास गर्न स्रोत केन्द्रको रुपमा नीति निर्माता, विश्वविद्यालय र व्यावसायिक संघ संस्थासँग समन्वय गरी अनुसन्धानमुलक कार्य	सालबसाली	१,५४२		३५०० जनाको लागि १२० वटा तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरिएको हुने।
३१३०१०१३	संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू	खानेपानी तथा ढल व्यवस्थापन विभाग मातहतका आयोजनाको कार्यान्वयन र प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालयसँग समन्वय गरी विभागबाट प्रदेशस्तरमा हस्तान्तरण भएका आयोजनाहरूको कार्यान्वयनमा सहजीकरण	सालबसाली	७,८४४		शत प्रतिशत कार्यालय तथा कार्यक्रम व्यवस्थापन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
३१३०११०१	राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना	खानेपानी तथा सरसफाइ सम्बन्धी तथ्यांक संकलन, नवीननतम प्रविधिको प्रयोग गर्दै सूचनाको व्यवस्थापन, भौगोलिक सूचना प्रणालीमा आधारित तथ्यांक संकलन, अद्यावधिक र सबै स्थानीय तहको खानेपानी तथा सरसफाइ सम्बन्धी योजना तर्जुमा	सालबसाली	८,५३४		शत प्रतिशत तथ्याङ्क अद्यावधिक भएको हुने।
३१३०११०२	खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम	विगतमा सम्पन्न भएका आयोजनाहरूको सम्पत्ति व्यवस्थापन, सेवा संचालनलाई सुचारु, सेवा विस्तार तथा पुनर्स्थापना कार्य एवम् उपभोक्ता समितिहरूको प्राविधिक एवम् आर्थिक क्षमता अभिवृद्धि	सालबसाली	९४,१८७		शतप्रतिशत लाभान्वित जनसंख्यामा सेवा पुगेको हुने।
३१३०११०३	खानेपानी गुणस्तर सुधार कार्यक्रम	सम्पन्न भएका ठूला खानेपानी आयोजनामा गुणस्तर सुधारका लागि संरचना निर्माण गरी सेवाको स्तर वृद्धि, आर्सेनिक प्रदुषणको अध्ययन अनुसन्धान, खानेपानी गुणस्तर सम्बन्धी मापदण्ड र निर्देशिकाको कार्यान्वयन र अनुगमन	सालबसाली	२१,०७२		हाल क्रमागत रहेका ५५ आयोजाना सम्पन्न गर्नुका साथै थप २५ वटा आयोजना सम्पन्न भएको हुने।
३१३०११०४	तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना	शहरी तथा अर्धशहरी क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सुविधा एवम्सेवास्तर र गुणस्तर वृद्धि दिसाजन्य लेदो व्यवस्थापनको लागि संरचना निर्माण	२०७०/७१-२०७७/७८	१०९,२००	विस्तृत आयोजना प्रतिवेदन	२० वटा आयोजना सम्पन्न भएको हुने। ३ लाख ९० हजार जनसंख्या लाभान्वित भएको हुने।
३१३०११०५	जलवायु अनुकुलित वृहत खानेपानी आयोजना	सुख्खा बस्तिमा उच्च र मध्यम स्तरका खानेपानी सेवा उपलब्ध गराउने बृहत पम्पिङ प्रणालीका आयोजना निर्माण, अन्तर प्रादेशिक थोक वितरण प्रणाली, जलाशययुक्त खानेपानी आयोजनाहरूको अध्ययन र निर्माण जलवायु परिवर्तन न्यूनीकरण सम्बन्धी क्षमता अभिवृद्धि उपयुक्त प्रविधि विकासको लागि निर्देशिका तर्जुमा	सालबसाली	१२९,८७२		४४ वटा मध्य १२ आयोजना सम्पन्न भएको हुने। २ लाख ४० हजार जनसंख्या लाभान्वित भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
३१३०११०६	ढल निर्माण तथा प्रशोधन कार्यक्रम	उच्च जनघनत्व भएका जिल्ला सदरमुकाम, तथा नगरोन्मुख बस्तीमा ढल निर्माण तथा प्रशोधन आयोजना कार्यान्वयन ढल निर्माणसम्बन्धी मापदण्ड तयारी तथा अद्यावधिक ढल प्रणाली व्यवस्थापनसम्बन्धी प्रविधि अध्ययन, विकास, अनुसन्धान तथा सूचना व्यवस्थापन	सालबसाली	९९,९९१		८ वटा ढल प्रशोधन आयोजना सम्पन्न भई थप १३ वटा आयोजना सुरू भएको हुने।
३१३०११०७	खानेपानी तथा सरसफाइ सहलगानी आयोजना	शहरी तथा अर्धशहरी क्षेत्रहरूमा खानेपानी तथा सरसफाइ सम्बन्धी संरचना निर्माण उपभोक्ताहरूको ३० प्रतिशत लागत सहभागितामा खानेपानी तथा सरसफाइ आयोजना निर्माण गरी उच्च तथा मध्यम स्तरको खानेपानी सेवा उपलब्धता	सालबसाली	९२,४३७	सम्भाव्यता अध्ययन विस्तृत इन्जिनियरिङ अध्ययन	९० वटा मध्ये ४५ वटा आयोजना सम्पन्न भएको हुने। ९ लाख जनसंख्या लाभान्वित भएको हुने।
३१३०११०८	शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना	शहरी तथा अर्धशहरी क्षेत्रहरूमा खानेपानी तथा सरसफाइ सम्बन्धी संरचना निर्माण खानेपानी तथा सरसफाइ सेवाको सेवास्तर र गुणस्तर वृद्धि गरी जीवनयापनमा आएको परिवर्तन सापेक्ष उपभोक्तालाई छिटो रुपमा सुरक्षित, विश्वसनीय, पर्याप्त र दिगो सेवाको उपलब्धता	सन् २०१८-२०२३	११६,१९५	विस्तृत आयोजना प्रतिवेदन	१७ खानेपानी आयोजना, ३ ड्रेनेज र २ ढल आयोजना कार्यान्वयन भएको हुने।
३१३०१११३	केन्द्रिय खानेपानी आयोजना (साविक शहरी खानेपानी व्यवस्थापन सुधार आयोजना)	मौजुदा ब.उ.शी. हरूले नसमेट्ने प्रकृतिका ग्रामीण, अर्ध शहरी तथा शहरी क्षेत्रमा ३० प्रतिशत लागत साझेदारी जुटाउन नसकिने, सुख्खा क्षेत्रमा नपर्ने र लिफ्ट प्रणाली नभएका आयोजना, सामान्य सेवा क्षेत्र विस्तार गर्नुपर्ने बाहेक संघीय खानेपानी आयोजनाको मापदण्डमा पर्ने नयाँ आयोजना र पुनस्थापना र पुननिर्माण, सेवास्तर सुदृढीकण गर्नुपर्ने प्रकृतिका आयोजना निर्माण	सालबसाली	११५,७३५	सम्भाव्यता अध्ययन विस्तृत इन्जिनियरिङ अध्ययन	२१५ आयोजना सम्पन्न भएको हुने। ५४५ संचालनमा रहने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
३१३०१११४	एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना	प्रादेशिक राजधानी लगायतका १० वटा शहरमा एकिकृत बृहत् खानेपानी तथा ढल प्रशोधन आयोजना एकीकृत रुपमा कार्यान्वयन	२०७७/७८-सालबसाली	५१,२५०		प्रादेशिक राजधानीमा खानेपानी तथा ढल आयोजना संचालन भएको हुने।
३१३५१०११	ग्रामिण खानेपानी तथा सरसफाइ कोष	मागमा आधारित सहभागितामूलक विकास अवधारणा अनुरुप ग्रामीण जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा	सन् २०१४-२०२०	९०,०००	विस्तृत आयोजना प्रतिवेदन	ब्याच ९,१० र ११ का सबै आयोजना सम्पन्न हुने।
५०११३१०१	खानेपानी उत्पादन वृद्धि कार्यक्रम	सेवा क्षेत्र भित्र पानी उत्पादन, भण्डारण तथा प्रशोधन क्षमता वृद्धि	सालबसाली	३६,४८२		पानी उत्पादन तर्फ बुटवलको ३२ एम एल डि, नेपालगञ्जको २५ एम एल डि समेत ६० लाख लिटर भूमिगत पानी उत्पादन तथा वितरण भएको हुने।
५०११३१०२	खानेपानी तथा ढल निकास कार्यक्रम	सेवा क्षेत्र भित्र पाइपलाइन विस्तार तथा धारा जडान	सालबसाली	११,७८३		पोखराको पानी प्रशोधन केन्द्रको निर्माण सम्पन्न भई ६० कि.मि. पाइपलाइन विस्तार हुने।
५०११३१०३	काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	काठमाण्डौ उपत्यका भित्र खानेपानी तथा ढल निकास सेवाको समुचित व्यवस्थापन, नियमन तथा सम्पत्तिको संरक्षण	सालबसाली	८६,३२७		८३ हजार घरपरिवारमा धारा जडान भएको हुने।
।५०११३१०५	काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना	थोक वितरण प्रणाली, वितरण संजालको निर्माण, पानी पोखरीको निर्माण लगायतका संरचनाको पुनर्स्थापना तथा विस्तारमार्फत काठमाण्डौं उपत्यका भित्र खानेपानी संरचना निर्माण	सन् २०११ देखि २०२३	४२३,०००	विस्तृत आयोजना प्रतिवेदन	चक्रपथ भित्र र बाहिरका ७७ कि,मि. थोक वितरण प्रणाली सञ्चाल, १० वटा पानीपोखरी र १०१० कि,मि. वितरण सञ्चाल सम्पन्न भई परीक्षण तथा मेलम्चीको पानी सञ्चालन भएको हुने। साथै दोश्रो चरणका निर्णाण कार्य निर्माणाधीन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
५०११३१०६	काठमाण्डौं उपत्यका ढल व्यवस्थापन आयोजना	फोहोर पानी प्रशोधन प्रणाली तथा इन्सेप्टर ढल निर्माण	सन् २०१३ देखि २०२०	१४७,३००	विस्तृत आयोजना प्रतिवेदन	गुहेरश्वरी, सल्लाघारी, धोबिघाट तथा कोड्कु ढल प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको हुने। हनुमानघाट र गोकर्ण मा DEWATS फोहर
५०११३१०७	ढल प्रशोधन केन्द्र	ढल प्रशोधन केन्द्रको लागि ललितपुरको खोकनामा ६५५ रोपनी जग्गा अधिग्रहण	सालबसाली	४,७९०		६५५ रोपनी जग्गा अधिग्रहण गरी फोहोर पानी प्रशोधन केन्द्र निर्माणाधीन रहने।
५०१४७१०१	नगर विकास कोष-खानेपानी क्षेत्र	खानेपानी क्षेत्रका कार्यक्रम तथा आयोजनाहरूमा लगानी गरी सेवा विस्तारमा सहयोग	सालबसाली			खानेपानी सेवा विस्तार भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरे अनुसारको बजेट सुनिश्चितता भएमा लक्ष्य अनुसारको उपलब्धि हासिल हुने देखिन्छ। यद्यपि, ठेक्का प्रकृयामा ढिलाई हुन सक्ने, प्राकृतिक प्रकोप र भौतिक निर्माण कार्यमा हुने समन्वयको कमीले गर्दा पानीका स्रोतहरूमा असर पर्न गई पानीको मात्रा र गुणस्तरमा कमी हुन सक्ने र कार्यक्रम व्यवस्थापकको सेवा निरन्तरता हुन नसक्ने जस्ता पक्षहरूलाई अपेक्षित उपलब्धि हासिल गर्नमा व्यवधान पु-याउने जोखिमका रुपमा आकलन गरिएको छ।

५.४ युवा तथा खेलकुद

१. पृष्ठभूमि

युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलता मार्फत् समृद्ध राष्ट्र निर्माणका लागि युवा परिचालन गर्न युवा तथा खेलकुद मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। त्यसैगरी खेलकुदको माध्यमबाट नागरिकको स्वास्थ्य तथा तन्दुरुस्ती अभिवृद्धिमा मद्दत गर्दै राष्ट्रिय गौरव बढाउन समेत यस मन्त्रालयले कार्यक्रम सञ्चालन गर्दै आएको छ। राष्ट्रिय युवा नीति, राष्ट्रिय खेलकुद नीति र दिगो विकासका लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षमा युवाको क्षमता विकास गरी परिचालन गर्ने, युवालाई रोजगार र स्वरोजगार बन्न मद्दत गर्ने, सबैलाई खेलकुद अभ्यासको अवसर सिर्जना गर्ने, खेलकुदका पूर्वाधारहरूको विकास गर्ने र खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने कार्यलाई जोड दिइनेछ।

२. समस्या तथा चुनौती

युवा लक्षित नीति योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवाको विकास र परिचालनका लागि प्रदेश, जिल्ला र स्थानीयस्तरमा उपयुक्त संगठन संरचना स्थापित हुन नसक्नु, बजारको माग र जनशक्तिको आपूर्तिबीच सामञ्जस्यता नहुनु, उद्यमशीलता र रोजगारीका अवसरहरू सीमित हुनु, समग्र मानव स्रोतका साथै युवा विकासको ठोस योजना नहुनु, युवा विशेषका तथ्याङ्कीय आधार (database) नहुनु, युवा विकासका प्रमुख समस्याको रूपमा रहेका छन्। सकारात्मक सोचको विकास र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु, युवा लक्षित जीवनपयोगी, प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ रुपमा उपलब्ध गराउनु, स्वदेशमा रोजगारीका अवसरहरू बृद्धि गर्नु, युवामा वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु र युवामा स्वयंसेवकीय संस्कृतिको विकास गर्नुआदि युवा विकासका प्रमुख चुनौती हुन्।

खेलकुद विकासका लागि पर्याप्त पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकलाई नियमित प्रशिक्षण नहुनु, खेलकुदका पूर्वाधार विकास तथा प्रतियोगिता आयोजनामा निजी तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्न नसक्नु, पर्वतीय, पर्यटकीय र साहसिक खेलकुद गतिविधि पर्याप्त मात्रामा सञ्चालन गर्न नसक्नु प्रमुख समस्याका रुपमा रहेका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलका सुविधा सम्पन्न भौतिक पूर्वाधारहरूको निर्माण गर्नु,, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण तथा प्रतियोगिता सञ्चालन गर्नु, खेलाडीलाई प्रोत्साहन तथा सम्वर्द्धन गर्नु, खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरूमा नयाँ शिल्प प्रयोग गर्नु, खेलकुदको विकासमा सार्वजनिक लगानी अभिवृद्धि गर्नु, निजीक्षेत्रको लगानी आकर्षित गर्नु, खेलकुद सम्बद्ध निकायहरूमा शासकीय, व्यवस्थापकीय र संस्थागत क्षमता अभिवृद्धि गर्नु खेलकुद विकासका प्रमुख चुनौती हुन्।

३. सोच

- युवाको सर्वाङ्गगीण विकास राष्ट्र निर्माणको प्रमुख आधार (युवा)।
- स्वच्छ, व्यावसायिक र प्रविधिमैत्री खेलकुद अभिवृद्धि (खेलकुद)।

४. उद्देश्य

अ. युवा

१. युवाको दक्षता र क्षमताको विकास गर्नु।

२. युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउनु।

३. शासकीय प्रक्रिया एवम् सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु।

४. युवालाई आत्म निर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु।

आ.खेलकुद

१. खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु।

२. खेलकुद क्षेत्रलाई प्रतिष्पर्धी र व्यावसायिक बनाउनु।

३. सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्नु।

५. रणनीति

अ. युवा

१. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने।

२. युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने।

३. युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने।

४. वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने।

५. तीन तहमा नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने।

६. युवा स्वयंसेवी संस्कृतिको विकास गर्ने।

७. स्काउट संरचनालाई विकास र विस्तार गर्ने।

आ.खेलकुद

१. सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने।

२. खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

३. खेलकुद विकासमा आवद्ध निकाय/संघ संस्थाहरूको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्ने।

४. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने।

५. समाजको प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्व स्थापित गर्दै सबै उमेर समूहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने।

६. आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	सामाजिक जागरण र समृद्धिको लागि परिचालित युवा	जना	०	६५८५	४०००	१००००	१००००
२	नव प्रवर्तन केन्द्र (वार्षिक)	संख्या	०	१	१	१	१
३	नव प्रवर्तन केन्द्रबाट प्रशिक्षण प्राप्त गर्ने युवा	जना	०	०	५००	७५०	१०००
४	युवा क्लब गठन	संख्या	१२१२	६०	७७	१००	१००
५	युवा क्लब मार्फत नेतृत्व अभ्यास गर्ने युवा	जना (हजारमा)	१८	१९	१८	१८	१८

क्र. सं.	सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
६	स्वरोजगार कोष मार्फत कर्जा प्राप्त गरी सञ्चालन स्वरोजगार युवा	जना (हजारमा)	६८	१२	१२	१०	१४
७	युवा तथा खेलकूद क्षेत्रको पूर्वाधार निर्माण कार्यमा रोजगार प्राप्त गर्ने युवा	जना (हजारमा)	०.६	२.४	२.७	३.०	३.५
८	स्काउट तालिममा सहभागी स्काउटको संख्या	जना	६०१	१०३३	४००	५००	६००
९	प्रोत्साहन तथा पुरस्कार र सम्मान प्राप्त गर्ने खेलाडी	जना	४५५	६६०	८००	८००	८७५
१०	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रशिक्षण प्राप्त गर्ने खेलाडी	जना (हजारमा)	७	७	८	१०	१०
११	राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरूमा सहभागी खेलाडी	जना (हजार)	६	७	८	९	१०
१२	राष्ट्रियस्तरमा आयोजना भएको खेलकुद प्रतियोगिता	संख्या	६०	५५	५५	६०	७२
१३	नेपालमा आयोजना भएको खेलकुदका अन्तर्राष्ट्रिय प्रतियोगिता	संख्या	१६	२५	१०	१५	१८
१४	अन्तर्राष्ट्रिय खेलकूद परिसर	संख्या	१	१	१	१	१
१५	प्रदेश रङ्गशाला (अन्तर्राष्ट्रिय स्तरका सुविधा सम्पन्न)	संख्या	०	१	१	१	१
१६	क्रिकेट रङ्गशाला (वार्षिक)	संख्या	१	१	१	२	२
१७	निर्माण भएका उच्च धरातलीय खेलकुद तालिम केन्द्र	संख्या	२	२	२	२	२
१८	खेलकुद एकेडेमी	संख्या	०	२	१	३	३
१९	कभर्डहल	संख्या	६	८	१२	१२	१४
२०	खेलग्राम	संख्या	०	५०	७५	८०	८०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१८,३९५	१६,४६५	१,९३०	-	१८,३९५	-	-
२०७८/७९	२१,२५५	१९,२०९	२,०४६	-	२१,२५५	-	-
२०७९/८०	२२,३९८	२०,२२९	२,१६९	-	२२,३९८	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू.लाखमा)	पुष्टयाँई	आगामी ३ वर्षको उपलब्धी सूचक
३४३०००११	युवा तथा खेलकुद मन्त्रालय	नीति, योजना, कार्यक्रम तर्जुमा, समन्वय तथा अनुगमन	सालबसाली			उद्देश्य अनुरुप लक्ष्य हासिल भएको हुने।
३४३००१०१	राष्ट्रिय युवा परिचालन कार्यक्रम	युवा सम्बन्धी कार्यक्रमको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहजीकरण सिर्जनशील एवम् प्रतिभावान युवाको खोज युवा परिचालन सम्बन्धी व्यवस्थापकीय कार्य सञ्चालन	सालबसाली	७१६८ (५ वर्षको लागि)	प्रत्येक वर्ष रु. १५ करोडका दरले	३०० जना युवाले एक अर्को देशको भ्रमण गरी अनुभव आदानप्रदान गरेका हुने। ३० जना प्रतिभावान युवा पुरस्कृत भएको हुने। राष्ट्रिय विकास स्वयंसेवक सेवाको डाटाबेस प्रणालीको निर्माण/स्तरोन्नति र सञ्चालन भएको हुने।
३४३००१०२	खेलकुद विकास कार्यक्रम	खेलाडी तथा प्रशिक्षकमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन खेलकुद सम्बन्धी कार्यक्रमको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय र सहजीकरण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने खेलाडी तथा प्रशिक्षकलाई पुरस्कृत र सम्मान	सालबसाली	३६४७ (५ वर्षको लागि)	प्रत्येक वर्ष रु. ७ करोडका दरले	९०० जना खेलाडी र प्रशिक्षकलाई खेलकुदमा प्रतिवन्धित औषधी सेवन विरुद्धको सचेतना प्रदान गरिएको हुने। ३० जना प्रतिभावान खेलाडीलाई खेलकुदको राष्ट्रिय प्रतिभा सम्मान गरिएको हुने। खेलकुद सूचना प्रणालीको व्यवस्थापन गरिएको हुने। खेलकुदमा संस्थागत प्रायोजन तथा सामाजिक उत्तरदायित्व सम्बन्धी अध्ययन गरिएको हुने। खेलकुद संघहरूको संस्थागत क्षमता अभिवृद्धि गरिएको हुने। अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने २०० जना खेलाडीलाई पुरस्कार वितरण गरिएको हुने।
३४३००१०३	नेपाल स्काउट	स्काउट तालिम एवम् स्काउट परिचालन सम्बन्धी कार्य सञ्चालन	२०७७/७८-सालबसाली			१५०० जना विद्यार्थीलाई स्काउट तालिम प्रदान गरिएको हुने। १२०० जना स्काउटलाई विपद् व्यवस्थापन तालिम प्रदान गरिएको हुने। १ लाख जना स्काउट स्वयंसेवक परिचालन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू.लाखमा)	पुष्टयाँई	आगामी ३ वर्षको उपलब्धी सूचक
३४३४१०१२	राष्ट्रिय युवा परिषद्	सामाजिक जागरण, रुपान्तरण र समृद्धिका लागि युवा परिचालन युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन र उद्यम सञ्चालन गर्न वित्तीय तथा प्राविधिक सहयोग प्रदान युवा उद्यमशीलताको विषयमा खोज अनुसन्धान	सालबसाली	७६७३१ (५ वर्षको लागि)	(नवप्रवर्तन केन्द्र स्थापनाका लागि १ अर्ब ५० करोड पूर्जिगत र बाँकी रकम चालू खर्च)	सामाजिक जागरण, रुपान्तरण र समृद्धिका लागि २४ हजार युवा परिचालन भएको हुने। २६०० युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको हुने । ४५० वटा युवा समूहलाई उद्यम सञ्चालन गर्न सहयोग प्रदान गरिएको हुने। २ वटा युवा इन्कुवेशन/इनोभेसन सेन्टर स्थापना र सञ्चालन गरिएको हुने। २६०० जना युवालाई परामर्श तथा मार्गदर्शन प्रदान गरिएको हुने। ४०० जना अपाङ्गता भएका युवालाई सहयोग सामग्री उपलब्ध गराइएको हुने। ३०० जना युवाहरूलाई उद्यमशीलता र नवप्रर्वतनात्मक कार्यका लागि अन्तर प्रदेश अवलोकन भ्रमणको आयोजना हुने।
३४३५१०११	युवा तथा साना व्यवसायी स्वरोजगार कोष	कोषको कर्जा लगानी गरी युवालाई स्वरोजगार बनाउने	सालबसाली	१४७१५ (५ वर्षको लागि)	सहकारी संस्थाहरूसँग समन्वय, व्यवसायीलाई तालिम, अनुगमन, व्याज अनुदान र व्यवसायको बीमा	३६ हजार जना युवा स्वरोजगार भएको हुने। ३६ हजार वटा व्यवसाय र व्यवसायीको स्वरोजगार वीमा भएको हुने। नियमित रुपमा किस्ता तथा ऋण तिर्ने व्यवसायीलाई उनीहरूले तिरेको व्याजको ६० प्रतिशत रकम अनुदान दिने (अनुमानित ९ हजार जना व्यसायीलाई लाभान्वित भएको हुने)।
३४३४१०११	राष्ट्रिय खेलकुद परिषद	खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नति खेलाडी तथा खेलकर्मीको क्षमता	सालबसाली	७४२०० (५ वर्षको लागि)	वार्षिक रु. १ अर्ब ५० करोडका	दाङको वेलझुण्डीमा भिआईपी प्यारापिट र सेन्थेटिक ट्रयाक सहित रंगशाला निर्माण कार्य सम्पन्न भएको हुने। १० लेनको सेन्थेटिक्स ट्रयाक नेपालगञ्ज रंगशालामा निर्माण

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू.लाखमा)	पुष्ट्याँई	आगामी ३ वर्षको उपलब्धी सूचक
		विकास तथा प्रोत्साहन खेलकुद प्रतियोगिता सञ्चालन अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताका पदक विजेता खेलाडीलाई नगद पुरस्कार वितरण			दरले	कार्य सम्पन्न भएको हुने। अन्तर्राष्ट्रिय स्तरको दशरथ रंगशाला निर्माण कार्य सम्पन्न भएको हुने। अन्तर्राष्ट्रिय स्तरको पोखरा रंगशाला निर्माण कार्य सम्पन्न भएको हुने। अन्तर्राष्ट्रिय स्तरको पोखरा बहुउद्देश्यीय कभर्डहल इन्टरनल फिनिसिङ, साउण्ड सिस्टम सहितको निर्माण कार्य सम्पन्न भएको हुने। नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण भएको हुने। १५ हजार खेलाडीलाई जिल्लास्तरमा खेलकुदको नियमित प्रशिक्षण र राष्ट्रिय टिम तयारी प्रशिक्षण प्रदान गरिएको हुने। २४ जना खेलकुद प्रशिक्षकलाई वैदेशिक प्रशिक्षण डिप्लोमा तथा मास्टर कोर्षको तालिम दिइएको हुने। गण्डकी प्रदेशमा नवौं र कर्णाली प्रदेशमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएको हुने। खेलकुदको ९० वटा राष्ट्रिय स्तरको प्रतियोगिता र २७ वटा अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना हुने ।

९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट व्यवस्था र अन्तर्गत निकायहरूको संगठन संरचना सुदृढीकरण तथा जनशक्तिको क्षमता अभिवृद्धि नभएमा अपेक्षित उपलब्धी हासिल नहुने जोखिम रहन्छ।

५.५ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

१. पृष्ठभूमि

नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ लाई सन् १९९१ मा अनुमोदन गरिसकेको सन्दर्भमा यसको कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभाग, राष्ट्रिय बाल अधिकार परिषद्, समाज कल्याण परिषद्, पशुपति वृद्धाश्रम र मंगला सहाना दीर्घकालीन पुर्नस्थापना केन्द्र संचालनमा रहेका यस मन्त्रालयले महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिएवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय र राष्ट्रिय संघ सस्थासँग सम्पर्क र समन्वय गर्ने, बेवारिसे, असहाय, र असक्त नागरिकहरुको संरक्षण तथा कल्याण गर्ने लगायतका कार्य गर्दै आइरहेको छ।

यसै सन्दर्भमा यस मन्त्रालयका आगामी तीन आर्थिक वर्षका कार्यक्रम नेपाल सरकारको *'समृद्ध नेपाल सुखी नेपाली'* को राष्ट्रिय सोचलाई सार्थक बनाउन र पन्ध्रौं योजनामा उल्लेखित विषयलाई सम्बोधन गर्नको लागि राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम, अविभावकविहिन तथा सडक बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि कार्यक्रम प्रभावकारी कार्यान्वयनमा केन्द्रित गरिएको छ।

२.समस्या तथा चुनौती

संघ, प्रदेश र स्थानीय तहका कार्यक्रमबीच तादाम्यता तथा समन्वय गरी अनिवार्य दायित्वका कार्यक्रम सम्बन्धित तहबाट सम्बोधन हुन नसक्नु, कतिपय कार्यक्रममा दोहोरोपना कायम रहनु, मन्त्रालयबाट प्रदेश र स्थानीय तहमा पठाइएको सशर्त अनुदानको प्रभावकारी कार्यान्वयन नहुनु, महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, सार्वजनिक स्थल, सवारी साधन लगायत सरकारबाट प्रवाह गरिने सेवालाई महिलामैत्री र अपाङ्गमैत्री बनाउन नसकिनु, देशभरिका सडक बालबालिकाको व्यवस्थापन गर्न कठिनाइ हुनु, शहरी क्षेत्रमा असहाय, बेवारिसे, ज्येष्ठ नागरिकको संख्यामा वृद्धि हुँदै जानु, मानसिक रुपमा विक्षिप्त महिला तथा ज्येष्ठ नागरिकलाई समयमा उद्धार तथा पुर्नस्थापना गर्न नसक्नु जस्ता यस क्षेत्रका समस्या रहेका छन्। त्यसैगरी विभिन्न स्वरुपमा बढ्दो रहेका लैङ्गिक हिंसाका घटना सम्बोधन गर्नु, लक्षित महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण गर्नु, देशभरका ज्येष्ठ नागरिकको उचित सम्मान गर्ने वातावरण तयार गर्नु, मन्त्रालयको कार्य प्रकृति अनुसार संघ, प्रदेश र स्थानीय तहबीच सहकार्यात्मक तथा समन्वयात्मक भूमिका निर्वाह गर्नु जस्ता यस क्षेत्रका चुनौती रहेका छन्।

३. सोच

- लैङ्गिक समानतामूलक राष्ट्र (लैङ्गिक समानता तथा महिला सशक्तीकरण)।
- बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज (बालबालिका तथा किशोरकिशोरी)।
- ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति (ज्येष्ठ नागरिक)।
- अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन (अपाङ्गता भएका व्यक्तिहरु)।
- मानव बेचबिखन तथा ओसारपसारमुक्त मर्यादित समाज (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण)।
- व्यावसायिक, जवाफदेही र पारदर्शी सामुदायिक तथा गैरसरकारी संघसंस्था (सामुदायिक र गैरसरकारी संस्था)।

४. उद्देश्य

अ. लैङ्गिक समानता तथा महिला सशक्तीकरण

१. लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु।

३. आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्नु।

आ. बालबालिका तथा किशोरकिशोरी

१. बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु।

२. बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सृजना गर्नु।

३. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु।

इ. ज्येष्ठ नागरिक

१. पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु।

२. ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउनु।

३. ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई आर्थिक-सामाजिक रूपान्तरण र विकासमा उपयोग गर्नु।

ई. अपाङ्गता भएका व्यक्तिहरू

१. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु।

२. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनको लागि पुनर्स्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीको व्यवस्था गर्नु।

३. भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्नु।

उ. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

१. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको आर्थिक-सामाजिक सशक्तीकरण गर्नु।

२. निरोधात्मक अभियान मार्फत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु।

३. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु।

ऊ. सामुदायिक र गैरसरकारी संस्था

१. राष्ट्रिय प्राथमिकताको क्षेत्रमा संघ संस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै मुलुकको सामाजिक तथा आर्थिक विकास गर्नु।

५. रणनीति

अ. लैङ्गिक समानता तथा महिला सशक्तीकरण

१. राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने।

२. राज्यका सबै तहको सरकार, क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने।

३. राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने।

४. लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने।

५. आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिदैं आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने।

६. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्धारा, न्यायमा पहुँच अभिवृद्धि गर्ने।

आ. बालबालिका तथा किशोरकिशोरी

१. बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने।

२. बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बाल विकासमा पहुँच बढाउने।

३. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने।

४. असहाय, अनाथ, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई राज्यबाट संरक्षण र सम्बर्द्धन गर्ने।

५. विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने।

६. राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने।

७. बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने।

८. विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने।

इ. ज्येष्ठ नागरिक

१. पारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने।

२. असहाय, असक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानुनी तथा संस्थागत व्यवस्था गर्ने।

३. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नका लागि नीति निर्माणमा सहभागिता र श्रोतमा पहुँच सुनिश्चित गर्ने।

४. ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षाका सेवालाई वृद्धि गर्ने।

ई. अपाङ्गता भएका व्यक्तिहरु

१. अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण गर्न नीति निर्माण तथा कानुनहरूको पुनरावलोकन गर्ने।

२. भौतिक संरचना अपाङ्गतामैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच, प्राप्ति र अवसरको सिर्जना गर्ने।

३. अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारको सुविधा सहितको पुनर्स्थापना सेवाको व्यवस्था गर्ने।

४. सूचना, सञ्चार तथा प्रविधिको सुविधामा समेत अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गर्ने।

५. अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्ने।

उ. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

१. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै बेचबिखन तथा ओसारपसार कार्यलाई निरुत्साहित गर्ने उपायहरूको अवलम्ब गर्ने।

२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, पीडित/प्रभावितको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न विभिन्न तहका सरकारमा साझेदारी गर्ने संयन्त्र र संरचनाको क्षमता अभिवृद्धि तथा सरोकारवालाबीच प्रभावकारी साझेदारी कायम गर्ने।

३. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितको संरक्षणका लागि आधारभूत मानव अधिकारको सम्मान गर्दै एकीकृत तथा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली र कानुनी एवम् संस्थागत संरचनाको माध्यमबाट पीडित/प्रभावितको न्यायमा पहुँच अभिवृद्धि गर्ने।

ऊ. सामुदायिक र गैर सरकारी संस्था

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको परिचालनमा सहजीकरण गर्ने निकायलाई सक्षम, सुदृढ, जिम्मेवार र उत्तरदायी बनाउने।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको पारदर्शिता, जवाफदेहिता सुनिश्चित गर्दै सहजीकरण, परिचालन, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउने।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको परिचालनलाई तीन तहको सरकारसँगको समन्वय र सहकार्य मार्फत सामाजिक तथा आर्थिक विकासमा अभिवृद्धि गर्ने।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूको कार्य प्रभावकारिता र कार्य कुशलतालाई मापनयोग्य बनाउने तथा एकीकृत तथ्याङ्क सूचना प्रणाली विकास गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	नतिजा सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	लैङ्गिक विकास सूचकाङ्क	सूचकाङ्क	०.८९७	०.९३७	०.९४३	०.९५१	०.९५७
२	लैङ्गिक सशक्तीकरण सूचकाङ्क	सूचकाङ्क	०.५७	०.६	०.६१	०.६२	०.६३
३	लैङ्गिक असमानता सूचकाङ्क	सूचकाङ्क	०.४७६	०.४५	०.४४	०.४३	०.४१
४	महिलाको स्वामित्व भएका प्रतिष्ठान (कूल प्रतिष्ठानको अनुपात)	प्रतिशत	२६	-	३२	३५	३८

क्र. सं.	नतिजा सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
५	प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात	प्रतिशत	३८.६	३८.१७	३९.५	४२.५	४५
६	१५देखि १९ वर्ष उमेर समूहका विवाहित किशोरी	प्रतिशत	२७	-	१५	१३	११
७	प्रजनन स्वास्थ्य सम्बन्धी हकबारे निर्णय गर्ने महिला (१५ देखि ४९ वर्ष उमेर समूह) को अनुपात	प्रतिशत	५९.५	-	७१	७४	७७
८	महिला तथा किशोरकिशोरीको बेचबिखन न्यूनीकरण	संख्या	१६७७	१२६८	१३००	११००	६५०
९	दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार	जना	२५	५९	६०	७५	८५
१०	जीविकोपार्जन सुधार कार्यक्रमबाट सीप विकास तालिम तथा टेवा पुँजी प्राप्त महिला	जना	१९२०	-	३५००	४०००	४५००
११	बालबालिका खोजतलास नं. १०४ नेपाल सञ्चालन तथा व्यवस्थापन	सेवा केन्द्र संख्या	७५	७५	१५०	२००	२४०
१२	हराएका मध्ये फेला परेका र बेवारिसे फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन	जना	२८४९	१२६८	१८००	१८००	१६००
१३	बेवारिस फेला परेका बालबालिकाको उद्धार	जना	५११	३१४	४००	४००	४००
१४	अनाथ बालबालिकाको बालगृहमा पुनर्स्थापना	जना	१९४	१६७	२००	१५०	१५०
१५	बाल हेल्पलाइन नं. १०९८ नेपाल सचालन तथा व्यवस्थापन	जिल्ला/ स्थान	१२	१२	१५	१६	१७
१६	जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपत्कालीन उद्धार तथा संरक्षण व्यवस्थापन	जना	३५०१	१२६९	३०००	२५००	२५००
१७	अभिभावक भएका बालबालिकाको बाल गृहबाट परिवारमा पुनर्मिलन	जना	८७	३८	१५०	२००	२००
१८	सडक बालबालिकाको उद्धार संरक्षण तथा व्यवस्थापन	जना	१३८	३९८	२००	१५०	१००
१९	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, तथा मिलन केन्द्र	संख्या	८७	२००	३५०	५००	६२५
२०	वृद्धाश्रमबाट पुनर्स्थापना सेवा प्रदान गरिएका ज्येष्ठ नागरिक	संख्या	१४००	१५००	१५००	१५५०	१६००

क्र. सं.	नतिजा सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२१	अपाङ्गता भएका व्यक्तिहरुको दिर्घकालीन पुनर्स्थापना	संख्या	४८	६७	६२	७५	९०
२२	अपाङ्ग सहायक सामग्री उत्पादन तथा वितरण	जना	२९००	१४६३	३५००	४०००	४५००
२३	मानव बेचविखन पीडित प्रभावितका लागि पुनर्स्थापना केन्द्र संचालन भएका जिल्ला	संख्या	१०	१०	१३	१४	१५
२४	हराएका बालबालिका	प्रति लाख	५.९	५.३	४.७	४.१	३.५

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	८,५८९	७,३८०	१,२०९	-	८,५४८	४१	-
२०७८/७९	११,०८३	६,६९६	४,३८७	-	१०,९९३	९०	-
२०७९/८०	१२,४७७	७,७४७	४,७३०	-	१२,३९७	८०	-

८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

ब उ शी न	कार्यक्रम आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
३४०००११	महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति र समाज कल्याणका क्षेत्रमा नीतिगत व्यवस्था, समन्वय र सहजीकरण	२०५२/५३ सालबसाली			क्षेत्रगत नीति तथा कार्यक्रमगत समन्वय तथा व्यवस्थापन, जनशक्तिको व्यवस्थापन र सेवा प्रवाह प्रभावकारी भएको हुने। लैङ्गिक तथ्याङ्क सम्बन्धी सफ्टवेयर तयार भई कार्यान्वयनमा आएको हुने। कर्मचारीको क्षमता अभिवृद्धि भई सेवा प्रवाहमा प्रभावकारिता आएको हुने।
३४०००१२	पशुपति वृद्धाश्रम	असहाय, परित्यक्त एवम् बेवारिसे ज्येष्ठ नागरिकलाई आश्रय प्रदान र उनीहरुको जीवन रक्षाको लागि पशुपति वृद्धाश्रम सञ्चालन	३०३४/३५ सालबसाली			असहाय, परित्यक्त एवम् बेवारिसे ज्येष्ठ नागरिकले आश्रय पाएका हुने। ती नागरिकका लागि देशदर्शन कार्यक्रम संचालन भएको हुने।
३४०००१०१	लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम	लैङ्गिक हिंसा निवारण, हिंसा पीडितको लागि पुनर्स्थापना र राहतको व्यवस्थाका साथै मानव बेचबिखन नियन्त्रण एवम् पीडितको पुनर्स्थापना	२०७७/७८			लैङ्गिक हिंसाका घटना न्यूनीकरण भएको हुने। मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र नियमित रुपमा संचालन भएको हुने। मानव बेचबिखन तथा ओसार पसारमा कमी आएको हुने। महिला विरुद्धको हिंसा सर्वेक्षण (VAW Survey) सम्पन्न भएको हुने। मानव बेचबिखन पीडित/प्रभावितको लागि पुनर्स्थापना केन्द्र नियमित संचालन भएको हुने।
३४०००१०२	सामाजिक विकास कार्यक्रम	ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा नीति, नियम तर्जुमा तथा तिनीहरूको हक अधिकारको संरक्षण अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाको नियमन र परिचालन	२०७७/७८			ज्येष्ठ नागरिक सम्बन्धी नीति, नियम निर्माण भएको हुने। गोठाटारमा ज्येष्ठ नागरिक अस्पताल तथा पशुपति वृद्धाश्रम भवन निर्माण भएको हुने। प्रदेश स्तरीय ज्येष्ठ नागरिक ग्राम निर्माण भएको हुने।

ब उ शी न	कार्यक्रम आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
						असहाय बेसहारा ज्येष्ठ नागरिकको संरक्षण भएको हुने। अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन भई युवा पुस्ता लाभान्वित भएको हुने। अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण भएको हुने। प्रदेशस्तरीय अपाङ्गता ग्राम निर्माण भएको हुने। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाको पारदर्शी रुपमा परिचालनका लागि सफ्टवेयर निर्माण भएको हुने।
३४०००१०३	बाल विकास कार्यक्रम	बालबालिकाको हक अधिकारको संरक्षण र सो सम्बन्धी नीति निर्माण	२०५३/५४ सालबसाली			बालअधिकार सम्बन्धी महासन्धिको प्रतिवेदन तयार भएको हुने। सिंहदरबार परिसर भित्र शिशु स्याहार केन्द्र संचालन भएको हुने। ८ वटा बाल सुधार गृह संचालन भएको हुने।
३४०००१०५	राष्ट्रपति महिला सशक्तीकरण परियोजना/ कार्यक्रम	महिला उद्यमशीलता विकास, सहभागिता अभिवृद्धि, लैङ्गिक समानता र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यमा सुधार	२०७३/७४			मानव विकास सूचाङ्कमा पछि परेका महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण भएको हुने। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार भएको हुने। समाजमा हुने सामाजिक तथा सांस्कृतिक कुरीति विरुद्धको अभियान संचालन भएको हुने। CEDAW सम्बन्धी प्रतिवेदन तयार भई सम्बन्धित निकायमा प्रस्तुत भएको हुने। लैङ्गिक सम्पर्क बिन्दुको क्षमता विकास भएको हुने। संघमा मंगला सहाना दीर्घकालीन पुर्नस्थापना केन्द्र र प्रदेश स्तरमा एकीकृत दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण तथा संचालन भएको हुने।

ब उ शी न	कार्यक्रम आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाईं	आगामी तीन वर्षको उपलब्धि सूचक
						सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना भएको हुने ।
३४००११०१	महिला तथा बालबालिका विभाग	महिला विकास तथा बाल संरक्षण सम्बन्धी कार्यक्रमको सहजीकरण, समन्वय र अनुगमन	२०३८/३९ सालबसाली			महिला तथा बालबालिका विभागको जनशक्ति व्यवस्थापन भएको हुने। लैङ्गिक मूलप्रवाहीकरण, हिंसा निवारण तथा बाल संरक्षण सम्बन्धी तालिम संचालन भएको हुने।
३४०४१०११	समाज कल्याण परिषद	राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको काम कारवाहीमा समन्वय र नियमन	२०३४/३५ सालबसाली			राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको वित्तीय स्रोत राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन भएको हुने। राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था उत्तरदायी एवम् पारदर्शी रुपमा संचालन भएका हुने।
३४०८१०११	राष्ट्रिय बाल अधिकार परिषद	बाल अधिकारको संरक्षण तथा सम्बोधन	२०५९/६० सालबसाली			बाल हेल्पलाइन नं. १०९८ संचालन तथा सेवाको विस्तार भएको हुने। बालबालिका खोजतलास नं १०४ सबै जिल्लामा विस्तार भएको हुने। सडक बालबालिकाको उद्धार तथा व्यवस्थापन भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

मन्त्रालयको विशेष कार्यक्षेत्र महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यकको हक अधिकारको संरक्षण, सशक्तीकरण लगायतका क्षेत्रमा सबै तहका सरकार एवम् सरोकारवाला निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले प्राथमिकताकासाथ कार्यक्रम संचालनका लागि नीतिगत, कार्यक्रमगत तथा निकायगत समन्वय तथा सहकार्य, उपलब्ध भौतिक तथा वितीय स्रोत साधनको उच्चतम उपयोग र प्रदेश तथा स्थानीय तहमा पठाइने सःशर्त अनुदानको प्राथमिकताका साथ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन भएमा प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई निर्धारित अपेक्षित उपलब्धि हासिल हुनेछन्। प्रदेश तथा स्थानीय तहमा पठाइएको सशर्त अनुदानको तत् तहबाट अपनत्व नभएमा, अन्तर सरकार एवम् अन्तर निकाय समन्वय कमजोर भएमा, समयमा कानुन र कार्यविधि तर्जुमा नभएमा संस्थागत संयन्त्र तथा कार्यक्रम संचालनमा अवरोध खडा हुन सक्ने र नियमित संचालन हुँदै आएका कार्यक्रम समेत प्रभावित भई अपेक्षित उपलब्धि प्राप्त नहुने जोखिम हुनसक्छ।

५.६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा

१. पृष्ठभूमि

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। लोक कल्याणकारी राज्यको अवधारणा अनुरूप सबै नागरिकको गुणस्तरीय जीवन सुनिश्चितताका लागि राज्यले सामाजिक सुरक्षा र कमजोर, विपन्न एवम् जोखिममा रहेका लक्षित वर्गको संरक्षण गर्ने नीति अबलम्वन गरेको छ।

श्रमको मर्यादित र सुरक्षित व्यवस्थापन, व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण, रोजगारीको अवसरको सृजना, व्यावसायिक तथा सीप विकास तालिम, सामाजिक सुरक्षाको योजनामा सबैको आवद्धता वढाउनु श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मुख्य उद्देश्य रहेका छन्। श्रम, रोजगार र सामाजिक सुरक्षा क्षेत्रका राष्ट्रिय नीति, योजना र कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गरी विशेषतः आन्तरिक श्रम व्यवस्थापनका माध्यमबाट सकारात्मक औद्योगिक श्रम सम्वन्धको स्थापना, आन्तरिक रोजगारीका अवसरको विस्तार र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु मन्त्रालयको कार्यभार रहेको छ।

२. समस्या र चुनौती

कोराना भाइरस महामारीको कारणबाट आन्तरिक र वैदेशिक रोजगारीको क्षेत्रमा देखिएको जोखिम व्यवस्थापन, उपलब्ध श्रमिक तथा सीप र श्रम बजारको मागबीच तादात्म्यता कायम हुन नसक्नु, कामको सम्मान गर्ने संस्कृतिको विकास हुन नसक्नु, अपेक्षित रुपमा उद्यमशीलता विकास र रोजगारीको सृजना हुन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त सीप र पूँजीको उत्पादनशील क्षेत्रमा परिचालन नहुनु, विभिन्न प्रयासका बावजुद बालश्रम पूर्णरुपमा निवारण हुन नसक्नु, सकारात्मक श्रम सम्बन्ध र रोजगारमैत्री लगानी अपेक्षित रुपमा वृद्धि हुन नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान छन्।

त्यसैगरी श्रम तथा रोजगारीको हकको कार्यान्वयन गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउनु, गन्तव्य मुलुकमा कामदारको सुरक्षा गर्नु र वैदेशिक रोजगारीबाट सिर्जित संरचनागत जोखिमहरू कम गर्दै यसबाट प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा आन्तरिक उपयोग गर्नु मुख्य चुनौतीका रूपमा रहेका छन्।

३. सोच

- सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता (श्रम तथा रोजगारी)।
- सबैका लागि दिगो सामाजिक सुरक्षा प्रणाली, समतामूलक समाज र लोककल्याणकारी राज्य व्यवस्थाको आधार (सामाजिक सुरक्षा तथा संरक्षण)।

४. उद्देश्य

अ. श्रम तथा रोजगारी

१. देशभित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्नु।

२. असल औद्योगिक श्रम सम्बन्धको विकास गर्नु।

३. बालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्नु।

४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नु।

आ. सामाजिक सुरक्षा तथा संरक्षण

१. सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु।

२. आर्थिक सामाजिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु।

३. सामाजिक सुरक्षा र संरक्षण मार्फत नागरिकहरूको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्नु।

५. रणनीति

अ. श्रम तथा रोजगारी

१. स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने।

२. विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयन र सामाजिक संवादको माध्यमबाट असल औद्योगिक एवम् श्रम सम्बन्धको विकास गर्ने।

३. राष्ट्रिय आवश्यकताका आधारमा तालिम र सीप विकासद्धारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने।

४. तीन तहका सरकारबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने।

५. बैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने।

६. रोजगारी सृजना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारी सम्बन्धी कार्यको नियमन गर्न एक अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने।

आ. सामाजिक सुरक्षा तथा संरक्षण

१. सामाजिक सहयोग र संरक्षणका कार्यक्रम विस्तार गरी आर्थिक सामाजिक बञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङ्ग, वर्ग र समुदायको पहुँच बढाउने।

२. योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने।

३. सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यलाई प्रभावकारी वनाउन अन्तर सरकार सूचना प्रणालीको विकास गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

क्र.सं	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	रोजगारमूलक तालिम (अल्पकालीन)	जना	-	१००००	५००००	७५०००	१०००००
२.	आप्रवासी स्रोत केन्द्र स्थापना र व्यवस्थापन	जिल्ला	२२	३९	३९	३९	३९
३.	सीप विकास तालिम केन्द्रहरूको स्तरोन्नति	संख्या	०	३	३	३	३
४.	विदेशस्थित कुटनीतिक नियोगहरूबाट सेल्टर हाउस सञ्चालन	संख्या	५	७	७	९	११
५.	सामाजिक सुरक्षा कोषमा लाभग्राही	जना	६०००	२०००००	५०००००	१००००००	१२०००००

क्र.सं	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
६.	सामाजिक सुरक्षा कोषबाट सञ्चालन भएका स्किम	वटा	४	४	४	४	४
७.	बालश्रम निरीक्षण (प्रतिवर्ष)	प्रतिष्ठान संख्या	२००	९००	१०००	२०००	२५००
८.	बालश्रम मुक्त स्थानीय तह	संख्या		०	२५	५०	१००
९.	व्यावसायिक सीपमूलक तालिम	जना हजारमा	३.५	८	२०	५०	१००
१०.	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाता	संख्या हजारमा	२.६	२५	५०	७५	१००
११.	श्रम अडिट	प्रतिवेदन संख्या	२००	१३००	३०००	५०००	१००००
१२.	प्रतिष्ठान निरीक्षण (श्रम)	संख्या	१०००	९००	१०००	२०००	२५००
१३.	न्यूनतम पारिश्रमिक पालना	निरीक्षण संख्या	६००	९००	१०००	२०००	२५००
१४.	रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा	प्रतिशत	३६.५	४१	४३	४६	४७.५
१५.	श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि)	प्रतिशत	३८.५	४२	४४	४५	४६.५
१६.	श्रम उत्पादकत्व	रू. हजार	१८४.६	२१५	२३०	२४६	२६१
१७.	रोजगारी सृजना (सार्वजनिक निजी र विशेष कार्यक्रम समेत)	जना हजारमा	-	५००	५००	५००	६००
१८.	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या	प्रतिशत	१७	३१	३९	४७	५४
१९.	योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध प्रतिष्ठान सम्बद्ध श्रमिक	प्रतिशत	७	३०	५०	७०	८०
२०.	महिला र पुरुषको श्रमशक्ति सहभागिता दरको अनुपात	प्रतिशत	०.४९	०.९७	०.९५	०.९६	०.९७
२१.	महिला र पुरुषबीच ज्यालादरको अनुपात	प्रतिशत	०.७२	०.७४	०.७६	०.७८	०.७९

७. विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	८३,९४०	८३,३१७	६२३	-	१८,१०४	३,१४१	६२,६९५
२०७८/७९	९३,४८६	९२,८२४	६६२	-	२८,४४८	३८	६५,०००
२०७९/८०	९८,९३३	९८,२२९	७०३	-	३८,९३३	-	६०,०००

८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं	कार्यक्रम / आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
३७१०००११	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	श्रम, रोजगार, सामाजिक सुरक्षा तथा वैदेशिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन औद्योगिक विवाद समाधान, रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान श्रम तथा व्यवसायजन्य रोजगार उन्मुख सीपमूलक एवम् व्यावसायिक तालिम श्रम स्वीकृति तथा श्रम सहचारी व्यवस्थापन	सालबसाली			श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा र नियमन तथा तथ्यांकीय आधार तयार भएको हुने।
३७१०१०११	श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग	व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी नीति, कानुन तथा व्यवस्थापन	२०५२/५३ सालबसाली			श्रम व्यवस्थापन तथा असल श्रम सम्बन्धको विकास भएको हुने।
३७१०२०११	वैदेशिक रोजगार विभाग	वैदेशिक रोजगारीमा सम्बन्धी कार्य व्यवस्थापन				वैदेशिक रोजगार सुरक्षित र व्यवस्थित भएको हुने।
३७१०००१२	वैदेशिक रोजगार न्याधिकरण	वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी उजुरीहरूको सुनुवाई तथा कार्वाही				वैदेशिक रोजगार सम्बन्धी मुद्दा निश्पक्ष र प्रभावकारी सुनुवाई भएको हुने।
३७१३१०११	वैदेशिक रोजगार बोर्ड	वैदेशिक रोजगारीमा जाने र विदेशमा कार्यरत कामदारको हित, सामाजिक सुरक्षा तथा संरक्षण				वैदेशिक रोजगार सम्बन्धी कल्याणकारी कार्य स्थानीय तहसम्म पुगेको हुने।
३७१०३०११	व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान	रोजगारउन्मुख व्यवसायिक तथा सीप विकास तालिम व्यवस्थापन तथा सञ्चालन	२०३३/३४ सालबसाली			रोजगारमूलक तालिम प्राप्त गर्ने व्यक्तिको संख्यात्मक र गुणात्मक वृद्धि भएको हुने।
३७१००१०१	रोजगार प्रवर्द्धन कार्यक्रम	रोजगार तथा स्वरोजगार प्रवर्द्धनका लागि समन्वय, सहकार्य, नियमन र व्यवस्थापन	२०७५/७६ देखि २०७९/८०			सुरक्षित र मर्यादित रोजगारी प्रवर्द्धन भएको हुने।
३७१५१०११	सामाजिक सुरक्षा कोष	योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा रोजगारदाता र श्रमिकको सूचीकरण, सुरक्षा सेवा	२०६७/६८ सालबसाली			योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकको सुनिश्चितता भएको हुने।

ब.उ.शी.नं	कार्यक्रम / आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
		सञ्चालन तथा व्यवस्थापन				
३७१००१०२	युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (प्रधानमन्त्री रोजगार कार्यक्रम)	प्रत्येक स्थानीय तहमा उपलब्ध रोजगारी, सूचीकृत बेरोजगार व्यक्ति तथा रोजगारदाताको विवरण तथा सूचना व्यवस्थापन सामाजिक सुरक्षाको रुपमा रोजगारी प्रत्याभूति	सन् २०१९-२०२२			मुलुक भित्र थप रोजगारीका अवसर सिर्जना भई वैदेशिक रोजगारीमा जानेको संख्यामा कमी आएको हुने। श्रमिकको सामाजिक सुरक्षाको प्रत्याभूति भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

श्रम बजारको माग र जनशक्ति विकासका कार्यक्रमबीच तादात्म्यता तथा स्वस्थ श्रम सम्बन्धको विकास, सुरक्षित तथा भरपर्दो वैदेशिक रोजगारी, औपचारिक माध्यमबाट विप्रेषणको प्राप्ति र यसको सही सदुपयोगको सुनिश्चितता हुन सकेमा अपेक्षित प्रतिफल हासिल हुनेछन्। सामाजिक सुरक्षा कोष अनुरुप विभिन्न स्कीम सञ्चालन हुनेछन्। कृषि, उद्योग, पर्यटन तथा पूर्वाधारका क्षेत्रहरूमा पनि उत्पादनमूलक रोजगारी सृजना र वृद्धि गर्दै स्वदेशमा नै युवा जनशक्तिको लागि रोजगारीका अवसरहरू उपलब्ध हुनेछन्।

परिच्छेद ६

पूर्वाधार क्षेत्र

६.१ ऊर्जा, जलस्रोत तथा सिँचाइ

६.१.१ ऊर्जा

१. पृष्ठभूमि

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो। नेपालको विद्युत विकासको यात्रा वि.सं. १९६८ देखि सुरु भएको भएता पनि वित्तीय उत्प्रेरणा सहितको लगानी नीतिको प्रभावकारी समन्वय र निर्माण क्षमताको अभावले सम्भावित क्षमताको न्यून मात्रामा उत्पादन सम्भव हुन सकेको छ। आ.व. २०७५/७६ सम्ममा कुल जलविद्युत जडान क्षमता १,१२९ मेगावाट पुगेको छ। विद्युत ग्रिडमा जनसंख्याको पहुँच ७८ प्रतिशत छ। विद्युत प्रसारण लाइनको ६६ के.भी. वा सो भन्दा माथिको कुल लम्बाई ३,९९० सर्किट किलोमिटर पुगेको छ। ६३५ स्थानीय तहमा विद्युत पूर्वाधार पुगेको छ। साथै, प्रतिव्यक्ति विद्युत खपत उपभोग २४५ किलोवाट घण्टा रहेको छ। हाल १५.३ प्रतिशत रहेको चुहावटलाई न्यूनीकरण गर्दै लैजानु आवश्यक छ। जलविद्युत विकासका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षण भइरहेको छ। अन्तरसरकार र सार्वजनिक निजी साझेदारीमा हुने लगानी यस क्षेत्रमा प्रवाह भइरहेको छ। ऊर्जा मिश्रित गर्ने रणनीति एवम् विकासको आवश्यकता र विद्युत सेवाको माग धान्न सक्नेसम्मका लागि सार्वजनिक लगानीलाई प्राथमिकता दिइएको छ।

साथै, राष्ट्रिय विद्युत प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका विकट ग्रामीण बस्तीहरूमा उर्जाको पहुँच तथा सुरक्षा सुनिश्चितता गर्दै दिगो विकास लक्ष्य बमोजिम सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनको असर न्यूनीकरण, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्न र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै वातावरणीय सन्तुलन स्थापित गर्न नवीकरणीय उर्जा क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ। हालसम्म वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युत जडान क्षमता ६६.८ मेगावाट पुगेको छ। वैकल्पिक ऊर्जाको माध्यमबाट करिब १० प्रतिशत जनतामा विद्युतको पहुँच पुग्नुका साथै करिब ३० हजार रोजगारी सिर्जना भएको छ। त्यसैगरी लघु तथा साना जलविद्युत, बायोग्यास, सुधारिएको तथा विद्युतीय चुल्हो र सुधारिएको पानीघट्ट जस्ता आयोजनालाई संयोजन गरी कार्बन आयोजनाको रूपमा विकास गरिएको छ। राष्ट्रिय ऊर्जा दक्षता रणनीति तयार गरी कार्यान्वयन अगाडि बढाइएको छ।

२. समस्या तथा चुनौती

जलविद्युत आयोजना प्राकृतिक नदी प्रणालीमा आधारित रहनु, सुख्खा याममा विद्युतको माग पुरा हुन नसक्नु, विद्युत वितरण प्रणालीको सुदृढीकरण हुन नसक्नु विद्युत आपूर्ति भरपर्दो र गुणस्तरीय नहुन, वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन नहुनु, जग्गा प्राप्ति सम्बन्धी कठिनाइले आयोजना कार्यान्वयनमा ढिलाइ हुनु, अन्तर निकाय समन्वयमा कमी हुनु, प्रसारण लाइन निर्माणका लागि आवश्यक निजी जग्गा प्राप्ति तथा वन क्षेत्रमा निर्माण कार्यमा ढिलाइ र व्यवस्थापनमा कठिनाइ हुनु, आयोजना व्यवस्थापनका पूर्व चरणमा गर्ने कार्य समयमै सम्पन्न हुन नसक्नु, आयोजनाको लागतमा बढोत्तरी हुनु र जलविद्युत आयोजना निर्माणमैत्री पूर्वाधारको कमी हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।

शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग पुरा गर्नु, ठूला जलाशययुक्त विद्युत आयोजनाहरूको विकास गर्नु, आयोजना निर्धारित समय र लागतमा सम्पन्न गर्नु, सरोकारवाला निकायबीच समन्वय र प्रभावकारी नियमनको व्यवस्थापन गर्नु, प्रसारण तथा वितरण प्रणाली विस्तार र सुदृढीकरण गर्नु, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा वैदेशिक

र निजी क्षेत्रको लगानी आकर्षित गर्नु, अन्तर्देशीय विद्युत प्रसारण लाइनको निर्माण मोडालिटी विकास गर्नु र संस्थागत संरचनामा उपयुक्त सुधार गर्नु जलविद्युत विकासका प्रमुख चुनौती हुन्। यसैगरी ऊर्जा मिश्रणमा राष्ट्रिय ऊर्जा सुरक्षाको आधारको रूपमा रहेको वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, तुलनात्मक रूपमा सुरुवाती लागत बढी हुने वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन र विस्तारका लागि आवश्यक सहुलियत ऋण, जोखिम व्यवस्थापन तथा बिमा सम्बन्धी आवश्यक व्यवस्था नहुनु, स्थानीय तहमा वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग सम्बन्धमा क्षमताको कमी हुनु वैकल्पिक उर्जा क्षेत्रका चुनौती हुन्।

साथै, परम्परागत र कार्बनमा आधारित ऊर्जाका स्रोतलाई स्वच्छ, किफायती तथा आधुनिक ऊर्जाले प्रतिस्थापन गर्नु, साना, मझौला तथा ठूला उद्योगको परम्परागत ऊर्जा प्रविधि माथिको निर्भरतालाई कम गर्दै आधुनिक प्रविधिको पहुँच बढाउनु, ऊर्जा सुरक्षा तथा ऊर्जा दक्षता अभिवृद्धिको लागि मिश्रित ऊर्जा प्रणालीको नीति अवलम्बन गर्नु, ठूला वैकल्पिक ऊर्जाका आयोजना निर्माण गरी राष्ट्रिय प्रसारण लाइनमा जडान गर्नु, सोको व्यवस्थापनका लागि सबै तहका सरकार बीच आपसी सहकार्य र समन्वय गर्नु, ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी नवीनतम प्रविधि र प्रयोगको प्रवर्द्धन र विकासका लागि आवश्यक अनुसन्धान तथा विकासमा जोड दिनु समेत ऊर्जा क्षेत्रका चुनौतीका रूपमा रहेका छन्।

३. सोच

१. जलविद्युतको दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान। (जलविद्युत)

२. वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विस्तार र दक्षता मार्फत आधुनिक ऊर्जाको दिगो विकास। (वैकल्पिक ऊर्जा)

४. उद्देश्य

१. जलविद्युतको उत्पादनमा वृद्धि गर्दै स्वच्छ ऊर्जाको उपलब्धता सुनिश्चित गर्नु। (जलविद्युत)

२. ऊर्जा दक्षता सहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्नु। (जलविद्युत)

३. क्षेत्रीय ऊर्जा निर्यात व्यापार अभिवृद्धि र पेट्रोलियम पदार्थको आयात क्रमशः प्रतिस्थापन गर्दै भुक्तानी सन्तुलनलाई अनुकूल बनाउन योगदान पुऱ्याउनु। (जलविद्युत)

४. राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, सर्वसुलभ, किफायतीर गुणस्तरीय आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्नु। (वैकल्पिक ऊर्जा)।

५. ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपत घनत्व (Energy Intensity) घटाई उत्पादकत्व बढाउनु। (वैकल्पिक ऊर्जा)

५. रणनीति

१. जलविद्युतमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने। (जलविद्युत)

२. आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने। (जलविद्युत)

३. ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाउने तथा विद्युत पहुँच वृद्धि गरी खपत बढाउने। (जलविद्युत)

४. जलविद्युत उत्पादन सहित सबै प्रकारका ऊर्जाको समिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने। (जलविद्युत)

५. जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने। (जलविद्युत)

६. जलविद्युतमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी वृद्धि गरी विद्युत उत्पादनमा वृद्धि गर्ने। (जलविद्युत)

७. वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने। (वैकल्पिक ऊर्जा)

८. प्रदेश र स्थानीय तहमा सरोकारवालासँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै आधुनिक, भरपर्दो र पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रसम्म वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने। (वैकल्पिक ऊर्जा)

९. नवीनतम, दिगो तथा ऊर्जा दक्ष प्रविधिहरूको प्रयोगमा जोड दिने। (वैकल्पिक ऊर्जा)

१०. वैकल्पिक ऊर्जाको क्षेत्रमा वैंकिङ तथा वित्तीय क्षेत्रको संलग्नता वृद्धि गर्ने तथा वैकल्पिक ऊर्जा प्रबिधिहरूलाई उपयुक्त कार्वन परियोजना तथा कार्यक्रमको रूपमा विकास गरी अन्तर्राष्ट्रिय कार्बन बजारको साथै आन्तरिक कार्बन बजार संयन्त्र स्थापना गर्ने। (वैकल्पिक ऊर्जा)

११. कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघसंस्था समेतको सहकार्यमा ठूला क्षमताका बायोग्यास प्लान्ट स्थापना गरी एल.पी. ग्यासको प्रयोगलाई न्यूनीकरण गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्ने। (वैकल्पिक ऊर्जा)

६. विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				२०७७/७८	२०७८/७९	२०७९/८०
विद्युत जडित क्षमता	मेगावाट	१२५०	१५५५.४	२४६३.९	३६९९.४	४१३३
जलविद्युत	मेगावाट	११२८	१४२९.०	२३२९.०	३५००.०	३९००.०
थर्मल प्लान्ट	मेगावाट	५३.४	५३.४	५३.४	५३.४	५३.४
वैकल्पिक ऊर्जा (नवीकरणीय)	मेगावाट	६७.८	७३.०	८१.५	१४५.८	१७९.३
सौर्य ऊर्जा (निजी क्षेत्र प्रवर्द्धित)	मेगावाट	-	१०	१००	२५०	४००
प्रसारण लाइन (६६ के.भि.तथा सो भन्दा माथिका)	कि.मि.	३९९०	४२९०	५१९०	५९३०	६४३०
वितरण लाइन (३३ के.भि.)	कि.मि.	४९०५	५२५५	५४५५	६५००	७१००
विद्युतमा पहुँच पुगेको जनसंख्या	प्रतिशत	८८	९०	९२	९८	१००
प्रति व्यक्ति विद्युत खपत	किलोवाट घण्टा	२४५	२७५	३५०	६००	६५०
विद्युत चुहावट	प्रतिशत	१५.३२	१४	१३.८	१३.३	१२.८
ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात	प्रतिशत	५	७	९	१०	११
लघु जलविद्युत	मेगावाट	३४	३५	३८	४१	४४

सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				२०७७/७८	२०७८/७९	२०७९/८०
सौर्य ऊर्जा	मेगावाट	३२	३५	४०	९९	१२७
वायु उर्जा	प्रतिशत	०.७६	१.७६	३.२६	५.७६	८.२६
सौर्य मिनी ग्रिड	संख्या	१२	३००	६००	९००	१,२००
वायु मिश्रित ऊर्जा	मेगावाट	०.८	३	४	६	८
सुधारिएको पानी घट्ट जडान	संख्या	११०१८	११११८	११३१८	११३१८	११४१८
घरेलु सौर्य प्रणाली	संख्या (हजारमा)	९११	९८६	१०३६	१०८६	११३६
संस्थागत तथा सामुदायिक सौर्य विद्युत जडान	संख्या	१९९३	२०९३	२१९३	२२९३	२३९३
सौर्य खानेपानी तथा सिँचाइ पम्प जडान	संख्या	१३६४	१४६४	१५६४	१६६४	१७६४
सुधारिएको फलामे चुलो तथा विद्युतीय चुलो	संख्या (हजारमा)	८६	१३१	२६१	३८६	४८६
घरायसी बायोग्यास जडान	संख्या (हजारमा)	४२६	४४२	४६०	५४६	५८६
सामुदायिक तथा संस्थागत र शहरी तथा व्यावसायिक बायोग्यास जडान	संख्या	२४७	३६७	४९७	६२७	७०७

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

(रु. लाखमा)

आ.व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुमान	वैदेशिक ऋण
२०७७/७८	७२६,००३	३७,८२५	११०,३५९	५७७,८१९	२२२,२५७	५६,४४२	४४७,३०४
२०७८/७९	९०५,४४२	४०,४६७	१७६,१९४	६८८,७८१	३२१,४९३	५७,७५४	५२६,१९४
२०७९/८०	९८४,२८१	४८,१६६	२२८,७३०	७०७,३८५	४२६,११०	६८,६७९	४८९,४९२

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. करोडमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३०८०००११	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन	सालबसाली			जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण र नियमन भएको हुने।
३०८००१०१	बुढी गण्डकी जलविद्युत आयोजना	१,२०० मेगावाट क्षमताको जलाशययुक्त जलविद्युत आयोजना निर्माण	२०६९/७० - २०८५/८६	२,८३,५७	विस्तृत आयोजना प्रतिवेदन	जग्गा प्राप्ति, पुनर्बास तथा पुनर्स्थापना सम्पन्न भएको हुने। लगानी मोडालिटी तय भई निर्माण कार्य शुरु भएको हुने।
३०८००१०२	विद्युत विकास दशक सम्बन्धी कार्ययोजना आयोजना	दीर्घकालीन रूपमा दिगो विद्युतीय ऊर्जा विकासको माध्यमद्वारा एक दशक भित्र नेपालमा ऊर्जा सुरक्षाको प्रत्याभूति	सालबसाली			जनताको जलविद्युत कार्यक्रम मार्फत सर्वसाधारण जनताहरुलाई शेयर वितरण भएको हुने। आयोजनाहरुको अनुगमन तथा मुल्यांकन भएको हुने।
३०८००१०३	वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र	नवीकरणीय प्रवर्द्धन तथा विकास, अध्ययन,अनुसन्धान, प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धि र सेवाको गुणस्तरमा वृद्धि गरी ऊर्जाको पहुँच मार्फत निवारणमा सहयोग र ऊर्जा दक्षता अभिवृद्धि	सालबसाली			लघु तथा साना जलविद्युत आयोजनाबाट ९ मेगावाट, सौर्य विद्युतबाट १४ मेगावाट र वायु ऊर्जा प्रणालीबाट ५ मेगावाट विद्युत उत्पादन भई घरपरिवार तथा संस्थाहरूमा विद्युतको पहुँच पुगेको हुने। १ लाख १३ हजार ५ सय घरायसी बायोग्यास प्लान्ट र ४०० संस्थागत शहरी बायोग्यास जडान भई खाना पकाउने स्वच्छ ऊर्जाको पहुँच पुगेको हुने। ४० हजार प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना भएको हुने।
३०८००१०४	राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम	नवीकरणीय प्रवर्द्धन तथा विकास गरी ऊर्जाको पहुँच तथा ऊर्जा दक्षता मार्फत गरिबी निवारणमा सहयोग	सालबसाली			
३०८०१०११	विद्युत विकास विभाग	निजी क्षेत्रलाई प्रोत्साहन, प्रवर्द्धन र सहजीकरण,	सालबसाली			निजी क्षेत्रलाई प्रोत्साहन, प्रवर्द्धन र सहजीकरण भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. करोडमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		जलविद्युत आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन, अनुगमन र नियमन				जलविद्युत आयोजनाहरूको सम्भाव्यता तथा वातावरणीय अध्ययन सम्पन्न भई निर्माणको लागि तयार भएको हुने।
३०८०११०१	विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन	विद्युतमा लगानीको लागि निजी क्षेत्रलाई प्रोत्साहन, प्रवर्द्धन र सहजीकरण	सालबसाली			निजी क्षेत्रलाई प्रोत्साहन, प्रवर्द्धन र सहजीकरण भएको हुने।
३०८०११०२	सप्तकोशी बहुउद्देशीय आयोजना	सप्तकोशी बहुउद्धेश्यीय आयोजनाको निर्माण दुईपक्षीय रूपमा सम्पन्न गरी ३४५० मेगावाट बिजुली उत्पादन तथा नेपालको पूर्वी क्षेत्रमा सिँचाइ सुविधा उपलब्धता	२०५७/५८ - शुरु भएको			अध्ययन सम्पन्न भएको हुने।
३०८०११०३	पञ्चेश्वर बहुउद्देशीय आयोजना	पञ्चेश्वर बहुउद्देशीय आयोजना निर्माण	२०४४/४५ - शुरु भएको			पञ्चेश्वर विकास प्राधिकरण मार्फत कार्य अघि बढेको हुने।
३०८०११०४	जलविद्युत आयोजना अध्ययन	जलविद्युत आयोजनाहरू अध्ययन	सालबसाली			जल विद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन प्रतिवेदन तयार भई आयोजना बैंकमा समावेश भएको हुने।
३०८०११०६	बुढीगंगा जलविद्युत आयोजना	२० मेगावाट क्षमताको पिकिङ आयोजना निर्माण गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०७६/७७ - २०७९/८०	६००	परामर्श दाताबाट प्राप्त भएको प्रारम्भिक प्रतिवेदन	आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको हुने। बुढीगंगा जुगाड आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भएको हुने।
३०८२१०११	विद्युत नियमन आयोग	विद्युत महसुल नियमन, विद्युत उपभोक्ताको हक र हित संरक्षण प्रतिस्पर्धात्मक विद्युतको बजार	सालबसाली			विद्युत महसुल निर्धारण कार्य भएको हुने। विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाइएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. करोडमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		र भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित विद्युत सेवा				
३०८२१०१२	जल तथा ऊर्जा आयोग	विद्यमान जल तथा ऊर्जा स्रोतको सर्भेक्षण र अन्वेषण जल तथा उर्जा विकास सम्बन्धी दीर्घकालीन वा अल्पकालीन नीति तर्जुमा	सालबसाली			नेपालको कुल जलविद्युत सम्भाव्य उत्पादन क्षमताको मूल्याङ्कन तथा आँकलन सम्बन्धी अध्ययन कार्य सम्पन्न भएको हुने।
३०८२१०१३	नदी बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना बेसिनहरूको	जलस्रोतको एकीकृत विकास एवम् व्यवस्थापन	२०७१/७२ - २०७७/७८	६८	जलस्रोतको एकीकृत विकास व्यवस्थापन	जलस्रोतको एकीकृत विकास एवम् व्यवस्थापनका लागि कर्णाली, गण्डकी, पश्चिम रासी र बबई नदी एकीकृत योजना तर्जुमा भएको हुने।
५०१०८१०१	१३२ के.भि. तथा अन्य प्रसारण लाइन विस्तार	१३२ के.भि. तथा अन्य प्रसारण लाइन विस्तार	सालबसाली			गुरूयोजना अनुसार १३२ के.भि. तथा अन्य प्रसारण लाइन तथा सब-स्टेसन निर्माण भएको हुने।
५०१०८१०२	थानकोट-चापागाउँ-भक्तपुर प्रसारण लाइन	थानकोट-चापागाउँ-भक्तपुर १३२ के.भि. प्रसारण लाइन निर्माण	२०५५/५६ - २०७७/७८	१,८७	प्रसारण लाइन निर्माण	थानकोट-चापागाउँ-भक्तपुर १३२ के.भि. प्रसारण लाइन निर्माण भएको हुने
५०१०८१०३	अन्य ३३ के भी. तथा सव-स्टेशन	वितरण लाइन तथा वितरण सब-स्टेसन निर्माण तथा स्तरोन्नति	सालबसाली			वितरण प्रणालीमा सुधार भएको हुने।
५०१०८१०४	जलविद्युत सुदृढीकरण आयोजना	नेपाल विद्युत प्राधिकरण अन्तर्गत रहेका जलविद्युत केन्द्र आवधिक रुपमा मर्मत सम्भार एवम् सुदृढीकरण	सालबसाली			नेपाल विद्युत प्राधिकरण अन्तर्गत रहेका जलविद्युत केन्द्रहरूको आवधिक रुपमा मर्मत संभार एवम् सुदृढीकरण भएको हुने।
५०१०८१०५	सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण	विद्युत ऊर्जाको पहुँच विस्तार	सालबसाली			माग बमोजिम सबैलाई विद्युत ऊर्जाको पहुँच पुगेको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. करोडमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
५०१०८१०६	कुलेखानी तेस्रो जलविद्युत आयोजना	१४ मेगावाट विद्युत उत्पादन गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०६३/६४ - २०७६/७७ सम्म निर्माण सम्पन्न भई आ.व. २०७७/७८ - सालबसाली	४,६३	जलविद्युत निर्माण	१४ मे.वा. विद्युत उत्पादन तथा बाँकि रहेका बिलहरु भुक्तानी भएको हुने।
५०१०८१०७	चमेलिया लविद्युत आयोजना	३० मेगावाट विद्युत उत्पादन गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०६३/६४ - २०७४/७५ सम्म निर्माण सम्पन्न भई आ.व. २०७५/७६ - सालबसाली	१६,००	जलविद्युत निर्माण	३० मे. वा. विद्युत उत्पादन तथा बाँकि रहेका बिलहरु भुक्तानी भएको हुने।
५०१०८१०८	जलाशययुक्त आयोजनाहरूको छनौट तथा सम्भाव्यता अध्ययन	जलाशययुक्त आयोजनाहरूको छनौट तथा सम्भाव्यता अध्ययन	सालबसाली			अध्ययन भइरहेका जलाश युक्त आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने।
५०१०८१०९	ठूला तथा मझौला जलविद्युत अध्ययन आयोजना	ठुला तथा मझौला जलविद्युत आयोजनाहरूको अध्ययन	२०७१/७२ - २०७७/७८	१,३६	अध्ययन	अध्ययन सम्पन्न भएको हुने।
५०१०८११०	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	४५६ मेगावाट क्षमताको आयोजना निर्माण सम्पन्न गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०६६/६७ - २०७७/७८	४९,२९	जलविद्युत निर्माण	निर्माण सम्पन्न भई राष्ट्रिय विद्युत प्रणालीमा आवद्ध भएको हुने।
५०१०८१११	माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजना	६० मेगावाट विद्युत उत्पादन गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०६७/६८ - २०७६/७७ सम्म निर्माण सम्पन्न भई २०७७/७८ - सालबसाली	१४,१३	जलविद्युत निर्माण	६० मे.वा. विद्युत उत्पादन तथा बाँकि रहेका बिलहरु भुक्तानी भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. करोडमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
५०१०८११२	राहुघाट जलविद्युत आयोजना	४० मेगावाट क्षमताको आयोजना निर्माण सम्पन्न गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०६७/६८ - २०७९/८०	९,१७	जलविद्युत निर्माण	निर्माण सम्पन्न भई राष्ट्रिय विद्युत प्रणालीमा आवद्ध भएको हुने।
५०१०८११३	तनहुँ जल विद्युत आयोजना	१४० मेगावाट क्षमताको आयोजना निर्माण सम्पन्न गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०७२/७३ - २०८०/८१	४१,६२	जलविद्युत निर्माण	जग्गा प्राप्ति भएको हुने, पहुँच मार्ग निर्माण भएको हुने, आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको हुने।
५०१०८११४	माथिल्लो मोदी ए जलविद्युत आयोजना	१८ मेगावाट क्षमताको आयोजना निर्माण सम्पन्न गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०६६/६७ - २०८०/८१	१३,९६	अध्ययन तथा निर्माण	जग्गा प्राप्ति भएको हुने, पहुँच मार्ग निर्माण भएको हुने, आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको हुने।
५०१०८११५	नेपाल भारत विद्युत प्रसारण	३० स.कि.मि. प्रसारण लाइन निर्माण	२०६६/६७ - २०७७/७८	१६,८९	प्रसारण लाइन तथा सब-स्टेसन निर्माण	निर्माण सम्पन्न भई संचालनमा आएको हुने।
५०१०८११६	पुर्न नविकरणीय तथा क्षमता विस्तार आयोजना	नविकरणीय ऊर्जा उत्पादन र ऊर्जा दक्षता अभिवृद्धि	२०७१/७२ - २०७७/७८	२,१००	निर्माण	२५ मेगावाटको सौर्य विद्युत राष्ट्रिय विद्युत प्रणालीमा आवद्ध भएको हुने। ५० वटा चर्जिंग सब-स्टेसन निर्माण भएको हुने।
५०१०८११७	तामाकोशी पाचौँ जलविद्युत आयोजना	१०० मेगावाट जलविद्युत आयोजना निर्माण गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०७५/७६ - २०८१/८२	१६,७०	जलविद्युत निर्माणका लागि	जग्गा प्राप्ति भएको हुने, लगानी मोडालिटी तय भई निर्माण शुरु भएको हुने।
५०१०८११८	जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	जलविद्युत उत्पादन, प्रशारण तथा वितरण परियोजनामा शेयर वा ऋण लगानी	२०६८/६९ - सालबसाली		लगानी	जलविद्युत, प्रशारण तथा वितरण आयोजनामा शेयर वा ऋण लगानी गरिएको हुने।
५०१०८१२०	विद्युत उत्पादन कम्पनी लिमिटेड	जलविद्युत आयोजनाहरूको सर्वेक्षण, निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन	२०७३/७४ - २०८७/८८	६,३४,४४	निर्माण	अध्ययन भैरहेको आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार भई निर्माण शुरु भएको हुने।
५०१०८१२१	राष्ट्रिय प्रशारण ग्रीड	आन्तरिक तथा निर्यातको लागि	२०७२/७३ -	६३,५०	विभिन्न प्रसारण	अध्ययन भैरहेको आयोजनाहरूको विस्तृत

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. करोडमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	कम्पनी लिमिटेड	उच्च भोल्टेजको प्रशारण लाइन ग्रीड निर्माण	२०८२/८३		लाइन निर्माण	आयोजना प्रतिवेदन तयार भई निर्माण शुरु भएको हुने।
५०१०८१२२	अपर अरुण जलविद्युत आयोजना कम्पनी लिमिटेड	१०६१ मे.वा. माथिल्लो अरूण जलविद्युत आयोजना र इखुवा खोला जलविद्युत आयोजना निर्माण	२०६६/६७ - २०८४/८५	१६७६९	जलविद्युत आयोजना निर्माणसम्बन्धि सम्पूर्ण कार्यहरुको लागि	विस्तृत इन्जिनियरिङ अध्ययन सम्पन्न भएको हुने। लगानी मोडालिटी तय भई जग्गा प्राप्ति तथा निर्माण शुरु भएको हुने।
५०१०८१२३	पावरसेक्टर रिफर्म एण्ड सस्टेनेवल हाइड्रोपावर डेभलपमेण्ट प्रोजेक्ट	जलविद्युत आयोजना तथा प्रसारण लाइन अध्ययन	२०७३/७४ - २०७८/७९	२,४५	अध्ययन	माथिलो आरुण जलविद्युत आयोजनाको विस्तृत अध्ययन सम्पन्न भएको हुने। अरुण हब- बसन्तपुर इनरुवा ४०० के. भी प्रसारण लाइन र तिङ्ला दुधकोशी ढल्केबर ४०० के.भी. प्रसारण लाइनको अध्ययन सम्पन्न भएको हुने।
५०१०८१२४	नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड	४१० मेगावाट क्षमताको जलाशययुक्त आयोजना निर्माण गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्धता	२०६४/६५- २०८४/८५	१,५४,६०	आयोजना निर्माण	जग्गा प्राप्ति सम्पन्न भएको हुने, निर्माण तथा लगानी मोडालिटी तय भई निर्माण शुरु भएको हुने।
५०१०८१२७	विद्युत विकास दशक सम्बन्धी कार्ययोजना	दीर्घकालीन रुपमा दिगो विद्युतीय ऊर्जा विकासको मध्यमद्वारा एक दशक भित्र नेपालमा ऊर्जा सुरक्षाको प्रत्याभूति	सालबसाली			स्मार्ट सब-स्टेसनहरु निर्माण भएको हुने।
५०१०८१२८	सासेक-विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना	२२० के.भी. खिम्ती-१, बाह्रबिसे र लप्सिफेदी सव स्टेशनलाई ४०० के.भी. र १३२ के.भी. पतलैया-परवानीपुर प्रशारण लाइनको क्षमता बढाइ पोखरियामा नयाँ १३२ के.भी. सव स्टेशन निर्माण गरि प्रणालीको क्षमता	२०७७/७८ -२०८३/८४	३८,८१	प्रसारण लाइन निर्माण	उच्च भोल्टेज सव स्टेशन -१२६५ MVA निर्माण सम्पन्न हुने। वितरण सव स्टेशन-५६ MVA निर्माण सम्पन्न हुने। ३३ के.भी. लाइन — २५० सर्किट कि.मि. निर्माण सम्पन्न हुने। ११ के.भी. लाइन — ९०० सर्किट कि.मि.

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. करोडमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
		वृद्धि गर्ने । काठमाडौं उपत्यकाको प्रशारण तथा वितरण क्षमता अभिवृद्धि तथा सुद्रीढिकरण गर्ने । प्रदेश नं. २ को वितरण क्षमता अभिवृद्धि तथा सुद्रीढिकरण गर्ने ५० स्थानमा विद्युतिय सवारी चर्जिग स्टेशन जडान गर्ने।				निर्माण सम्पन्न हुने। ०.४ के.भी. लाइन — १००० सर्किट कि.मि. निर्माण सम्पन्न हुने। भूमिगत ११ के.भी. लाइन — ३०० सर्किट कि.मि. निर्माण सम्पन्न हुने। भूमिगत ०.४ के.भी. लाइन — ३०० सर्किट कि.मि. निर्माण सम्पन्न हुने। ५० स्थानमा विद्युतिय सवारी चर्जिग स्टेशन जडान सम्पन्न हुने।
५०१०८१२९	वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजना	प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पूर्ण विद्युतीकरण गर्ने।	२०७६/७७ - २०७९/८०	२५,००	परामर्शदाताले तयार पारेको BoQ को आधारमा निर्माणसम्बन्धी कार्यका लागि	करिब ७०० कि.मि. वितरण लाइन निर्माण, ३४ वटा ३३/११ के.भी. सब-स्टेशन निर्माण, करिब ७५०० कि.मि. ११ के.भी. वितरण लाईन विस्तार तथा १३००० वटा ०.४/०.२२ के.भी. वितरण ट्रान्सफर्मर जडान र २००० कि.मि. ०.४/०.२२ के.भी. लाईन निर्माण भएको हुने ।
५०१०८१३०	दुधकोशी जलाशययुक्त आयोजना	६३५ मेगावाट क्षमताको जलाशययुक्त आयोजना निर्माण गरी राष्ट्रिय विद्युत प्रणालीमा आवद्ध गर्ने।	२०६८/०६९ -२०८५/८६	२,१९,००	प्रारम्भिक अनुमान अनुसार जलविद्युत निर्माण	जग्गा प्राप्ति सम्पन्न भएको हुने, पहुँमार्ग र अन्य सिभिल निर्माण कार्य शुरु भई निर्माणाधीन आवस्था भएको हुने ।

९. जोखिम पक्ष तथा अनुमान

जलविद्युत क्षेत्रमा लगानीको लागि पुँजी बजार अभिप्रेरित हुने, विद्युत सेवा उपलब्ध गराउनका लागि पर्याप्त पूर्वाधारको सुनिश्चितता रहने, एकीकृत मुआब्जा वितरण नीति तयार हुने, आयोजना निर्माण कार्य, प्रशारण लाइन तथा वितरण लाईन निर्माण गर्ने कार्य समयमै सम्पन्न हुने र सम्बन्धित निकाय, सरोकारवाला तथा जनता बीच प्रभावकारी समन्वय कायम भएको हुनेछ। उक्त कार्यहरू उचित समयमा व्यवस्थापन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहनेछ।

६.१.२ जलस्रोत

१. पृष्ठभूमि

जलस्रोतको समुचित व्यवस्थापन र विकास तथा बहुउपयोग प्रवर्द्धनले मुलुकको विकास र समृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदछ। जलस्रोतको उपयोग गरी जलविद्युत, सिँचाइ, खानेपानी जस्ता विकास कार्यलाई दिगो बनाउन जलस्रोतका मुहान, जलप्रवाह, भूमिगत जलस्रोत, हिमनदी र हिमताल सम्बन्धी अध्ययन अनुसन्धान सहित तथ्याङ्कको सुक्ष्म विश्लेषण गर्नु आवश्यक छ। जलउत्पन्न विपद न्यूनीकरण गर्न वैज्ञानिक अध्ययन अनुसन्धान गरी नवीन प्रविधिको विकास र विस्तार गर्नु अपरिहार्य रहेको छ। जलस्रोतको गुणस्तर संरक्षण गर्दै यसको व्यवस्थापन र बहुउपयोगका लागि नीतिगत मार्गदर्शन गर्न एकीकृत जलस्रोत नीतिको आवश्यकता रहेको छ। साथै, जलस्रोतको समुचित विकास तथा उपयोगका लागि संघ, प्रदेश र स्थानीय तहको सक्रियता, समन्वय एवम् सहकार्यको आवश्यकता रहेको छ।

२. समस्या तथा चुनौती

जलवायु परिवर्तन तथा अन्य प्राकृतिक प्रकोपबाट सृजित असरका कारण पानीको उपलब्धतामा आएको अनिश्चितता, अव्यवस्थित भूउपयोग र सडक सञ्जालको निर्माण तथा विस्तारले गर्दा पहिरो तथा भूक्षयमा वृद्धि भई नदीको बहावमा परिवर्तन तथा नदीको पिँधको सतह (रिभर वेड) मा घटबढ भई बाढीजन्य समस्या आउनु र जलस्रोतको उपयोगमा नकरात्मक असर पर्नु, खोला नालाको प्राकृतिक वहावमा अतिक्रमण भई तराई, भित्री मधेश तथा पहाडी क्षेत्रका शहरी बस्ती बाढी तथा डुवानको जोखिममा पर्नु, एकीकृत जलस्रोत नीति तथा नदी बेसिन गुरूयोजनाको अद्यावधिक हुन नसक्दा जलविद्युत, सिँचाइ, खानेपानी लगायतका क्षेत्रमा जलस्रोतको एकीकृत तथा समन्वयात्मक व्यवस्थापन तथा उपयोग नहुनु र विभिन्न किसिमका जलस्रोतको परिमाण तथा गुणस्तर सम्बन्धी तथ्याङ्कको संकलन तथा व्यवस्थापन पर्याप्त नभएको कारण अध्ययन अनुसन्धान तथा योजना कार्यान्वयन प्रभावकारी हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन्।

उपलब्ध जलस्रोतको समुचित, बहुआयामिक र समन्वयात्मक उपयोग सहित एकीकृत जलाधार व्यवस्थापन गर्नु, जलवायु परिवर्तनको असरलाई ध्यानमा राखी जलस्रोतको समुचित उपयोग गर्नु, जलवायु परिवर्तनका नकरात्मक असरलाई न्यूनीकरण गर्ने उपाय समयमै अवलम्बन गरी जोखिम व्यवस्थापन गर्नु, जलउत्पन्न विपद्बाट सिर्जित क्षतिलाई न्यूनीकरण गर्नु, जलाधार क्षेत्रको बढ्दो क्षयीकरणका कारण गेग्रान बहाव अत्यधिक हुन गई नदीको पिँधको सतह बढ्दै जाने क्रमलाई रोकथाम गर्नु, नदी किनारालाई संरक्षण गर्न रेखाङ्कन गरी जोनिङ्ग गर्नु तथा जोखिमयुक्त स्थानको पहिचान गरी दिगो व्यवस्थापन गर्नु, अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति र पूर्वाधारको विकास गर्नु नै प्रमुख चुनौती हुन्।

३. सोच

जलस्रोतको दिगो उपयोगबाट समृद्ध नेपाल निर्माणमा योगदान।

४. उद्देश्य

१. जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपयोग मार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्नु।

२. जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद न्यूनीकरण एवम् व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्नु।

५. रणनीति

१. जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने।

२. अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने।

३. जलस्रोत सम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास र विभिन्न अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्दै यस क्षेत्रको अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने।

४. जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै बाढी पहिरोजन्य विपदको दिगो एवम् भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैरसंरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धिका कार्य गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				२०७७/७८	२०७८/७९	२०७९/८०
तटबन्ध निर्माण	कि.मि.	१०४०	६२	९०	११९	१२०
जग्गा उकास	हेक्टर	१०७४३	३१८	४८६	१००९	१०१२
ठूला पहिरो व्यवस्थापन	वटा	८	३	४	४	४
अध्ययन अनुसन्धान	गोटा	४१	५	१०	२५	३०
नमुना परीक्षण	गोटा	८	५	६	७	८
तालिम संचालन	गोटा	१२	४	४	५	५

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आ.व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुमान	वैदेशिक ऋण
२०७७/७८	५३,९५८	१,००९	५२,९४९	-	४३,९५८	१०,०००	-
२०७८/७९	७६,९९३	६२८	७६,३६४	-	५१,९९३	२५,०००	-
२०७९/८०	७५,७२९	८०९	७४,९२०	-	५०,७२९	२५,०००	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याई	आगामी तीन वर्षको उपलब्धि सूचक
३०८०३१०६	नदी नियन्त्रण कार्यक्रम	भौतिक पूर्वाधार, मानव बस्ती, खेती योग्य जमिनको कटानको रोकथामका लागि संरचना निर्माण ठूला प्रकृतिका पहिरो रोकथाम	२०६२/६३ - २०८०/८१	१३०५५०	तटबन्ध र संरचना निर्माण	ठूला तथा मझौला नदीमा १६५ कि.मि. तटबन्ध निर्माण भएको हुने। ७५० हे. जग्गा उकास भएको हुने।
३०८०३१०७	जल उत्पन्न प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम	जल उत्पन्न प्रकोप न्यूनीकरण तथा नियन्त्रण सम्बन्धी जनचेतना अभिवृद्धि जलाधार तथा उप-जलाधार क्षेत्रबाट बगेर जाने गेग्रान वहाब न्यूनीकरण	२०६४/६५ - २०८०/८१		संरचना निर्माण र क्षमता अभिवृद्धि	८ वटा जलाधार क्षेत्रमा जल उत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन भएको हुने।
३०८०३१०८	भारतीय अनुदान सहयोगमा सचालीत नदी नियन्त्रण कार्यक्रम	तटबन्ध निर्माण गरी जनधनको क्षति न्यूनीकरण जग्गा उकास	२०६६/६७ - २०८०/८१	१९०१०	तटबन्ध निर्माण तथा संरचना विकास	खाडो, बाणगङ्गा, पश्चिम राप्ती नियन्त्रण योजना संचालनबाट तटबन्ध निर्माण, सरचना निर्माण, जग्गा उकास, जनधनको क्षति न्यूनीकरण भएको हुने।
३०८०३११८	बस्ती टार बजार सरक्षण कार्यक्रम	भौतिक पूर्वाधार/संरचना, मानवबस्ती, खेती योग्य जमिनको संरक्षण पुरातात्विक स्थानहरूको संरक्षण तथा व्यवस्थापन	२०६६/६७ - २०८०/८१		तटबन्ध निर्माण तथा संरचना विकास	६ कि.मि. तटबन्ध निर्माण भै मानव बस्ती, बजार संरक्षण भएको हुने। भौतिक पूर्वाधार/संरचना, मानवबस्ती, खेती योग्य जमिनको संरक्षण भई जल उत्पन्न विपद न्यूनीकरण भई मानवीय, भौतिक तथा आर्थिक हानी नोक्सानी न्यूनीकरण हुने।
३०८०३१२६	नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण आयोजना	नदी नियन्त्रण लगायत जल उत्पन्न विपद व्यवस्थापनबाट मानवीय, भौतिक तथा आर्थिक हानी नोक्सानी न्यूनीकरण उपयुक्त प्रविधि पहिचानका लागि अनुसन्धानात्मक तथा संस्थागत विकास	२०७५/७६ - २०८०/८१	२४१३५.८४	उपयुक्त प्रविधिमा आधारित व्यवस्थित नदी नियन्त्रण तटबन्ध निर्माण तथा संरचना	परम्परागत भन्दा फरक उपयुक्त प्रविधिको पहिचान गरी जल उत्पन्न विपद जन्य जोखिम न्यूनीकरण भएको हुने। ६ कि. मि। तटबन्ध निर्माण भएको हुने।
३०८०३१२६	पूर्वी राप्ती लोथर-सौराहा कड्रिकट	पूर्वी राप्ती नदीको पक्की तटबन्ध निर्माण गरी पर्यटन मार्गको विकास	२०७६/७७ - २०८०/८१	१८६३३१		२५ कि. मि. पक्की तटबन्ध निर्माण गरी पर्यटन मार्गको विकास भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याई	आगामी तीन वर्षको उपलब्धि सूचक
	डाइक निर्माण आयोजना	जग्गा संरक्षण तथा रोजगारी सिर्जना				पर्यटन क्षेत्रको विकास तथा संरक्षण तथा जग्गा सरक्षण हुने तथा रोजगारी सिर्जना भएको हुने।
३०८०४१०१	जलस्रोत अनुसन्धान तथा विकास केन्द्र	जलस्रोतको विकास,उपयोग र व्यवस्थापनका लागि अनुसन्धान, प्रविधिको खोज र विकास प्राविधिक जनशक्तिको क्षमता विकास	२०७२/७३ - २०८०/८१	१९६८.८		जलस्रोत, सिँचाइ तथा जल विपद व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, अन्वेषण भएको हुने। नवप्रवर्तनशील प्रविधिको विकास तथा जलस्रोत क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

जलस्रोत सम्बन्धी अध्ययन, अनुसन्धान, अन्वेषण, प्रविधि विकास तथा विस्तार सम्बन्धी कार्यक्रम, नविनतम नमूना प्रविधि विकास गर्ने क्रममा लागत लागत नबढेमा उल्लेखित उपलब्धि हासिल हुनेछन्।

६.१.३ सिँचाइ

१. पृष्ठभूमि

कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्न आवश्यक छ। परम्परागत सिँचाइ प्रणालीको साथै नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट समेत सिँचित कृषि क्षेत्रको विस्तार गर्न ध्यान दिनु जरुरी छ। सिँचाइको थप पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाइ आयोजना संघ, मझौला सिँचाइ आयोजना प्रदेश र साना सिँचाइ आयोजनामा स्थानीय तहबाट लगानी परिचालन गर्ने व्यवस्था मिलाउन आवश्यक छ। सिँचाइ प्रणालीको निर्माण पछिको मर्मत-सम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागितालाई थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

२. समस्या तथा चुनौती

अधिकांश सिँचाइ योजना प्राकृतिक नदी प्रणाली (रन अफ द रिभर) अवधारणामा निर्माण गरिएकोले वर्षै भरी एकैनासले सिँचाइको भरपर्दो सेवा पुऱ्याउन नसकिनु, निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीको पर्याप्त मर्मत-सम्भार हुन नसक्नु, सिँचाइ सुविधा पुगेको वा पुग्नसक्ने भूमिमा खण्डीकरण र अव्यवस्थित शहरीकरण हुनु, सतह सिँचाइ र भूमिगत सिँचाइको संयोजनात्मक उपयोग नहुनु, प्राकृतिक मुल तथा मुहानहरू सुक्दै जानु, उपलब्ध पानीको स्रोत माथिको चाप बढ्नु, सिँचाइ तथा जल उपयोग दक्षता न्यून हुनु, नदी जन्य निर्माण सामग्रीको अत्यधिक दोहन हुनगई नदीको बेड लेभल घट्दै जानु र ठूला तथा बहुउद्देश्यीय आयोजनामा पर्याप्त लगानी हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।

देशको सम्पूर्ण कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्नु, सिँचाइ पूवार्धार विकासका लागि संघ, प्रदेश र स्थानीय तहले लगानीको प्राथमिकता तय गर्नु, उपयुक्त तथा गुणस्तरिय प्रविधिको विकास एवम् छनोट गर्नु, निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरूको नियमित रूपमा मर्मत—सम्भार गर्नु, सिँचाइ प्रणालीबाट बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउने गरी दीर्घकालीन रूपमा ठूला नदीहरूको जल स्थानान्तरण तथा जलाशययुक्त योजना निर्माण गर्नु, सिँचाइ सुविधा उपलब्ध भएका वा निकट भविष्यमा उपलब्ध हुने कृषिभूमि कृषि क्षेत्रका लागि संरक्षण गर्नु, जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने उपाय समयमै अवलम्बन गरी जोखिम व्यवस्थापन गर्नु र उपलब्ध जलस्रोतको संरक्षण गर्दै सिँचाइ सहितको बहुआयमिक उपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

३. सोच

दिगो एवम् भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान।

४. उद्देश्य

१. उपयुक्त प्रविधि मार्फत थप कृषि योग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्नु।

२. ठूला, जलाशययुक्त तथा जल स्थानान्तरण बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा वर्षै भरी भरपर्दो रूपमा सिँचाइ सुविधा उपलब्ध गराउनु।

३. सम्पन्न सिँचाइ प्रणलीको मर्मत-सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपन बढाउनु।

५. रणनीति

१. सिँचाइ विकासको गुरूयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ योजनाहरूको विकास एवम् विस्तार गर्ने।

२. नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्नुका साथै सिँचाइ दक्षता वृद्धि गर्ने।

३. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिँचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि ठूला बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने।

४. भूमिगत सिँचाइ योजनाको विस्तार सहित उपयोगमा जोड दिने।

५. सिँचाइ प्रणालीको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने।

६. नीतिगत सुधार एवम् विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	सिँचाइयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि	प्रतिशत	३३	३४	३६	३९	४४
२.	कुल सिंचित क्षेत्रफल	हेक्टर (हजारमा)	१,४७३	१,४९३	१,५३५	१,५९०	१,६७५
३.	नयाँ प्रविधिको सिँचाइ सुविधा पुगेको भूमि	हेक्टर (हजारमा)	२.४	२.२	४.६	६.८	८.५
४.	साना सिँचाइ सुविधा पुगेको क्षेत्रफल	हेक्टर (हजारमा)	२२.०	२५.५	२९.५	३४.५	३९.५
५.	सिंचित क्षेत्रफल विस्तार सतह सिँचाइ	हेक्टर	३,३६५	३,९५०	९,६००	२१,३००	२६,१४०
६.	सिंचित क्षेत्रफल विस्तार भूमिगत सिँचाइ	हेक्टर	३४०	१,०००	२,०००	१३,०००	१३,०००
७.	सिंचित क्षेत्रफल विस्तार नयाँ प्रविधिमा आधारित सिँचाइ	हेक्टर	२००	२,२००	४,६४०	६,८००	८,४८०
८.	मर्मत सम्भारबाट सिञ्चित क्षेत्रफल	हेक्टर	२३७	२३७	२३७	२३७	२३७

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रु. लाखमा

आ.व.	विनियोजना तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुमान	वैदेशिक ऋण
२०७७/७८	१९४,७३९	७,९३७	१८६,८०२	-	११२,०४८	९३१	८१,७६०
२०७८/७९	२४०,८२३	८,५९५	२३२,२२८	-	१७४,८९९	४,८००	६१,१२४
२०७९/८०	४१४,७९७	८,७५६	४०६,०४१	-	३८३,९७४	-	३०,८२४

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	कुल लागत	पुष्ट्याईं	आगामी तीन आर्थिक वर्षको उपलब्धि
३०८०३०११	जलस्रोत तथा सिँचाइ विभाग	कार्यालय संचालन	सालबसाली			
३०८०३०१२	सिँचाइ व्यवस्थापन डिभिजन — ८	कार्यालय संचालन	सालबसाली			
३०८०३०१३	यान्त्रिक कार्यालय— ३	कार्यालय संचालन	सालबसाली			
३०८०३१०१	सिँचाइ संस्थागत विकास कार्यक्रम	सिँचाइ विभागको संस्थागत विकास	सालबसाली			
३०८०३१०२	सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना	पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल कृषक कुलोहरुको पुर्नस्थापना	पहिलो चरण : २०७०/७१ - २०७५/७६ दोश्रो चरण : २०७७/७८ -	५८.१ मिलियन अमेरिकी डलर		पहिलो चरणको कार्य सम्पन्न भई दोश्रो चरणको कार्य तयारी तया कार्यान्वयन भएको हुने ।
३०८०३१०३	सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम	ठूला बहुउद्देश्यीय आयोजनाको अध्ययन सम्भाव्य योजनाहरुको पहिचान एवम् विस्तृत सम्भाव्यता अध्ययन	सालबसाली			काली गण्डकी तिनाउ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन भएको हुने। तमोर चिस्याङ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन भएको हुने। रापी-कपिलवस्तु डाइभर्सन बहुउद्देश्य सिँचाइ आयोजनाको पूर्व सम्भाव्यता अध्ययन भएको हुने।
३०८०३१०४	यान्त्रिक व्यवस्थापन कार्यक्रम	यान्त्रिक उपकरण मर्मत एवम् संचालन		सालबसाली		
३०८०३१०५	समुदाय व्यवस्थित सिचित कृषि क्षेत्र आयोजना	प्रदेश नं. १ प्रदेश नं. २ र बागमती प्रदेशका १६३ वटा कृषक व्यवस्थित सिँचाइ प्रणालीहरूमा पुनर्स्थापना कार्य गरी २१ हजार १८१ हेक्टरमा	२०७१/७२ देखि २०७८/७९	७२.७ मिलियन यु.एस.डलर		१६३ वटा कृषक व्यवस्थित सिँचाइ योजना सम्पन्न भई २११८१ हेक्टर जमिनमा व्यवस्थित सिचाइ सुविधा उपलव्ध भएको हुने। सरकार व्यवस्थित ६ वटा सिँचाइ प्रणालीहरुको पुर्नस्थापना कार्य भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	कुल लागत	पुष्ट्याईं	आगामी तीन आर्थिक वर्षको उपलब्धि
		व्यवस्थित सिँचाइ सेवा उपलब्धता गण्डकी प्रदेश, सुदुरपश्चिम र कर्णाली प्रदेशका व्यवस्थित सिँचाइ योजनाहरुको आवश्यक पुर्नस्थापनाको कार्य गरी ५ हजार ४६५ हेक्टरमा व्यवस्थित सिँचाइ सेवा उपलब्धता				
३०८०३१०९	मर्मत संभार आयोजना	ठूला सिँचाइ योजनाहरूको आवश्यकता अनुसार मर्मत संभार	सालबसाली			सरकार व्यवस्थित २ लाख ६१ हजार ९०९ हेक्टर सिँचाइ प्रणालीको मर्मत सुधार भएको हुने।
३०८०३११०	बृहत्त सरकारी सिँचाइ पुर्नस्थापना तथा व्यवस्थापन हस्तान्तरण आयोजना	पुराना एवम बृहत सरकारी सिँचाइ आयोजनाहरुको संरचनाहरु पुनर्स्थापना तथा पुनर्निर्माण गरी ९८ हजार ५०० हेक्टरमा सिँचाइ उपलब्धता	२०६१/६२ - २०७८/७९	१०२४००	स्वीकृत एप्राइजल अनुसार	९८ हजार ५०० हेक्टर जमीनमा व्यबस्थित सिँचाइ सेवा उपलब्ध भएको हुने।
३०८०३१११	बागमती सिचाइ आयोजना	सर्लाही र रौतहट जिल्लाको ४५ हजार ९४० हेक्टर जमिनमा भरपर्दो सिँचाइ उपलब्धता	सालबसाली			सर्लाही र रौतहट जिल्लाको ४५ हजार ९४० हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध भएको हुने। सुनकोसी मरिन डाइभर्सन आयोजनाबाट सिँचित क्षेत्र विस्तार हुने १ लाख २२ हजार हेक्टरमा सिँचाइ पूर्वाधार विकासका लागि विस्तृत आयोजना प्रतिवेदन तयार भई निर्माण कार्य भैरहेको हुने।
३०८०३११२	बबई सिँचाइ आयोजना	बर्दिया जिल्लाको बबई नदीको पूर्वमा २१ हजार हेक्टर र पश्चिममा १५ हजार हेक्टर खेतीयोग्य जमीनमा सिँचाइ सुविधा	२०४५/६४ - २०७९/८०	१८९६३०	स्वीकृत खरिद गुरुयोजना अनुसार	थप ८००० हेक्टर जमीनमा सिँचाइ सेवा उपलब्ध भएको हुने।
३०८०३११३	महाकाली सिँचाइ आयोजना, कञ्चनपुर	कैलाली र कञ्चनपुर जिल्लाको ३३ हजार ५२० हेक्टर क्षेत्रमा थप सिँचाइ सुविधा उपलब्धता	२०६३/६४ - २०८४/८५	२६७७००	सन् २०१५ को परिमार्जित लागत अनुमान अनुसार	५०० हेक्टर जमीनमा सिँचाइ सेवा उपलब्ध भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	कुल लागत	पुष्ट्याईं	आगामी तीन आर्थिक वर्षको उपलब्धि
३०८०३११४	सुनसरी मोरङ्ग सिँचाइ आयोजना (तेस्रो)	सुनसरी र मोरङ जिल्लाको ६८ हजार हेक्टर जमीनमा सिँचाइ सेवा उपलब्ध गराउने	सालबसाली			सुनसरी र मोरङ्ग जिल्लाको ६८ हजार हेक्टर क्षेत्रमा व्यवस्थित सिँचाइ सुविधा उपलब्ध भएको हुने।
३०८०३११५	प्रगन्ना तथा बडकापथ सिँचाइ आयोजना, दाङ	प्रगन्ना सिँचाइ आयोजनाबाट दाङ जिल्लाको देउखुरी उपत्यकाका चैलाही, सोनपुर, सिसनिया र लालमटियाका ५ हजार ८०० हेक्टर जग्गामा वर्षैभरि सिँचाइ सुविधा उपलब्धता बड्कापथ सिँचाइ आयोजनाबाट दाङ्ग जिल्लाको देउखुरी उपत्यकाका गढवा, गंगापरस्पुर र गोबरडिहाका ४ हजार हेक्टर जमीनमा वर्षैभरि सिँचाइ सुविधा उपलब्धता	०६८/६९ देखि २०७९/८०	३७६००		कमाण्ड क्षेत्र बचावटको लागि तटबन्ध विस्तार हुने। नहरको निर्माण तथा विस्तार भई थप ५५५ हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको हुने।
३०८०३११६	सिक्टा सिँचाइ आयोजना	बाँके जिल्लाको ४२ हजार ७६६ हेक्टर जमीनमा सिँचाइ सेवा उपलब्ध हुने।	२०५९/६० - २०८४/८५	२५०२००	स्वीकृत खरिद गुरुयोजना अनुसार	७ हजार २०० हेक्टर जमीनमा सिँचाइ सेवा उपलब्ध हुने।
३०८०३११७	पालुङटार—कुण्डुटार सिँचाइ आयोजना	गोरखा जिल्लाको पालुङ्गटार र कुण्डुटारमा ७६० हेकटर जमिनमा वर्षैभरी सिँचाइ सुविधा	२०७६/७७- २०८०/८१	१५९००		सिँचाइ योजनाबाट थप ७६० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको हुने।
३०८०३११९	रानी जमरा कुलरिया सिँचाइ आयोजना	कैलाली जिल्लाको ३८ हजार ३०० हेक्टरमा वर्षैभरी सिँचाइ सेवा उपलब्धता	२०६८/६९ - २०८०/८१	२७७०२४	२०७४/१२/१५ को स्वीकृत खरिद गुरुयोजना अनुसार	५ हजार ५०० हेक्टर जमीनमा सिंचाई भएको हुने।
३०८०३१२०	भेरी बबई बहुउद्देश्यीय डाइभर्जन सिँचाइ आयोजना	बाँके र बर्दिया जिल्लाको करिब ५१ हजार हेक्टरमा सिँचाइ सेवा उपलब्धता	२०६८/६९ - २०७९/८०	३३१९६६	स्वीकृत खरिद गुरुयोजना अनुसार	सुरुङ्ग, हेडवक्स लगायतका कार्य सम्पन्न भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	कुल लागत	पुष्ट्याईं	आगामी तीन आर्थिक वर्षको उपलब्धि
		४८ मेगावाट विद्युत् उत्पादन				
३०८०३१२२	सिँचाइ पुनर्स्थापनापना आयोजना (कुवेत फण्ड)	५० वटा योजना पुनःनिर्माण ७ हजार ६०० हेक्टर जमिनमा सिँचाइ	२०७२/७३ -२०७९/८०	२०५००		सिँचाइ आयोजनाहरूको पुनर्निर्माण भएको हुने। उपभोक्ता कृषकहरूको योजना संचालन तथा व्यवस्थापन क्षमतामा अभिवृद्धि भएको हुने। कृषि उत्पादन वृद्धि तथा विविधीकरण समबन्धी तालिम संचालन भएको हुने।
३०८०३१२३	समृद्ध तराई—मधेश सिँचाइ विशेष कार्यक्रम	भूमिगत स्यालो तथा डीप ट्युववेल, ताल तलैया इनारको निर्माण विद्यमान सिँचाइ प्रणालीको पुर्नस्थापना तथा सुधार	२०७३/७४ - २०७७/७८	२४८०००		सतह तथा भूमिगत स्यालो ट्यूबेलबाट कृषियोग्य जमिनमा सिँचाइ उपलब्ध भएको हुने। १२,००० हेक्टर जमिनमा थप सिँचाइ सुविधा उपलव्ध भएको हुने ।
३०८०३१२४	सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना	सर्लाही र महोतरी जिल्लाको १ लाख २२ हजार हेक्टर खेती योग्य जमिनमा सिँचाइ उपलब्धता ४० मेगावाट विद्युत उत्पादन	२०७३/७४ - २०८०/८१	४६१९००	स्वीकृत खरिद गुरूयोजना	सुरुङ, हेडवर्कस, विद्युत गृह र टेलरेस निर्माण कार्य भैरहेको हुने।
३०८०३१२५	बृहत् दाङ उपत्यका सिँचाइ आयोजना	दाङ जिल्लाको करिब ५६ हजार हेक्टर जमीनमा सिँचाइ उपलव्धता	२०७४/७५ - ०८३/०८४	४०००००		सम्भाव्य क्षेत्रमा सोलार लिफ्ट प्रविधिवाट सिँचाइ सेवा उपलव्ध हुने। ससाना जलाशययुक्त सिँचाइ प्रणालीको निर्माण भएको हुने। नयाँ प्रविधिमा आधारित सिँचाइ योजना निर्माण भई ३९०० हे जमिनमा सिचाइ सुविधा उपलव्ध हुने।
३०८०३१२७	एकीकृत ऊर्जा तथा सिचाइ विशेष कार्यक्रम	मध्य पहाडी टार क्षेत्रमा लिफ्ट सिँचाइ तराई मधेसमा सौर्य ऊर्जाबाट लिफ्ट सिँचाइ	२०७५/७६ - २०८०/८१			मध्य पहाडी टार क्षेत्रमा लिफ्टबाट १५०० हे। सिँचाइ सेवा उपलब्ध भएको हुने। तराई मधेसमा सौर्य ऊर्जाबाट लिफ्ट सिँचाइ उपलब्ध भएको हुने।
३०८०३९५२ (नयाँ)	पाँचखाल एकीकृत जलस्रोत व्यबस्थापन आयोजना	सतह र लिफ्ट सिँचाइबाट वर्षैभरि सिचाइ सुविधा उपलव्धता				विस्तृत अध्ययन कार्य सम्पन्न गरी कार्यान्वयन शुरु भएको हुने।
३०८०३९५	माडी - दाङ डाइभर्सन	जलस्रोतको interbasin transfer				विस्तृत अध्ययन कार्य सम्पन्न कार्यान्वन शुरु

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	कुल लागत	पुष्ट्याईं	आगामी तीन आर्थिक वर्षको उपलब्धि
(नयाँ)	बहुउद्देश्यीय आयोजना	बाट वर्षैभरि सिँचाइ सुविधा उपलव्धता र विद्युत उत्पादन				भएको हुने।
नयाँ	चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजना	सतह र भूमिगत सिँचाइको संयोजनात्मक उपयोगबाट वर्षैभरि सिचाइ सुविधा उपलव्धता				विस्तृत अध्ययन कार्य सम्पन्न गरी कार्यान्वन शुरु भएको हुने।
नयाँ	तमोर चिसाङ डाइभर्सन बहुउद्देश्यीय आयोजना	जलस्रोतको अन्तरबेसिन स्थानान्तरण (Interbasin transfer) बाट वर्षैभरि सिँचाइ सुविधा उपलव्धता र विद्युत उत्पादन				विस्तृत अध्ययन कार्य सम्पन्न गरी कार्यान्वन शुरु भएको हुने।
नयाँ	कालीगण्डकी तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना	जलस्रोतको अन्तरबेसिन स्थानान्तरण (Interbasin transfer) बाट वर्षैभरि सिँचाइ सुविधा उपलव्धता र विद्युत उत्पादन				विस्तृत अध्ययन कार्य सम्पन्न गरी कार्यान्वन शुरु भएको हुने।
नयाँ	माडी - झिमरूक एकीकृत सिँचाइ विकास आयोजाना	झिमर ,माडी र लुम्री कोरिडोर अन्तर्गत रहेका सिँचाइयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्धता कोरिडोर अन्तर्गतका नदीनाला व्यवस्थापन				विस्तृत अध्ययन कार्य सम्पन्न गरी कार्यान्वन शुरु भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

उपयुक्त प्रविधिको उपयोग र जग्गा प्राप्तिमा सहजता, आवश्यक बजेटको सुनिश्चितता भएमा, नदीजन्य निर्माण सामग्रीको उपलब्धता, किसानको सहभागिता र जनशक्ति उपलब्ध हुने अनुमान छ। सो नभएमा वा प्राकृतिक विपद् एवम् अन्य विविध कारणले आयोजनागत लागत वृद्धि भएमा अपेक्षित उलब्धि हासिल नहुने जोखिम रहन्छ।

६.१.४ जल तथा मौसम विज्ञान

१. पृष्ठभूमि

नेपालको भौगोलिक अवस्थिति तथा भू-धरातलका कारण नेपालमा विषम तथा विविधतायुक्त जलवायु रहेको छ। मौसमी प्रतिकूलता र बाढीका कारण विभिन्न विपदका घटना हुने गरेको र जलवायु परिवर्तनका कारण मौसम तथा बाढी पूर्वानुमानमा जटिलता थपिँदै गइरहेको छ। हिमक्षेत्र तथा हिमनदीहरूमा संकुचन आएको छ। साथै, ठूला-ठूला हिमतालहरूको निर्माण भएका कारण हिमताल विष्फोटनको जोखिम बढ्दो छ। कृषि प्रणाली सुधार गर्न, हवाई दुर्घटना कम गर्न, बाढी तथा खडेरी लगायत अन्य जल तथा मौसमजन्य प्राकृतिक विपद्ले निम्त्याउन सक्ने जनधनको क्षतिलाई न्यून गर्न मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणाली भरपर्दो, विश्वसनीय र प्रभावकारी हुनु आवश्यक छ।

२.समस्या तथा चुनौती

जल, मौसम तथा जलवायु सम्बन्धी नियमित रूपमा र तत्काल गुणस्तरीय तथ्यांक प्राप्त गर्न नसक्नु, उच्च पहाडी तथा हिमाली क्षेत्रमा जल तथा मौसम मापन केन्द्रहरू पर्याप्त संख्यामा नहुनु, जल, मौसम तथा जलवायु सेवालाई व्यवस्थित र निर्देशित गर्ने विशिष्ट कानूनको अभाव हुँदा सोसँग सम्बन्धित कामलाई व्यवस्थित गर्न नसक्नु, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठनको मापदण्ड बमोजिम उड्डयन मौसम सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसकिनु, सरोकारवाला हवाई उड्यन, कृषि, पर्यटन, जलस्रोत, विपद् व्यवस्थापन, स्वास्थ्य आदिको माग बमोजिम जल मौसम तथा जलवायु सेवा विस्तार गर्न नसकिनु, भूमिगत जल भण्डारका अलावा ताल तलैयामा रहेको पानीको परिमाण र गुणस्तरको तथ्याङ्क नियमित रूपमा संकलन नहुनु र सेडिमेन्ट बाढी तथा डुबान र क्षति आँकलन तथा निराकरण सन्दर्भमा अध्ययन तथा अनुसन्धान पर्याप्त नहुनु प्रमुख समस्या रहेका छन्।

मौसम तथा जलप्रबाह पूर्वानुमान र पूर्वसूचनालाई भरपर्दो बनाई कृषि, हवाई उड्डयन, जलस्रोत, स्वास्थ्य, पर्यटन आदि क्षेत्रको व्यवस्थापनलाई प्रभावकारी बनाउनु, देशैभरको सतह एवम् भूमिगत जल र मौसमसँग सम्बन्धित गुणस्तरीय तथ्याङ्क, सूचना अटूट रूपमा सङ्कलन गर्नु, जल तथा मौसम मापन केन्द्रहरूको सञ्चालन, विस्तार र आधुनिकीकरण गर्नु, हिमताल तथा हिमनदीहरूको सर्वेक्षण गर्नु, जलवायु परिवर्तनबाट हुने जल तथा मौसमजन्य बहुप्रकोपबाट विभिन्न क्षेत्रमा हुनसक्ने असरलाई न्यूनीकरण तथा जोखिम व्यवस्थापन गर्नु, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन र विश्व मौसम संगठनले जल तथा मौसम सेवा प्रवाहका लागि निर्धारण गरेका मापदण्ड लागू गर्नु, लामो अवधिसम्मको मौसम पूर्वानुमान सेवा उपलब्ध गराउनु, जलवायु परिवर्तन सम्बन्धी समयानुकूल वैज्ञानिक अध्ययन तथा अनुसन्धान गरी क्षेत्रगत तथ्याङ तथा सूचना सरोकारवाला निकायसम्म प्रभावकारी रूपमा सम्प्रेषण गर्नु र अध्ययन तथा अनुसन्धानको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन एवम् आधुनिक प्रविधिको विस्तार र प्रभावकारी प्रयोग गर्नु प्रमुख चुनौती रहेका छन्।

३. सोच

विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवम् जलवायु समानुकूलित समाजको निर्माण।

४. उद्देश्य

१. जल तथा मौसम सेवालाई समयानुकूल विकास र विस्तार गर्न आवश्यक नीति निर्माण तथा संरचनागत सुधार गर्नु।

२. जल तथा मौसमजन्य बहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना प्रवाहबाट नागरिकको जीउधनको सुरक्षा गर्नु।
३. जल, मौसम तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नु।

५. रणनीति

१. विश्व मौसम संगठनको मापदण्ड अनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम सेवा उपलब्ध गराउन नीति तथा कानुन निर्माण गर्ने।
२. जल तथा मौसम मापन केन्द्रहरूलाई क्रमशः नवीनतम प्रविधि सहितको आधुनिक स्वचालित केन्द्रहरूमा रूपान्तरण र आवश्यकता अनुसार विस्तार गर्ने।
३. नदी वेसिन योजना वमोजिम विकासका पूर्वाधारहरूको लागि जल उपलब्धतामा हुने भिन्नता, बेसिनहरूको पानीको सन्तुलन (Water balance), थिग्रेनी अध्ययन तथा आँकलन गर्ने।
४. मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने।
५. विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेन्डाई फ्रेमवर्कले तय गरे अनुरूप विभिन्न संघ-संस्थासँग समन्वय गरी जल तथा मौसमजन्य बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने।
६. विश्व मौसम संगठन, जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन र अन्य सरोकारवाला संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

६. नतिजा सूचक

सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				२०७७/७८	२०७८/७९	२०७९/८०
स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन	वटा		११२	१४५	१६०	१९०
स्वचालित मौसम मापन केन्द्र स्थापना र सञ्चालन	वटा	९७	१५०	१९०	२२०	२५०
मौसम राडार (C-BAND) स्थापना र सञ्चालन	वटा	१	१	३	३	३
रेडियोसोंड केन्द्र स्थापना र सञ्चालन	वटा	१	१	१	२	३
बाढी पूर्व सूचना प्रणाली सञ्चालन	वटा	१९	१९	२१	२३	२५
हिमताल विष्फोटन पूर्व सूचना प्रणाली स्थापना र सञ्चालन	वटा	२	२	२	२	३
बाढी जोखिम नक्सांकन कार्य	वटा	८	१०	१४	१८	२०
७ दिनसम्मको मौसम पूर्वानुमान	प्रति दिन	-	१	१	१	१
हिमताल तथा हिमनदी सर्वेक्षण	वटा	३	३	४	५	६
राडार (X-band) स्थापना	वटा	०	०	०	१	१

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

(रु. लाखमा)

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक ऋण	वैदेशिक अनुदान
२०७७/७८	१८,२४८	६,१२८	१२,१२०	-	११,४१०	४,०५६	२,७८२
२०७८/७९	११,०४१	२,५२८	८,५१३	-	११,०४१	-	-
२०७९/८०	११,७०३	२,६८०	९,०२४	-	११,७०३	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३०८०२१०२	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	जलवायु परिवर्तनले कृषि लगायत अन्य क्षेत्रमा पारेको प्रभाव न्यूनीकरणका लागि विभागको सेवा प्रवाह प्रणाली आधुनिकीकरण	२०६९/७०-२०७७/७८	८२६३	विभागको आधुनिकीकरण र सेवा प्रवाह सबलीकरण	स्वचालित जल तथा मौसम उपकरण जडान, वर्कस्टेसन, टिभि स्टुडियो, क्यालिब्रेसन ल्याब स्थापना भएको हुने।
३०८०२०११	जल तथा मौसम विज्ञान विभाग	बाढी तथा मौसम पूर्वानुमान कार्य नियमित गरी बाढी तथा मौसमजन्य प्राकृतिक विपत्तिबाट हुने जनधनको क्षति न्यूनीकरण	सालबसाली	५४५७९	गुणस्तरीय जल तथा मौसम सूचना प्रवाह गर्न आधुनिक उपकरण जडान र नियमित सञ्चालन	३ वटा मौसम राडार स्थापना र सञ्चालन भएको हुने। ठूला र मझौला नदीहरूमा २५ वटा बाढी पूर्वसूचना प्रणाली स्थापना भएको हुने। १९० स्वचालित जल मापन केन्द्र र २५० मौसम केन्द्र स्थापना र नियमित सञ्चालन भएको हुने। २ वटा रेडियोसोण्ड केन्द्र संचालन भएको हुने।
३०८०२१०१	जल तथा मौसम विज्ञान कार्यक्रम	देशभरिको जल तथा मौसमी तथ्यांक संकलन	सालबसाली	१९४१९	जल तथा मौसम केन्द्रहरू नियमित सञ्चालन र आधुनिकीकरण	जल तथा मौसम मापन केन्द्रहरू नियमित सञ्चालन, तथ्यांक संकलन र क्षेत्रगत सेवा प्रवाह भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

विश्वव्यापी महामारी कोरोनाको कारण चालु अध्ययन, सम्झौता कार्यान्वयनमा ढिलाई नभएमा, उपयुक्त प्रविधिको उपयोग र जग्गा प्राप्ति सहज भएमा, खरिद प्रक्रियामा जटिलता नभएमा, प्राकृतिक विपदका घटना एवम् अन्य विविध कारणले आयोजनाको लागत नबढेमा उल्लेखित उपलब्धि हासिल हुनेछन्।

६.२ भौतिक पूर्वाधार तथा यातायात

१. पृष्ठभूमि

आर्थिक वृद्धि र उन्नतिको सम्वाहकको रूपमा रहेको यातायात क्षेत्रले भौतिक तथा सामाजिक पूर्वाधार विकासमा उल्लेखनीय योगदान गर्दै आएकोले यस क्षेत्रको विकासमा लगानी सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ। समग्र यातायात प्रणालीको प्रभावकारी विकासका लागि यस क्षेत्रमा हुने लगानी, लगानीको प्राथमिकीकरण, सुरक्षित यातायात सेवा, न्यूनतम ढुवानी खर्च, दिगो संरचना निर्माण र योजनाबद्ध मर्मत-सम्भार हुन जरूरी छ। सडक सञ्जाल विस्तार, हवाई यातायात, अन्तरदेशीय रेल, जल तथा अन्य यातायात समेतको अल्पकालीन र दीर्घकालीन सोचका साथ सहज, सुरक्षित तथा गुणस्तरीय यातायात सेवा प्रदान गर्ने कार्यका लागि एकीकृत यातायात प्रणालीको अध्ययन तथा विकास हुनु अपरिहार्य छ। नेपालको आर्थिक-सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने रणनीतिक महत्वका राष्ट्रिय लोकमार्ग र अन्तरदेशीय व्यापारिक नाका जोड्ने सडकहरू, रेलमार्ग तथा जलमार्ग निर्माण, सञ्चालन तथा व्यवस्थापन लगायतका कार्य कार्यान्वयनको लागि विशेष जोड दिन आवश्यक रहेको छ।

२. समस्या तथा चुनौती

यातायातका पूर्वाधारको अपेक्षित एकीकृत विकास नहुनु, मापदण्ड बिना आयोजना पहिचान तथा छनोट हुनु, आवश्यक पूर्वतयारी बिना आयोजना कार्यान्वयनमा लैजानु, निजी क्षेत्रको व्यवसायिक क्षमतामा समयानुकूल वृद्धि नहुनु, दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्तिको उपलब्धतामा कमि रहनु र गुणस्तरीय निर्माण सामग्रीका साथै स्थानीय तहको क्षेत्राधिकारमा रहेको नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु र संस्थागत, व्यवस्थापकीय तथा प्राविधिक संशाधन क्षमतामा अपेक्षाकृत वृद्धि नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

पूर्वाधार निर्माण कार्यमा अपनाइने प्रविधि, लागत र गुणस्तरमा सन्तुलन कायम गर्नु, चुनौतीपूर्ण भौगर्भिक-भौगोलिक अवस्था रहनु, सानातिना आयोजना कार्यान्वयन गर्नुपर्ने दवावका कारण प्राथमिकता प्राप्त योजना तथा रणनीतिक गुरूयोजनाले पहिचान गरेका आयोजनाहरूमा मात्र लगानी केन्द्रित गर्नु, तीन तहका सरकारहरूले निर्माण गर्ने सडक पूर्वाधारहरू परिपूरक हुने गरी निर्माण गर्नु, संस्थागत क्षमता अभिवृद्धि गर्नु, सन्तुलित, सुरक्षित, दिगो, वातावरणमैत्री र गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

३. सोच

१. सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तरीय एवम् दिगो सडक पूर्वाधारको विकास (सडक)।

२. भरपर्दो, सुरक्षित, पहुँचयोग्य, वातावरणमैत्री रेल यातायात प्रणालीको विकास (रेल यातायात)।

३. सुलभ र किफायती यातायातको भरपर्दो विकल्पको रूपमा जल यातायातको विकास (जल यातायात)।

४. प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास (यातायात व्यवस्थापन)।

४. उद्देश्य

अ. सडक

१. कुल यातायात खर्च न्यूनतम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्नु।

२. सडक पूर्वाधारहरुको उचित संरक्षण, मर्मत-सम्भार र सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्नु।

आ. रेल यातायात

१. रेल यातायात सुविधा विस्तार गरी अन्तरदेशीय व्यापार सम्बन्ध पहुँचमा विस्तार बढाउँदै आर्थिक सामाजिक एकीकरणमा योगदान गर्नु।

२. भौगोलिक सन्तुलन र विकासमा योगदान पुग्ने गरी भरपर्दो र सुरक्षित रेलसेवा सञ्चालन गर्नु।

इ. जल यातायात

१. आन्तरिक, क्षेत्रीय र अन्तर्राष्ट्रिय जलमार्गको प्रयोग गरी देशको उद्योग, व्यापार तथा पर्यटन लगायत राष्ट्रिय अर्थतन्त्रका अन्य आयाममा सकारात्मक योगदान पुऱ्याउनु।

ई. यातायात व्यवस्थापन

१. यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ, भरपर्दो, सुरक्षित, समावेशी र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउनु।

५. रणनीति

अ. सडक

१. प्रादेशिक सन्तुलन समेत कायम हुने गरी उच्च क्षमताका द्रुतमार्ग, भूमिगत मार्ग, भाया-डक्ट लगायतका आधुनिक संरचना सहितको गुरूयोजनामा आधारित सडक सञ्जालको विकास गर्ने।

२. संस्थागत क्षमताको विकासलाई उच्च प्राथमिकता दिई आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने।

३. सडकको डिजाइन, निर्माण, मर्मत-सम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रिकीकरणमा जोड दिने।

४. प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका कारण हुनसक्ने सम्भाव्य असर वा हानीनोक्सानीलाई न्यूनीकरण गर्ने।

आ. रेल यातायात

१. रेलमार्गको सम्भाव्यता अध्ययन गरी राष्ट्रिय आवश्यकता पहिचान,विकास र विस्तार गर्ने।

२. रेल विभागको संस्थागत क्षमता अभिवृद्धि गर्ने।

३. रेल यातायातको पूर्वाधार विकास तथा सञ्चालनमा लगानीका भरपर्दो वैकल्पिक स्रोत प्रवर्द्धन गर्ने।

इ. जल यातायात

१. आन्तरिक तथा समुन्द्रसम्म पहुँचका लागि जल यातायातको विकास र विस्तार गर्ने।

२. जल यातायात सेवा विकासको लागि निजी एवम् अन्य क्षेत्रको लगानी आकर्षित गर्ने।

३. जल यातायात विकास र सञ्चालनमा संस्थागत, व्यवस्थापकीय तथा प्राविधिक क्षमताको विकास र अभिवृद्धि गर्ने।

ई. यातायात व्यवस्थापन

१. संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने।

२. दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने।

३. सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने।

४. यातायात व्यवस्थापनमा प्रविधिको प्रयोग गर्दै सडक दुर्घटना न्यूनीकरण गर्दै जाने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	कुल गार्हस्थ उत्पादनमा यातायात क्षेत्रको योगदान	प्रतिशत	५.१	५.२	५.०	५.०	४.९
२.	सडक घनत्व	कि.मि. प्रति वर्ग कि.मि.	०.५५	०.५९	०.६२	०.६८	०.६९
३.	तराईमा एक घण्टा र पहाडमा दुई घण्टाभित्र यातायात सेवामा पहुँच पुगेको जनसंख्या	प्रतिशत	६५	६८	७२	७७	८५
४.	राष्ट्रिय राजमार्ग (दुई लेनसम्म, कालोपत्रे)	कि.मि.	५,९९४	७,१९४	८,४९४	९,७९४	११,०९४
५.	राष्ट्रिय राजमार्ग (दुई लेनमाथि, द्रुतमार्ग समेत)	कि.मि.	९६	१५५	२२५	३४५	७४५
६.	रेलमार्गको निर्मित ट्रयाक लम्बाइ	कि.मि.	४२	३५०	३००		
७.	३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार	प्रतिशत	८२	८६	९१	९२	९४
८.	राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक निर्माण)	कि.मि.	२६०	३५०	३५०	४००	३००
९.	सडक स्तरोन्नति, पुनःनिर्माण र सुदृढीकरण	कि.मि.	१८२	२००	२२५	२२५	२५०
१०.	आवधिक मर्मत सम्भार	कि.मि.	३२०	३००	७२९	७५०	७७५
११.	नियमित मर्मत सम्भार	कि.मि.	९,१५५	८,४११	७,१८७	७,२००	७,२२५
१२.	पुल निर्माण	संख्या	२३१५	३००	३००	३००	३००
१३.	सवारी साधन कर	रू. करोड	४७७९	११०७	१२५०	१३५०	१४५००
१४.	ट्राफिक चिन्ह र संकेत राख्ने	वटा	६८७३		५००	६००	७००
१५.	सवारी चालक अनुमतिपत्र स्मार्ट कार्ड वितरण	संख्या (लाखमा)	६	१२	१२	१२	१३
१६.	इम्बोस्ड नम्बर प्लेट वितरण	संख्या (हजारमा)	४.२७		१५००	१५००	१०००
१७.	रेलमार्ग (स्तरोन्नति/ नयाँ ट्रयाक)	कि.मि.	४२	५३	११५	१९०	२६०
१८.	डि.पि.आर प्रतिवेदन (रेलतर्फ)	कि.मि.	९६६	९०	१३६	१९२	१९२
१९.	मेट्रो रेल डि.पि.आर प्रतिवेदन	कि.मि.	०	०	२२	२३	२३
२०.	रेलमार्गको लागि थप जग्गाको अधिग्रहण	हेक्टर	२६७	५०	१५८	१६८	१६८
२१.	प्रादेशिक राजमार्ग (कालोपत्रे)	कि.मि.	१,८००	२,९००	४,१००	५,३००	६,६००

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२२.	नयाँ सडक निर्माण	कि.मि.	१,१००	१,४५०	१,८००	२,२००	२,६००
२३.	सडक पुल निर्माण	संख्या	३००	६००	९००	१,२००	१,५५०
२४.	रोजगारी सिर्जना	संख्या (हजारमा)	४५	४५	५५	६०	६५

७. विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१,३४७,९४४	१०३,६६१	१,२३९,२८३	५,०००	६५९,१८४	३०,१९६	६५८,५६४
२०७८/७९	२,०११,०६३	१२६,५२४	१,८७९,५३९	५,०००	१,१६४,७२६	३९,५००	८०६,८३७
२०७९/८०	२,८९१,४७६	१४८,३०५	२,७४१,१७२	२,०००	१,५३२,७५८	२०,०००	१,३३८,७१८

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३३७०००११	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	समन्वय, निर्देशन	सालबसाली			सडक,यातायात, सञ्जाल विस्तार सम्बन्धी नीति तर्जुमा, समन्वय र अनुगमन भएको हुने।
३३७००१०१	काठमाडौं तराई मधेश फाष्ट ट्रयाक	सडक निर्माण	एकिन नभएको			डिपिआर स्वीकृत भई निर्माण कार्य सुचारू रहेको।
३३७००१०२	जलमार्ग	संभाव्यता अध्ययन तथा अनुसन्धान	२०७५/७६ -			सम्भाव्यता अध्ययन भएको हुने।
३३७०००१२	नेपाल पानीजहाज कार्यालय कार्यालय	कानून निर्माण	सालबसाली			कानून निर्माण भएको हुने।
३३७००१०११	सडक विभाग	समन्वय र निर्देशन	सालबसाली			समन्वय र निर्देशन।
३३७०१०१२	डिभिजन सडक कार्यालयहरु	सडक मर्मत तथा आयोजना कार्यान्वयन	सालबसाली			सडक मर्मत तथा नयाँ सडक निर्माण भएको हुने।
३३७०१०१३	हेभी इक्विप्मेन्ट डिभिजनहरू यान्त्रिक कार्यालयहरू समेत	मेशिनरी मर्मत तथा व्यवस्था	सालबसाली			आधुनिक मेशिन उपकरणको व्यवस्था हुने।
३३७०१०१४	मेकानिकल तालिम	यान्त्रिक तथा प्राविधिक तालिम	सालबसाली			कर्मचारीको क्षमता विकास भएको हुने।
३३७०१०१५	गुणस्तर अनुसन्धान तथा विकास केन्द्र	गुणस्तर परीक्षण, अनुसन्धान	सालबसाली			निर्माण सामाग्रीको गुणस्तर परिक्षण, नबिन प्रबिधिको अनुसन्धान तथा बिकास हुने। कर्मचारिको क्षमता विकास भएको हुने।
३३७०११०१	सगरमाथा राजमार्ग (गाईघाट-दिक्तेल खण्ड)।	सडक निर्माण तथा स्तरोन्नति	२०५१/५२ - २०७८/७९	३४६००	लागत अनुमान डिपिआर	सडक निर्माण/स्तरोन्नति हुने।
३३७०११०२	वि.पी. राजमार्ग (धुलिखेल-	सडक निर्माण तथा	२०५२/५३ -	६१००००	लागत अनुमान	कालोपत्रे (Black top overlay) भएको हुने र

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	सुर्यविनायक-बनेपा-सिन्धुली - बर्दिबास) पहिरो रोकथाम समेत	स्तरोन्नति	२०७९/८०		डिपिआर	सडक स्ट्रकचरहरुको मर्मत सम्भार भएको हुने। सूर्यविनायक धुलिखेल खण्डको निर्माण सुरु भएको हुने।
३३७०११०३	महाकाली लोकमार्ग (ब्रम्हदेव-झुला घाट-दार्चुला-टिङकर)	सडक निर्माण तथा स्तरोन्नति	२०४१/४२ - एकिन नभएको	३२१६००	लागत अनुमान डिपिआर	पुल निर्माण, खलङ्गा क्षेत्रमा कालोपत्रे भएको हुने।
३३७०११०४	कान्ति राजपथ	सडक निर्माण तथा स्तरोन्नति	२०५५/५६ - २०७७/७८	३३५००	लागत अनुमान डिपिआर	सडकको सम्पूर्ण लम्बाई कालोपत्रे भएको हुने।
३३७०११०५	गंगटे समुन्द्रटार गल्फुभन्ज्याङ सडक	सडक निर्माण तथा स्तरोन्नति	२०४८/४९ -	१६६००	लागत अनुमान डिपिआर	सडक ट्याक निर्माण भएको हुने।
३३७०११०६	कक्कहवा-रुद्रपुर-सालझण्डी सन्धिखक ढोरपाटन सडक	सडक निर्माण तथा स्तरोन्नति	२०६५/६६ - एकिन नभएको	६५०००	लागत अनुमान डिपिआर	सडक निर्माण/स्तरोन्नति भएको हुने।
३३७०११०७	दमक-चिसापानी	सडक निर्माण तथा स्तरोन्नति	२०५२/५३- एकिन नभएको	२४०००	लागत अनुमान डिपिआर	सडक निर्माण/स्तरोन्नति भएको हुने
३३७०१०८	मदनभण्डारी राजमार्ग	सडक निर्माण तथा स्तरोन्नति	२०५४/५५ - एकिन नभएको	४७५०००	लागत अनुमान डिपिआर	राजमार्ग पुन निर्माण भएको हुने। सडक निर्माण/स्तरोन्नति भएको हुने।
३३७०१०९	गल्छी-त्रिसुली-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी	सडक निर्माण तथा स्तरोन्नति	२०६१/६२ - २०७९/८०	१५५०००	लागत अनुमान डिपिआर	सडक निर्माण/स्तरोन्नति भएको हुने।
३३७०१११०	टनकपुर लिंक सडक	सडक निर्माण तथा स्तरोन्नति	२०५९/६०	६०००	लागत अनुमान डिपिआर	सडक कालोपत्रे र स्तरोन्नति भएको हुने।
३३७०१११११	सडक सुधार आयोजना	सडक निर्माण तथा स्तरोन्नति	२०६३/६४ - २०७९/८०			LOC II, III का सडक निर्माण र स्तरोन्नति भएको हुने। LOC IV का सडकहरुको डिटेल डिजाईन सम्पन्न गरी स्तरोन्नति कार्य शुरु हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३३७०१११२	११किलो छ्रेफेटार-भालुस्वरा - बारपाक	सडक निर्माण तथा स्तरोन्नति	२०६४/६५ - २०७९/८०	१३६००		सडक कालोपत्रे र मर्मत सम्भार कार्य भएको हुने।
२२७०१११३	शहिद मार्ग (घोराही-नुवागाँउ-तिला-घर्तिगाउ- थवाङ-मुसीकोट-मैकाट)	सडक निर्माण तथा स्तरोन्नति	२०६४/६५ - एकिन नभएको	१०६९००		सडक कालोपत्रे र मर्मत सम्भार कार्य भएको हुने।
३३७०१११४	पुष्पलाल राजमार्ग (मध्य-पहाडी राजमार्ग)		२०६४/६५ - २०७९/८०	१०१५०००	लागत अनुमान डिपिआर	सडक कालोपत्रे र मर्मत सम्भार स्तरोन्नति र पुल निर्माण भएको हुने।
३३७०१११५	नेपालगंज-सुर्खेत-दैलेख बजार-महाबुलेक-गाल्जे-भातडी , रतडा-नागम-गमगढि-नाक्चेलागना सडक	सडक निर्माण तथा स्तरोन्नति	२०७०/७१ - २०७९/८०	नखुलेको		ट्रयाक खोल्ने, व्याक कटिङ भएको हुने।
३३७०१११६	भेरी करिडोर (जाजरकोट दुनै मरिम तिन्जे धो)	सडक निर्माण तथा स्तरोन्नति	२०६४/६५ - २०७९/८०	नखुलेको		सडक निर्माण तथा स्तरोन्नति भएको हुने।
३३७०१११७	सडक क्षेत्र विकास आयोजना	सडक निर्माण तथा स्तरोन्नति	२०६४/६५ - २०७७/७८	७१५०००	लागत अनुमान डिपिआर	पुल निर्माण, मर्मत, पहिरो नियन्त्रण सडक सुधार भएको हुने।
३३७०१११८	उत्तर दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी)	सडक निर्माण तथा स्तरोन्नति	२०६५/६६ - एकिन नभएको	६०००००		सडक निर्माण तथा स्तरोन्नति हुने।
३३७०१११९	बेनीघाट आरुघाट लार्के भन्ज्याङ	सडक निर्माण तथा स्तरोन्नति	२०६५/६६ - एकिन नभएको	१२०००		ट्रयाक खोल्ने, सडक निर्माण तथा स्तरोन्नति हुने
३३७०११२०	काठमाडौं उपत्यका सडक विस्तार आयोजना	सडक निर्माण तथा स्तरोन्नति	२०६०/६१ - एकिन नभएको	नखुलेको		सडक विस्तार तथा स्तरोन्नति भएको हुने।
३३७०११२१	डुम्रे बेशीशहर-चामे-मनाङ	सडक निर्माण तथा स्तरोन्नति	२०५०/५१ - एकिन नभएको	नखुलेको		पुल निर्माण,व्याक कटिङ, सब वेश निर्माण, कालोपत्रे कार्य सुरु भएको हुने।
३३७०११२२	स्थानिय सडक पुल निर्माण	सडक, पुल निर्माण तथा स्तरोन्नति	२०६८/६९ - एकिन नभएको	नखुलेको		पुल निर्माण भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३३७०११२३	रणनैतिक सडक पुलहरूको विस्तृत संभाव्यता अध्ययन	सडक तथा पुलहरुको सम्भाव्यता अध्ययन	सालबसाली	नखुलेको		रणनैतिक सडक पुलहरूको विस्तृत संभाव्यता अध्ययन भएको हुने।
३३७०११२४	काठमाडौ बाहिरी चक्रपथ	बाहिरी चक्रपथ निर्माण तथा स्तरोन्नति	२०७३/७४ - एकिन नभएको	नखुलेको		बाहिरी चक्रपथ निर्माण तथा स्तरोन्नति भएको हुने।
३३७०११२५	महाकाली पुल निर्माण आयोजना	पुल निर्माण गर्ने	२०७३/७४ - २०७७/७८	४३०००	लागत अनुमान डिपिआर	पुल निर्माण सम्मपन्न भएको हुने।
३३७०११२६	सेती राजमार्ग (टिकापुर -लोडे-चैनपुर-क्लाकोट)	सडक निर्माण तथा स्तरोन्नति	२०६६/६७ - एकिन नभएको	नखुलेको		ट्रयाक खोल्ने तथा कालो पत्रे गरिने।
३३७०११२७	चेपाङ मार्ग (ठोरी-भण्डारा - लोथर-मलेखु)	सडक निर्माण तथा स्तरोन्नति	२०६६/६७ - एकिन नभएको	नखुलेको		कालोपत्रे तथा मोड सुधार भएको हुने।
३३७०११२८	हुलाकी राजमार्ग (पुलहरू समेत)	सडक निर्माण तथा स्तरोन्नति	२०६७/६८ - २०७९/८०	६५२४००	लागत अनुमान डिपिआर	पुल निर्माण तथा कालो पत्रे भएको हुने।
३३७०११३०	औद्योगिक कोरिडोर (व्यापारीक मार्ग) विस्तार आयोजना	व्यापारिकमार्ग निर्माण तथा स्तरोन्नति	२०७१/७२ - २०७९/८०	३३१०००		व्यापारिकमार्ग निर्माण तथा स्तरोन्नति भएको हुने।
३३७०११३२	रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण	पुलपुलेसा निर्माण तथा संरक्षण	सालबसाली			पुल निर्माण तथा पुलको संरक्षण भएको हुने।
३३७०११३३	सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट	सडक स्तरोन्नति	२०६९/७० -	७२२००	लागत अनुमान डिपिआर	सडक स्तरोन्नति भएको हुने।
३३७०११३४	चक्रपथ विस्तार आयोजना	सडक निर्माण तथा स्तरोन्नति	२०७०/७१ - २०७९/८०	६००००	लागत अनुमान डिपिआर	सडक ८ लेनस्तरमा स्तरोन्नति भएको हुने।
३३७०११३५	नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजना मुग्लिङ	सडक स्तरोन्नति	२०७०/७१ -	५३०००	लागत अनुमान डिपिआर	निर्माण कार्य सम्पन्न भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	नारायणगढ खण्ड सडक					
३३७०११३६	सडक तथा ट्राफिक सुरक्षा कार्यक्रम	सडक सुरक्षा	२०७०/७१ - एकिन नभएको	नखुलेको		अध्ययन अनुसन्धान तथा तालिम संचालन भएको हुने।
३३७०११३७	सडक पूर्वाधार बिकास कार्यक्रम	सडक निर्माण तथा स्तरोन्नति	२०७१/७२- एकिन नभएको	नखुलेको		रणनैतिक महत्वका सडकहरुको निर्माण/स्तरोन्नति भएको हुने।
३३७०११३८	राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रम	राजमार्ग सुधार तथा स्तरोन्नति	सालवसाली	नखुलेको		राजमार्ग सुधार तथा स्तरोन्नति भएको हुने।
३३७०११३९	नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना	सुरुङ्ग मार्ग बनाउने]	२०७१/७२ - २०८०/८१	२२००००	लागत अनुमान डिपिआर	ठेक्का व्यवस्थापन, एप्रोच सडक निर्माण, साइट क्याम्प भवन निर्माण र सुरुङ मार्ग निर्माण कार्य भएको हुने।
३३७०११४०	सासेक सडक सुधार आयोजना	सडक सम्भार तथा मर्मत	२०७३/७४ - २०८२/८३	२५६५००	लागत अनुमान डिपिआर	४ लेनमा स्तरोन्नति भएको हुने।
३३७०११४१	मनाङ्ग-मुस्ताङ्ग-डोल्पा-जुम्ला सडक		२०७३/७४ - एकिन नभएको	नखुलेको		अध्ययन कार्य सम्पन्न भई निर्माण कार्य सुरु भएको हुने।
३३७०११४२	स्वर्ण सगरमाथा वृहत चक्रपथ (ओखलढुंगा-सोलु सल्लेरी-खोटाङ दिक्तेल-ओखलढुंगा)	सडक निर्माण तथा स्तरोन्नति	२०७३/७४ - एकिन नभएको	नखुलेको		ट्रयाक निर्माण कार्य सम्पन्न भई स्तरोन्नति कार्य शुरु भएको हुने।
३३७०११४३	तराई मधेश सडक पुर्बधार बिशेष कार्यक्रम	सडक निर्माण तथा स्तरोन्नति	२०७३/७४ - एकिन नभएको	नखुलेको		तराईका रणनैतिक महत्वका सडकहरुको निर्माण/स्तरोन्नति भएको हुने।
३३७०११४४	साँघुटार-ओखलढुङ्गा-कुइभिर सडक	सडक निर्माण तथा स्तरोन्नति	२०७३/७४ - २०७९/८०	नखुलेको		ट्रयाक निर्माण कार्य सम्पन्न भई स्तरोन्नति कार्य शुरु भएको हुने।
३३७०११४५	सासेक राजमार्ग सुधार आयोजना	राजमार्ग सुधार	२०७५/७६ - २०८४/८५	२४६०००		सासेक अन्तरगतका राजमार्ग स्तरोन्नति भएको हुने।
३३७०११४६	दोश्रो पुल सुधार तथा संभार	पुल सुधार तथा	२०७५/७६ -	नखुलेको		पुल मर्मत संभार भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	आयोजना	संभार	२०७८/७९			
३३७०११६७	क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना	सडक निर्माण तथा स्तरोन्नति	२०७५/७६ - एकिन नभएको	नखुलेको		ठेक्का व्यवस्थापन गरी निर्माण कार्य सुरु भएको हुने।
३३७०११६८	सुरुङ मार्ग विकास कार्यक्रम	सुरूंग निर्माण	२०७५/७६ - एकिन नभएको	नखुलेको		डिपिआर सम्पन्न भएका सुरुङमार्गको निर्माण कार्यको लागि ठेक्का व्यवस्थापन भएको हुने।
३३७०११६९	वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम	सडक निर्माण तथा स्तरोन्नति	२०७६/७७ - एकिन नभएको	नखुलेको		संघमा हस्तान्तरण भएका तथा बैकल्पिक राजमार्गका रुपमा रहेका सडकहरुको निर्माण/स्तरोन्नति कार्य अगाडि बढेको हुने।
३३७०११७०	सासेक राजमार्ग सुधार आयोजन दोस्रो चरण	सडक निर्माण तथा स्तरोन्नति	२०७६/७७ - एकिन नभएको	नखुलेको		मुग्लिंग पोखरा सडक ४ लेनमा स्तरोन्नतिको लागी ठेक्का व्यवस्थापन भएको हुने।
३३७०११७१	काकरभिट्टा इनरुवा,पथलैया नारायणघाट खण्ड	सडक निर्माण तथा स्तरोन्नति	२०७६/७७ एकिन नभएको	नखुलेको		डिटेल सर्भे, डिजाईन सम्पन्न गरी निर्माण कार्य शुरु हुने .
३३७०११७२	मिचैंया कटारी घुर्मी	सडक निर्माण तथा स्तरोन्नति	२०७६/७७ २०७९/८०	१०७०००		डिटेल सर्भे, डिजाईन सम्पन्न गरी निर्माण कार्य शुरु हुने
३३७०११७३	सुर्यविनायक धुलिखेल र कोटेश्वर बानेश्वर त्रिपुरेश्वर सडक	सडक निर्माण/ स्तरोन्नति	२०७६/७७ एकिन नभएको	नखुलेको		आवश्यक चोकहरुमा फ्लाई ओभर /अन्डरपास को संभाव्यता अध्ययन गरि, डिटेल डिजाईन सम्पन्न गरी निर्माण कार्य शुरु हुने ।
३३७०११७४	चतरा मुलघाट माझीटार दोभान ओलांग्चुंगगोला (तमोर करिडोर)	सडक निर्माण तथा स्तरोन्नति	२०७६/७७ एकिन नभएको	४४८३००		ट्रयाक निर्माण कार्य सम्पन्न भई स्तरोन्नति कार्य निरन्तरता हुने
३३७०११७५	केचना कंचनजंघा (मेची करिडोर)	सडक निर्माण तथा स्तरोन्नति	२०७६/७७ एकिन नभएको	नखुलेको		डिटेल सर्भे, डिजाईन सम्पन्न गरी निर्माण कार्य शुरु हुने
३३७०११७६	निर्वाचन क्षेत्र रणनैतिक सडक					
३३७०२०११	रेल्वे विभाग	समन्वय निर्देशन	सालबसाली			सभाव्यता अध्ययन, पूर्वाधार निर्माण, समन्वय तथा अनुगमन कार्य भएको हुने।
३३७०२१०१	रेल, मेट्रो रेल तथा मोनो रेल	रेलवे निर्माण गर्ने	२०६६/६७ -	६९५१००	लागत अनुमान	पूर्व पश्चिम रेलमार्गको डि.पी. आर, जग्गा प्राप्ति,

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
	विकास आयोजना		एकिन नभएको		डिपिआर	रेलमार्ग निर्माण भएको हुने।
३३७०३०११	यातायात व्यवस्था विभाग	समन्वय, निर्देशन		सालबसाली		यातायात क्षेत्र व्यवस्थित भएको हुने।
३३७०३१०१	यातायात व्यवस्था सुदृढीकरण आयोजना	यातायात क्षेत्र व्यवस्थापन	२०५७/५८ - सालबसाली	नखुलेको		यातायात क्षेत्र व्यवस्थित भएको हुने ।
३३७०३०१३	सवारीपरिक्षण कार्यालयहरू	सवारी परिक्षण	२०७५/७६ - सालबसाली	नखुलेको		सवै प्रदेशमा सवरी परिक्षण कार्यालयहरु स्थापना भएको हुने।
३३७३१०११	सडक बोर्ड	सडक मर्मत तथा सम्भार	सालबसाली	नखुलेको		तोकिएका सडकहरु सडक मर्मत भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

विश्वव्यापी कोरोना महामारीले पारेको चौतर्फी असरको ठूलो चपेटामा भौतिक पूर्वाधार निर्माण विशेषतः सडक निर्माण पर्ने देखिएको छ, यसका कारण श्रमिक र प्राविधिक शक्तिको अभावमा निर्माण सुस्तताका कारण न्यून पूँजीगत खर्च हुने जोखिम रहेको छ। कोरोनाको कहर जारि रहेमा वैदेशिक सहयोग र अनुदानको परिचालनमा कमि आउने र यसले वैदेशिक सहयोग र अनुदानमा संचालित हुने आयोजनाहरू प्रभावित हुने जोखिम रहेको छ। आयोजना कार्यान्वयन अगाडिको पूर्व तयारीको ढिलाईले दातृ निकायको श्रोत परिचालनमा कठिनाइ हुने जोखम रहेको छ। सडक, रेल तथा जलमार्ग क्षेत्रमा स्रोत साधन एवम् निर्माण सामग्री आवश्यक समयमा पर्याप्त मात्रामा उपलब्ध हुन नसक्नाले समयमै कार्यक्रम आयोजना सम्पन्न हुन नसक्ने जोखिम रहन्छ। सडकलाई प्राविधिक रुपले उचित बनाउने घुम्ती, मोड, उकालो र ओरालो मापदण्ड अनुरुप बनाउने र तीनलाई पक्की बनाउन सम्वन्धित निकायलाई जिम्मेवार बनाउने कार्य, स्रोत साधन र जनशक्तिका हिसाबले चुनौतीपूर्ण छ। सडक निर्माणको लागि आवश्यक सामग्री गिट्टी, माटो, अलकत्राको प्रयोग प्राकृतिक स्रोत साधनको दिगो उपयोगको जोखिम रहन्छ। संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने राजस्व र खर्चको वर्गीकरणको चुनौतीले कार्यान्वयनमा प्रभाव पार्ने देखिन्छ। कार्यान्वयन व्यवस्थापन एवम् नवीन व्यवस्थापकीय उपकरणहरूको आन्तरिकीकरण हुन नसकेमा आयोजनाको समय र लागत बढ्ने जोखिम रहन्छ। यसबाट त्रिवर्षीय खर्च संरचनाले प्रक्षेपण गरेको लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न जोखिम देखिन्छ।

६.३ सञ्चार तथा सूचना प्रविधि

१. पृष्ठभूमि

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता तथा सञ्चार र सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। आर्थिक विकासको सम्वाहक एवम् उत्प्रेरकको रूपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउने दायित्व र जिम्मेवारीका साथ अगाडि बढाउनु पर्ने खाँचो छ। दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा वृद्धि गर्ने विषय उल्लेख गरेको छ। हाल नेपालमा कुल जनसंख्याको ७२ प्रतिशतमा टेलिभिजन, ८८ प्रतिशतमा रेडियोको पहुँच र डिजिटल साक्षरता ४० प्रतिशत रहेको छ। नेपाली जनतालाई सञ्चार तथा सूचनासँग सम्बन्धित विश्वव्यापी विकास एवम् उपलब्धि अनुरूप सेवा पुऱ्याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन सञ्चार र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्त्वपूर्ण हिस्साको रूपमा विकास गर्नु आजको आवश्यकता हो।

यसै सन्दर्भमा यस मन्त्रालयको आगामी तीन वर्षका कार्यक्रमलाई नेपाल सरकारको *'समृद्ध नेपाल सुखी नेपाली'* को राष्ट्रिय लक्ष्य प्राप्ति हुनेगरी पन्ध्रौं योजनामा उल्लेखित विषयहरूलाई सम्बोधन गर्नको लागि डिजिटल नेपाल कार्यक्रम, सुरक्षण मुद्रण एवम् अत्याधुनिक चलचित्र स्टुडियोको निर्माणमा केन्द्रित गरिएको छ।

२. समस्या तथा चुनौती

आमसञ्चार माध्यम पूर्ण रूपमा मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय हुन नसक्नु, दूरसञ्चार सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्थाको कमी हुनु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु, हुलाक सेवालाई विविधीकरण गर्न नसक्नु, नेपाललाई प्राप्त अर्बाइटल स्लटको समयमै उपयोग गर्न नसक्नु, सुरक्षण मुद्रणको पर्याप्त पूर्वाधार विकास नहुनु, सूचना प्रविधि उद्योग व्यवस्थित नहुनु, अपेक्षित रोजगारी सिर्जना नहुनु, चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गर्न नसक्नु र विज्ञापन व्यवसाय व्यवस्थित हुन नसक्नु यस क्षेत्रका मुख्य समस्याका रूपमा रहेका छन्।

आमसञ्चार माध्यममा प्रसारित समाचार मर्यादित र विश्वसनीय बनाउनु, भ्रामक समाचारको नियमन एवम् नियन्त्रण गर्नु सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग नियन्त्रण गर्नु, सञ्चार तथा सूचना क्षेत्रमा विकसित नवीनतम प्रविधि समयसापेक्ष प्रयोग गर्नु, बढ्दो साइबर अपराधको सामना गर्नु, सूचना प्रविधिमा आधारित उद्योगहरूलाई प्रतिस्पर्धी बनाई सम्बर्द्धन गर्नु, परम्परागत हुलाक सेवालाई विविधीकरण गर्नु, अनुसन्धान तथा विकासमा लगानी वृद्धि गर्नु, सुरक्षण मुद्रणमा रहेको परनिर्भरता हटाउनु, सेवाप्रवाहको लागि बस्ती छरिएर रहनु, चलचित्र क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई उद्योगको रूपमा विकास गर्नु र दूरसञ्चार पूर्वाधारमा सह-प्रयोगको अवस्था सिर्जना गर्नु यस क्षेत्रमा चुनौतीका रूपमा रहेका छन्।

३. सोच

सूचना प्रविधियुक्त राष्ट्र।

४. उद्देश्य

१. सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग वृद्धि गर्नु।

२. सञ्चार र सूचना प्रविधि सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनु।

३. सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्नु।

५. रणनीति

१. सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चत गर्ने।
२. पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चतता गर्दै आमसञ्चारमा सबै नागरिकको पहुँच विस्तार गर्ने।
३. दूरसञ्चार एवम् ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पुऱ्याउने।
४. डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने।
५. हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने।
६. चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रर्वद्धन गर्ने।
७. सुरक्षण मुद्रणको व्यवस्था गर्ने।
८. विज्ञापन बजार व्यवस्थित बनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सूचक	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				२०७७/७८	२०७८/७९	२०७९/८०
कुल गार्हस्थ्य उत्पादनमा सञ्चार तथा सूचना प्रविधि क्षेत्रको योगदान	प्रतिशत	०.८०	०.९	१.१	१.३	१.५
सञ्चार तथा सूचना प्रविधि क्षेत्रबाट रोजगारी सिर्जना	संख्या हजारमा	२००	-	२८८	३४४	४१४
अप्टिकल फाइवर विस्तार	कि.मी.	९३२०	९४२२	१२६२०	१९१७०	२५७२०
फोर जी/एल.टी.ई. सेवा विस्तार	प्रयोगकर्ता प्रतिशत	९.११	१५.३३	४०	५०	६०
Fixed ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	१४.२४	१६.१०	२२.००	२८	३५
मोबाइल ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	५१.६४	५५.३०	५४	५५	५६
मोबाइल टेलिफोन ग्राहक संख्या	प्रति लाख	१३७.५५	१४३.२२	१५४.५५	१६३.८२	१७३.६५
सरकारी डाटा सेन्टर	संख्या	२	२	२	३	५
इन्टरनेट एक्सचेन्ज सेन्टर	संख्या	०	०	२	२	२
रेडियोको पहुँच	प्रतिशत	८६	८७	९२	९६	९८
आधुनिक टेलिभिजनको पहुँच	प्रतिशत	७२	७२	८२	८८	९४
EMS सेवा विस्तार	जिल्ला	६०	६४	६८	७२	७४
EMS सेवा संजाल मार्फत नेपालसँग जोडिएका मुलुक	देश/संख्या	३९	३९	४४	४६	४८

सूचक	एकाइ	२०७५/७६ को उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
				२०७७/७८	२०७८/७९	२०७९/८०
अनलाइनमार्फत् सरकारी सेवा प्रवाह (प्रकार)	संख्या	२०	२२	३५	४२	५०
सुरक्षण मुद्रण प्रेस स्थापना	संख्या	०	०	०	१	१
सञ्चार ग्रामको स्थापना	संख्या	०	०	१	१	१
सूचना प्रविधि जनशक्ति	हजार	७	-	८.५	९.२	१०
डिजिटल साक्षरता	प्रतिशत	४०	-	६८	७५	८०
राष्ट्रिय ज्ञानपार्क स्थापना	संख्या	०	०	०	७	७
सूचना प्रविधि सम्बन्धी उद्योग	संख्या	२७९६	-	३०८१	३२३५	३३९६

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रु. लाखमा

आ.व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	७२,८४२	५२,९०१	१८,४४१	१,५००	७२,८४२	-	-
२०७८/७९	११८,७००	५५,६२०	६२,०७९	१,०००	११८,७००	-	-
२०७९/८०	१५१,२३३	५८,७७७	९१,४५६	१,०००	१५१,२३३	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३५८०००११	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नविन प्रविधिको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्न योगदान	सालबसाली			आमसञ्चार, दूरसञ्चार, हुलाक सेवा प्राधिकरण, सुरक्षण मुद्रण लगायतका कानून निर्माण भएको हुने। साइबर सुरक्षा र क्लाउड सम्बन्धी नीति निर्माणका साथै ब्रोडव्याण्ड नीतिको परिमार्जन भएको हुने। साइबर सुरक्षा केन्द्र र सूचना प्रविधि अनुसन्धान केन्द्रको स्थापना भएको हुने। नेपाल टेलिभिजन र रेडियो नेपालको एकीकरण गरी सार्वजनिक प्रसारण सञ्चालन भएको हुने। ब्रोडव्याण्ड सेवाको विस्तार भएको हुने। Mobile Device Management System (MDMS) कार्यान्वयनमा आएको हुने। थप ६,९०० कि.मि अप्टिकल फाइबर विच्छ्याई सूचना महामार्ग तयार भएको हुने। फोर जि (4G) को देशव्यापी विस्तार भएको हुने। अत्याधुनिक चलचित्र स्टुडियो स्थापना भएको हुने।
३५८२१०११	राष्ट्रिय सूचना आयोग	सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन	सालबसाली			सूचनाको हकको कार्यान्वयन अवस्थाको अनुगमन भएको हुने। सूचनाको हकको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।
३५८४१०११	प्रेश काउन्सिल	स्वस्थ पत्रकारिता विकासका लागि उपयुक्त वातावरण सिर्जना पत्रकारिता सम्बन्धी आचारसंहिता	सालबसाली			आमसञ्चारको माध्यमको नियमनकारी निकायका रूपमा मिडिया काउन्सिल क्रियाशील रही स्वस्थ्य वातावरणको सिर्जना भएको हुने। प्रेस र नेपाल सरकारबीच सौहार्दपूर्ण वातावरण कायम भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३५८०२०११	सूचना तथा प्रशारण विभाग	नेपाल सरकारको काम कारबाही, अनुसन्धान एवम् नीतिबारे सूचना प्रवाह नियमित, व्यवस्थित र मर्यादित रेडियो तथा टेलिभिजन प्रशारण	सालबसाली			क्लिन फिड (Clean feed) को कार्यान्वयन भएको हुने। लोक कल्याणकारी विज्ञापनको नियमित वितरण भएको हुने। नियमित, व्यवस्थित र मर्यादित रेडियो तथा टेलिभिजन प्रशारण भएको हुने।
३५८०४०११	सूचना प्रविधि विभाग	विद्युतीय सरकार एवम् सुशासनको अवधारणालाई कार्यान्वयन गर्न नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह	सालबसाली			विद्युतीय सरकार (E-Governance) को अवधारणा कार्यान्वयनमा आएको हुने। सरकारी क्लाउड सञ्चालन भएको हुने। राष्ट्रिय ज्ञान पार्क स्थापनाको लागि पूर्वाधार तयार भएको हुने। सूचना प्रविधिलाई ग्रामीण जनस्तरमा विस्तार र लाभमा सबैको पहुँच सुनिश्चितता भएको हुने।
३५८०३०११	हुलाक सेवा विभाग	जनतालाई शीघ्र तथा विश्वसनीय रुपमा चिठ्ठीपत्रमा पहुँच एवम् धनादेश सुविधा प्रदान	सालबसाली			प्रचलित कानून र अन्तराष्ट्रिय सन्धि सम्झौताका आधारमा नेपाली जनतालाई शीघ्र तथा विश्वसनीय रुपमा चिठ्ठीपत्रमा पहुँच एवम् धनादेश सुविधा प्रभावकारि रूपमा प्रवाह भएको हुने। हुलाक सेवा प्राधिकरणको स्थापनाको लागि पूर्वाधार तयार भएको हुने।
३५८०३०१२	हुलाक निर्देशनालयहरू	हुलाक सेवा प्रवाह	सालबसाली			हुलाक सेवा नियमित कार्य सञ्चालन भएको हुने।
३५८०३०१५	हुलाक प्रशिक्षण केन्द्र	हुलाक सेवामा कार्यरत कर्मचारीहरूको दक्षता तथा क्षमता अभिवृद्धि	सालबसाली			हुलाक सेवामा कार्यरत कर्मचारीलाई तालिम प्रदान भएको हुने र उनीहरूको मनोवृत्तिमा सकारात्मक परिवर्तन आएको हुने। एकीकृत हुलाक भवन निर्माण भएको हुने। हुलाक सेवा ग्राहकमुखी एवम् गुणस्तरीय भएको हुने।
३५८०३०१४	जिल्ला हुलाक कार्यालयहरू	हुलाक सेवाको स्थानीय तहसम्म पहुँच विस्तार	सालबसाली			हुलाक कार्यालय नियमित रूपमा सञ्चालन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३५८०३०१३	गोश्वारा हुलाक	उच्च गुणस्तरको हुलाक सेवा प्रदान	सालबसाली			हुलाक सेवा रूपान्तरण (IPS Light बाट IPS . post मा) भई पूर्ण कार्यान्वयनमा आएको हुने।
३५८०३०१६	केन्द्रीय धनादेश कार्यालय	हुलाक बचत बैंकको कारोबार व्यवस्थापन धनादेश सेवा सञ्चालन	सालबसाली			हुलाक बचत बैंक र धनादेश सेवा नियमित रूपमा सञ्चालन भएको हुने।
३५८०३०१७	केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो	हुलाक टिकटको छपाई तथा व्यवस्थापन	सालबसाली			नियमित कार्य सञ्चालन भएको हुने।
३५८०५०११	प्रमाणीकरण नियन्त्रकको कार्यालय	सूचना प्रविधिको सुरक्षा तथा विद्युतीय हस्ताक्षरको प्रचार प्रसार तथा उपयोग	सालबसाली			फोरेन्सिक ल्याबको स्थापना र डिजिटल हस्ताक्षर सम्बन्धी कार्य भएको हुने। साइबर सुरक्षा र डिजिटल हस्ताक्षर सम्बन्धी जनचेतनाका कार्यक्रम सञ्चालन भएको हुने।
३५८०१०११	मुद्रण विभाग	विश्वसनीय र भरपर्दो मुद्रण सेवा प्रवाह नेपाल सरकारको गोप्य र संवेदनशील सामग्री छपाई	सालबसाली			मुद्रण कार्य नियमित रूपमा सञ्चालन भएको हुने। नेपाल सरकारको राजपत्र र सरकारी कागजात प्रकाशन भएको हुने।
३५८८१०११	राष्ट्रिय समाचार समिति	निष्पक्ष तवरले समाचार संकलन तथा वितरण	सालबसाली			सामाचारको संकलन तथा वितरण निष्पक्ष र प्रभावकारी रूपमा भएको हुने। डिजिटाइजेशन सम्बन्धी कार्य भएको हुने।
५०१५८१०१	नेपाल टेलिभिजन (वित्तीय व्यवस्था)	राष्ट्रिय प्रशारण संस्थाको हैसियतले नेपाल सरकारको सूचना प्रशारण	सालबसाली			इन्टरनेशनल च्यानल सञ्चालन भएको हुने। नेपाल टेलिभिजन सार्वजनिक प्रशारण संस्थाको रूपमा रूपान्तरण भई सञ्चालनमा आएको हुने।
३५८८१०१२	न्यूनतम पारिश्रमिक निर्धारण समिति		सालबसाली			श्रमजीवि पत्रकारको न्यूनतम पारिश्रमिक कार्यान्वयन अवस्थाको अनुगमन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३५८८१०१३	रेडियो प्रसार सेवा विकास समिति	राज्यले अबलम्बन गरेको नीतिको सम्प्रेषण	सालबसाली			नियमित कार्य सञ्चालन भएको हुने।
३५८००१०१	राष्ट्रिय सूचना प्रविधि केन्द्र	नेपाल सरकारको सूचना बैंकको रूपमा कार्य सम्पादन	सालबसाली			धरान, कोहलपुर र ललितपुरमा डाटा सेन्टर तथा बुटवल र ललितपुरमा इन्टरनेट एक्चेञ्ज सेन्टर निर्माण भएको हुने।
३५८८१०१४	सुरक्षण मुद्रण केन्द्र	सुरक्षण मुद्रण सम्बन्धी विश्वसनीय सेवा र गुणस्तरीय वस्तु उत्पादन सुरक्षित छपाईमा विदेशिने रकम बचत	सालबसाली			मुलुक भित्रै सुरक्षित मुद्रण कार्य प्रारम्भ भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

सञ्चार तथा सूचना प्रविधि क्षेत्रको विकास र विस्तारका लागि ठूलो मात्रामा आर्थिक साधन स्रोतको आवश्यकता रहेको छ। उक्त स्रोतको प्रभावकारी व्यवस्थापन गर्नुका साथै डिजिटल नेपाल फ्रेमवर्कले तय गरेका उद्देश्य प्राप्तिका लागि अन्तर मन्त्रालय समन्वय, सहयोग र सहकार्यको सुनिश्चितता हुनुका साथै सूचना प्रविधिका क्षेत्रमा सार्वजनिक-निजी-साझेदारी प्रवर्द्धन गर्दै प्रदेश तथा स्थानीय तहबाट समेत अपनत्व र स्वामित्व ग्रहण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा नियमित रूपमा अनुगमन गर्न सकेमा निर्धारित अपेक्षित उपलब्धि प्राप्त हुनेछ। माथि उल्लेखित अवस्था नरहेमा लक्षित उद्देश्य प्राप्त नहुने जोखिम रहनेछ।

६.४ शहरी विकास, आवास र भवन निर्माण

१. पृष्ठभूमि

नेपालको संविधानले राज्यको सन्तुलित र नागरिकको समावेशी विकासको परिकल्पना गर्दै आवासको हकलाई मौलिक हकको रूपमा अङ्गीकार गरि सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न तथा आवासविहिन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। नेपालको अवस्थिति भूकम्प लगायत बहुविपद् जोखिमयुक्त रहेकोले विपद् पूर्वतयारी कार्यलाई सुदृढ गरि प्रभावकारी प्रतिकार्य र पुनर्लाभ गर्न तथा पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा "विल्ड ब्याक बेटर" को अवधारणा अनुसार भवन निर्माण गर्नु समेत आवश्यक छ। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय सोच पूरा गर्न आधुनिक पूर्वाधारयुक्त योजनाबद्ध वातावरण मैत्री विपद् प्रतिरोधी, व्यवस्थित, समावेशी, आर्थिक रुपमा गतिशील, सुरम्य शहरहरूको निर्माण गर्नु पर्दछ। सबैका लागि दिगो मानव बस्ती र शहरहरूको घोषणा समेत गर्नुपर्ने छ। दिगो विकास ११ ले लिएको लक्ष्य बमोजिम शहर एवं मानव वस्तिलाई समावेशी सुरक्षित उत्थानशील एवं दिगो बनाउनुपर्ने छ। त्यसै गरी विपद् जोखिम न्यूनीकरणका लागि विपद्को आर्थिक, मानविय एवं पूर्वाधारको क्षति र आधारभुत सेवामा अवरोध सारभूत रुपमा घटाउनुपर्ने छ।

२. समस्या तथा चुनौती

हालसम्म पनि शहरी प्रणालीको तहगत खाका निर्धारण गरि सो अनुरूप शहरी पूर्वाधार तथा सेवा सुविधा निर्धारण नहुनु, शहरी विकास पूर्वाधार निर्माण कार्यमा सम्बन्धित निकायविचको समन्वय र सहकार्यमा कमी हुनु, शहरी सुविधाहरूको उपलब्धता र गुणस्तर पर्याप्त नहुनु, व्यक्तिगत प्रयासबाट आवास निर्माण गर्नमा सरोकारवालाको अपेक्षित सहभागिता नहुनु प्रमुख समस्या रहेका छन्।

एकीकृत शहरी पूर्वाधार विकास निर्माणका लागि सम्बन्धित निकायबीच समन्वय र सहकार्यको बाध्यकारी व्यवस्था गर्दै भू-उपयोग योजनामा आधारित व्यवस्थित, नियोजित, र योजनाबद्ध शहरी विकास गर्नु, राष्ट्रिय शहरी नीति तथा रणनीतिले अवलम्बन गरेका शहरी प्रणाली र अन्तरसम्बन्धलाई जीवन्तता प्रदान गर्न साधन श्रोतको पहिचान गरि निर्देशित ठूलो लगानी गर्नु, जोखिमयुक्त असुरक्षित स्थानमा छरिएर रहेका बस्तीहरूलाई वैज्ञानिक भू-उपयोगमा आधारित रही एकीकृत बस्ती विकास गर्नु र राष्ट्रिय भवन संहिताको समयानुकूल परिमार्जन गरी भवन सुरक्षित तवरले निर्माण गर्नु प्रमुख चुनौती हुन्।

३. सोच

- व्यवस्थित सहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि (शहरी विकास)।
- सुलभ, सुरक्षित, उत्थान्शील र एकीकृत आवास तथा बस्ती (आवास तथा बस्ती विकास)।
- सुरक्षित,किफायती र वातावरण मैत्री भवन (भवन निर्माण)।

४. उद्देश्य

१. विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रुपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्नु।

२. सन्तुलित शहरी प्रणाली र परिष्कृत शहरी वनौट विकासका लागि हरित अर्थतन्त्र उन्मुख शहरहरू एवं ग्रामीण-शहरी अन्तरसम्बन्धलाई जिवन्तता प्रदान गर्नु।

३. शहरहरूको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र शहरी पूर्वाधार र शहरी सुशासनको संस्थागत विकास गर्नु।

४. सबै आय वर्गका निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ, उत्थानशील आवासहरू निर्माण तथा स्तरोन्नति गर्नु

५. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा एकीकृत बस्ती तथा आवास विकास गर्नु

६. भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि, स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामाग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरूको निर्माण गर्नु।

७. एकीकृत सरकारी भवन डिजाइन, निर्माण, प्रयोग तथा मर्मत सँभार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्नु।

५. रणनीति

अ. शहरी विकास

१. विद्यमान शहरहरूको वातावरणीय सुधारका लागि भौतिक, सामाजिक, आर्थिक पूर्वाधारहरूको व्यवस्था गर्ने।

२. राष्ट्रिय शहरी प्रणाली विकासको लागि सबै प्रकारका स्रोत साधनहरूको पहिचान र समुचित उपयोग गरी निर्देशित लगानी गर्ने।

३. तीनै तहको समन्वय र सहकार्यमा शहरी योजना र एकीकृत शहरी पूर्वाधार विकास तथा शहरी सेवा प्रवाहमा पारदर्शिता तथा सुशासन प्रवर्द्धन गर्ने।

४. काठमाडौं उपत्यकालाई आकर्षक, समृद्ध र वातावरणमैत्री अत्याधुनिक, सुविधायुक्त सांस्कृतिक राजधानी शहरको रूपमा विकास गर्ने।

आ. आवास तथा बस्ती विकास

१. संघीय, प्रादेशिक र स्थानीय तहहरूको क्षेत्रगत भूमिका स्पष्ट पार्दै संस्थागत क्षमता अभिवृद्धि गर्ने।

२. भौगोलिक रुपमा विकट, विकासको लागि बाधक, अपायक र विपदको उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई निरुत्साहित गर्ने।

३. वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित तथा व्यवस्थित एकीकृत बस्तीहरूको विकास गर्ने।

४. कमजोर आर्थिक अवस्थामा रहेका, दलित, मुसलमान, लोपोन्मुख र सीमान्तकृत जातजाति तथा समुदाय तथा विपदको उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने।

५. जमिनको प्रभावकारी उपयोग हुने गरी आवासको लागि आवश्यक जग्गा लगायत योजनाबद्ध भौतिक पूर्वाधार सेवाहरूको एकीकृत रूपमा विकास गर्ने।

इ. भवन निर्माण

१. संस्थागत क्षमता विकास गर्दै सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन एकीकृत सरकारी भवनको निर्माण गर्ने।

२. एकीकृत सरकारी भवन डिजाइन, निर्माण, प्रयोग तथा मर्मत संभार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्नु।

६. विषय क्षेत्रगत नतिजा सूचक

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	बृहत शहरी क्षेत्र विकास (मेगा सिटि)	संख्या	३	३	३	३	३
२.	हिमाली शहर विकास	संख्या	५ अध्ययन क्रमागत	५ अध्ययन सम्पन्न	५ क्रमागत	५ क्रमागत	५ क्रमागत
३.	नयाँ शहर निर्माण	संख्या	१० क्रमागत	१० क्रमागत	१० क्रमागत	१० क्रमागत	१० क्रमागत
४.	नगरपालिकाहरूको एकीकृत शहरी विकास योजना	संख्या		१८५ अध्ययन सम्पन्न	१८५ क्रमागत	१८५ क्रमागत	१८५ क्रमागत
५.	शहरी सडक स्तरोन्नति	कि.मि.	४५०	२००	२००	१००	५०
६.	एक शहर एक पहिचान अन्तर्गत एकीकृत सहरी विकास	संख्या	२० क्रमागत	२० क्रमागत	८	६	६
७.	सडक तथा ढल निर्माण	कि.मि.	४५०	२००	१५०	५०	५०
८.	बसपार्क निर्माण	गोटा	२५ क्रमागत	१५	५	१०	५
९.	सभा हल तथा सम्मेलन केन्द्र निर्माण	संख्या	३ वटा सम्पन्न	१५ क्रमागत	३ सम्पन्न १२ क्रमागत	५ सम्पन्न १० क्रमागत	५ सम्पन्न १० क्रमागत
१०.	आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार	प्रतिशत	८५.३	८७	८७	८८	८८
११.	सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या	प्रतिशत	४०	४५	५०	५४	५७
१२.	सुरक्षित नागरिक आवास निर्माण	संख्या (हजारमा)	१०	१५	२०	२५	३०
१३.	बस्ति स्थानान्तरणका लागि पूर्वाधार सहितको एकीकृत बस्ती विकास	संख्या	८ क्रमागत	८ क्रमागत	८ क्रमागत	८ क्रमागत	८ क्रमागत
१४.	पूर्वाधार सहितको एकीकृत बस्ती विकास	संख्या	८ क्रमागत	८ क्रमागत	८ क्रमागत	८ क्रमागत	८ क्रमागत

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१५.	एकीकृत बस्तीमा पूर्वाधार निर्माण	संख्या	२० वटा सम्पन्न	४० क्रमागत	४० क्रमागत	१० सम्पन्न ३० क्रमागत	२० सम्पन्न १० क्रमागत
१६.	स्मार्ट सिटीका रुपमा शहरहरूलाई विकास	संख्या	१३ क्रमागत	१३ क्रमागत	१३ क्रमागत	१३ क्रमागत	१३ क्रमागत
१७.	हरित पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सहरी पार्क एवम् पोखरी निर्माण	संख्या	४ क्रमागत	४ सम्पन्न	३	२	२
१८.	शहरी आथिक करिडोर विकास	संख्या	३ अध्ययन क्रमागत	३ अध्ययन सम्पन्न	३ क्रमागत	३ क्रमागत	३ क्रमागत
१९.	जग्गा विकास कार्यक्रम कार्यान्वयन	हेक्टर	८५	८५ क्रमागत	२५	२०	२०
२०.	फोहोरमैला प्रशोधन केन्द्र निर्माण	संख्या	४ क्रमागत	२ सम्पन्न ३ क्रमागत	४	२	२
२१.	बृहत् शहरी क्षेत्र विकास कार्यक्रम (Mega city)	संख्या	३ अध्ययन क्रमागत	३ अध्ययन सम्पन्न	३ क्रमागत	३ क्रमागत	३ क्रमागत
२२.	सरकारी कार्यालय भवन निर्माण (वार्षिक)	संख्या	१०	१२	१५	१५	१५
२३.	एकीकृत सरकारी कार्यालय भवन निर्माण	संख्या	८	७	७	५	५
२४.	विशेष आवास	संख्या	१६	१६	१५	१५	१५
२५.	रोजगारी सिर्जना	हजारमा	१३०	३५	३५	३५	३५

८. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

(रु. लाखमा)

आ. व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजिगत	वित्तिय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३२८,२१६	७२,३६४	२४९,६९७	६,१५५	२४२,४६९	१,९५२	८३,७९५
२०७८/७९	३६५,७९६	६६,७०६	२९१,०९०	८,०००	२६२,८४६	२८,१५०	७४,८००
२०७९/८०	४४७,८६४	७३,७४८	३६४,११६	१०,०००	३०६,०६४	१०,८००	१३१,०००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४७०००११	सहरी विकास मन्त्रालय	बस्ती विकास, शहरी विकास, आवास एवं भवन र भू-उपयोग सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन	सालबसाली			
३४७००१०१	वाग्मती सुधार आयोजना	बागमती नदि र यसका सहायक नदिहरू विष्णुमती, रूद्रमती, इच्छुमती, मनोहरा, हनुमन्तेखोला, नख्खुखोला र बल्खुखोला लगायतका नदिनालाहरूमा ढल, सडक र तटबन्ध निर्माण गरी समग्र काठमाडौं उपत्यकालाई हराभरा, सुन्दर, मनोरम र प्रदुषणमुक्त बनाँउदै नदि किनाराका मठ, मन्दिर, घाट लगायतका संस्कृतिक एवं पुरातात्विक महत्वका धरोहरहरूको मर्मत संभार गरी जीवन्त बनाउनु।	२०५२/५३-२०८०/८१	२२८९००	नदीहरूको व्यवस्थापन, ढल निर्माण, नदि नियन्त्रण र नदि करिडोर सडक निर्माण, सरसफाइ र नदिमा पानीको वहाव नियन्त्रण	२१ कि.मि. नदि नियन्त्रण सम्बन्धी कार्य भएको हुने। बागमती तथा यसका सहायक नदिहरूमा १८ कि.मि. ढल निर्माण भएको हुने। नदिका किनारामा १८ कि.मि. सडक निर्माण कार्य भएको हुने।
३४७०१०११	शहरी विकास तथा भवन निर्माण विभाग	बस्ती विकास, शहरी विकास, आवास एवं भवन निर्माण	सालबसाली			
३४७०१०१२	संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय	अति विशिष्ट तथा विशिष्ट व्यक्तित्वहरूको आवास भवन व्यवस्थापन तथा निर्माण	सालबसाली	४५२५		अति विशिष्ट तथा विशिष्ट व्यक्तित्वको निवास, ५५ वटा केन्द्रीय कार्यालय र ५१ वटा विभागीय कार्यालयको मर्मत भएको हुने।
३४७०१०१३	संघीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू	संघीय सरकारी कार्यालय भवन मर्मत सम्भार तथा प्रशासनिक खर्च	सालवसाली	२०६४		शहरी विकास सम्बन्धी संघीय आयोजना प्रभावकारी कार्यान्वयन भएको हुने। सरकारी कार्यालय भवन मर्मत सम्भार भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४७०११०१	आवास व्यवस्था कार्यक्रम	गरिब घरपरिवारले सुरक्षित आवासको निर्माणका लागि निर्माण सामाग्री खरिदको लागि अनुदान प्रदान भूमिहीन तथा प्रकोपका कारण घरबार विहिन भएका परिवारका लागि सुरक्षित तथा व्यवस्थित बसोबास व्यवस्था	सालवसाली	६५००	सुरक्षित आवास निर्माणको लागि अनुदान उपलव्ध	पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने सम्बन्धी सुरक्षित नागरिक आवास कार्यविधि तर्जुमा भएको हुने। गरिबीको रेखामुनि रहेका ... घरपरिवारलाई सुरक्षित आवासको लागि रु. ५० हजार अनुदान दिने ।
३४७०११०२	एकीकृत कार्यमूलक योजना (शहरी विकास)	नगरपालिकाहरूको एकीकृत विकास योजना तर्जुमा	सालबसाली	११०६४		विभिन्न नगरपालिकाहरूको एकीकृत विकास योजना तर्जुमा भएको हुने। प्राथमिकता प्राप्त योजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना बैंक विकास भएको हुने। जिआइएसमा आधारित नक्सा तयार भएको हुने।
३४७०११०३	सघन शहरी विकास कार्यक्रम	तराईका जिल्ला सदरमुकाम समेत रहेका २१ वटा शहरहरूको भौतिक संरचना, सडक विस्तार, ढल व्यवस्थापन, बस पार्क, मनोरन्जन पार्क, सौर्य बत्ती, खानेपानी लगायतका पूर्वाधार निर्माण एवम् सौन्दर्यकरण, पहिचानयुक्त शहरहरूको विकास	सालबसाली	५०८२२९		तराईका विभिन्न जिल्ला सदरमुकाम समेत रहेका २१ वटा नगरपालिकाको भौतिक पूर्वाधार विकास भएको हुने। ठूला सहरी कोरिडोर खण्डको भौतिक पूर्वाधार विकास भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४७०११०५	भवन निर्माण संहिता, सरकारी भवन निर्माण	सरकारी भवन, एकीकृत सरकारी भवन, राष्ट्रिय/अन्तराष्ट्रिय/क्षेत्रीय सभाहल तथा सम्मेलन केन्द्र निर्माण	सालबसाली	१५४१३८		सरकारी भवन, एकीकृत सरकारी भवन, राष्ट्रिय/अन्तर्राष्ट्रिय/क्षेत्रीय सभाहल तथा सम्मेलन केन्द्र निर्माण भएको हुने।
३४७०११०७	नेपाल भारत एकीकृत जाँच चौकी विकास आयोजना	नेपाल-भारत एकीकृत जाँच चौकी निर्माण	२०६५/६६-सालबसाली			४ स्थानमा नेपाल-भारत एकीकृत जाँच चौकी निर्माण भएको हुने।
३४७०११०८	शहरी शासकीय क्षमता विकास कार्यक्रम	नगरपालिकाहरूको शहरी शासकीय क्षमता अभिवृद्धि गर्दै सहरी पूर्वाधार विकास	२०१७ मे २०१९ डिसेम्बर	२०६२०	शहरी वातावरण सुधार विस्तृत आयोजना अध्ययन प्रतिवेदन	नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासको माध्यमबाट शहरी वातावरणमा सुधार भएको हुने ।
३४७०११११०	नयाँ शहर विकास आयोजना	मध्य पहाडी लोकमार्ग र उत्तर दक्षिण राजमार्ग जोडिएका बस्तीहरूमा करिब एक लाख जनसंख्याको लागि आधारभूत शहरी पूर्वाधार निर्माण गरी दश वटा आधुनिक शहरी सेवासुविधा सहितका शहर विकास गरी भौगोलिक सन्तुलन कायम गर्दै विकास तथा सेवा प्रवाह लागतमा कमि ल्याउने एवम् जनसंख्या व्यवस्थापन र आर्थिक समृद्धि	२०७२/७३-२०८०/८१	१५०००००	विस्तृत ईन्जीनियरिंग प्रतिवेदन सहितको नयाँ शहर विकास सम्बन्धी एकीकृत विकास योजना, ५ वटा जग्गा एकीकरण कार्यक्रमको ब्लक प्लान स्वीकृत	१० वटा जग्गा एकीकरण (Land Pooling) कार्यक्रम संचालन, ५५० कि.मि. सडक निर्माण, प्रत्येक शहरमा एकएकवटा खानेपानी आयोजना, फोहोर प्रशोधन केन्द्र र मनोरंजन पार्क तथा बसपार्क निर्माण सुरु भएको हुने ।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४७०११११	क्षेत्रीय शहरी विकास कार्यक्रम	नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासको माध्यमबाट सहरी वातावरणमा सुधार	२०७३/७४-२०७८/७९	२१४०००	शहरी वातावरण सुधार विस्तृत आयोजना अध्ययन प्रतिवेदन	नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासको माध्यमबाट सहरी वातावरणमा सुधार ल्याई उन्नत शहर विकास गर्ने।
३४७०१११४	नमूना एकीकृत बस्ती विकास कार्यक्रम (तराई-मधेस-पहाड-हिमाल)	नयाँ नगरपालिका, नगरपालिका नभएका जिल्ला सदरमुकामहरू, जोखिमयुक्त बस्तीहरू स्थानान्तरण गर्न एकीकृत बस्ती विकास र घनाबस्ती विकासको लागि एकीकृत पूर्वाधार विकास	सालबसाली	७०००		एकीकृत वस्ती विकास र घनावस्ती विकासको पुर्वाधार को भौतिक पुर्वाधार विकास भएको हुने।
३४७०१९०१	विशेष भवन निर्माण आयोजना	संघीय संसद भवन लगायत ठूला तथा विशेष प्रकृतिका राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका विशेष भवन निर्माण	२०७६/७७-सालबसाली	३०००००		संघीय संसद भवन, प्रधानमन्त्री आवास, मन्त्री आवास, प्रदेश तथा मुख्यमन्त्री सम्पर्क कार्यालय / आवास, राजकीय अतिथि गृह/आवासको लागि ४६ वटा भवन निर्माण सम्पन्न भएको हुने।
३४७००९०१	शहरी कोरिडोर आयोजना	शहरी कोरिडोरको अवधारणा अनुरुप निर्धारित क्षेत्रको आर्थिक र शहरी विशेषतालाई ध्यान दिदै शहरी पूर्वाधार विकास	२०७६/७७-२०८४/८५	६७८०३००	बिराटनगर-धरान कोरिडोर र भैरहवा-बुटवल कोरिडोरको सम्भाव्यता अध्ययन भई विकास रणनीति तर्जुमा भएको	विभिन्न ६ वटा शहरी आर्थिक कोरिडोरको कार्यान्वयन सहितको एकीकृत विकास रणनीति तर्जुमा, प्राथमिकीकरण अनुरुप विस्तृत आयोजना प्रतिवेदन तयार, व्यवस्थित जग्गा विकास, सडक तथा नाला, बसपार्क, मनोरंजन पार्क, हाटबजार, खानेपानी, फोहोर प्रशोधन केन्द्र, ढल निकास लगायतका पूर्वाधार निर्माण सुरु भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४७५११०१	नगर विकास कोष	नगरपालिकाहरूको शहरी पुर्वाधार विकासको लागि ऋण लगानी शहरी गरिबी न्यूनीकरण	२००१-२०२०			विभिन्न नगरपालिकाहरूमा शहरी पूर्वाधार विकास भएको हुने।
५०१४७१०१	नगर विकास कोष-खानेपानी क्षेत्र	शहरी तथा तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना कोषबाट भएको लगानीबाट सम्बन्धित क्षेत्रको बासिन्दाहरूको जीवनस्तर र स्वास्थ्य अवस्थामा सुधार	सन् २०१४-सन् २०२१		विभिन्न साना शहरको खानेपानी आयोजनाहरूमा ऋण लगानी	विभिन्न साना शहरहरूमा खानेपानी आपूर्तिको आयोजना निर्माण भएको हुने।
५०१४७१०६	नगर विकास कोष (वित्तीय लगानी)	शहरी विकास क्षेत्र अन्तर्गतका कार्यक्रम तथा आयोजनामा लगानी मार्फत शहरी पूर्वाधार विकासमा सहयोग	सालबसाली			शहरी विकास क्षेत्र अन्तर्गतका कार्यक्रम तथा आयोजनामा शहरी पूर्वाधार विकास गर्न ऋण लगानी भई शहरी पूर्वाधार विकास भएको हुने।
३४७७११०१	काठमाडौं उपत्यका विकास प्राधिकरण	काठमाडौं उपत्यकामा निर्देशित जग्गा विकास कार्यक्रम मार्फत व्यवस्थित शहरीकरण तथा शहरी सडक विस्तार, सार्वजनिक जग्गा संरक्षण र विपद व्यस्थापन पार्कको निर्माण गर्ने तथा काठमाडौं उपत्यकाको एकीकृत भौतिक विकास योजना तर्जुमा	२०६९/७०-सालबसाली		जग्गा विकास कार्यक्रम, शहरी सडक विस्तार, सार्वजनिक जग्गा संरक्षण र विपद् व्यवस्थापन पार्कको निर्माण र बाहिरी चक्रपथको निर्माण	१६ वटा विपद व्यवस्थापन पार्कको निर्माण भएको हुने। काठमाडौं उपत्यकामा १ लाख ३० हजार रोपनीमा ४ वटा नयाँ शहर निर्माणका लागी डी.पी.आर. सम्पन्न गरि पूर्वाधार निर्माण संचालन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४७७११०२	धोविखोला कोरिडोर सुधार आयोजना	काठमाडौं उपत्यकाको सवारी चाप न्यूनीकरण	२०६६/६७-२०७८/७९		धोविखोलाको दुवै किनारमा २४ कि.मि. लिङ्क रोड निर्माण गरी काठमाडौं उपत्यकाको सवारी चाप न्यूनीकरण	धोबीखोला करिडोरको १२ कि.मि. सडक निर्माण भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

विश्वव्यापी कोरोना महामारीले पारेको चौतर्फी असरको ठूलो चपेटामा शहरी पूर्वाधार निर्माणमा पर्ने देखिएको छ, यसका कारण श्रमिक र प्राविधिक शक्तिको अभावमा निर्माण सुस्तताका कारण न्यून पूँजीगत खर्च हुने जोखिम रहेको छ । यो आर्थिक वर्षमा सेमत कोरोनाको महामारी यथावत रहेमा वैदेशिक सहयोग र अनुदानको परिचालनमा कमि आउने र यसले वैदेशिक सहयोग र अनुदानमा संचालित हुने आयोजनाहरू प्रभावित हुने जोखिम रहेको छ। आयोजना कार्यान्वयन अगाडिको पूर्व तयारी, आयोजना बैंकले तोकेको निर्दिष्ट चरणहरूको परिपालनामा हुने ढिलाईले दातृ निकायको श्रोत परिचालनमा कठिनाइ उत्पन्न भई समग्र आयोजना तोकिएको समय र लागतमा सम्पन्न हुन कठीन हुने देखिन्छ । संघीय प्रशासनिक पूनः संरचना अनुसार कार्यालय एवम् कर्मचारीको व्यवस्थापनबाट आयोजना संचालनमा समस्या उत्पन्न हुन सक्ने हुँदा यस सम्बन्धमा प्रशासनिक संरचना चाडो टुङ्ग्याउन नसकिएमा अपेक्षित नतिजा हासिल हुन् नसक्ने, संघ, प्रदेश र स्थानीय तहमा अधिकारको वाडफाडँको सम्बन्धमा देखिएको समस्याले योजनाहरुको कार्यान्वयनमा ढिलाई हुन सक्ने, जग्गा प्राप्तिमा आउने अवरोधलाई हटाउन कानूनी तथा नीतिगत सुधार नसके विकास आयोजनाले अपेक्षित गति लिन नसक्ने र आयोजना रुग्ण हुने जोखिम रहनेछ ।

६.५ पुनर्निर्माण

१. पृष्ठभूमि

२०७२ साल बैशाख १२ गतेको बिनाशकारी भूकम्प तथा तत्पश्चातका पराकम्पका कारण पूर्वी तथा मध्य नेपालका १४ जिल्ला गम्भीर र १८ जिल्ला आशिंक रुपमा प्रभावित भई ठूलो परिमाणमा धनजनको क्षति हुन पुग्यो। भूकम्पबाट भएको क्षति एकीन गरी सोही आधारमा क्षतिग्रस्त सरकारी संरचना, निजी आवास, सामुदायिक विद्यालय र ऐतिहासिक एवम् पुरातात्विक सम्पदाको पुनर्निर्माण, जोखिमयुक्त बस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास र आर्थिक सामाजिक पुनर्स्थापना सम्बन्धी कार्य भइरहेका छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भएको करिब ४ वर्षको छोटो अवधिमा निजी आवास सहित सबै क्षेत्रमा पुनर्निर्माण कार्य उल्लेखनीय रूपमा अगाडि बढिरहेको छ। पुनर्निर्माणको बाँकी रहेका कामलाई यथाशीघ्र सम्पन्न गर्ने गरी विषयगत मन्त्रालय र स्थानीय तहसँगको समन्वय र सहभागितालाई अझ बढी प्रभावकारी रुपमा परिचालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

२. समस्या तथा चुनौती

भूकम्प पीडितको गुनासो व्यवस्थापन गर्न नसक्नु, पर्याप्त स्रोत-साधनको व्यवस्थापन गर्न नसक्नु, सार्वजनिक संरचना निर्माणमा जग्गा सम्बन्धी समस्या हुनु, ऐतिहासिक तथा पुरातात्विक सम्पदा पुनर्निर्माणमा प्रकृया र निकायगत अन्यौलता तथा विवाद रहनु र नवप्रर्वतन गरिएको प्रविधिलाई सरोकारवालाबीच लोकप्रिय बनाउन नसक्नु तथा प्रयोग र परिचालन हुन नसक्नु पुनर्निर्माण क्षेत्रका प्रमुख समस्या हुन्।

पुनर्निर्माण गर्न बाँकी रहेका निजी आवास एवम् सार्वजनिक भवन, विद्यालय भवन, पुरातात्विक सम्पदा र स्वास्थ्य केन्द्रको पुनर्निर्माणका लागि आवश्यक स्रोत जुटाई तोकिएको समयमै पुनर्निर्माणको कार्य सम्पन्न गर्नु, पुनर्निर्माणका लागि आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता र उपयोगको सुनिश्चितता गर्नु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्धारित समयावधि भित्र सम्पन्न हुन नसक्ने पुनर्निर्माणको कार्यलाई योजनाबद्ध रुपमा सुनिश्चितता प्रदान गर्नु प्रमुख चुनौती हुन्।

३. सोच

सुरक्षित र योजनावद्ध पुनर्निर्माण।

४. उद्देश्य

१. निजी आवास तथा सार्वजनिक भौतिक संरचनाको शीघ्र पुनर्निर्माण सम्पन्न गर्नु।

२. जोखिमयुक्त बस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास एवम् पुनर्स्थापनाको कार्य गर्नु।

५. रणनीति

१. भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सार्वजनिक भौतिक संरचनाको भूकम्प प्रतिरोधी हुनेगरी पुनर्निर्माण र सुधार गर्ने।

२. जोखिमयुक्त बस्ती स्थानान्तरण एवम् एकीकृत बस्ती विकास गर्ने।

३. भूकम्पपीडित (मूलत: जोखिममा परेका) को जीविकोपार्जनका लागि आय-आर्जनका अवसर सिर्जना गर्ने।

४. विपद् व्यवस्थापनका लागि स्थानीय तह देखि नै आवश्यक क्षमता र प्रभावकारिता सुदृढ गर्ने।

६.विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	पहिचान गरिएका निजी आवास लाभग्राही परिवार	संख्या	८२६५५८	८२७९६५	-	-	-
२	अनुदान सम्झौता परिवार	संख्या	७६८४६९	८२७९६५	-	-	-
३	निर्माण सम्पन्न निजी आवास	संख्या	४१८७६४	६८३१८९	८२७९६५	-	-
४	पहिचान भएका प्रवलीकरण लाभग्राही परिवार	संख्या	७१४३३	७५१६३	-	-	-
५	प्रवलीकरण सम्पन्न घर	संख्या	४६	२०००	२००००	-	-
६	एकीकृत बस्ती विकास	संख्या	९	१९	७५	१००	-
७	विद्यालय/विश्वविद्यालय भवन पुनर्निर्माण	संख्या	५०६३	६१८२	७१५०	७५५३	७६२२
८	स्वास्थ्य संस्था भवन पुनर्निर्माण	संख्या	६६५	७२०	७८८	११९७	-
९	पुरातात्विक सम्पदा पुनर्निर्माण	संख्या	३८०	५३०	८५०	८९०	९२०
१०	गुम्बा पुनर्निर्माण	संख्या	१	४०२	६१०	९५०	१३२०
११	सरकारी भवन पुनर्निर्माण	संख्या	३२४	३९०	४	-	-
१२	सुरक्षा निकायका भवन पुनर्निर्माण	संख्या	१८३	२१६	२५६	-	-
१३	रणनैतिक एवम् ग्रामीण सडक पुनर्निर्माण	संख्या	१४	२३	४५	-	-
१४	सडक पुल	संख्या	०	१०	१७	-	-

७.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रु. लाखमा

आ.व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तिय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुमान	वैदेशिक ऋण
२०७७/७८	५५०,०००	१६०,४९४	३८९,५०६	-	२४०,८२५	६४,९३८	२४४,२३७
२०७८/७९	११०,०००	३२,०९९	७७,९०१	-	११०,०००	-	-
२०७९/८०	-	-	-	-	-	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

व.उ.शि.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँइ	आगामी तीन वर्षको उपलब्धि सूचक
३०१५१०११	राष्ट्रिय पुनर्निमाण प्राधिकरण कोष					
३०१५१०१२	राष्ट्रिय पुनर्निमाण प्राधिकरण कोष	निजी आवास अनुदान वितरण, एकीकृत बस्ती विकास जोखिमयुक्त बस्ती संरक्षण, विद्यालय भवन स्वास्थ्य, पुरातात्विक सम्पदा सरकारी भवन र सुरक्षा निकायका भवन एवम् रणनैतिक एवम् ग्रामीण सडक पुनर्निर्माण।				स्वास्थ्य संस्थाहरू, विद्यालय भवनहरू, पुरातात्विक सम्पदाहरू, सरकारी भवनहरूको पुनःर्निर्माण भएको हुने। जोखिमयुक्त बस्तीबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तर भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

पाँच वर्षको सीमित समयावधिमध्ये १० महिनामात्र बाँकी रहेको छ र प्राधिकरणको ऐन अनुसार १ वर्षको अवधि थपिएमा २२ महिनाको कार्यावधि हुनेछ। बाँकी अवधिमा १,४४,७७६ निजी आवास, १,१४० विद्यालय/विश्वविद्यालय, ७ वटा विश्व सम्पदा, १,३२० गुम्बा, ६२ वटा परम्परागत बस्ती, २०० पुरातात्विक सम्पदा, ४७७ स्वास्थ्य भवन, ८८ सरकारी तथा सुरक्षा निकायका भवन, २२ वटा रणनैतिक एवम् ग्रामीण सडकको पुनर्निर्माण सम्पन्न भएको हुनेछ। ऐलानी, गुठी जग्गा, सुकुम्बासीहरूको लालपुर्जा सम्बन्धी समस्याको समाधान नभएमा, निजी आवास पुनर्निर्माणमा स्वयम् लाभग्राहीले तत्परता नदेखाएमा, विकास साझेदारबाट प्रतिवद्धता अनुसारको स्रोत प्राप्त हुन नसकेमा र पुरातात्विक सम्पदाको पुनर्निर्माण सम्बन्धी विवाद समयमै समाधान हुन नसकेमा लक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ।

परिच्छेद ७

शासकीय व्यवस्था र अन्तर सम्बन्धित विषय क्षेत्र

७.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्

१. पृष्ठभूमि

समृद्धिको मूल कडीको रूपमा रहेको स्थानीय तथा प्रदेशको सन्तुलित विकासलाई आत्मसात गर्दै संघीय शासन प्रणाली अनुरुप सेवा प्रवाहका लागि आधार, आवश्यक कानूनी ढाँचाको निर्माण, सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा तहगत एवम् अन्तर सरकार सम्बन्ध र समन्वय, सुशासन कायम गराउने, भ्रष्टाचार नियन्त्रण गर्ने, न्याय प्रशासनलाई सुदृढ बनाउने, सार्वजनिकक सेवा प्रवाहलाई प्रभावकारी बनाउने, स्थानीय तह र प्रदेशलाई संविधान प्रदत्त अधिकार र उत्तरदायित्व पूरा गर्न सक्षम तुल्याउन विधायिकी, व्यवस्थापकीय र न्यायिक क्षमता अभिवृद्धि गर्ने, विकासको व्यवस्थापन गर्न सक्षम बनाउने र आवश्यक सहयोग, समन्वय र अनुगमन सम्बन्धी कार्य र राष्ट्रिय विकासमा सबैको योगदान अभिवृद्धि गर्ने काम निरन्तर भइरहेका छन्।

नियमित कार्यका अतिरिक्त शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, द्विपक्षीय वा बहुपक्षीय सन्धी, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, केन्द्रीयस्तरमा शासकीय सुधारका लागि विज्ञ समूह (थिङ्क ट्याङ्क) को व्यवस्था, प्रत्यक्ष सम्वाद कक्ष (Action Room) को स्थापना गरी राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनामा आइपर्ने समस्या समाधान एवम् ११ वटा राष्ट्रिय गौरवका आयोजनामा जडान भएका निगरानी प्रणाली (Surveillance System) मार्फत निरन्तर सघन अनुगमन, नीति तथा कार्यक्रम एवम् बजेट कार्यान्वयन अवस्थाको अनुगमन (Online Monitoring System), हेलो सरकारको गुनासो व्यवस्थापनलाई व्यवस्थित गरिएको छ। यसका अतिरिक्त *'समृद्ध नेपाल र सुखी नेपाली'* को सोचलाई सार्थक बनाउन नीति निर्माण र तीनको कार्यान्वयन मार्फत परिवर्तनकारी भूमिकाका लागि शासकीय व्यवस्थासँग सम्बद्ध निकाय जिम्मेवार रहेका छन्।

२. समस्या तथा चुनौती

सुशासन ऐन तथा नियमावलीले सुशासन कायम गर्न गरेका व्यवस्थाहरूको कार्यान्वयन अवस्थाको पुनरावलोकन हुन समय लाग्नु, प्रदेश र स्थानीय तहको संस्थागत विकासले अपेक्षित गति लिन नसकि समयानूकुल गुणस्तरीय सेवा प्रदान गर्न नसकिनु, सेवा प्रदायक निकायमा कार्यरत व्यक्तिहरूमा सकारात्मक सोचको कमी हुनु, नतिजामूलक तथा सहभागितामूलक अनुगमन र मूल्याङ्कन गर्न कठिन हुनु, राष्ट्रको आवश्यकता अनुसार योजनाको प्राथमिकीकरण, पर्याप्त गृहकार्य, नवीनतम प्रविधि र सोचको उपयोग अपेक्षित मात्रामा नहुनु जस्ता समस्या रहेका छन्। राजनीति र सरकारी प्रशासन बीच रहने लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित आपसी सम्बन्धका सर्वमान्य सिद्धान्त अवलम्बनद्धारा सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा तालमेल मिलाई कुशल र प्रभावकारी प्रशासनको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक रुपान्तरण गर्नु प्रमुख चुनौती रहेको छन्।

३. सोच

- राष्ट्रिय एकताको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन (राष्ट्रिय एकता)।
- निष्ठावान, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास (नेतृत्व निर्माण)।
- मजबुत संघीय शासन प्रणालीमा आधारित समृद्ध नेपाल (प्रदेश तथा स्थानीय तहको सन्तुलित विकास)।
- पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन (शासकीय सुधार)।
- सदाचारयुक्त समाज निर्माण (भ्रष्टाचार नियन्त्रण)।

- सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तरसरकार समन्वय (तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय)।

४. उद्देश्य

अ. राष्ट्रिय एकता

१. विविधताको उचित सम्बोधन र सम्मान मार्फत राष्ट्रिय एकता सुदृढ बनाउनु।

आ. नेतृत्व निर्माण

१. मुलुकको सर्वाङ्गीण विकास र सुशासनका लागि राजनैतिक, प्रशासनिक, सामाजिक, व्यावसायिक लगायत सबै क्षेत्रमा सक्षम तथा कुशल नेतृत्व विकास गर्नु।
२. विभिन्न तहको नेतृत्व बीचको अन्तर्सम्बन्धलाई प्रगाढ बनाउँदै सहभागितात्मक एवम् सहकार्यात्मक नेतृत्वशैली विकास गर्नु।

इ. प्रदेश तथा स्थानीय तहको सन्तुलित विकास

१. प्रदेश तथा स्थानीय शासन प्रणालीको सन्तुलित र दिगो विकास गर्नु।

ई. शासकीय सुधार

१. सार्वजनिक निकायका काम कारवाहीहरूलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासमा अभिवृद्धि गर्नु।

उ. भ्रष्टाचार नियन्त्रण

१. भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभूति दिलाउनु।

ऊ. तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय

१. संघीय शासन प्रणाली कार्यान्वयनमा देखिएका अन्यौलता हटाउन अन्तरसरकार समन्वय मार्फत विकास र सुशासनमा टेवा पुऱ्याउनु।
२. संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको बुझाइमा एकरूपता ल्याई अन्तरसरकार समन्वय सुदृढ गर्नु।
३. प्रभावकारी एवम् उपलब्धिमूलक तहगत सम्बन्धको लागि आवश्यक कानुनी तथा संस्थागत संयन्त्रको निर्माण गर्नु।
४. स्रोत वितरण एवम् बाँडफाँट, विकास र कार्यान्वयनमा स्पष्टता ल्याई नागरिकमा संघीय शासनको अनुभूति गराउनु।

५. रणनीति

अ. राष्ट्रिय एकता

१. विविधतायुक्त नेपालको विशेषता र यसका सबल पक्षको सम्बन्धमा नागरिकमा जनचेतना फैलाउने।
२. आपसी सद्भाव र मेलमिलापको माध्यमबाट सभ्य समाज निर्माण गर्न नागरिकलाई प्रेरित गर्ने।
३. समाजमा द्वेष र अन्तरद्वन्द्व फैलाउने आन्तरिक तथा बाह्य गतिविधिलाई कानुनी दायरामा ल्याउने।

आ. नेतृत्व निर्माण

१. सक्षम र प्रभावकारी नेतृत्व विकासका लागि योजना तयार गर्ने।
२. विभिन्न तहको नेतृत्व बीचको अन्तर्सम्बन्धलाई प्रभावकारी बनाउन साझेदारी र सहकार्यको विकास गर्ने।

३. पदमा मात्र आधारित नभई क्षमतामा आधारित नेतृत्व विकासलाई प्राथमिकता दिने।

इ. प्रदेश तथा स्थानीय तहको सन्तुलित विकास

१. संघीय सरकारको सहयोग र समन्वयमा प्रदेश र स्थानीय तहले आ-आफ्नो भौगोलिक क्षेत्रको वस्तुस्थिति विश्लेषण गरी सोको सही सदुपयोग गर्ने गरी विविध उपायको अवलम्बन गर्ने।

२. स्थानीय तह र प्रदेशको स्रोत-साधन र क्षमता अभिवृद्धि गरी विकासशील जनशक्ति उत्पादन गर्ने।

३. आ-आफ्नो क्षेत्रको विकासको लागि एक-आपसमा समन्वय तथा सहकार्य गर्दै प्रतिस्पर्धात्मक हुन संघीय सरकारले सबै स्थानीय तथा प्रदेश सरकारलाई उत्प्रेरित गर्ने।

ई. शासकीय सुधार

१. सरकारका काम कारवाहीलाई पारदर्शी तथा प्रभावकारी बनाउन सांगठनिक, कानुनी, प्रणालीगत तथा व्यवहारगत सुधार गर्ने।

२. विकास आयोजनाको कार्यन्वयनमा आइपर्ने समस्यालाई सम्बोधन गर्न प्रविधिमा आधारित तत्काल समस्या समाधान प्रणाली अवलम्बन गर्ने।

३. राजनीतिक तथा प्रशासनिक क्षेत्रका जिम्मेवार पदाधिकारीको कार्यसम्पादनको स्तरलाई मापनयोग्य बनाई लागू गर्ने।

४. सार्वजनिक निकायका काम कारवाहीप्रति सकारात्मक छवि निर्माण गर्ने।

उ. भ्रष्टाचार नियन्त्रण

५. विद्यमान नीति तथा कानुनमा समयानुकूल परिमार्जन तथा कार्यान्वयन गर्ने।

६. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलतासहित सदाचारयुक्त समाज निर्माण गर्ने।

७. भ्रष्टाचार विरुद्धका चेतनामूलक,निरोधात्मक एवम् दण्डात्मक काम कारवाहीलाई प्रभावकारी बनाउने।

८. सार्वजनिक सेवामा लाग्ने खर्च, समायवधि तथा प्रक्रिया एवम् कार्यविधिको सम्बन्धमा स्पष्टता ल्याई सार्वजनिक सेवालाई जवाफदेही एवम् पारदर्शी बनाउने।

९. सार्वजनिक, निजी, गैरसरकारी, सहकारी, बैंकिङ्ग क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजी क्षेत्रको सेवा प्रवाहलाई गुणस्तरीय एवम् सेवामूलक बनाउने।

ऊ. तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय

१. संघ, प्रदेश र स्थानीय तहले संविधान प्रदत्त अधिकारको प्रयोगमा तीव्रता दिने।

२. तीन तहको सरकार बीचको समन्वयमा अभिवृद्धि गरी विकास निर्माण, सेवाप्रवाह तथा जनतासँग प्रत्यक्ष सरोकारका विषयलाई प्रभावकारी बनाउने।

३. आ-आफ्नो तहको विकास र सुशासन अभिवृद्धि गर्नको लागि सरकारहरूबीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	भ्रष्टाचार न्यूनीकरण	स्थान	११३	११०	१०५	९८	९३

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२	अनुभूति सूचकांक (Corruption Perception Index)	सूचकांक	३४	३४	३६	३८	४०
३	सरकारी प्रभावकारिता (Governance Effectiveness)	स्थान	१६.८३	२२	२४	२६	२७
		सूचकांक	-०.९०	-०.४५	-०.०५	०.३५	०.७२
५	विधिको शासन (Rule of Law)	स्थान	३३.६५	३५	३६	३७	३८
		सूचकांक	०.५४	०.५५	०.५६	०.५६	०.५७
६	आवाज र उत्तरदायित्व (Voice and Accountability	स्थान	३९.४१	४२	४४	४६	४८
		सूचकांक	-०.१३	०.००	०.२०	०.४०	०.७०
७	भ्रष्टाचार नियन्त्रण (Control of corruption)	स्थान	२७.४०	२९	३१	३३	३५
		सूचकांक	-०.६७	-०.३७	०.००	०.३५	०.७०
८	राजनीतिक स्थायित्व/ हिंसाको अन्त्य (Political Stability/ No Violence)	स्थान	२३.८१	३०	३५	४०	४५
		सूचकांक	-०.६३	-०.३३	-०.०३	०.३५	०.७०
९	नियामक गुणस्तर (Regularity Quality)	स्थान	२३.०८	३०	३२	३४	३५
		सूचकांक	-०.७५	-०.४०	-०.०५	०.३३	०.६५
१०	विश्वव्यापी प्रतिष्पर्धी सूचकाङ्क (Global Competitive Index)	सूचकाङ्क	५१.६	५३.०	५५.०	५७.०	५९.०
११	व्यवसाय सहजीकरण सूचकाङ्क (Doing Business Index)	सूचकाङ्क	६३	६४	६५	६६	६७
१२	सरकारवादी मुद्दाको सफलता दर	प्रतिशत	७२	७४	७६	७८	८०
१३	हेलो सरकारमा प्राप्त उजुरी फछ्यौंट	प्रतिशत	४८.९३	५९	६९	७८	८८
१४	आयोजना बैंक स्थापना भएका प्रदेश	संख्या	-	२	४	७	७
१५	राजनीतिक सशक्तीकरण सूचकाङ्क	सूचकाङ्क	०.७१	०.७२	०.७४	०.७५	०.७६
१६	आर्थिक सशक्तीकरण सूचकाङ्क	सूचकाङ्क	०.४५	०.४८	०.५१	०.५७	०.६३
१७	सामाजिक सशक्तीकरण सूचकाङ्क	सूचकाङ्क	०.५	०.५२	०.५४	०.५९	०.६४
१८	विशिष्टीकृत सरकारी वकिल (तालिम प्राप्त)	जना	३०	८०	१३०	१८०	२३०

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१९	समुदाय- प्रहरी- सरकारी वकिल कार्यक्रमबाट लाभान्वित संख्या (वार्षिक)	जना (हजारमा)	-	४०	४०	४०	४०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	४२,८८५	३७,६७०	५,२१५	-	३९,९५५	२,९३०	-
२०७८/७९	४४,४४१	३८,२७८	६,१६३	-	४४,४४१	-	-
२०७९/८०	४७,७२८	४०,३२७	७,४०१	-	४७,७२८	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाख)	पुष्टायाँई	आगामी तीन वर्षको उपलब्धी सूचक
३०१०००११	मन्त्रिपरिषद्	सुशासन तथा जनउत्तरदायित्व	सालबसाली			नेपाल सरकारको शासकीय व्यवस्था सञ्चालन तथा व्यवस्थापनको उपल्लो निकायको रुपमा समग्र सार्वजनिक प्रशासन, न्याय व्यवस्था, वित्तीय व्यवस्था तथा जनताप्रतिको उत्तरदायित्व प्रबर्द्धन भई सुशासन कायम भएको हुने। सार्वजनिक सेवामा जनसहभागिता अभिवृद्धि गर्दै आर्थिक सामाजिक विकास एवम् समृद्ध नेपाल निर्माणको लक्ष्य हासिल गर्नेतर्फ उन्मुख प्रशासन संयन्त्र विकास भएको हुने।
३०१०००१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सुशासन तथा जनउत्तरदायित्व	सालबसाली			
३०१०२०११	सार्वजनिक खरिद अनुगमन कार्यालय	वित्तीय सुशासन	सालबसाली			
३०१०३०११	नेपाल ट्रष्टको कार्यालय	सुशासन तथा जनउत्तरदायित्व	सालबसाली			
३०१०४०११	राष्ट्रिय सतर्कता केन्द्र	सुशासन प्रवर्द्धन	सालबसाली			
३०१०१०११	महान्यायाधिवक्ताको कार्यालय	स्वतन्त्र र निष्पक्ष न्याय व्यवस्था	सालबसाली			स्वतन्त्र र निष्पक्ष न्यायको सिद्धान्त प्रत्याभूत भई सम्पूर्ण न्याय प्रशासन र सार्वजनिक क्षेत्रबाट हुने विसंगति र अनियमितताको गुनासो न्यूनीकरण भएको हुने।
३०१०१०१२	उच्च सरकारी वकिल कार्यालयहरू	स्वतन्त्र र निष्पक्ष न्याय व्यवस्था	सालबसाली			
३०१०१०१३	विशेष सरकारी वकिल कार्यालयहरू	स्वतन्त्र र निष्पक्ष न्याय व्यवस्था	सालबसाली			
३०१०१०१३	जिल्ला सरकारी वकिल कार्यालयहरू	स्वतन्त्र र निष्पक्ष न्याय व्यवस्था	सालबसाली			
३०१०५०११	राजस्व अनुसन्धान विभाग	वित्तीय सुशासन	सालबसाली			सार्वजनिक तथा निजी क्षेत्रको वित्तिय सुशासन कायम भएको हुने।
३०१०५०१२	राजस्व अनुसन्धान ईकाइ कार्यालयहरू	वित्तीय सुशासन	सालबसाली			
३०१०६०११	सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग	वित्तीय सुशासन	सालबसाली			सम्पत्ति शुद्धीकरणका क्रियाकलाप न्यूनीकरण तथा निरुत्साहित भएको हुने। सामाजिक व्यवस्था स्थापित भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाख)	पुष्टायाँई	आगामी तीन वर्षको उपलब्धी सूचक
३०१०७०११	राष्ट्रिय अनुसन्धान विभाग	अनुसन्धानमा आधारित सुरक्षा व्यवस्था	सालबसाली			अनुसन्धानमा आधारित न्याय व्यवस्था भएको हुने।
३०१३१०११	लगानी बोर्डको कार्यालय	वैदेशिक लगानीलाई आकर्षण पुँजी, प्रविधि तथा सीप भित्राउने	सालबसाली			प्रत्यक्ष वैदेशिक लगानीको प्रभावकारी परिचालन भई ठूला आयोजनाका लागि पुँजी व्यवस्था भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसार स्थापित भएका निकायहरूको प्रभावकारिताका लागि अनुभवी नेतृत्व तथा पर्याप्त मानव संशाधनको व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, भष्ट्राचार नियन्त्रण र मानव अधिकारको प्रत्याभूति एवम् प्रवर्द्धन गर्ने कार्य प्रभावकारी रूपमा सम्पादन भए अपेक्षित नतिजा समयमै हासिल भई तीन वटै तहको सरकारको काम छिटो, छरितो, पारदर्शी, मितव्ययी तथा गुणस्तरीय हुने अनुमान गर्न सकिन्छ। शासकीय व्यवस्थाका आधारभूत आवश्यकता पुरा गर्न साधन-स्रोत तथा क्षमता एवम् प्रविधिको उपयोग समयानुकूल हुन नसकेमा विषय क्षेत्रगत उद्देश्य हासिल हुन नसक्ने जोखिम रहेको छ।

७.२ संघीय मामिला तथा सामान्य प्रशासन

१. पृष्ठभूमि

संघीयताको मर्म भनेकै शासन प्रणालीको तल्लो तहबाट शासकीय अभ्यास गर्नु हो, जसले सुशासन, पारदर्शिता, दक्षता र नागरिक सहभागितालाई शासकीय अभ्यासको आधारशीला मान्दछ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासन प्रणालीलाई अवलम्बन गरेको छ। तीनै तहका सरकारहरुबीचको अन्तरतह समन्वय, सहयोग र सहकार्य नै समृद्ध नेपाल निर्माणको मूल आधार हो। शासन प्रणालीमा सबै क्षेत्र, वर्ग र समुदायको सहभागिता र पहुँचमा अभिवृद्धि गर्दै विविधता बीचको एकता कायम गर्ने दिशातर्फ सार्वजनिक सेवा प्रवाह र विकास कार्य केन्द्रित गर्नु आवश्यक छ।

विकासमा साझेदारी पद्धति विकास निर्माण र सेवा प्रवाहमा सन्निकटताको सिद्धान्त अनुसार स्थानीय तहबाट जनताको घर दैलोको सरकारको रुपमा जनचाहना अनुसार सरोकारवालाहरुको सहभागितामा स्थानीय पूर्वाधारको विकास गर्ने कार्य संघीय प्रणालीको अभ्यासमार्फत अझ प्रभावकारी हुनुपर्ने अवस्था रहेको छ। नागरिकको बढ्दो आकांक्षा, प्रविधिको प्रयोग र विश्वव्यापीकरणको प्रभावका कारण योजनाबद्ध विकासको प्रयासबाट मात्र प्राप्त भएका उपलब्धिहरूबाट सन्तोष मान्न सकिने अवस्था छैन। उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीका अवसरहरुको सृजना, स्थानीय उत्पादनलाई बजारसँगको आवद्धता, सीमान्तकृत समूहका नागरिकहरूको अर्थपूर्ण सहभागिता र विकासको प्रतिफलको समन्यायिक वितरणका माध्यमबाट शहर र ग्रामीण क्षेत्रको विकासको अन्तर आबद्धतामा अभिवृद्धि गर्दै गुणस्तरीय जीवन (Quality of life) को सुनिश्चितता गर्नुका साथै स्थानीय युवाहरुलाई स्वदेशमै उत्पादनशील कार्यमा उत्प्रेरित गर्दै विकासमा युवा जनशक्तिको उपयोग गर्नुपर्ने आवश्यकता रहेको छ।

साथै शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी बनाउँदै यसमा लक्षित समुदायको पहुँच र सहभागितालाई समावेशीताको बैज्ञानिक एवम् न्यायोचित प्रणालीको अवलम्बन मार्फत सुनिश्चित गर्न आवश्यक छ। संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै यो व्यवस्थाले परिलक्षित गरेका राष्ट्रिय गन्तब्यमा पुग्न सक्ने प्रशासकीय क्षमता, तत्परताको अभिवृद्धि गर्दै प्रशासकीय सुशासन हासिल गर्नु उत्तिकै आवश्यक छ।

२. समस्या तथा चुनौती

संघीयता कार्यान्वयनको अनुभवको कमी हुनु, संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भै नसक्नु, संघ, प्रदेश र स्थानीय तहका सरकारहरुवीच अन्तरसम्बन्ध प्रष्टता भईनसक्नु, प्रदेश र स्थानीय तहको क्षमता विकासको योजना नबन्नु प्रमुख समस्याको रुपमा रहेका छन्। साथै समग्र योजना प्रणाली र आवश्यकतालाई प्राथमिकीकरण गर्न नसक्नु, स्थानीय आयोजनाहरुको प्रगति मापन, अनुगमन मूल्याङ्कन गर्ने कार्यमा अन्यौलता देखिनु, स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा पूर्वाधार विकास हुन नसक्नु, निर्माण सम्पन्न पूर्वाधारहरुको गुणस्तर एवम् दीगोपना कायम हुन नसक्नु, बिकट भौगोलिक अवस्थिति र छरिएको बस्तिका कारण पूर्वाधार विकास खर्चिलो हुनु तथा वातावरणमैत्री हुन नसक्नु, विनियोजित स्रोत र लगानीको महत्तम उपयोग हुन नसक्नु जस्ता प्रमुख समस्याका रुपमा रहेका छन्।

संघीयता अभ्यासको क्रममा सबै तहमा प्रशासन र राजनीति बीचको अन्तरसम्बन्ध परिभाषित गर्नु, प्रदेश तथा स्थानीय तहमा पर्याप्त कर्मचारी व्यवस्थापन गर्नु, केन्द्रिकृत मनोबृत्तिबाट मुक्त भई वित्तीय संघीयताको कार्यान्वयन गर्नु, सहकारी संघीयताको मूल्य र मान्यतालाई आत्मसात गर्नु, सबै प्रदेशहरुलाई एउटै दिशामा अग्रसर गराउनु तथा सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारहरुको तत् तत् तहमा अभ्यास गर्नु प्रमुख चुनौतीको रुपमा देखिएका छन्। साथै

एकीकृत बस्ती विकास गर्नु, स्थानीय भौतिक पूर्वाधारको गुणस्तर कायम तथा दिगोपना अभिवृद्धि गर्नु, राष्ट्रिय प्राथमिकता तथा अन्तराष्ट्रिय मञ्चहरुमा गरेका प्रतिबद्धताहरुलाई स्थानीय योजना तथा कार्यक्रममा आन्तरिकीकरण गर्नु, विनियोजित रकमको उचित प्रयोग गर्नु, संघीय शासन प्रणालीले अपेक्षा गरे बमोजिमको नतिजा हासिल गर्न सक्ने संस्थागत पूर्वाधार र जनशक्तिको क्षमता वृद्धि गर्नु जस्ता चुनौतीका रूपमा देखिएका छन्। यसैगरी स्थानीय पूर्वाधारको छनौट, निर्माण र व्यवस्थापनमा सरोकारवालाहरुको सहयोग, सहभागिता एवम् अपनत्व स्थापित गर्नु, स्थानीय सेवा प्रवाहमा सहजता ल्याउनु, अत्यावश्यक पूर्वाधार विकासका लागि वित्तीय स्रोतको व्यवस्थापन गर्नु जस्ता चुनौती रहेका छन्। लक्षित वर्गले लाभ लिन सक्ने गरी समावेशीकरण नीतिमा पुनरावलोकन गर्नु, जनताको बढ्दो अपेक्षा संबोधन गर्ने गरी सेवा प्रवाहमा सुधार गर्नु, सरकारका तीनै तहबीच प्रभावकारी प्रशासकीय समन्वय कायम गर्ने गरी संरचनागत एवम् नीतिगत व्यवस्था गर्नु, सबै स्थानीय तहहरुको केन्द्रमा मापदण्ड अनुरुपको पक्की सडक पुऱ्याउन पनि चुनौतीका रुपमा देखिएका छन्।

३. सोच

१. संघीय शासन प्रणालीमा आधारित सहभागितामूलक, समावेशी, उत्तरदायी स्थानीय शासन मार्फत जनताको जीवनस्तरमा सुधार।

४. उद्देश्य

अ. संघीय शासन प्रणाली

१. लोकतन्त्रबाट प्राप्त हुने लाभको समानुपातिक, समावेशी र न्यायोचित वितरणको अवस्था सिर्जना गर्नु।
२. सन्निकटताको सिद्धान्त अनुसार कार्यसम्पादन हुने अवस्था सिर्जना गर्नु।
३. स्थानीय तहबाट राजनैतिक एवम् प्रशासनिक नेतृत्व विकास गर्नु।

आ. स्थानीय पूर्वाधार

१. ग्रामीण पूर्वाधार विकासलाई सन्तुलित, दिगो र वातावरणमैत्री बनाउनुका साथै स्थानीय बजार र उत्पादनलाई जोडी ग्रामीण जीवनलाई सरल, सहज र उत्पादनमूलक बनाउनु।
२. मितव्ययी र प्रभावकारी स्थानीय सेवा प्रवाहका लागि आवश्यक आधारभूत पूर्वाधारको विकास गर्नु।
३. सघन बस्ती विकास गर्दै क्रमशः नगरोन्मुख बनाई सार्वजनिक सेवालाई सहज बनाउनु।

इ. ग्रामीण विकास

१. सन्तुलित र दीगो ग्रामीण पूर्वाधार विकास गर्नु।
२. ग्रामीण जीवनलाई सरल, सहज र उत्पादनमूलक बनाउनु।
३. बसाइँसराइलाई व्यवस्थित र न्यूनीकरण गर्दै गुणस्तरीय जीवनको प्रवर्द्धन गर्नु।

ई. प्रशासकीय सुशासन

१. सार्वजनिक प्रशासनलाई संघीय संरचना अनुरुप सबल, सक्षम र सुदृढ बनाई दक्ष, सेवाग्राहीमुखी र व्यवसायिक बनाउनु।
२. सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउनु।
३. सेवा प्रवाह र शासन प्रणालीमा बहुपक्षीय साझेदारीको विकास गर्नु।

५. रणनीति

अ. संघीय शासन प्रणाली

१. तहगत सम्बन्धलाई परिभाषित गर्न आवश्यक कानुनी र संस्थागत आधार तयार गर्ने।

२. तीन तहका सरकारहरुलाई सहज रुपले सञ्चालन गर्न योजना, नीति र रणनीति बनाई कार्यान्वयन गर्ने।

३. भौगोलिक, सामाजिक, आर्थिक, साँस्कृतिक विविधतालाई जीवन्तता प्रदान गर्ने।

आ. स्थानीय पूर्वाधार

१. सेवाप्रवाह र विकास व्यवस्थापनको लागि आवश्यक कानुन, कार्यविधि र मापदण्ड तयार गर्नुका साथै प्रत्येक स्थानीय तहको वडा स्तरसम्म न्यूनतम पूर्वाधार सहितको नीतिगत तथा संस्थागत प्रबन्ध गर्ने।

२. स्थानीय विकास व्यवस्थापनमा नागरिक र सरोकारवालाको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै क्षमता विकास योजना तर्जुमा गरी तालिम दिने संस्थाको एकीकृत रुपमा पारदर्शिता एवम् जवाफदेहिता प्रवर्द्धन र क्षमता विकास गर्ने संयन्त्र र पद्धतिको विकास गर्ने।

३. स्थानीय तहको नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समावेशी सहभागिता सुनिश्चितताका साथै स्थानीय स्रोत परिचालन दक्षता अभिवृद्धि गरी स्थानीय तहलाई स्वावलम्वी बनाउने।

४. निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य, कार्य सम्पादनमा स्तरीकरण र नवीनतम प्रविधिको प्रयोग गर्दै स्थानीय तहलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउने।

इ. ग्रामीण विकास

१. ग्रामीण विकास गुरूयोजना तथा स्थानीय स्रोत-साधन र प्रविधिमा आधारित उत्पादनशील पूर्वाधारको विकास, व्यवस्थापन दिगोपनामा प्राथमिकता दिने।

२. आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित हुने गरी स्थानीय सम्भाव्यताको आधारमा क्षेत्रगत प्राथमिकता निर्धारण गर्ने र ग्रामीण पूर्वाधारको विकास गर्ने। स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा सेवाप्रवाहलाई मितव्ययी र प्रभावकारी बनाउने।

३. आय-आर्जन र रोजगारी सुनिश्चितता गर्दै बसाइँसराइलाई व्यवस्थित र न्यूनीकरण गर्ने।

४. जोखिमयुक्त बस्तीको व्यवस्थापन गरी नदी किनारा, भीरपाखा र खेतीयोग्य ठाउँमा हुने बस्ती विस्तारलाई निरुत्साहित गर्ने।

ई. प्रशासकीय सुशासन

१. निजामती सेवाको राष्ट्रिय नीति तथा मानव संसाधन विकास योजना बनाई कर्मचारी एवम् तालिम प्रदायक संस्थाहरुको क्षमता विकास गर्ने।

२. अन्तरसरकार समन्वय र सहकार्यलाई प्रभावकारी एवम् व्यवस्थित बनाउने।

३. सेवा प्रवाहलाई नागरिक र विकासमैत्री बनाई विकास व्यवस्थापनमा सहकारी तथा निजी क्षेत्रलाइ आवद्ध गर्ने।

४. राष्ट्रसेवकलाई आफ्नो कार्य जिम्मेवारीप्रति थप परिणामुखी र उत्तरदायी बनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	स्थानीय तहमा रोजगारी सिर्जना	जना/श्रम दिन (लाख)	१५.६८	१७.१०	२३	२५	३०
२	तराईमा एक घण्टा र पहाडमा दुई घण्टा भित्र यातायात सेवामा पहुँच पुगेको जनसंख्या (हिउँदमा)	प्रतिशत	६५	६९	७२	७७	८५
३	सुधारिएको खानेपानी स्रोत माथि दिगो पहुँच भएका ग्रामीण घरधुरी (वर्षभरि पानी चल्ने खानेपानी आयोजना)	संख्या (थप हजार)	७८ (प्रतिशत)	५०	७०	१५	-
४	सरसफाइ सुविधा पाएका ग्रामीण जनसंख्या	जना हजारमा (थप)	४,००,०००	२५	३०	२०	–
५	ग्रामीण सडक (कालोपत्रे)	कि.मि. (थप)	३९४६ (कूल कि.मि.)	२४०	३००	५००	६००
६	स्थानीय सडक पुल निर्माण	संख्या (थप)	४१६ (कूल संख्या)	१५	३०	४०	५०
७	झोलुङ्गे पुल निर्माण	गोटा (थप)	८०३५ (कूल संख्या)	२००	६००	६००	४००
८	साना सिँचाइ सुविधा पुगेको क्षेत्रफल	हेक्टर	५९०४	३५००	४८००	५०००	३०००
९	स्थानीय तहको प्रशासकीय भवन निर्माण	संख्या	-	७	२९	४०	६०
१०	सडक पुगेको गाउँपालिका वा नगरपालिका केन्द्र	संख्या	७११	७१९	७२५	७४०	७५३
११	सार्वजनिक सुनुवाई गरेका स्थानीय तह	प्रतिशत	१००	१००	१००	१००	१००
१२	संघीयता कार्यान्वयनलाई सहज बनाउने कानून तथा स्थानीय तहलाई नमूना कानून/निर्देशिका/ मापदण्ड निर्माण	संख्या	२०	१३	१०	७	५
१३	स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास	जना	२५००	११८१२	१११५३	११५००	११९००

क्र. सं.	सूचक	एकाई	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१४	कर्मचारी तालीम (राजपत्र अनंकित तथा स्थानीय तहका अधिकृतसमेत)	जना	२६१	३६५	१४८०	१६२८	१७९०
१५	कर्मचारी प्रशिक्षण/तालीम (अधिकृतस्तर)	जना	१९४०	१२०८	१८८७	२०००	२०००
१६	अध्ययन तथा अनुसन्धान	संख्या	२५	१४	१९	२१	२४
१७	निजामती अस्पतालमा बहिरङ्ग सेवा प्रतिदिन	जना	७५०	६५०	८००	८५०	९००
१८	स्थानीय तहको क्षमता विकास योजना निर्माण	संख्या	०	१५२	७५३	७५३	७५३
१९	व्यवस्थापन परीक्षण गरेका निकाय	संख्या	२५	१०	१०	१०	१०
२०	स्थानीय सरकार स्वमूल्याङ्कन (LISA) परीक्षण	संख्या	६३	७५३	७५३	७५३	७५३
२१	स्थानीय तहको राजस्व परिचालन कार्ययोजना तर्जुमा	संख्या	-	३००	७५३	७५३	७५३
२२	स्थानीय तहको आवधिक योजना तर्जुमा	संख्या	-	४७	२००	२५०	२५६
२३	अनलाइन मार्फत सरकारी सेवा प्रवाह (प्रकार)	संख्या	२०	२५	३५	४२	५०
२४	विद्युतीय प्रणाली मार्फत सेवा प्रवाह गर्ने स्थानीय तह	संख्या	७५	७६	७८	१००	२००
२५	बेरूजु अध्ययन तथा अनुसन्धान (वार्षिक)	संख्या	१०	१०	१०	१५	१५
२६	दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन गर्ने स्थानीय तह	संख्या	-	-	२९३	७५३	७५३

७. विषयक्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय प्रक्षेपण

(रकम रु. लाखमा)

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कूल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनदान	वैदेशिक ऋण
२०७७/७८	२९०,९२६	१३६,३१२	१५४,६१४	–	१६०,००४	५१,४७३	७९,४४९
२०७८/७९	६८५,७३६	१७६,१७९	५०९,५५७	–	२१२,९२१	११७,७१६	३५५,०९९
२०७९/८०	७३९,१०४	१७८,४४९	५६०,६५५	–	२३२,९०४	११६,२००	३९०,०००

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजनाको अवधि (सुरू र समाप्ति)	लागत (रु लाखमा)	पुष्याई	आगामी तीन वर्षको उपलब्धि सूचक
३६५०००११	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	स्थानीय सुशासनको संस्थागत विकास गर्ने स्थानीय सेवा प्रवाहमा सहजीकरण	सालवसाली			स्थानीय शासन तथा सेवा प्रवाहमा थप सुधार आई संघीयता कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि भएको हुने।
३६५०००१२	अतिरिक्त समूह	अतिरिक्त समूहमा रहेका निजामती कर्मचारीहरुको अनिबार्य दायित्व व्यवस्थापन	सालबसाली			अतिरिक्त समूहमा रहेका निजामती कर्मचारीको अनिवार्य दायित्व व्यवस्थापन भएको हुने।
३६५००१०२	सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम	संघीय शासन प्रणालीलाई व्यवस्थापन गर्न सहजीकरण	२०७२/७३ सालबसाली			संघीय शासन प्रणालीलाई व्यवस्थापन गर्न सहजीकरण भएको हुने।
३६५००१०४	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	भौतिक पूर्वाधार विकाससम्बन्धी आयोजना सञ्चालन	सालबसाली			स्थानीय तहमा साझेदारी प्रणालीको उपयोग गरी अत्यावश्यक पूर्वाधारहरू विकास भएको हुने।
३६५००१०५	जिल्ला समन्वय समितिको कार्यालयहरु	स्थानीय तह र प्रदेश एवम् संघिय तहवीच समन्वय गर्ने, विकास कार्यको अनुगमन गरी गुणस्तर सुनिश्चितता	२०५५/५६ सालबसाली			स्थानीय तहहरूबीच समन्वय तथा सहजीकरण भएको हुने।
३६५००१०६	बहुक्षेत्रीय पोषण कार्यक्रम	महिला तथा बालबालिका किशोरीहरुको पोषण अवस्थामा सुधार	२०७१/७२ २०७७/७८	२७५००		महिला तथा बालबालिका किशोरीहरुको पोषण अवस्थामा सुधार भएको हुने।
३६५००१०७	तराई मधेश समृद्धि कार्यक्रम	सार्वजनिक सेवामा सर्वसाधारणको पहुँच अभिबृद्धि गर्दै स्थानीय जनताको जीवनस्तरमा सुधार	२०७२/७३ सालबसाली			नेपालको तराई मधेस क्षेत्रमा स्थानीय पूर्वाधार निर्माण र सामाजिक परिचालन मार्फत सन्तुलित विकास भएको हुने।
३६५००१०८	प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम	प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धि सेवा प्रवाह र सुशासन प्रवर्द्धन गरी संघीयता कार्यान्वयनमा सहयोग	२०७६/७७ २०७९/८०	१३३०००		प्रदेश तथा स्थानीय तहरुको क्षमता विकास क्षमता विकास गरी संघीय शासन प्रवर्द्धन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजनाको अवधि (सुरू र समाप्ति)	लागत (रु लाखमा)	पुष्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
३६५००१०९	उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीविकोपार्जन सुधार कार्यक्रम	हिमाली क्षेत्रको जनाताको जीविकोपार्जनमा सुधार	२०७६/७७ सालबसाली			हिमाली क्षेत्रमा आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण भई जनताको जीविकोपार्जनमा सुधार भएको हुने।
३६५००११०	साना विकास परियोजना	स्थानीय सडक, पुल, विद्यालय भवन, प्रारम्भिक बाल विकास केन्द्र, पुस्तकालय, अस्पताल, खानेपानी र सौर्य उर्जा लगायतका पूर्वाधारको क्षेत्रमा सुधार	२०७७/७८ सालबसाली	४८००		आयोजना स्वीकृत भएका स्थानीय तहहरुमा स्थानीय सडक, पुल, विद्यालय भवन, प्रारम्भिक बाल विकास केन्द्र, पुस्तकालय, अस्पताल, खानेपानी र सौर्य उर्जा लगायतका पूर्वाधारको क्षेत्रमा सुधार भई जनताको जीवनस्तरमा समेत सुधार भएको हुने।
३६५०१०११	स्थानीय पूर्वाधार विभाग	स्थानीय तहको पूर्वाधारको विकासमा प्राविधिक सहयोग र सहजीकरण	सालवसाली			स्थानीय पूर्वाधार विकास सम्बन्धी स्पष्ट नीति, मापदण्ड तयार भएको हुने। प्रदेश तथा स्थानीय तहहरुलाई प्रविधिक सहयोग पुगेको हुने। तत् तत् तहहरुबाट स्थानीय पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सहज र प्रभावकारी रुपमा सञ्चालन भएको हुने।
३६५०११०१	ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना	जीवनस्तरमा सुधार गर्ने कार्यको निरन्तरता तथा दिगोपना स्थानीय तहस्तरमा संस्थागत क्षमता अभिवृद्धि गरिबी न्यूनीकरणमा योगदान	२०७२/७३ २०७९/८०	३७५००		खानेपानी योजनाको निर्माण तथा मर्मत संभार गर्न संस्थागत रूमा समुदायको क्षमता वृद्धि भएको हुने, समुदायले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी उपयुक्त प्रविधि तथा ब्यवहार अवलम्बन गरेको हुने, दिगो पोषण, खाद्य सुरक्षा र आय आर्जनमा सुधार भएको हुने, जलवायु परिवर्तन अनुकुलन र प्रकोप

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजनाको अवधि (सुरू र समाप्ति)	लागत (रु लाखमा)	पुष्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
						जोखीम न्यूनिकरणमा क्षमता अभिवृद्धि भएको हुने, एकीकृत जलस्रोत योजना तर्जुमा, खानेपानी, सरसफाई, स्वच्छता तथा जीविकोपार्जनका क्रियाकलाप कार्यान्वयन र अनुगमन कार्यमा समुदायलाई सहयोग गर्न संस्थागत क्षमता विकास भएको हुने।
३६५०११०२	ग्रामीण सडक सञ्जाल सुधार आयोजना	ग्रामीण सडक पुनर्निर्माण तथा स्तरोन्नति	२०७४/७५ २०७९/८०	१३५०००		स्थानीयस्तरको ४५० कि.मि. सडक स्तरोन्नति/कालोपत्रे भएको हुने।
३६५०११०३	झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम	साना तथा मझौला झोलुङ्गे पुल निर्माण गरी स्थानीय स्तरमा यातायातको पहुँचमा सहजता	सालवसाली सालबसाली			करिब १६०० वटा झोलुङ्गे पुल निर्माण भएको हुने।
३६५०११०४	ग्रामीण पँहुच कार्यक्रम	ग्रामीण सडक निर्माण, स्तरोन्नति तथा जीविकोपार्जन सुधार	२०६६/६७ २०७७/७८	६६००००		बाँकी ३२ कि.मि. सडक निर्माण सम्पन्न हुने।
३६५०११०६	स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना	स्थानीय यातायात सञ्जालमा सडक पुल निर्माण गरी ग्रामीण भेगका जनताहरुको सेवा केन्द्रसम्मको पहुँचमा सहजता	२०६२/६३ सालबसाली			करिब १२० वटा सडकपुल निर्माण सम्पन्न भएको हुने।
३६५०११०७	पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम	पूर्वी चितवनका जनताको जीविकोपार्जन र प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षति न्यूनीकरण र सिंचाइ नहरहरूको सञ्चालनमा सहयोग।	२०७१/७२ २०७६/७७	१०३००		पूर्वी चितवनका जनताको जीविकोपार्जनमा सहयोग सुधार भएको हुने, प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षति न्यूनीकरण कार्यमा सहयोग भएको हुने, यस सम्बन्धित विभिन्न ९५ वटा आयोजना सम्पन्न भई कार्यान्वयनमा गएको हुने।
३६५०११०९	साना सिँचाइ कार्यक्रम	कृषक व्यवस्थित साना सिँचाइ	२०७७/७८	३०६००		सिँचाइ सुविधा वृद्धि गरी कृषि उत्पादन र

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजनाको अवधि (सुरू र समाप्ति)	लागत (रु लाखमा)	पुष्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
	(दोस्रो)	योजना निर्माण	२०७९/८०			उत्पादकत्व बढेको हुने। थप १२,८०० हेक्टर जमीनमा सिँचाइ सुविधा पुग्ने।
३६५०१११११	स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवनहरु निर्माण	२०७६/७७ सालबसाली			स्थानीय तहका १२९ कार्यालय/प्रशासकीय भवन निर्माण सम्पन्न भएको हुने।
३६५०१११११२	प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम	प्रदेश राजधानीदेखि सडक पहुँच नपुगेका स्थानीय तहहरुको केन्द्रसम्म पक्की सडक	२०७६/७७ २०७९/८०	२००००००		सबै स्थानीय तहको केन्द्रसम्म मापदण्ड बमोजिमको कालोपत्रे सडक पुगेको हुने।
३६५०२०११	राष्ट्रिय किताबखाना	सरकारी कर्मचारीको अभिलेख व्यवस्थापन	सालबसाली			सरकारी कर्मचारीको अभिलेख व्यवस्थापन भएको हुने।
३६५६१०११	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	प्रदेश र स्थानीय तहका कर्मचारी एवम् पदाधिकारीको क्षमता विकास	सन् २००९ सालबसाली			प्रदेश र स्थानीय तहका कर्मचारी एवम् पदाधिकारीको क्षमता विकास भएको हुने।
३६५६१०१२	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	निजामती सेवाका राजपत्रांकित कर्मचारीको प्रशिक्षण तथा प्रशासनिक खोज अध्ययन	२०३९ सालबसाली			निजामती सेवाका राजपत्रांकित कर्मचारीको प्रशिक्षण तथा तालीम सञ्चालन भएको हुने। प्रशासनिक खोज अध्ययन भएको हुने।
३६५६१०१३	आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान	आदिवासी जनजाति उत्थान क्षमता विकास	२०५३/५४ सालबसाली			आदिवासी जनजातिको भाषा, कला र सस्कृतिको संरक्षण र पैरवी भएको हुने।
३६५८१०११	निजामती कर्मचारी अस्पताल विकास समिति	निजामती कर्मचारी र आस्रितपरिवारलाई सहुलियतपुर्ण स्वास्थ्य सेवा प्रवाह	२०६७/६८ सालबसाली			निजामती कर्मचारी र आश्रित परिवारलाई सहुलियतपूर्ण स्वास्थ्य सेवा प्राप्त भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासन प्रणाली सञ्चालन सम्वन्धमा प्रादेशिक तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहको क्षमता विकासमा उचित ध्यान पुग्न नसकेमा, स्थानीय तहको प्राविधिक क्षमता विकासलाई प्राथमिकतामा राख्न नसकेमा संघीय शासन प्रणाली प्रतिको जनभावनामा नैराश्यता उत्पन्न हुन सक्ने देखिन्छ। प्रदेश र स्थानीय तहको कानून र कार्यविधि तर्जुमा भई कार्यान्वयन हुनमा ढिलाई भएमा संस्थागत संयन्त्र तथा कार्यक्रम सञ्चालनमा अवरोध खडा हुन सक्ने र नियमित सञ्चालन हुँदै आएका कार्यक्रम समेत प्रभावित भई अपेक्षित उपलब्धि प्राप्त नहुन सक्दछ। सरोकारवाला निकायसँग समन्वयको अभाव एवम् आवश्यक स्रोत-साधन र दक्ष जनशक्तिको कमी भएमा अपेक्षित नतिजा हासिल गर्न कठिनाई हुने जोखिम देखिन्छ।

७.३ कानून, न्याय तथा संसदीय मामिला

१. पृष्ठभूमि

संविधानले सुनिश्चित गरेको कानूनी राज्यको अवधारणा अनुरुप कानुनको तर्जुमा, मौजुदा कानुनमा समसामयिक संशोधन लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरु सम्पादन गर्ने जिम्मेवारीका साथ संघीय निकायको रुपमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले कार्य गर्दै आएको छ। कानुन कार्यान्वयको प्रभावकारिता अभिवृद्धि गर्न, मानव अधिकार, लोकतान्त्रिक शासन व्यवस्था, कानुनको सर्वोच्चता र स्वतन्त्र न्यायपालिकाका मूलभूत मान्यतालाई उच्च प्राथमिकतामा राख्दै उपयुक्त कानुन निर्माण गर्न र त्यसको पालना गराउन न्याय प्रशासनको थप सुदृढीकरण र आधुनिकीकरण आवश्यक छ। कानूनी शासनको प्रतिफल जनतामा पुऱ्याउन, समाजमा अपराध नियन्त्रण गरी शान्ति अमनचैन स्थापना गर्न, दण्डहिनताको संस्कृतिको अन्त्य गर्न र जनतालाई कानुनी व्यवस्थासँग सुसूचित गर्न न्याय प्रशासनलाई सक्षम, प्रभावकारी र व्यावसायिक बनाउने गरी आगामी तीन वर्षमा कार्यक्रम संचालन गरिनेछ।

२. समस्या तथा चुनौती

संघीय लोकतान्त्रिक व्यवस्थामा सहजीकरण र विधिको शासन कायम गर्न आवश्यक कानून निर्माण गर्नका लागि पर्याप्त ज्ञान, सीप र क्षमता सहितको दक्ष जनशक्तिको कमी रहनु, कानुनको परिपालना गर्ने संस्कृतिको पर्याप्त विकास नहुनु, मुद्दा प्रवाह व्यवस्थापन पद्धति सूचना प्रविधिसँग आबद्ध हुन नसकेकोले न्यायिक प्रक्रिया छिटो छरितो, सहज र पूर्व-अनुमानयोग्य हुन नसक्नु, फैसला कार्यान्वयनको स्वचालित पद्धति विकास गर्न नसक्नु, न्याय प्रक्रियामा साक्षी प्रमाणको प्रस्तुति प्रभावकारी नहुनु, साक्षी र पीडितको सुरक्षा व्यवस्थापन कमजोर हुनु, विकासका नविनतम आयामसँग सम्बन्धित विषयहरूमा कानुनी शिक्षालाई आवश्यकता अनुसार विशिष्टीकृत र विविधीकरण गर्न नसक्नु र कानुनी शिक्षा र शिक्षण प्रणालीलाई निर्देशित, व्यवस्थापन र नियमन गर्ने विशेषज्ञ निकायको अभाव हुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

नेपालको संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने सबै कानुन तर्जुमा गर्नु, स्थानीय न्यायिक समितिको काम कारवाहीलाई गुणस्तरीय एवम् प्रभावकारी बनाउनु, निःशुल्क कानुनी सहायता सेवा सम्बन्धित सबैलाई उपलब्ध गराई न्यायमा पहुँच अभिवृद्धि गर्नु, फौजदारी एवम् देवानी कार्यविधि संहिताको पूर्ण परिपालनाका लागि सबै तह र निकायमा पर्याप्त नागरिक शिक्षा, सचेतना र दक्षता अभिवृद्धि गर्नु, अपराध पीडित तथा साक्षीको संरक्षण गरी कसुरदारलाई सजाय दिलाउनु, सरकारी सरोकारका मुद्दा सशक्त रूपमा प्रतिरक्षा गर्न पर्याप्त स्रोतसाधन र क्षमता विकास जस्ता विषय प्रमुख चुनौतीका रूपमा रहेका छन्।

३. सोच

- स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम र विश्वसनीय न्याय प्रणाली। (न्याय प्रणाली)
- समावेशी, मर्यादित, समतामूलक र स्वअनुशासित समाज निर्माण। (मानव अधिकार)

४. उद्देश्य

अ. न्याय प्रणाली

१. न्याय प्रशासनलाई छिटो, छरितो, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी तथा न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, जवाफदेही, पारदर्शी र सूचना प्रविधिमैत्री बनाई सबैका लागि न्याय सुनिश्चित गर्दै न्यायपालिकाप्रतिको जनआस्था र विश्वासमा अभिवृद्धि एवम् न्यायपूर्ण समाज निर्माण गर्नु।

२. नेपालको संविधान, नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि, सम्झौताअनुरूप सबै पक्षबाट अपनत्व हुने सरल र गुणस्तरीय कानुनको तर्जुमा गर्नु तथा मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै न्यायमा सबैको सहज पहुँच स्थापित गराउनु।

३. न्याय सम्पादनमा क्रियाशील जनशक्तिको क्षमता अभिवृद्धि गर्दै वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणाली विकास गरी पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण एवम् अपराध पीडितलाई न्याय दिई दण्डहीनताको अन्त्य गर्नु।

४. कानुनी शिक्षा र शिक्षण प्रणालीलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा गुणस्तरीय, प्रतिस्पर्धी एवम् समाजको आवश्यकता परिपूर्ति गर्ने गरी विकास गर्नु।

आ. मानव अधिकार

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नु।

२. सिमान्तीकृत, विपन्नवर्ग, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, लैङ्गिक अल्पसंख्यक वर्ग र समुदायको अधिकार सुनिश्चित गर्नु।

३. मानव अधिकार प्रवर्द्धनको सुदृढीकरण एवम् मानव अधिकारमैत्री शासनपद्धतिको विस्तार गर्नु।

५. रणनीति

अ. न्याय प्रणाली

१. सूचना प्रविधिमैत्री मुद्दा प्रवाह व्यवस्थापन र स्वचालित फैसला कार्यान्वयन पद्धतिको विकास एवम् न्यायपालिकाको संस्थागत सुदृढीकरण र न्यायिक जनशक्तिको क्षमता विकास गरी न्यायिक प्रक्रियालाई छिटोछरितो, प्रभावकारी, अनुमानयोग्य र सहज पहुँचयुक्त बनाउने।

२. संविधान अनुकूलको कानुन निर्माण गर्ने।

३. निःशुल्क कानूनी सहायता सेवालाई सबैको पहुँचयोग्य र प्रभावकारी बनाउने।

४. अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुगत प्रमाणमा आधारित बनाउने तथा संस्थागत सुदृढिकरण गर्ने।

५. न्याय सेवाका कर्मचारी र सरकारी वकिलरू एवम् स्थानीय न्यायिक समितिका पदाधिकारीहरूको न्याय सम्पादन एवम् मुद्दा व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।

६. पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण तथा मुद्दाका साक्षी र प्रमाणको प्रस्तुतिलाई प्रभावकारी बनाउने।

७. कानुनी शिक्षा र शिक्षण प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र आधुनिक बनाउने।

आ. मानव अधिकार

१. मौलिक हक कार्यान्वयन गर्न निर्माण भएका कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

२. समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने।

३. मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने।

४. मानव अधिकार संस्कृति विकास गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिबद्धताबाट सिर्जित दायित्व कार्यान्वयन गर्ने।

५. तीन तहका सरकारबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा मानव अधिकारमुखी पद्धति अपनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	एकीकृत कानुनी सहायता नीति कार्यान्वयनको लागि आवश्यक कानूनको मस्यौदा तयार गर्ने	संख्या	१	१	-	-	-
२	सन्धि सम्पन्न गर्ने निर्देशिका स्वीकृति र कार्यान्वयन	संख्या	१	१	-	-	-
३	कर्मचारीको क्षमता अभिवृद्धि तालीम	संख्या	१	४	५	५	५
४	कानुनी शिक्षा र सचेतना अभिवृद्धि कार्यक्रम	संख्या	३५	२१	२५	२५	२५
५	नेपालको संविधान र प्रचलित संघीय कानूनका सन्दर्भमा प्रदेश तथा स्थानीय तहका कानूनको अध्ययन गर्ने	संख्या	-	१	१	१	१
६	कानून तथा न्यायको समसामायिक विषयमा क्षेत्रमा अध्ययन, अनुसन्धान	संख्या	-	३	५	५	५
७	न्यायिक समितिको क्षमता अभिवृद्धि	संख्या	-	७	१४	१४	१४

६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

(रू लाखमा)

आ.व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	बैदेशिक अनुदान	बैदेशिक ऋण
२०७७/७८	४,७८७	४,७३१	५६	-	४,७८७	-	-
२०७८/७९	५,०७४	५,०१५	५८	-	५,०७४	-	-
२०७९/८०	५,३६१	५,२९८	६२	-	५,३६१	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३११०००११	कानून, न्याय तथा संसदीय मामीला मन्त्रालय	न्याय	सालबसाली	-		एकिकृत कानून सम्बन्धी पुस्तिका प्रकाशन एवम् मोवाइल एप्स निर्माण भई कानूनमा जनताको पहुँच वृद्धि भएको हुने। सञ्चार माध्यमबाट कानूनी सचेतना सम्बन्धी २२५ कार्यक्रम सञ्चालन भएको हुने। समग्र कानूनको कार्यान्वयन सम्बन्धी ३ वटा र प्रदेश तथा स्थानीय तहका कानूनको कार्यान्वयन सम्बन्धी ३ वटा अध्ययन मार्फत कानूनको प्रभावकारी कार्यान्वयन भएको हुने। एकीकृत कानूनी सहायता नीति तर्जुमा गरी सो को कार्यान्वयनको लागि आवश्यक ३ वटा कानून तयार भएको हुने। मन्त्रालय र अन्तर्गत कर्मचारी, कानून तथा न्यायको क्षेत्रमा कार्यरत जनशक्ति, महिला कर्मचारी, सवारी चालक तथा न्यायिक समितिको क्षमता वृद्धि सम्बन्धी ७८ वटा कार्यक्रम संञ्चालन भएको हुने। ३० वटा विधेयक तर्जुमा भई आवश्यक कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा पठाइएको हुने। भ्रष्टाचारमा कमी तथा विद्युतीय सुशासन कायम भएको हुने।
३११०००११	नेपाल कानून आयोग	न्याय	सालबसाली	-		
३११०००११	न्याय सेवा तालिम केन्द्र	क्षमता अभिबद्धि न्याय	सालबसाली	-		

९. जोखिम पक्ष तथा अनुमान

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहबाट कानूनको निर्माण तथा प्रकाशन हुने सन्दर्भमा तीन वटै तहबाट हुने कानून निर्माणलाई समन्वयात्मक रुपमा गर्ने तथा एक रुपता कायम गर्ने चुनौती रहेको छ। मन्त्रालयका मानवस्रोतको तथा क्षमता विकास तथा भौतिक पूर्वाधार विकास, पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा, स्रोत साधन, समग्र न्याय प्रशासनमा सूचना प्रविधिको उच्चतम प्रयोग, जिल्ला कानूनी सहायता समितिलाई दक्ष, सबल र उत्तरदायी बनाउनु पर्ने, कानूनी सचेतना सम्बन्धी कार्यक्रमलाई निरन्तरताको छ।

७.४ गृह

१. पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने तथा राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने नीतिलाई आत्मसात गरेको छ। नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता, व्यापार-व्यवसाय र उद्यमको सुरक्षाको प्रभावकारी प्रवन्ध, कानूनको प्रभावकारी कार्यान्वयन र अपराध नियन्त्रण मार्फत प्रत्येक नेपालीलाई सुख र खुशीको अनुभूति दिलाउने जिम्मेवारीका साथ गृह मन्त्रालय र अन्तर्गतका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा मातहतका विभागहरूले कार्य गर्दै आएका छन्। यसका अतिरिक्त विपद् पूर्व तयारी, उद्दार, राहत र पुनर्लाभका साथै प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्न गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भई कार्य गर्दै आइरहेको छ। साथै, नेपाली नागरिकको राष्ट्रिय पहिचानको प्रवर्द्धन तथा आन्तरिक सुरक्षा व्यवस्थालाई मजबुत बनाई राष्ट्रिय एकता, सामाजिक सदभाव, सहिष्णुता र सहकार्यको संस्कृतिलाई सुदृढ गर्दै सम्मुन्नत एवम् आत्मनिर्भरता उन्मुख दिगो आर्थिक विकासका लागि शान्ति सुरक्षाको भरपर्दो वातावरण निर्माण गर्न गृह मन्त्रालय क्रियाशिल रहँदै आएको छ।

२. समस्या तथा चुनौती

गृह प्रशासन संचालनका क्रममा मानवीय सुरक्षाको सर्वाङ्गीण प्रत्याभूतिका लागि सबै पक्ष समेट्ने गरी राष्ट्रिय सुरक्षा प्रणालीलाई समायानुकूल विकास गर्न नसकिनु, शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा जनस्तरमा अपेक्षाकृत दायित्वबोध हुन नसक्नु, शान्ति सुरक्षालाई सामाजिक-आर्थिक विकासका क्षेत्रगत क्रियाकलापमा आन्तरिकीकरण गर्न नसकिनु, शान्ति सुरक्षा एवम् विपद्को पूर्व सजगता, पूर्व-तयारी र पर्याप्त सावधानी अपनाउन नसक्नु, सुरक्षाका आन्तरिक तथा बाह्य दुवै पक्षमा सूचना एवम् नवीनतम प्रविधिको उच्चतम उपयोग गर्न नसकिनु जस्ता विषयहरूलाई प्रमुख समस्याका रुपमा अनुभूत गरिएको छ। यसका साथै द्वन्द्वका स्रोतको समयमै आकलन गरी व्यवस्थापन गर्नु, सामाजिक विकृति, विभेद, बहिष्करण, सामाजिक आर्थिक असुरक्षा एवम् विश्वव्यापी स्वास्थ्य महामारी जस्ता कारण उत्पन्न हुनसक्ने सुरक्षा चुनौती निराकरण गर्न यसलाई सबै क्षेत्रगत विषयमा समेट्नु, सुरक्षा चुनौतीको बदलिँदो स्वरूप र प्रकृतिसँग जुध्न सुरक्षा निकायको आधुनिकीकरण र व्यावसायीकरण गर्नु, खुल्ला सिमाना र भूमण्डलीकरणका कारण बढ्दो संगठित अपराध नियन्त्रणका लागि आवश्यक संख्यामा नतिजामुखी, जिम्मेवार र उत्प्रेरित जनशक्ति उपलब्ध गराई मुलुकको समग्र सुरक्षा व्यवस्थामा सुधार ल्याउनु महत्वपूर्ण चुनौतीका रूपमा रहेका छन्।

३. सोच

- स्वतन्त्र, अखण्ड, सुरक्षित, सार्वभौम र शान्तिपूर्ण नेपाल (शान्ति सुव्यवस्था र सुरक्षा)।
- विपद् जोखिमबाट सुरक्षित र उत्थानशील नेपाल (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन)।

४. उद्देश्य

क. शान्ति सुव्यवस्था र सुरक्षा

१. संघ, प्रदेश र स्थानीय तहमा रहने सबै सुरक्षा निकायबीच शान्ति-सुरक्षाका विषयमा सहयोग र समन्वय सुदृढ गर्दै विश्वसनीय र भरपर्दो सुरक्षा प्रणाली विकास गर्नु।

२. सामाजिक विकृति, द्वन्द, अपराध र हिंसा नियन्त्रण गर्दै दिगो शान्ति प्रवर्द्धन गर्नु।

३. शान्तिमैत्री विकास प्रणाली तथा संवेदनशील विकास प्रकृयालाई अवलम्बन गर्दै सामाजिक-आर्थिक विकासका क्षेत्रगत विषयमा शान्ति सुरक्षाको विषयलाई आन्तरिकीकरण गर्नु।

४. सबै सुरक्षा निकायलाई समयानुकूल चुस्त, दक्ष, व्यावसायिक र साधन-स्रोत सम्पन्न तुल्याउनु।

५. अन्तर्राष्ट्रिय सिमाना र सीमा नाकाको सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीलाई सुदृढीकरण गर्नु।

६. विद्युतीय माध्यममा आधारित व्यक्तिगत घटना दर्ता र नागरिकको सबै प्रकारका सूचना र विवरण सहितको एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी राज्यबाट प्रवाह हुने सेवासुविधालाई समेत एकीकृत सूचना प्रणालीमा आवद्ध गर्नु।

७. सबै सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति स्थापनामा योगदान पुऱ्याउनु।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढीकरण गर्नु।

२. तीन तहमा बहुप्रकोप जोखिम नक्साङ्कन/सूचनामा आधारित विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकासमैं विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण प्रकृया सुनिश्चित गर्नु।

३. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी बृद्धि गरी समुदाय स्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्नु।

४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि बृहत् सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद्पश्चात्को पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु।

५. रणनीति

(क) शान्ति सुव्यवस्था र सुरक्षा

१. राष्ट्रिय सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति, रणनीति र कानून तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।

२. कानूनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापन मार्फत दिगो शान्ति प्रवर्द्धन गर्ने।

३. विकासका सबै आयामहरूमा सुरक्षा चासोलाई आन्तरिकीकरण गर्ने।

४. शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा गुप्तचर सुरक्षा सूचना प्रणालीको (Security Intelligence) संस्थागत एवम् प्राविधिक सुदृढिकरण गर्ने।

५. विकासका सबै आयाममा सुरक्षा चासोलाई सम्बोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्ने।

६. नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने तथा नागरिक र सुरक्षा अङ्गबीचको सम्बन्धलाई सुदृढ बनाउने।

७. सबै सुरक्षा निकायलाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक तथा साधन-स्रोत सम्पन्न बनाई सबै किसिमका सुरक्षा चुनौतीलाई सामना गर्न सक्षम बनाउने।

८. सीमा सुरक्षा र अध्यागमन प्रणालीलाई द्विपक्षीय एवम् बहुपक्षीय कुटनीतिक पहल तथा संस्थागत सुदृढीकरणका आधारमा व्यवस्थित र सुदृढ गर्ने।

९. कारागार सम्बन्धी न्यूनतम मापदण्ड समयसापेक्ष रुपमा परिमार्जन गरी प्रविधिमैत्री सेवासुविधा सहितको सुधार गृहको रुपमा विकास गर्ने।

१०. बहुपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सबै नागरिकको विवरण र राज्यबाट प्रदान गरिने सेवा सुविधा समेतको अभिलेख एकीकृत रुपमा क्रमशः आवद्ध गर्दै लैजाने।

११. सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउने।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

१. विपद् जोखिम न्यूनीकरणमैत्री शासन पद्धती सुदृढ बनाउन आवश्यक नीतिगत, संस्थागत र कार्यपद्दतीमा सुधार गर्ने।

२. संघ, प्रदेश र स्थानीय तहका विषयगत विकास प्रक्रियाहरूमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने र विपद् जोखिम न्यूनीकरण एवम् उत्थानशीलता अभिवृद्धि गर्न सार्वजनिक तथा निजी लगानी, साझेदारी र सहकार्य अभिवृद्धि गर्ने।

३. समुदायदेखि राष्ट्रिय स्तरसम्म बहुप्रकोप जोखिम आँकलन/नक्शाङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ सम्बन्धी क्षमता विकास र पर्याप्त साधन स्रोतको व्यवस्थापन गर्ने।

४. विपद् जोखिमको पूर्वानुमान, अनुगमन, पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिको विकास र सुदृढीकरण गर्ने।

५. प्राकृतिक स्रोतबाट प्राप्त आयलाई समुदायको विपद् जोखिम व्यवस्थापनमा न्यायोचित रुपमा उपयोग गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या	प्रतिशत	१७	३१	३९	४७	५४
२	दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धान प्रतिशत	प्रतिशत	८८.९	९१	९३.३	९५	९५
३	सुरक्षाको अनुभूति भएको जनसंख्या	प्रतिशत बृद्धि	-	सर्वेक्षण पूर्व तयारी कार्य प्रारम्भ	सर्वेक्षण गरी बेसलाईन निर्धारण गर्ने	१०	२०
४	प्रहरी सेवामा नागरिकको सहज पहुँच	अनुपात (जनता र प्रहरी बीचको)	१:३९५	१:३९०	१:२९५	१:२८४	१:२८०
५	उपत्यकाका प्रवेश नाका र सिंहदरबार प्रवेशद्वारमा भेहिकल स्क्यानर जडान	संख्या	०	०	१	२	२
६	सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति	संख्या	२७८९	२०००	१६००	१३००	११००

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
७	सडक दुर्घटनाबाट घाइते भएका व्यक्ति	संख्या	१४७३६	१२०००	१००००	८०००	६५००
८	सुरक्षा जोखिम मूल्यांकन (Security Risk Assessment-SRA) कार्यान्वयन भएका आयोजना र उद्योग	संख्या			कानून र कार्यविधि तर्जुमा गरी लागू	बेसलाइन निर्धारण	प्रतिवर्ष ३ प्रतिशतले वृद्धि
९	दक्षिणी सीमा सुरक्षा निगरानी कभरेज	प्रति इकाइ दूरी किमि	१८	१५	८	७	७
१०	मदिराको हानिकारक प्रयोग गर्ने जनसङ्ख्या (१५ वर्ष वा माथिको उमेर समूह)	प्रतिशत	२.०	२.०	१.८	१.५	१.५
११	लागू औषध दुर्व्यसन दर घटाउने	प्रतिशत	११	७	६	६	५
१२	लागु औषध निषेध तथा मदिरा बिक्री वितरण व्यवस्थित गर्न रोकथाममूलक कार्यक्रम लागू भएका स्थानीय तह	संख्या	-	२००	५००	७५३	७५३
१३	विपदका घटनाबाट प्रभावित परिवार संख्या	प्रति हजार	१७.१	१५	१२.३	११.२	१०.५
१४	विपदको कारण कुल गार्हस्थ्य उत्पादनमा भएको क्षति	प्रतिशत	२.५	२.२५	२	१.८	१.७५
१५	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति	संख्या	२२११	२५००	२७००	२९००	३०००
१६	विपदका घटनाबाट मृत्यु हुने जनसंख्या	प्रति लाख	१.७	१.५	१.३	१.३	१.०
१७	राष्ट्रिय परिचयपत्र लागू हुने जिल्ला	संख्या	१५	१६	७६	७७	७७
१८	राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक	प्रतिशत	-	१	३३	५०	७५
१९	पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता	प्रतिशत	६३	७१	८०	९०	९५
२०	विदेशी मुलुकमा बालबालिकाको बेचबिखन	सूचनाको सङ्ख्या	२३	१८	१२	७	३

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
२१	नेपाल प्रवेश गर्ने र बाहिरिने विदेशीको जैविक सूचना सहितको अध्यागमन प्रणाली स्थापना भई लागू भएका अध्यागमन कार्यालय	पोर्ट संख्या	०	२	७	७	७
२२	न्यूनतम मानवोचित सुविधा सहितको कारागारको भौतिक पूर्वाधार क्षमता वृद्धि	सुविधाप्राप्त कैदी बन्दी प्रतिशत	६८	७०	८०	८५	८७
२३	सीपमूलक/रोजगारमूलक तालिम प्राप्त कैदी बन्दी	वृद्धि (प्रतिशत)	-	५ स्थानमा तालिम	१०	१५	२०
२४	बायोमेट्रिक सहितको अपराध तथा अपराधी अभिलेख प्रणाली स्थापना	जिल्ला	२६	५१	७७	७७	७७

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१,३५८,९८३	१,२९९,११४	५९,८६९	-	१,३३६,९९१	१५,०००	६,९९२
२०७८/७९	१,४६५,१०१	१,३९०,५४७	७४,५५५	-	१,४५५,१०१	-	१०,०००
२०७९/८०	१,५२७,०६३	१,४५३,१४७	७३,९१६	-	१,५२७,०६३	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३१४०००११	गृह मन्त्रालय	शान्ति सुरक्षा	सालबसाली			शान्ति सुरक्षा अमन चयन कायम भएको हुने। जनतामा सुरक्षाको अनुभूति वृद्धि भएको हुने। दर्ता भएका लैङ्गिक हिंसा लगायका अपराध घटना र अनुसन्धानको अनुपात ५ प्रतिशतले वृद्धि भएको हुने। दर्ता भएका अपराध घटनाको सफल अनुसन्धान दर १० प्रतिशतले वृद्धि भएको हुने। विपदका घटनाबाट प्रभावित परिवार संख्या र मृत्यु हुने जनसंख्या उल्लेख्य रुपमा घटेको हुने। जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूको सुदृढ भौतिक एवम् प्राविधिक क्षमता हुन गई शान्ति, सुरक्षा व्यवस्था र सेवा प्रवाह सुदृढ भएको हुने।
३१४९१०११	समरजंग कम्पनी कार्यालय	आवश्यकता अनुसारका सेवा प्रवाह र शान्ति सुरक्षा कायम	सालबसाली			
३१४९२०११	जिल्ला प्रशासन कार्यालयहरू	शान्ति सुरक्षा कायम गर्ने, नागरिकता र राहदानी वितरण	सालबसाली			
३१४९२०१२	सीमा प्रशासन कार्यालयहरू	नागरिकता र राहदानी वितरण	सालबसाली			
३१४९२०१३	इलाका प्रशासन कार्यालयहरू	नागरिकता र राहदानी वितरण	सालबसाली			
३१४०२०११	कारागार व्यवस्थापन विभाग	कैदीहरूलाई सुरक्षित राख्न आवश्यक सेवा सुविधाको व्यवस्था	सालबसाली			
३१४०२०१२	कारागार कार्यालयहरू	कैदीबन्दीलाई सुरक्षित राख्ने र नियमानुसारको सेवा सुविधा उपलब्धता	सालबसाली			कैदीबन्दीहरूलाई सुरक्षित राख्न आवश्यक सेवा सुविधाको अभिलेख व्यवस्था अभिवृद्धि भएको हुने।
३१४०१०१२	सामाजिक सुरक्षा तथा संरक्षण	सामाजिक सुरक्षा तथा संरक्षण रकम वितरण	सालबसाली			नेपालको संविधानले निर्देशित गरे बमोजिम नेपाल सरकारको निर्णय अनुसारको सामाजिक सुरक्षा तथा संरक्षणमा आबद्ध जनसंख्या अभिवृद्धि भएको हुने।
३१४०३०११	अध्यागमन विभाग	प्रवेशाज्ञा जारी	सालबसाली			नेपाल प्रवेश गर्ने र बाहिरिने विदेशीको जैविक सूचना सहितको अध्यागमन प्रणाली सबै अध्यागमन कार्यालयमा स्थापना भई लागू भएको हुने। विदेशी नागरिकहरूको आवागमन सहज र
३१४०३०१२	अध्यागमन कार्यालयहरू	विदेशी नागरिकहरूको अध्यागमन	सालबसाली			

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						व्यवस्थित भएको हुने।
३१४९३०११	जुद्ध वारुणयन्त्र कार्यालय	आवश्यकता अनुसारको सेवा प्रवाह र विपद् प्रतिकार्य	सालबसाली			
३१४०४०११	प्रहरी प्रधान कार्यालय	नागरिक सुरक्षा प्रदान	सालबसाली			प्रहरी सेवामा नागरिकको पहुँचको अनुपात १:२८० पुगेको हुनेछ। शान्ति सुरक्षा अमन चयन कायम भएको हुने। जनतामा सुरक्षाको अनुभूति वृद्धि भएको हुने।
३१४१००१५	नेपाल प्रहरी अस्पताल	प्रहरी परिवार तथा सर्वसाधारणलाई उपचार	सालबसाली			प्रहरी परिवारले उचित उपचार पाएको हुने।
३१४१००१३	राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान	प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि	सालबसाली			प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि भएको हुने।
३१४०४०१४	प्रदेश प्रहरी कार्यालयहरू	सुरक्षा समन्वय	सालबसाली			शान्ति सुरक्षा अमन चयन कायम भएको हुने। जनतामा सुरक्षाको अनुभूति वृद्धि भएको हुने। सीमा सुरक्षा निगरानी कभरेज प्रति इकाइ दूरी ७ किमि पुगेको हुने।
३१४०४०१६	जिल्ला प्रहरी कार्यालयहरू	सुरक्षा प्रदान	सालबसाली			
३१४०४०१२	महानगरीय प्रहरी	सुरक्षा प्रदान	सालबसाली			
३१४०५०११	सशस्त्र प्रहरी बल	सीमा औद्योगिक सुरक्षा प्रदान	सालबसाली			
३१४०६०११	प्रहरी किताबखाना	प्रहरी कर्मचारिको अभिलेख व्यवस्थापन	सालबसाली			प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन भएको हुने।
३१४०१०११	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग	नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण। ५ वर्ष मूनिका बालबालिकाहरूको जन्म दर्ता लगायत अन्य घटनादर्ता। सामाजिक सुरक्षा प्रणालीलाई राष्ट्रिय परिचय-पत्र व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध।	सालबसाली			पाँच वर्षमुनिका बालकालिकाको जन्म दर्ता भएको ७५प्रतिशत पुगेको हुने। ७७ वटै जिल्लाबाट सबै नेपाली नागरिकले राष्ट्रिय परिचयपत्र प्राप्त गरेको हुने। सामाजिक सुरक्षा भत्ता बैंक तथा वित्तीय संस्थाबाट वितरण भएको हुने। सूचना व्यवस्थापन प्रणालीहरूबीच अन्तर आबद्धता र सूचना आदान-प्रदान स्थापित भएको

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						हुने।
३१४०५०१४	सशस्त्र प्रहरीबल तालिम केन्द्रहरू	सशस्त्र प्रहरी बल कर्मचारीहरूको क्षमता अभिवृद्धि	सालबसाली			शान्तिसुरक्षा अमनचयन कायम भई दक्ष, क्षमतावान र उत्प्रेरित जनशक्ति तयार हुने।
३१४०५०१५	नेपाल एपिएफ अस्पताल	सशस्त्र प्रहरी बल परिवार तथा सर्वसाधारणलाई स्वास्थ्योपचार उपलब्धता	सालबसाली			सशस्त्र प्रहरी बल, प्रहरी परिवार तथा सर्वसाधारणलाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइएको हुने।
३१४०५०१३	क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय	सुरक्षा व्यवस्थाको प्रवन्ध	सालबसाली			उद्योग, कलकारखाना र व्यवसायहरूमा सुरक्षा जोखिम मूल्याङ्कन (Security Risk Assessment-SRA) कार्यान्वयन भई शान्ति सुरक्षा अमनचयन कायम भएको हुने। जनतामा सुरक्षाको अनुभूति वृद्धि भएको हुने।
३१४०५०१६	सशस्त्र प्रहरी बल राजस्व भन्सार तथा औद्योगिक सुरक्षा बल	राजश्व तथा भन्सार सुरक्षा प्रदान	सालबसाली			
३१४००१०१	राहत तथा पुर्नस्थापना कार्यक्रम	राहत तथा पुर्नस्थापना सम्बन्धी कार्य	निरन्तर			प्रभावकारी राहत वितरण भएको हुने।
३१४००१०२	लागु औषध नियन्त्रण कार्यक्रम	लागुऔषध आपूर्ति घटाउने र सचेतना अभिवृद्धि	निरन्तर			लागू औषध आपूर्ति घटेको र सचेतना अभिवृद्धि भएको हुने। लागू औषध दुर्व्यसन दर ५ प्रतिशतमा घटेको हुने।
३१४०४१०३	त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना	अपराध नियन्त्रण तथा दण्डहीनताको अन्त्य	निरन्तर			अपराध नियन्त्रण तथा दण्डहीनताको अन्त्य भएको हुने।
३२९००१०६	राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	विपद व्यवस्थापनको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन	सालबसाली			विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी, खोज, उद्धार, राहत र पुनर्स्थापना समबन्धी कार्यमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू. लाखमा)	पुष्टयाँई	आगामी तीन वर्षको उपलब्धि सूचक
						सहकार्यमा कार्यक्रम सञ्चालन भएको हुने। विपद् जोखिम न्यूनिकरण वित्तीय रणनीति तर्जुमा भएको हुने। उत्थानशीलता र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

९. जोखिम पक्ष तथा अनुमान

सुरक्षा निकायको आधुनिकीकरण तथा व्यावसायिकता अभिवृद्धिसँगै नागरिकको जीउ, धन, स्वतन्त्रता र सार्वजनिक सम्पतिको सुरक्षा हुने, साइवर अपराधको नियन्त्रण हुने र अन्तर्राष्ट्रिय आपराधिक क्रियाकलाप नियन्त्रण हुनेछ। आवश्यक परिमाणमा साधन-स्रोत उपलब्ध हुन नसकेमा उल्लिखित उपलब्धिहरू हासिल नहुने जोखिम रहन्छ।

७.५ रक्षा

१. पृष्ठभूमि

मुलुकको सुरक्षा एवम् प्रतिरक्षा सम्बन्धी नीति, रणनीति तथा कानूनको तर्जुमा र तिनको कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियन्त्रण तथा निर्देशन गर्ने कर्तव्य पूरा गर्दै नेपाली सेनालाई देश र जनताको हितमा प्रभावकारी तवरले परिचालन गर्ने दायित्व रक्षा मन्त्रालयको रही आएको छ। नेपालको संविधानको भाग २८ धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने व्यवस्था रहेको छ। मुलुकलाई आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीबाट स्वतन्त्र र सुरक्षित राख्दै नेपाली जनताको जिउ धनको सुरक्षा र संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न र नेपालको भौगोलिक अखण्डता र एकतालाई अटल र अक्षुण्ण राख्न रक्षा मन्त्रालय र यस अन्तर्गतको नेपाली सेना अहोरात्र क्रियाशील रही आएका छन्। संविधानद्वारा प्रदत्त दायित्व निर्वाह गर्ने क्रममा हालका दिनमा नेपाली सेनाले मूलतः बाह्य सुरक्षा, प्रतिरक्षा, आन्तरिक सुरक्षा, विपद् व्यवस्थापन, प्रकृति संरक्षण, राष्ट्रिय पहिचान बोकेका ठूला एवम् रणनैतिक महत्त्वका विकास निर्माण, मुलुकका महत्त्वपूर्ण ऐतिहासिक सांस्कृतिक संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवम् संयुक्त राष्ट्र संघको आह्वान अनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता नेपाल सरकारले सुम्पेको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्दै आइरहेको छ। मुलुकमा संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनापश्चात् सेनामाथि नागरिक नियन्त्रण, सेनाको आधुनिकीकरण र पुनर्संरचना, सेना-नागरिक सम्बन्ध जस्ता विषयहरू शासकीय प्रणालीभित्र प्राथमिकताका साथ कार्यान्वयन भैरहेका छन्। रक्षा मन्त्रालय र नेपाली सेनाको कार्यक्षेत्र मूलतः नेपालको संविधान, राष्ट्रिय सुरक्षा नीति, २०७५, सैनिक ऐन, २०६३ तथा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार निर्दिष्ट रहँदै आएको छ।

२. समस्या तथा चुनौती

नेपाली सेनालाई समयको परिवर्तनसँगै थप सबल, चुस्त, दक्ष र अन्तर्राष्ट्रिय स्तरको बनाउन एवम् हालका दिनमा सुम्पिएको विकास निर्माण तथा विपद् व्यवस्थापनको कार्य कुशलतापूर्वक सम्पादन गर्न आवश्यक पर्ने भौतिक संरचना, मेशिनरी औजार, प्रविधि तथा आधुनिक सैनिक उपकरण पर्याप्त मात्रामा उपलब्ध नहुनु, नेपाली सेनालाई आवश्यक पर्ने हातहतियार, गोलीगठ्ठा लगायतका सुरक्षा सामग्री स्वदेशभित्रै पर्याप्त मात्रामा उत्पादन गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्। समयानुकूल वृत्ति विकासका अवसर सन्तुलित र न्यायपूर्ण तरिकाले उपलब्ध गराई नेपाली सेनामा कार्यरत जनशक्तिको मनोबल उच्च राख्नु, मन्त्रालय तथा नेपाली सेनाको कामकारबाहीलाई क्रमशः आधुनिकीकरण गर्दै सूचना प्रविधिमा आधारित चुस्त र नतिजामुखी बनाउनु, सेना र अन्य विभिन्न सुरक्षा संयन्त्रहरूबीच समन्वय र कार्यात्मक सम्बन्ध सुदृढ तुल्याई मुलुकको समग्र सुरक्षा व्यवस्थामा सुधार ल्याउनु सुरक्षा क्षेत्रको प्रमुख चुनौतीका रुपमा रहेका छन्।

३. सोच

स्वतन्त्र, अखण्ड, सुरक्षित, सार्वभौम र शान्तिपूर्ण नेपाल।

४. उद्देश्य

१. संघ, प्रदेश र स्थानीय तहमा रहने सबै सुरक्षा निकायबीच शान्ति-सुरक्षाका विषयमा सहयोग र समन्वय सुदृढ गर्दै विश्वसनीय र भरपर्दो सुरक्षा प्रणाली विकास गर्नु।

२. सुदृढ र सबल आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली अवलम्बन गरी मुलुकलाई सुरक्षित राख्नु तथा समुन्नत बनाउनु।

३. नेपाली जनता, नेपालको सिमाना, भूमि, जल, अर्थतन्त्र, प्राकृतिक-सांस्कृतिक सम्पदा र पर्यावरणको प्रभावकारी सुरक्षा गर्नु।

४. नेपाली सेना तथा रक्षा मन्त्रालयका निजामती कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी दक्ष, आधुनिक र व्यावसायिक तुल्याउनु।

५. विकास निर्माण तथा विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकालाई प्रभावकारी बनाउनु।

६. मुलुकमा शान्ति स्थिरता कायम गर्दै मानव अधिकारको संरक्षणमा योगदान पुऱ्याउनु।

७. आधारभूत राष्ट्रिय मूल्य मान्यताहरूको संरक्षण र राष्ट्रिय एकता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्दै नागरिक-सैनिक सम्बन्धलाई सुदृढ तुल्याउनु।

८. सैनिक कूटनीतिलाई प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय शान्ति स्थापनामा मुलुकको योगदानलाई अभिवृद्धि गर्नु।

५. रणनीति

१. राष्ट्रिय सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति, रणनीति र कानुन तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।

२. सरकारका तीनवटै तह तथा नेपाली सेनाबीच उचित संयन्त्र निर्माण र समन्वय सुदृढ गरी मुलुकमा विश्वसनीय र भरपर्दो सुरक्षा प्रणालीको विकास गर्ने।

३. नेपाली सेनालाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक, प्रविधि-मैत्री तथा साधनस्रोत सम्पन्न बनाउने एवम् कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने।

४. नेपाली सेनालाई मुलुकको अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, नदी, खानी, वनजङ्गल र प्रकृति संरक्षण कार्यमा सहभागी गराउने तथा ठूला एवम् रणनैतिक महत्वका विकास आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्दा राज्यको सुरक्षामा पर्ने प्रभावबारे सुरक्षा प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गर्ने।

५. राष्ट्रिय स्वार्थ र हित विपरीतका क्रियाकलापहरूलाई नियन्त्रण र निरुत्साहित गर्ने।

६. नेपाली सेनामा वृत्ति विकासका नवीन पक्षहरूलाई समावेश गरी क्षमतावान् र उच्च मनोबलयुक्त जनशक्ति निर्माण गर्ने।

७. नेपाली सेनाको सामरिक र रणनैतिक महत्त्वका विकास निर्माण कार्यहरू सम्पादन गर्ने तथा विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।

८. नेपाली सेना सम्बन्धी कानुनमा समसामयिक सुधार गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने।

९. आधारभूत राष्ट्रिय मूल्य मान्यताहरूको जगेर्ना तथा राष्ट्र र राष्ट्रिय हितप्रति समर्पित जनशक्तिको निर्माण गर्दै नागरिक-सैनिक सम्बन्धलाई सौहार्द्रपूर्ण तुल्याउने।

१०. नेपाली सेना र अन्य सुरक्षा निकायबीच समन्वय र सहकार्य विस्तार गर्दै विश्व शान्ति स्थापनामा नेपालको भूमिका वृद्धि गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	बङ्करदेखि ब्यारेकसम्म भौतिक संरचना निर्माण (कुल संरचना ५,९७३)	संख्या	३,२११	१३९	१००	४०९	४३४
२	भूकम्पपछिको पुनर्निर्माण	संख्या	६९	२	७८	६१	-
३	विपद् व्यवस्थापन तथा क्षमता अभिवृद्धिका लागि उपकरण खरिद	वटा	नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्न न्यूनतम विपद् व्यवस्थापन सामग्री प्राप्त भएको	लाइट हेलिकप्टर- २, मिडियम हेलिकप्टर- १, हवाई जहाज- १ हवाई जहाज (Trainer Aircraft)- २	विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्न Fire fighting, CSSR Equipment, Waterman ship र Mountaineering सामग्री खरिद	हवाई साधन -१ (हेलिकप्टर) विपद व्यवस्थापनमा मध्यम तहको क्षमता वृद्धि गर्न आवश्यकता अनुसार अन्य साधन	हवाई साधन - २ (हेलिकप्टर) विपद व्यवस्थापनमा मध्यम तहको क्षमता वृद्धि गर्न आवश्यकता अनुसार अन्य साधन
४	नेपाली सेनाको जमिनी परिवहन क्षमता अभिवृद्धि	वटा	९५	१४८	१५८	४०९	४१०
५	नेपाली सेनाको हवाई परिवहन क्षमता अभिवृद्धि	संख्या	-	१	१	१	१
६	राष्ट्रिय सेवा दल तालिम	जना हजार	४४	७.७	७.७	१२	१३
७	राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना र सञ्चालन		--	विस्तृत अवधारणा पत्र तयार जग्गा खोजी र पहिचान राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ जारी	ऐनको मस्यौदा तयारी ४० प्रतिशत भौतिक पूर्वाधार निर्माण आंगिक महाविद्यालय तथा केन्द्रहरूको कार्यालय स्थापना २५ प्रतिशत जनशक्ति व्यवस्थापन	भौतिक पूर्वाधार निर्माण सम्पन्न ७५ प्रतिशत जनशक्ति व्यवस्थापन	सम्पूर्ण जनशक्तिको व्यवस्थापन विश्वविद्यालय सञ्चालन

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	५०२,५८६	४४५,९६७	५६,६१९	-	५०२,५८६	-	-
२०७८/७९	५२०,८८३	४६२,२२९	५८,६५४	-	५२०,८८३	-	-
२०७९/८०	५३९,८६७	४७९,०४१	६०,८२६	-	५३९,८६७	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४५०००११	रक्षा मन्त्रालय	सुरक्षा	सालबसाली	-	-	बाह्य तथा आन्तरिक सुरक्षा प्रणाली प्रभावकारी भई नेपालको स्वतन्त्र, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकता सबल र सुदृढ भएको हुने।
	राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय	क्षमता अभिवृद्धि	२०७६/७७-२०७९/८०	३२०००		विश्वविद्यालयको विस्तृत अवधारणा पत्र तयारी तथा ऐन पारित, भएको हुने। जग्गा प्राप्ति, जनशक्ति तथा सामग्री व्यवस्थापन भएको हुने। भौतिक पूर्वाधारको निर्माण कार्य सम्पन्न भएको हुने। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालन भएको हुने।
३४५०००१२	राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय	सुरक्षा	सालबसाली	-	-	राष्ट्रिय सुरक्षा परिषद्को काम कारवाही चुस्त, दुरुस्त भएको हुने।
३४५०१०१३	वीरेन्द्र अस्पताल (पोष्ट एक्सिडेन्ट)	स्वास्थ्य सेवा प्रवाह	सालबसाली	-	-	आम नागरिक तथा सैनिकलाई प्रभावकारी तवरले स्वास्थ्योपचार सेवा उपलब्ध भएको हुने। विपद्का समयमा सेवा पुऱ्याउने गरी क्षमता अभिवृद्धि भएको हुने।
३४५०१०१४	सैनिक कमाण्ड तथा स्टाफ कलेज	क्षमता अभिवृद्धि	सालबसाली	-	-	नेपाली सेनाका सकल दर्जाका सैनिक तथा अन्य कर्मचारीको क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि भएको हुने।
३४५०१०१५	राष्ट्रिय सेवा दल	छात्रछात्रामा राष्ट्रिय भावना अभिवृद्धि	सालबसाली	-	-	राष्ट्रप्रति समर्पित, अनुशासित, बफादार र राष्ट्रको सेवा गर्न तत्पर एवम् सक्षम नागरिक विकास भएको हुने। ३०,८०० जना युवालाई राष्ट्रिय सेवादल तालिम प्राप्त भएको हुने।
३४५०१०१६	अति विशिष्ट व्यक्तिहरूको सुरक्षा	सुरक्षा प्रवन्ध	सालबसाली	-	-	अति विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्था थप चुस्त, भरपर्दो र प्रभावकारी भएको हुने।
३४५०१०११	जङ्गी अड्डा	सुरक्षा	सालबसाली	-	-	राष्ट्रिय सुरक्षा र प्रतिरक्षा प्रति समर्पित सक्षम, सबल, व्यावसायिक एवम् उच्च मनोबलयुक्त नेपाली सेनाको प्रभावकारी परिचालन भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३४५०१०१२	सैनिक हवाई महानिर्देशनालय	सुरक्षा	सालबसाली	-	-	नेपाली सेनाको हवाई क्षमता अभिवृद्धि भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

नेपाली सेनाको आधुनिकीकरण, व्यवसायीकरण र क्षमता अभिवृद्धिका लागि पर्याप्त मात्रामा स्रोत साधनको व्यवस्था हुनेछ। नेपाली सेनामा कार्यरत सकल दर्जाको हौसला र मनोबल उच्च राख्न आवश्यक कार्यक्रम सञ्चालन हुनुका साथै नेपाली सेना र अन्य सुरक्षा निकायबीच समन्वय तथा सहकार्य सुदृढ हुनेछ। पर्याप्त बजेट र स्रोत-साधनको व्यवस्था नभएमा लक्षित उद्देश्य हासिल हुन नसक्ने जोखिम रहेको छ।

७.६ परराष्ट्र

१. पृष्ठभूमि

"सबैसँग मित्रता, छैन कसैसँग शत्रुता" को परराष्ट्र नीति तथा नेपालको संविधानलाई मार्गदर्शनको रूपमा लिई, नेपाललाई न्यून आय भएको मुलुकबाट मध्यम आयभएको मुलुकको रुपमा रुपान्तरण गर्ने बृहत्तर लक्ष्यका लागि सहकार्य गर्दै राष्ट्रिय हितका आधारभूत उद्देश्य प्राप्त गर्नेतर्फ नेपालको परराष्ट्र सम्बन्ध निर्देशित रहेको छ। मुलभूत रुपमा नेपाली नियोगको सबलीकरण, कुटनीतिक जनशक्ति विकास, आर्थिक कूटनीतिको परिचालन, सीमा सुरक्षा, विद्युतीय राहदानी (e-passport) को व्यवस्थाको साथै द्विपक्षीय एवम् वहुपक्षीय तथा अन्तर्राष्ट्रिय संघसंस्थामा नेपालको उपस्थितिलाई थप सबल बनाउँदै लैजाने एवम् गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी तथा प्रविधिलाई नेपालको हितमा परिचालन गर्नेतर्फ परराष्ट्र मन्त्रालय अग्रसर रहेको छ।

२.समस्या तथा चुनौती

पहिल्लो समयमा नेपालको राजनीतिक एवम नीतिगत स्थिरता, सामाजिक तथा आर्थिक सवलीकरण र अवसरको वृद्धि, तथा अन्तर्राष्ट्रियस्तरमा नेपाललाई दिइने महत्व अवसरको रुपमा रहेको भए तापनि नेपालको विकास प्रयासको सीमितता, न्यून राष्ट्रिय उत्पादन तथा पुँजी निर्माण र आन्तरिक रोजगारीकोका अवसरको अपर्याप्तता प्रमुख समस्याका रुपमा रहेका छन्। साथै, छुट्टै परराष्ट्र नीतिको अभाव एवम् समयानुकूल प्रशिक्षित जनशक्तिको कमी र बढ्दो कार्यचापका बीच समग्र परराष्ट्र सेवामा रहेको न्यून जनशक्तिले थप समस्या सिर्जना गरेको छ। यसका अतिरिक्त परराष्ट्र नीति र परराष्ट्र मामिला हेर्ने राष्ट्रिय दृष्टिकोणमा एकरूपता कायम गर्ने विषयमा देखिने गरेका अन्यौलता एवम् मौजुदा व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुनु समेत समस्याको रुपमा रहेको देखिन्छ।

बहुपक्षीय व्यवस्था एवम् वहुपक्षीय व्यापार प्रणालीमाथि चुनौति आइरहेको पछिल्लो विश्व परिदृश्यमा हालको पुस्ताले नभोगेको गम्भिर प्रकृतिको विश्वस्तरको महामारीको रुपमा देखिएको कोभिड १९ ले विश्व मानव जातिको अस्तित्वमाथि नै ठूलो प्रश्न खडा गरेको छ। यसबाट निश्चितरुपमा अन्तर्राष्ट्रिय सम्बन्धका केही संरचना र द्विपक्षीय एवम् बहुपक्षीय मञ्चका प्राथमिकता तथा कार्यक्रमलाई समेत ठूलो प्रभाव र संकुचन पार्ने र समग्र विश्व तथा अर्थ सम्बन्धमा सिथिलता समेत आउने देखिएकोले ठूलो संख्यामा विदेशमा रहेका नेपाली प्रत्यक्ष रूपमा प्रभावित हुने देखिन्छ। विश्व अर्थव्यवस्था, अध्यागमन तथा रोजगारीमा कटौती लगायतका समस्यामा पर्ने नेपालीको उद्धार तथा सकुशल घरफिर्ती प्रमुख चुनौती ह सक्ने देखिन्छ। अर्कोतर्फ नेपालले दातृ निकायबाट प्राप्त गर्दै आएको सहयोग समेत प्रभावित हुने हुँदा यी समग्र चुनौतीको सामना गर्न नेपालले अवलम्बन गर्नुपर्ने मार्गका सम्बन्धमा बृहत्तर छलफल तथा नयाँ प्राथमिकता निर्धारण गर्ने कार्य समेत चुनौतीको रूपमा देखिएको छ।

३. सोच

समुन्नत र समन्यायिक विकास एवम् राष्ट्रिय सम्मानका लागि अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध।

४. उद्देश्य

अन्तर्राष्ट्रिय स्तरमा नेपालको राष्ट्रिय हित प्रवर्दन गर्दै तीव्र आर्थिक वृद्धि, गरिबी न्यूनीकरण तथा दिगो विकासका लक्ष्यहरू प्राप्तिमा योगदान पुऱ्याउन अन्तर्राष्ट्रिय सम्बन्धको महत्तम परिचालन गर्नु।

५.रणनीति

१. अन्तर्राष्ट्रिय जगतमा नेपालको राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रवर्दन गर्ने।

२. नेपालको आर्थिक कूटनीतिलाई रणनीतिक र नतिजामुलक रुपमा परिचालन गर्ने।

३.राष्ट्रिय हित अनुकुल हुने गरि विद्यमान सन्धि,सम्झौता र समझदारीको विश्लेषण गरि पुनरावलोकन गर्ने।

४. कूटनीतिक दक्षतामा अभिवृद्धि गरि गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुक	संख्या	१६८	१७०	१७१	१७३	१७४
२	नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक	संख्या	३५	४०	४५	५०	५५
३	द्विपक्षीय परामर्श संयन्त्रको स्थापना र बैठक	वटा	१२	१२	१२	१६	१५
४	अन्तर्राष्ट्रिय संगठनको कार्यकारी तहमा उम्मेदवारी र प्रतिनिधित्व	वटा	२	४	२	२	३
५	विदेशस्थित नियोगहरूमा भवन/जग्गा खरिद	संख्या	२	४	३	३	३
६	आर्थिक कूटनीतिका कार्यक्रम संचालन	पटक	१३०	१३०	१३०	१३०	१४०
७	कूटनीति सम्बन्धी तालिम संचालन	पटक/ व्यक्ति	३	२	१३०	१३०	१३०
८	Brain Gain Center-BGC मा आबद्ध हुने गैर आवासीय नेपाली	संख्या	-	६५०	७५०	९००	१०००
९	BGC मार्फत प्राप्त हुने परियोजना प्रस्ताव	संख्या	१	२	४	६	८

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रु. लाखमा

आ. व.	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालू	पूँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	६२,८९८	५१,०१९	११,८७९	-	६२,८९८	-	-
२०७८/७९	६९,७५१	५५,५४५	१४,२०६	-	६९,७५१	-	-
२०७९/८०	७०,७७३	५९,०१२	११,७६१	-	७०,७७३	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू लाखमा)	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३२६०००११	परराष्ट्र मन्त्रालय	राष्ट्रिय हित प्रवर्द्धन अन्तर्राष्ट्रिय सम्बन्ध सबलिकरण	सालबसाली			अन्तर्राष्ट्रिय सम्बन्ध मजबुत भएको हुने।
३२६०००१२	नेपाली/राजदूतावासहरू, स्थायी नियोगहरू, महावाणिज्य दूतावासहरू	आर्थिक कूटनीतिका कार्यक्रम सचालन नेपालीको उद्दार, राष्ट्रिय हित प्रवर्द्धन	सालबसाली			आर्थिक कूटनीति र श्रमिक सचेतना कार्यक्रममा बृद्धि र समस्यामा परेका नेपालीको उद्दार भएको हुने। आर्थिक कूटनीतिबाट नेपालको छवि प्रवर्द्धन भएको हुने।
३२६०००१३	सीमा नापी टोली	सीमा व्यवस्थापन	सालबसाली			नेपालको सीमा थप व्यवस्थित भएको हुने।
३२६०१०११	राहदानी विभाग	राहदानी वितरण	सालबसाली			राहदानी वितरणमा प्रभावकारिता र राहदानी प्राप्त गर्न लाग्ने समयमा कमी आएको हुने।
३२६०२०११	कन्सुलर सेवा विभाग	कन्सुलर सेवा	सालबसाली			कन्सुलर सेवा प्रवाहमा थप प्रभावकारिता आएको हुने।

९.जोखिम पक्ष तथा अनुमान

सरोकारवाला निकायहरूबीच निरन्तर र प्रभावकारी समन्वय, सम्बन्धित देशको कानून र पर्याप्त बजेट तथा जनशक्तिको सामयिक व्यवस्थापन हुन नसकेमा क्षेत्रगत लक्ष्य हासिल हुन नसक्ने जोखिम देखिन्छ।

७.७ योजना तथा तथ्याङ्क

१. पृष्ठभूमि

नेपालको संविधानले परिकल्पना गरे अनुरुप सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन स्रोतको उचित परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न र प्राप्त उपलब्धिहरूको न्यायोचित वितरणका निमित्त दीर्घकालीन सोच सहितको योजना प्रक्रियाको महत्व रहन्छ। सङ्घीयताको सन्दर्भमा पनि संघ, प्रदेश र स्थानीय तहमा बन्ने योजनाहरूबीच अन्तरसम्बन्ध कायम गर्न, तहगत सरकारहरुका योजना प्रकृया र कार्यान्वयनमा समन्वय गर्नका निमित्त केन्द्रीय योजना संगठनका रुपमा रहेको राष्ट्रिय योजना आयोगको भूमिका महत्वपूर्ण हुन्छ। नेपालले अन्तर्राष्ट्रिय रुपमा प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरू हासिल गर्न र वि.सं. २१०० सम्ममा विकसित राष्ट्रको स्तरमा पुग्न सहयोग हुने गरी दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना र सोको सफल कार्यान्वयनका लागि वार्षिक रुपमा परिमार्जन गर्दै तयार गरिने तीन वर्षे मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम आयोगका तत्कालीन प्राथमिकताका विषयहरू हुन्। यसका अतिरिक्त, अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क प्रणालीको विकास, व्यवस्थापन र अनुसन्धानमार्फत् महत्वपूर्ण तथ्य एवम् सूचनाहरूको सिर्जना र त्यसलाई नीति निर्माणमा प्रयोग गराउने विषय आयोगका आगामी प्राथमिकता हुन्। योजना प्रक्रियालाई तथ्यपरक, नतिजामुखी र यथार्थपरक बनाउन विभिन्न नीतिगत, कानूनी, संस्थागत एवम् प्रकृयागत प्रयास गरिनुको साथै विकास योजना नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी र जवाफदेहीपूर्ण बनाउन राष्ट्रिय आयोजना बैंक, अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास एवम् कार्यान्वयन र अध्ययन अनुसन्धानको कार्यलाई सुदृढ बनाउँदै लगिएको छ। अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ एवम् नतिजामूलक बनाउन अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विधेयकको संसदमा दर्ता भएको छ। अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन र सूचना प्रविधिमा आधारित राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयन र महत्वपूर्ण आयोजनाहरूको आन्तरिक तथा तेस्रो पक्षबाट मूल्याङ्कन लगायतका महत्वपूर्ण प्रयास हुँदै आएका छन्।

यसैगरी, अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास, दिगो विकास लक्ष्यको अनुगमनका निमित्त आवश्यक तथ्याङ्कहरू उपलब्ध गराउन विभिन्न गणना, सर्वेक्षण र प्रशासनिक अभिलेख समेतको उपयोग गर्न र नेपाल सरकारले गत वर्ष स्वीकृत गरेको तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीतिको कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्दै जानुपर्ने साथै राष्ट्रिय नीतिहरूको सान्दर्भिकता, विकास योजना तथा कार्यक्रमका विविध पक्ष र विषयगत क्षेत्रका उत्पादन तथा व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयमा अध्ययन, अनुसन्धान गर्ने विशिष्टिकृत निकायका रुपमा आयोगलाई विकास गर्ने गरी कार्यहरू अघि बढाइएको छ। यिनै तथ्यहरूलाई मनन गर्दै आगामी तीन वर्षको लागि मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

२. समस्या तथा चुनौती

विकासको दीर्घकालीन सोच तर्जुमा गरी सोअनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, स्रोत साधनको सुनिश्चितता गरी आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्नु, पुनर्निर्माण कार्यक्रम तर्जुमा तथा कार्यान्वयन प्रभावकारी बनाउनु, सङ्घीयताअनुरूप तहगत योजनाबीच अन्तरसम्बन्ध कायम गर्नु र योजना तर्जुमासम्बन्धी जनशक्तिको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु योजना तर्जुमा प्रक्रियामा देखिएका समस्या हुन्। त्यस्तै, योजना कार्यान्वयन गर्ने निकायहरूको क्षमता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई सुधारमा सहयोग गर्नु र सार्वजनिक खरिद तथा जग्गा प्राप्तिसम्बन्धी कानूनी तथा प्रक्रियागत जटिलता हटाउनु योजना कार्यान्वयन सम्बन्धी मुख्य समस्या हुन्।

सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा योजना प्रक्रिया तथा अन्तरसम्बन्धित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्नु, दिगो विकासका लक्ष्य लगायतका असर तथा प्रभाव तहका सूचकहरूको खण्डीकृत एवम् सर्वेक्षणमा आधारित सूचना सिर्जना गर्नु र विभिन्न तह तथा निकायमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्तिलाई यस कार्यमा आकर्षित गरी राख्नु प्रमुख चुनौती रहेका छन्। राष्ट्रिय लक्ष्य एवम् उद्देश्य हासिल गर्न र नियमित वा आकस्मिक रूपमा आउने विपद्हरुको नियन्त्रण एवम् रोकथामका साथै जोखिम न्यूनीकरण तथा व्यवस्थापन र विकास निर्माणका आवश्यकता परिपूर्ति गर्न स्रोत साधनको सुनिश्चितता एवम् प्राथमिकीकरण गर्नु चुनौतिपूर्ण रहँदै आएको छ। समय सापेक्ष तथ्याङ्क ऐनको तर्जुमा, केन्द्रीय र स्थानीय स्तरका तथ्याङ्कीय क्रियाकलापबीच समन्वय, सङ्घीय र स्थानीय निकायहरूको तथ्याङ्क व्यवस्थापन र संरचना निर्माण, उत्पादित तथ्याङ्कमा दोहोरोपना हटाउनु, तथ्याङ्कको उपयोग वृद्धि, जनशक्तिको दक्षता वृद्धि, तथ्याङ्कका क्षेत्रमा नवीनतमा प्रविधिको उपयोग, दक्ष तथ्याङ्कीय जनशक्तिलाई सेवाभित्र आकर्षित गरी राख्ने वातावरण सिर्जना गर्नु र अनाधिकृत तथ्याङ्कको प्रयोग हटाउनु प्रमुख चुनौती हुन् । त्यस्तै, दिगो विकासका लक्ष्यहरू प्राप्त भए नभएको प्रगति मापनका लागि निर्धारित सूचकहरूका लागि आवश्यक पर्ने तथ्याङ्क स्थानीय तहसम्म खण्डीकृत रुपमा प्राप्त गर्ने विषय आगामी दिनका चुनौतीका रुपमा रहेका छन्।

३. सोच

- संघीय संरचना अनुरुप तथ्यपरक र नतिजामुखी योजना तर्जुमा प्रणालीको विकास (योजना)।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्थामार्फत शासकीय सुधार (अनुगमन तथा मूल्याङ्कन)।
- सवल, क्रियाशील र समन्वयात्मक राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास (तथ्याङ्क)।
- आयोजना तर्जुमा तथा व्यवस्थापनमा सुशासन अभिवृद्धि गरी तीव्र सन्तुलित र दिगो विकास (राष्ट्रिय आयोजना बैंक)।
- तथ्य र ज्ञानमा आधारित विकासका माध्यमबाट समृद्ध राष्ट्र निर्माण (अनुसन्धान र विकास)।

४. उद्देश्य

अ. योजना

१. राष्ट्रिय सोच र लक्ष्य हासिल हुने गरी संघ, प्रदेश र स्थानीय तहमा समन्वयात्मक, नतिजामुखी र सबल योजना तर्जुमा पद्धतिको विकास गर्नु।

आ. अनुगमन तथा मूल्याङ्कन

१. संघ, प्रदेश र स्थानीय तहमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु।

इ. तथ्याङ्क

१. विश्वसनीय, गुणस्तरीय तथा अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य तथ्याङ्क उत्पादन गरी नियमित आपूर्तिको व्यवस्था गर्नु।

२. तथ्याङ्कीय क्रियाकलापमा निकायगत तथा तहगत समन्वय स्थापना गरी संघीय संरचना अनुरूपको तथ्याङ्क प्रणाली विकास गर्नु

ई. राष्ट्रिय आयोजना बैंक

१. तथ्यपरक र मापदण्डमा आधारित आयोजना पहिचान, छनोट तथा मूल्यांङ्कन प्रक्रिया तथा प्राथमिकीकरण गर्ने प्रणालीको विकास र अभ्यास गर्नु गराउनु।

२. आयोजना बैंकका सिद्धान्त र मान्यता अनुरूप प्रदेश र स्थानीय तहहरूमा समेत त्यस्तो प्रणालीको स्थापना गर्न आवश्यक सहजीकरण गर्नु।

उ. अनुसन्धान र विकास

१. अनुसन्धान तथा विकासको माध्यमबाट भविष्यको लागि ज्ञानमा आधारित र सिर्जनशील नागरिक तयार गर्नु।

२. अनुसन्धान तथा विकासको उपलब्धिलाई राष्ट्र हित, राष्ट्रिय नीति तथा कार्यक्रममा अवलम्बन गर्नु।

३. अनुसन्धान तथा विकासको माध्यमबाट राष्ट्रिय नीति निर्माण तथा कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु।

५. रणनीति

अ. योजना

१. दीर्घकालीन सोच र राष्ट्रिय प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने।

२. योजना तर्जुमाको प्रक्रियागत पक्षमा सुधार गर्ने।

३. संघीय संरचना अनुकूल हुनेगरी विद्यमान योजना प्रणालीको सुदृढीकरण तथा विकास गर्ने।

४. योजना तर्जुमामा संलग्न सार्वजनिक निकाय एवम् निजी, सहकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण गरी ग्रहण क्षमता अभिवृद्धि गर्ने।

५. योजना कार्यान्वयनको प्रक्रियागत पक्षमा सुधार गर्ने।

६. संघीय संरचना अनुकुल योजना कार्यान्वयनको लागि संस्थागत संरचनाको व्यवस्थापन गर्ने।

७. आयोजनाको व्यस्थापन र कार्यक्रम कार्यान्वयनमा सुधार गर्ने।

आ. अनुगमन तथा मूल्याङ्कन

१. कानुनी र नीतिगत व्यवस्था गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सबल र सुदृढ बनाउने।

२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कनलाई स्थापित गर्न अन्तर निकायगत तथा अन्तर सरकारी समन्वय र सहकार्यको विकास गर्ने।

३. अनुगमन तथा मूल्याङ्कन कार्यमा आबद्ध सबै तहका जनशक्तिको क्षमता विकास गर्ने।

४. विकास कार्यक्रम तथा आयोजनाहरूको समस्याहरू तत्काल र समयमै समाधान गराउने संरचनाको विकास गर्ने।

इ. तथ्याङ्क

१. संघीय पद्धति बमोजिम तथ्याङ्कीय कार्य व्यवस्थापनका लागि नीतिगत र संस्थागत व्यवस्था गर्ने।

२. नीति, योजना, अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य लगायतका उपयुक्त सूचकहरूको पहिचान र प्राथमिकीकरण गरी अन्तर्राष्ट्रिय रूपमा प्रचलित विधि र गुणस्तर मापदण्ड अनुरूपको तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने।

३. तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतहरू (गणना, सर्वेक्षण तथा प्रशासनिक अभिलेख) को उपयोग गर्ने।

४. तथ्याङ्कीय क्रियाकलापमा आधुनिक सूचना प्रविधिको प्रयोग बढाउने र नवीनतम प्रविधिहरू अवलम्बन गर्ने।

ई. राष्ट्रिय आयोजना बैंक

१. तथ्यपरक र मापदण्डमा आधारित आयोजना पहिचान, मूल्यांङ्कन, छनोट तथा प्राथमिकीकरण गरी राष्ट्रिय आयोजना बैंकको स्थापना गर्ने।

२. प्रदेश र स्थानीय तहहरूमा आयोजना बैंक प्रणालीको स्थापना गर्ने तर्फ आवश्यक कार्यहरू गर्न गराउन सहजकर्ताको भूमिका निर्वाह गर्ने।

३. कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजनाहरूको पोर्टफोलियो तयार गरी स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानी र सहायता परिचालन गर्ने।

उ. अनुसन्धान र विकास

१. नेपालको शैक्षिक प्रणालीलाई व्यवहारिक प्रयोगात्मक र अनुसन्धानमूलक बनाउन जोड दिने।

२. तालिम र विकासलाई सैद्धान्तिक ज्ञान र व्यावहारिक अभ्यासमा प्रतिबिम्बित गरी अनुसन्धान तथा विकाससँग आबद्ध गर्ने।

३. अनुसन्धान तथा विकासलाई राष्ट्रिय प्राथमिकतामा राखी निजी क्षेत्रको भूमिका सहित विगतका विषय क्षेत्रगत नीतिहरूको पुनरावलोकन गरी पृष्ठपोषण लिने।

४. अनुसन्धान तथा विकासलाई अनुसन्धान आयोजना (Research Project) को रूपमा विकास गर्ने।

५. अनुसन्धान तथा विकासको माध्यमबाट मानव संशाधन विकासमा जोड दिने।

६. नीति निर्माणकर्तालाई व्यावसायिक तथा क्षेत्रगत विषय विज्ञ बनाउने वातावरण तयार गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	पन्ध्रौं योजना दस्तावेज प्रकाशन	पुस्तक प्रति	५००० (आधार-पत्र)	५००० (पूर्ण दस्तावेज)	२०००	२०००	१०००
२.	दीर्घकालीन सोच दस्तावेज तयारी तथा प्रकाशन	पुस्तक प्रति	प्रारम्भिक प्रतिवेदन तयार	-	५०००	-	-
३.	विषय क्षेत्रगत अध्ययन अनुसन्धान	वटा	८	८	११	१३	१३
४.	आवधिक योजना तर्जुमा भएका प्रदेश	संख्या	२	६	७	७	७
५.	आवधिक योजना तर्जुमा भएका स्थानीय तह	संख्या	-	२९३	७५३	७५३	७५३
६.	मध्यमकालीन खर्च संरचना तर्जुमा भएका प्रदेश	संख्या	२	६	७	७	७
७.	मध्यमकालीन खर्च संरचना तर्जुमा भएका स्थानीय तह	संख्या	-	-	७५३	७५३	७५३
८.	दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन गर्ने स्थानीय तह	संख्या	-	-	७५३	७५३	७५३
९.	योजना सम्बन्धी तालिम	जना	२००	२००	२५०	३००	३००
१०.	अनुगमन सम्बन्धी तालिम	जना	१५०	४०	२००	२००	२००
११.	तेस्रो पक्षबाट गरिने मूल्याङ्कन	संख्या	३	-	५	६	६
१२.	आन्तरिक मूल्याङ्कन	संख्या	२	२	७	१०	१०
१३.	राष्ट्रियस्तरको गणना	संख्या	१	०	१	१	०
१४.	राष्ट्रियस्तरको सर्वेक्षण	संख्या	१	१	३	३	३

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१५.	तथ्याङ्क प्रशोधन	वटा	६	५	७	७	५
१६.	तालिम (क्षमता विकास)	जना	७६०	१५०	२००	२००	२५०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३२,५७०	३१,६७६	८९४	-	३२,५७०	-	-
२०७८/७९	१५,५१८	१४,४५५	१,०६३	-	१५,२१८	३००	-
२०७९/८०	१३,०८१	१२,७१२	३६९	-	१३,०८१	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजनाको अवधि (सुरु र सम्पन्न)	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३९१०००११	राष्ट्रिय योजना आयोग	दीर्घकालीन सोच र आवधिक योजना तर्जुमा तथा कार्यान्वयमा सहजीकरण अनुगमन तथा मूल्यांकन नीति, योजना तथा कार्यक्रमको तर्जुमामा सहजीकरण नीति विश्लेषण, अध्ययन तथा अनुसन्धान प्रादेशिक र स्थानीय योजना तर्जुमा तथा कार्यान्वयनमा तहगत समन्वय	सालबसाली			नेपालको दीर्घकालीन सोच तयार भएको हुने। विभिन्न विषयगत क्षेत्रहरूका ३७ वटा अध्ययन अनुसन्धान सम्पन्न भएको हुने। १८५० जनालाई योजना पद्धति सम्बन्धी तालिम दिइएको हुने। २७ वटा आन्तरिक मूल्याङ्कन तथा १७ वटा आयोजनाहरूको तेस्रो पक्षबाट मूल्याङ्कन सम्पन्न हुने।
३९१००१०१	योजना तथा जनशक्ति विकास कार्यक्रम		सालबसाली			तथ्याङ्क सम्बन्धी ९ वटा राष्ट्रियस्तरको सर्वेक्षण सम्पन्न भएको हुने। ६५० जनालाई तथ्याङ्क सम्बन्धी तालिम दिइएको हुने।
३९१०१०११	केन्द्रीय तथ्याङ्क विभाग	तथ्याङ्क उत्पादन,प्रशोधन र वितरण	सालबसाली			तथ्यांकीय गतिविधि सम्बन्धी नीति,योजना, तर्जुमा तथा कार्यान्वयन भएको हुने। आर्थिक, सामाजिक, वातावरणीय तथ्याङ्क संकलन, प्रशोधन, उत्पादन, सम्प्रेषण तथा सो सम्बन्धमा समन्वय भएको हुने।
३९१०१०१२	जिल्ला तथ्याङ्क कार्यालयहरू	तथ्याङ्कहरु संकलन	सालबसाली			तथ्याङ्कीय गतिविधि सम्बन्धी योजना, कार्यक्रम तथा कृयाकलाप सञ्चालन भई आर्थिक, सामाजिक, वातावरणीय तथ्याङ्क संकलन, प्रशोधन, उत्पादन, सम्प्रेषण भएको हुने।
३९१०११०१	आर्थिक तथ्याङ्क विकास कार्यक्रम	आर्थिक तथ्याङ्क उत्पादन				राष्ट्रिय आर्थिक गणनाको थप विस्तृत नतिजा सार्वजनिक भएको हुने, प्रथम औद्योगिक सर्वेक्षणको नतिजा सार्वजनिक भएको हुने, सालबसाली रूपमा राष्ट्रिय लेखाका अनुमानहरू नेपाल र ७ वटै प्रदेश तहमा प्राप्त भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजनाको अवधि (सुरु र सम्पन्न)	लागत	पुष्ट्याँई	आगामी तीन वर्षको उपलब्धि सूचक
३९१०११०२	सामाजिक तथ्याङ्क विकास कार्यक्रम	जनसांख्यिक तथ्याङ्क उत्पादन नेपाल बहुसूचकांक सर्वेक्षणः महिला र बालबालिकाको अवस्थासम्बन्धी तथ्याङ्क उत्पादन चौथो नेपाल जीवनस्तर सर्वेक्षणः जीवनस्तर सम्बन्धी तथ्याङ्क उत्पादन (गरिबी मापन)				सामाजिक क्षेत्रका विभिन्न तथ्याङ्कहरू संकलन, प्रशोधन तथा विश्लेषण भई उपलब्ध भएको हुने। नेपाल बहुसूचकाङ्क सर्वेक्षणको विस्तृत नतिजा प्राप्त भएको हुने। चौथो नेपाल जीवनस्तर सर्वेक्षण सम्पन भई नतिजा प्राप्त भएको हुने।
३९१०११०३	राष्ट्रिय जनगणना २०७८		२०७६/७७-२०७८/७९	३ अर्ब २१ करोड		राष्ट्रिय जनगणना सम्पन्न भई नतिजा प्राप्त भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासकीय व्यवस्था बमोजिम संघ, प्रदेश एवम् स्थानीय तहमा निर्माण हुने आवधिक योजना तथा कार्यक्रमलाई राष्ट्रिय योजना तथा कार्यक्रम बमोजिम तादम्यता कायम गर्नुका साथै ती योजनाहरूमा दिगो विकास लक्ष्यहरू समाहित भएका हुनेछन्। संघ, प्रदेश र स्थानीय तीन तहमा विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन सम्बन्धी क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन हुनेछन्। सो नभएमा राष्ट्रिय लक्ष्यहरू हासिल गर्न कठिनाई हुनसक्ने जोखिम रहन्छ। तथ्याङ्क सम्बन्धी कार्यक्रम गणना, सर्वेक्षण, तथ्याङ्क उत्पादन लगायतका कार्यमा पर्याप्त वित्तीय स्रोतको सुनिश्चितता र उपलब्धता, विकास साझेदारसँग भएको प्राविधिक वा वित्तीय सहायता सम्बन्धी सम्झौता बमोजिम समय मै सहयोग प्राप्ति र तथ्याङ्क संकलनका क्रममा स्थानीय तह वा उत्तरदाताहरूबाट सहयोग हुनेछ। सो नभएमा निर्धारित उद्देश्य हासिल नहुने जोखिम रहन्छ। त्यस्तै विद्यमान कोभिड-१९ महामारीको कारणले स्थलगत तथ्याङ्क संकलन कार्यमा गणकहरू परिचालन गर्न कठिनाइ भएमा वा उत्तरदाताहरूबाट अपेक्षित सहभागिता र सहयोग नभएमा जनगणना लगायत सबै सर्वेक्षणहरू प्रभावित हुनसक्ने छन्।

परिच्छेद ८

संवैधानिक अंग तथा निकाय

८.१ राष्ट्रपतिको कार्यालय

१. पृष्ठभूमि

नेपालको संघीय संरचना अनुरुप संविधानको धारा ६१ बमोजिम नेपालमा एक राष्ट्रपति रहने व्यवस्था रहेको छ । संवैधानिक व्यवस्था अनुसार राष्ट्र प्रमुखबाट सम्पादन हुने कार्यहरुलाई सहयोग पुऱ्याउन राष्ट्रपतिको कार्यालय रहने र कार्यालयको काम कारवाही सञ्चालन गर्न आवश्यक कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य नेपाल सरकारबाट हुँदै आएको छ ।

२. समस्या तथा चुनौती

राष्ट्रपति कार्यालयले सम्पन्न गर्नुपर्ने औपचारिक तथा अनौपचारिक कार्यक्रमहरुको निर्धारित संख्या पूर्वानुमान हुन नसक्नु, कर्मचारीहरुको समयमै पदपूर्ति नहुनु, कर्मचारीहरुको छिटो छिटो सरुवा हुनु र भौतिक स्रोत साधन व्यवस्थापनमा कठिनाई यस कार्यालयका प्रमुख समस्या तथा चुनौतिहरु हुन् ।

३. सोच

संविधानद्वारा निर्दिष्ट गरिएका कार्य छिटो, पारदर्शी र प्रभावकारी रुपमा सम्पादन ।

४. उद्देश्य

राष्ट्रपतिको कार्यालयको संस्थागत क्षमता विकास तथा निकायहरुसंग प्रभावकारी समन्वय कायम गर्दै तोकिएको जिम्मेवारी प्रभावकारी रुपमा निभाउनु ।

५. रणनीति

१. संविधान प्रदत्त कार्यहरु गर्न सक्ने गरी काम कारवाहीलाई प्रविधि मैत्री बनाउने ।

२. सम्बद्ध निकायहरूसंगको समन्वय र सहकार्यलाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्ने ।

६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१,६२१	१,२९८	३२३	-	१,६२१	-	-
२०७८/७९	१,७१३	१,३७१	३४२	-	१,७१३	-	-
२०७९/८०	१,८११	१,४४८	३६३	-	१,८११	-	-

७. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	तीन वर्षको अपेक्षित उपलब्धि सूचक
१०१००००१	राष्ट्रपति		सालबसाली			
१०१०००११	राष्ट्रपतिको कार्यालय (प्रशासनिक खर्च समेत)	भौतिक रुपमा सुविधा सम्पन्न एवम् क्षमतायुक्त कार्यालय ।	सालबसाली			विद्युतीय सवारी साधन खरिद भएको हुने। मुख्य प्रवेशद्वार निर्माण भएको हुने ।

८. जोखिम पक्ष तथा अनुमान

पर्याप्त बजेटको विनियोजन गर्न नसकिएमा, दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नभै कार्यालयको संस्थागत क्षमता विकास हुन नसकेमा यस कार्यालयले आफूलाई तोकिएको जिम्मेवारी पुरा गर्न नसक्ने जोखिम रहन्छ।

८.२ उपराष्ट्रपतिको कार्यालय

१. पृष्ठभूमि

संविधानको धारा ६७ मा नेपालमा एक उपराष्ट्रपति रहने र धारा ७३ मा उपराष्ट्रपतिको कार्य सम्पादनका लागि उपराष्ट्रपतिको कार्यालय रहने व्यवस्था गरिएको छ । यस कार्यालयले उपराष्ट्रपतिको कार्यको सुरक्षा व्यवस्थापन, भेटघाट व्यवस्थापन, सवारी व्यवस्थापनका कामहरू सम्पादन गर्दै दैनिक प्रशासन सञ्चालन लगायतका विभिन्न क्षेत्र/निकाय/संस्था/नागरिक समाजसँग अन्तरक्रिया/सयकार्य गर्दै कार्यालयलाई थप मर्यादित र व्यवस्थित गर्दै आएको छ ।

२. समस्या तथा चुनौती

पर्याप्त बजेटको व्यवस्था हुन नसक्नु, प्रविधिमैत्री सुरक्षा व्यवस्थापन नहुनु, राष्ट्रिय एकतालाई अक्षुण्ण राख्नु, राष्ट्र र राष्ट्रियता कुनै व्यक्ति, समुदाय वा क्षेत्रीयता भन्दा माथि हो भन्ने भावना जागृत गराउने विषय यस क्षेत्रका समस्या र चुनौतीका रुपमा रहेका छन् ।

३. सोच

उपराष्ट्रपतिको कार्यालयलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मर्यादित उच्च संस्थाको रूपमा विकास।

४. उद्देश्य

१. राष्ट्र प्रमुखको अनुपस्थितिमा राष्ट्रप्रमुख भै कार्य गर्नुपर्ने भएकोले उपराष्ट्रपतिको कामकारवाहीलाई मर्यादित रूपमा सम्पन्न गर्न व्यवस्थापकीय सहयोग गर्नु ।

२. संविधानको पालना र संरक्षण तथा राष्ट्रिय एकता प्रवर्द्धनमा उपराष्ट्रपतिलाई सहजीकरण गर्नु ।

३. उच्च मर्यादायुक्त कार्यालयको हैसियतमा सुशासनमैत्री कार्यसञ्चालन सुनिश्चित गर्नु ।

५. रणनीति

१. गणतन्त्र नेपालको उच्च मर्यादित संस्थाको रुपमा उपराष्ट्रपतिको कार्यालयलाई विकास गर्ने।

२. उपराष्ट्रपतिको कार्यालय तथा निवासको व्यवस्थापनलाई प्रभावकारी बनाउने।

३. स्मार्ट अफिसको मान्यताअनुरुप कार्यालय सञ्चालन र व्यवस्थापन गर्ने।

६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	५१०	४९३	१७	-	५१०	-	-
२०७८/७९	५३१	५१३	१८	-	५३१	-	-
२०७९/८०	५५०	५३१	१९	-	५५०	-	-

७. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	तीन वर्षको अपेक्षित उपलब्धि सूचक
१०२०००० १	उपराष्ट्रपति		सालबसाली			
१०२०००११	उपराष्ट्रपतिको कार्यालय (प्रशासनिक खर्च समेत)	कार्यालय र कर्मचारीको क्षमता विकास कार्यालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन स्मार्ट अफिसको स्थापना	सालबसाली			कर्मचारीको क्षमता विकास भएको हुने । कार्यालयको क्षमता स्तरोन्नति भएको हुने । कार्यालयको प्रभावकारी सञ्चालन भएको हुने । स्मार्ट अफिस स्थापना भएको हुने ।

८. जोखिम पक्ष तथा अनुमान

कार्यालय सञ्चालन गर्नका लागि आवश्यक स्रोत साधन उपलब्ध भएमा कार्यालयबाट सम्पादन हुने काम कारवाही गुणस्तरीय हुनेछ। सो हुन नसकेमा उद्देश्य हासिल नहुने जोखिम रहने छ।

८.३ संघीय संसद

१. पृष्ठभूमि

संविधानको धारा ८३ ले संघीय व्यवस्थापिकाको रुपमा संघीय संसद रहने व्यवस्था गरेको छ। संघीय संसदमा २७५ सदस्यीय प्रतिनिधि सभा र ५९ सदस्यीय राष्ट्रिय सभा सहित दुई सदन रहने व्यवस्था संविधानले गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार व्यवस्थापिकाले विधि निर्माण गर्ने जिम्मेवारी पाएको हुन्छ। लोकतान्त्रिक व्यवस्थाको पहिलो आधारको रुपमा रहेको जनप्रतिनिधिहरू मार्फत कानुन निर्माण गर्ने प्रणालीलाई संस्थागत गर्नुका अतिरिक्त संघीय संसदले संवैधानिक जिम्मेवारी अन्तर्गत सरकार निर्माणसँग सम्बन्धित कार्यहरू गर्ने र सदन तथा विषयगत समितिहरू मार्फत् सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने जिम्मेवारी पनि पुरा गर्नुपर्ने हुन्छ। संघीय संसदलाई व्यवस्थापकीय, प्रशासनिक लगायत सहयोग पुऱ्याउने र सुचारु रुपमा सञ्चालन गर्ने जिम्मेवारी संघीय संसद सचिवालयको रहेको छ।

२. समस्या र चुनौती

संघीय संसदको आफ्नो भवन नभएकोले भाडामा लिइएको अन्तराष्ट्रिय सम्मेलन केन्द्रको भवनमा दुवै सदनका बैठकहरू सञ्चालन गर्नु, संघीय संसद सचिवालय सिंहदरबारमा हुनु, विषयगत समितिहरूका बैठक कक्ष र सचिवालयहरूमा पर्याप्त पूर्वाधार नहुनु, विधि निर्माण प्रक्रिया र संसदीय निगरानीलाई अनुसन्धानमुखी बनाउन नसकिनु, समितिहरूका वीचमा कार्यक्षेत्र र गतिविधिमा समन्वय स्थापित नहुनु, संसदीय दलका कार्यालयहरूमा पर्याप्त पूर्वाधारको अभाव हुनु, संसदीय गतिविधिहरूमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन नसक्नु, संघीय संसद सचिवालयमा जनशक्तिको क्षमता अभिवृद्धिका कार्यहरू पर्याप्त मात्रामा संचालन गर्न नसकिनु जस्ता समस्या तथा चुनौती रहेका छन्।

३. सोच

जनमुखी, स्वच्छ र जवाफदेही संघीय संसद।

४. उद्देश्य

१. लोकतन्त्रलाई प्रवर्द्धन गर्न संविधानको मर्म र भावना अनुरुप देशको आवश्यकता तथा जनसरोकारसँग सम्बन्धित बिषयमा कानून निर्माण गर्नु।
२. सरकारलाई पूर्णतः पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्नु।
३. व्यापक अनुसन्धान र बहसमा आधारित तथा दिगो विकासमा सहयोगी हुने गरी विधि निर्माण गर्नु।
४. भौतिक, प्राविधिक र मानव संशाधनको पक्षमा चुस्त र प्रभावकारी संसद सचिवालयको निर्माण गर्नु।

५. रणनीति

१. विधानको कार्यान्वयन सम्बन्धी कानून निर्माण गर्ने।
२. संसद र नागरिक वीचको सम्बन्धलाई सुमधुर बनाउने क्रियाकलापहरू संचालन गर्ने।
३. आर्थिक विकासलाई सहयोग पुग्ने गरी संसदीय निगरानी राख्ने।
४. विषयगत समितिहरूलाई अनुसन्धान गर्ने र विकासका एजेण्डाहरूमा व्यापक छलफल हुने मञ्चको रुपमा विकास गर्ने।
५. प्रदेश र स्थानीय तहका विधायिकी कार्यमा सहजीकरण गर्ने, ज्ञानको हस्तान्तरण गर्ने।
६. संघीय संसदका माननीय सदस्यहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।
७. संघीय संसदको लागि आधुनिक र सुविधायुक्त पूर्वाधार विकास गर्ने।
८. संघीय संसद सचिवालयलाई चुस्त र प्रभावकारी बनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य वा नतिजा सूचक

क्र स	सूचक	एकाइ	२०७५/०७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	संविधान कार्यान्वयनका लागि कानून निर्माण	संख्या	१४	६०	४३	४५	४५
२	संसदीय निगरानी/ अनुगमन	संख्या					

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१२,५५७	१२,२३८	३१९	-	१२,५५७	-	-
२०७८/७९	१३,२९५	१२,९५७	३३८	-	१३,२९५	-	-
२०७९/८०	१४,०७८	१३,७२०	३५८	-	१४,०७८	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शि.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू लाख)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
२०२०००० १	संघीय संसद	संघीय संसदका पदाधिकारीहरू (चार जना) लाई सुविधा उपलब्ध गराउने	सालवसाली	४३६.२८		संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन, २०७३ अनुसारको सुविधा भुक्तानि हुने।
२०२०००११	संघीय संसद	संघीय संसदका सदस्यलाई सुविधा उपलब्ध गराउने, संघीय संसदका सदस्यहरूको सचिवालय सञ्चालन व्यवस्था गर्ने, संसदीय समितिका कार्यक्रम सञ्चालन	सालवसाली	१०४७५.९२		संघीय संसदका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन, २०७३ अनुसारको सुविधा भुक्तानि हुने। संसदीय समितिका अनुगमन, संसदीय ऐतिहासिक अभिलेखको व्यवस्थापन, अन्तर तह विधायीकी सम्बन्ध बिस्तार लगायतका कार्यक्रम सचालन हुने।

ब.उ.शि.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रू लाख)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
२०२०००१२	संघीय संसद सचिवालय	सचिवालय संचालन खर्च	सालवसाली	५९४७.५७		संसदीय प्रणाली थप संस्थागत र समृद्ध भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

संसदीय गतिविधिहरूको खर्च पूर्वानुमानयोग्य बनाउने, संसदीय अध्ययन र निगरानीका कार्यक्रमहरू परिस्थितिमा आधारित हुनु, आधुनिक प्रविधिको उपयोग गर्ने, विधायिकी प्रक्रियालाई निश्चित समय तालिकामा आवद्ध गर्ने जस्ता कार्य हुन नसकेमा तोकिएका उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

८.४ अदालत

१. पृष्ठभूमी

न्यायको सुनिश्चितता नै लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार हो। नेपालको संविधानले स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको परिकल्पना गरेको छ। न्यायपालिकालाई संविधान प्रदत्त संवैधानिक दायित्व निर्जाह गर्न व्यवहारिक रुपमा न्यायपालिका स्वतन्त्र, सक्षम र स्वायत्त हुन आवश्यक रहन्छ। यसबाट मात्र व्यक्तिका मौलिक हक एवं मानव अधिकारको संरक्षण गर्न र कानूनको शासन कायम हुन सक्दछ। सामाजिक, आर्थिक, राजनीतिक परिवेशमा बढदै गएको जटिलता, विज्ञान र प्रविधिको क्षेत्रमा भएका नविनतम प्रवाहले ल्याएका बिभिन्न आयामहरूसंगै न्यायपालिकाको कामकारवाही, कार्यशैलीमा परिवर्तनको आवश्यकता अपरिहार्य भएको छ।

यसै सन्दर्भमा न्यायपालिकाले आफ्नै सोच र सक्रियतामा २०६१ सालदेखि योजनावद्ध विकासको सुरुवात गरी हालसम्म तीन वटा पञ्चवर्षीय रणनीतिक योजनाहरूको सफल कार्यान्वयन गरी सकेको छ भने विगतका योजनाहरूको कार्यान्वयनबाट प्राप्त उपलव्धि तथा अनुभवहरूलाई संस्थागत गर्दै २०७६ सालदेखि न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७-२०८०/०८१) कार्यान्वयनको क्रममा रहेको छ। न्यायपालिकाको चालू रणनीतिक योजनाले बिभिन्न रणनीतिक लक्ष्य, उद्देश्यहरू र कार्यक्रमहरू निर्धारण गरी सोका लागि लाग्ने बजेट समेत प्रक्षेपण गरेको छ। योजनाले प्रक्षेपण गरे बमोजिमको बजेट प्राप्त हुन नसक्दा योजनाले निर्धारण गरेका क्रियाकलापहरू सोही रुपमा सम्पन्न हुन सकेका छैनन्।

२. समस्या तथा चुनौती

नेपालको संविधानले न्यायपालिकाको लागि निर्धारित दायित्व निर्वाहका लागि सूचना प्रविधिमैत्री मुद्दा प्रवाह व्यवस्थापन पद्धतिको विकास गरी पद्धतिमा आधारित पारदर्शि र सहभागितामूलक न्यायप्रणाली मार्फत स्वच्छ, निष्पक्ष, सक्षम, छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन गर्नु पर्ने हुन्छ। यसका लागी सूचना प्रविधिमैत्री भौतिक र सेवा प्रवाहका पूर्वाधार र पर्याप्त ज्ञान सिप र क्षमता सहितको दक्ष जनशक्तिको कमी तथा अदालतको कार्यबोझ वृद्धि, निशुल्क कानुनी सेवाको प्रभावकारिता, अन्तरनिकाय र बहुनिकाय विचको समन्वय, रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन, जनशक्ति व्यवस्थापन, न्यायाधीश तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि, न्याय सेवाप्रतिको आकर्षणमा वृद्धि एवम् सेवाग्राहीमैत्री व्यवहार लगायतका विषय न्यायापालिकाका समस्याका रुपमा रहेका छन्। न्यायमा पहुँच अभिबृद्धि गरी मानव अधिकार, मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै कानूनी शासन कायम राख्नु, सम्बन्धित सबै पक्षको सहयोग र समन्वयलाई थप प्रभावकारी बनाउन र आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने जस्ता समस्या तथा चुनौतीहरू रहेका छन्।

३. सोच

स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम र विश्वशनीय न्याय प्रणाली।

४. उद्देश्य

१. न्याय प्रशासनलाई छिटो, छरितो, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी तथा न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, जवाफदेही, पारदर्शी र सूचना प्रविधिमैत्री बनाई सबैका लागि न्याय सुनिश्चित गर्दै न्यायपालिकाप्रतिको जनआस्था र विश्वासमा अभिवृद्धि एवम् न्यायपूर्ण समाज निर्माण गर्नु।

२. नेपालको संविधान, संघीयताको मर्म, नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता अनुरूप सबै पक्षबाट अपनत्व हुने सरल र गुणस्तरीय कानूनको तर्जुमा गर्नु तथा मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै न्यायमा सबैको सहज पहुँच स्थापित गराउनु।

३. न्याय सम्पादनमा क्रियाशील जनशक्तिको क्षमता अभिवृद्धि गर्दै वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणाली विकास गरी पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण एवम् अपराध पीडितलाई न्याय दिई दण्डहीनताको अन्त्य गर्नु।

४. कानूनी शिक्षा र शिक्षण प्रणालीलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा गुणस्तरीय, प्रतिस्पर्धी एवम् समाजको आवश्यकता परिपूर्ति गर्ने गरी विकास गर्नु।

५. रणनीति

१. सूचना प्रविधिमैत्री मुद्दा प्रवाह व्यवस्थापन र स्वचालित फैसला कार्यान्वयन पद्धतिको विकास एवम् न्यायपालिकाको संस्थागत सुदृढीकरण र न्यायिक जनशक्तिको क्षमता विकास गरी न्यायिक प्रक्रियालाई छिटोछरितो, प्रभावकारी, अनुमानयोग्य र सहज पहुँचयुक्त बनाउने।

२. संविधान अनुकूलको कानून निर्माण गर्ने।

३. निःशुल्क कानूनी सहायता सेवालाई सबैको पहुँचयोग्य र प्रभावकारी बनाउने।

४. अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुगत प्रमाणमा आधारित बनाउने तथा संस्थागत सुदृढीकरण गर्ने।

५. न्याय सेवाका कर्मचारी र सरकारी वकिल एवम् स्थानीय न्यायिक समितिका पदाधिकारीको न्याय सम्पादन एवम् मुद्दा व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।

६. पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण तथा मुद्दाका साक्षी र प्रमाणको प्रस्तुतिलाई प्रभावकारी बनाउने।

७. कानूनी शिक्षा र शिक्षण प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र आधुनिक बनाउने।

६. विषयक्षेत्रगत नतिजा सूचक

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	न्यायिक निकायमा दर्ता भएका मुद्दा	संख्या (प्रतिलाख जनसंख्या)	८९६	८६८	८३९	८११	७८८
२	मुद्दा फैसला	प्रतिशत	५६.५	६०	६०	६०	६०
३	फैसला कार्यान्वयन	प्रतिशत	३९	६०	६०	६०	६०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	६७,८१२	४८,३२३	१९,४८९	-	६७,८१२	-	-
२०७८/७९	११७,५७८	५१,३८८	६६,१९०	-	११७,५७८	-	-
२०७९/८०	१४२,३५४	५१,६५२	९०,७०२	-	१४२,३५४	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्टयाई	आगामी तीन बर्षको उपलब्धि
२०४०००० १	सर्वोच्च अदालत	छिटो, छरितो, सर्वसुलभ, निष्पक्ष, प्रभावकारी र उत्तरदायी न्याय प्रशासन। प्रविधिमैत्री न्याय प्रशासन। कानुन परिपालनाको संस्कारमा वृद्धि। न्यायपालिकाको रणनीतिक योजना र सूचना प्रविधि सम्बन्धी गुरुयोजनाको प्रभावकारी कार्यान्वयन।	सालवसाली			स्वतन्त्र, सक्षम एवम् प्रभावकारी न्यायप्रणालीको स्थापना भई कानूनको शासन एवम् नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण हुने। न्याय प्रशासन प्रविधिमैत्री भई छिटो छरितो र थप प्रभावकारी भई जनताको सहज पँहुच एवम् न्यायिक सुशासन कायम हुने। कानुन परिपालनाको संस्कारमा वृद्धि भई जनताका आधारभूत मौलिक हकको संरक्षण र प्रवर्द्धन प्रभावकारी हुने। संस्थागत सुधारको लागि न्यायपालिकाको चौथो पञ्चवर्षिय रणनीतिक योजना र सूचना प्रविधि सम्बन्धी गुरुयोजनाको प्रभावकारी कार्यान्वयन भएको हुने।
२०४०००११	सर्वोच्च अदालत (प्रशासनिक खर्च समेत)	प्रशासनिक कामकारवाहीमा सुशासन।	सालवसाली			सम्पूर्ण अदालतहरूको प्रशासनिक खर्चमा सुशासन कायम भएको हुने। न्यायिक जनशक्तिको क्षमता अभिवृद्धि भएको हुने।
२०४०००१२	मेलमिलाप परिषद	मेलमिलापलाई विवाद समाधानको वैकल्पिक र भरपर्दो उपायको रुपमा विकास।	सालवसाली			मेलमिलाप पद्धति प्रभावकारी भएको हुने। मेलमिलाप विवाद समाधानको वैकल्पिक र भरपर्दो उपायको रुपमा स्थापित भएको हुने।
२०४६१०११	राष्ट्रिय न्यायिक प्रतिष्ठान	क्षमता विकासको लागि तालिम, गोष्ठी, प्रशिक्षण, अनुसन्धान तथा अन्तर्क्रिया सञ्चालन।				न्यायिक जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएको हुने। अध्ययन अनुसन्धानमुलक कार्यमा न्यायिक जनशक्तिको बढि भन्दा बढी सहभागितामा वृद्धि भएको हुने।
२०४९१०११	उच्च अदालतहरू	प्रविधिमैत्री न्याय प्रशासन। कानुन परिपालनाको संस्कारमा वृद्धि।	सालवसाली			सेवा प्रवाहको निश्चित पद्धति एवम् मापदण्डको विकास भई न्यायप्रणाली पूर्ण रुपमा पूर्व अनुमानयोग्य र सहज

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्ट्याई	आगामी तीन बर्षको उपलब्धि
		न्यायपालिकाको रणनीतिक योजना र सूचना प्रविधि सम्बन्धी गुरुयोजनाको प्रभावकारी कार्यान्वयन।				पहुँचयोग्य एवम् जनआस्थामा आधारित हुने। स्वतन्त्र र निष्पक्ष न्यायको प्रत्याभुति हुने। विसंगती र अनियमितताको गुनासो न्यूनीकरण भएको हुने। सरोकारवाला निकायहरू विच समन्वय गरि विभिन्न कार्यक्रमहरू सञ्चालन हुने। दण्ड र पुरस्कार पद्धतिको प्रभावकारी कार्यान्वयन भएको
२०४९२०११	विशेष अदालत	भ्रष्टाचारमुक्त कानुनी राज्य, सुशासन र न्यायपूर्ण समाजको स्थापना।	सालवसाली			विसंगती र अनियमितताको गुनासो न्यूनीकरण भएको हुने।
२०४९३०११	प्रशासकीय अदालत	कर्मचारीहरूको विभागीय कारवाही सम्वन्धी विवादको निरुपण।	सालवसाली			कर्मचारीहरूको विभागीय कारवाही सम्वन्धी विवादहरू समयमै फछर्यौट भएको हुने।
२०४९४०११	श्रम अदालत	श्रम सम्बन्धी विवादको निरुपण।	सालवसाली			श्रम सम्बन्धी विवादको प्रभावकारी रुपमा समाधान भएको हुने।
२०४९५०११	फैसला कार्यान्वयन निर्देशनालय	फैसला कार्यान्वयनलाई प्रभावकारी बनाई न्यायको अनुभुति।	सालवसाली			फैसला कार्यान्वयन पद्धति प्रभावकारी भएको हुने। फैसला कार्यान्वयनका लागि परेका दुनियावादी निवेदनहरू १ वर्ष नाघ्न नदिने। कैद लागेका व्यक्ति पक्राउ बापतको पुरस्कार कार्यक्रम सञ्चालनमा आउने।
२०४९६०११	राजस्व न्यायाधीकरणहरू	कर सम्बन्धी विवादहरूको निरुपण।	सालवसाली			कर सम्बन्धी विवादहरूको समयमा नै फछर्यौट भएको हुने।
२०४९७०११	जिल्ला अदालतहरू	प्रविधिमैत्री न्याय प्रशासन। कानुन परिपालनाको संस्कारमा वृद्धि। न्यायपालिकाको रणनीतिक योजना र सूचना प्रविधि सम्बन्धी गुरुयोजनाको प्रभावकारी कार्यान्वयन।	सालवसाली			सेवा प्रवाहको निश्चित पद्धति एवम् मापदण्डको विकास भई न्यायप्रणाली पूर्ण रुपमा पूर्व अनुमानयोग्य र सहज पहुँचयोग्य एवम् जनआस्थामा आधारित हुने। स्वतन्त्र र निष्पक्ष न्यायको प्रत्याभुति हुने। विसंगती र अनियमितताको गुनासो न्यूनीकरण भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत	पुष्टयाई	आगामी तीन बर्षको उपलब्धि
						सरोकारवाला निकायहरू विच समन्वय गरि बिभिन्न कार्यक्रमहरू सञ्चालन हुने। दण्ड र पुरस्कार पद्धतिको प्रभावकारी कार्यान्वयन भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

स्वतन्त्र, सक्षम, निष्पक्ष र सूचना प्रविधिमैत्री न्यायापालिका स्थापना गर्न नसकिए सम्म नागरिकका मौलिक हक एवं मानव अधिकारको संरक्षण तथा कानूनी शासन, न्यायपूर्ण समाज र स्वतन्त्र, सक्षम एवं प्रभावकारी न्यायपालिकाको स्थापना गर्न सकिँदैन। कानूनको परिपालनाको संस्कारमा बृद्धि गरी सरल, छिटो, निष्पक्ष, अनुमानयोग्य न्यायप्रणालीको विकास भई न्यायपालिकाप्रतिको जनआस्थामा बृद्धि गर्ने लक्ष्य पूरा गर्नका लागि न्यायापालिकाको चौंथो पञ्चबर्षीय रणनीतिक योजनामा प्रक्षेपण गरिएअनुसार श्रोत साधनको उपलब्धता, कानून एवं कार्यविधिगत सुधार, सरोकारवाला निकायहरूसंगको समन्वय र सहयोग, न्यायिक जनशक्तिमा योजनामैत्री सोच र कार्यान्वयनप्रतिको प्रतिबद्धता, संबैधानिक, कानूनी एवं नीतिगत परिवर्तनको प्रभाव, योजनाको प्राथमिकता र लगानी विचको सामञ्जस्यता, योजना कार्यान्वयन संयन्त्र र अनुगमन प्रणाली जस्ता विषयहरूलाई योजना कार्यान्वयनका क्रममा आउने संभावित जोखिमहरू हुन्।

८.५ अख्तियार दुरूपयोग अनुसन्धान आयोग

१. पृष्ठभूमि

नेपालको संविधानले संवैधानिक निकायका रुपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ। सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान तहकिकात गर्ने एवं अनुसन्धानबाट सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा मुद्दा दायर गर्न/गराउन सक्ने संवैधानिक व्यवस्था रहेको छ। सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा संविधानमा उल्लेख छ, जसबाट सुशासन स्थापनाका लागि भ्रष्टाचार नियन्त्रणको महत्व सुस्पष्ट हुन्छ।

नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको पक्ष राष्ट्र समेत बनी सकेको सन्दर्भमा महासन्धिले सिर्जना गरेका दायित्व पूरा गर्नसमेत भ्रष्टाचारको निवारण आवश्यक छ। यसका लागि हालै स्वीकृत गरिएको आयोगको संस्थागत रणनीति (२०७६।७७-२०८०।८१) अनुसार समेत भ्रष्टाचार नियन्त्रणमा क्रियाशील निकायहरूको क्षमता सुदृढीकरण गरी भ्रष्टाचारविरुद्ध दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिहरू एकसाथ प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आईरहेको छ।

२. समस्या तथा चुनौती

भ्रष्टाचारविरुद्ध आवश्यक कानुन संशोधन, परिमार्जन र तर्जुमा प्रक्रियामा ढिलाई हुनु, अनुचित कार्यका विषयमा छानविन गर्ने संवैधानिक अधिकार नरहनाले आयोगको कार्यदायरा संकुचित हुनु, सीमित कार्यक्षेत्र र क्षेत्राधिकार (नेपाली सेना, अदालत, मन्त्रिपरिषदका नीतिगत निर्णय, निजी क्षेत्र तथा गैर सरकारी संस्था) लाई आयोगको क्षेत्राधिकारभित्र समेट्न नसकिनु, विद्यमान कानुनी संरचनाले भ्रष्टाचारका नवीनतम स्वरूप र आयामलाई समेट्न नसक्नु, गैरकानुनी सम्पत्ति आर्जनलगायत केही मुद्दामा सफलताको दर न्यून हुनु, समस्याका रुपमा रहेका छन् । त्यस्तै अभिलेख तथा सूचना व्यवस्थापन प्रणाली कमजोर रहनु, आयोगका सुझाव तथा निर्णयहरूको कार्यान्वयन पक्ष कमजोर रहनु, अनुगमन र मूल्यांकन प्रणाली प्रभावकारी हुन नसक्नु, सूचना प्रविधिको प्रयोगमा न्यूनता हुनु, पर्याप्त अध्ययन, अनुसन्धान हुन नसक्नु, निरन्तर सुधार विधि अवलम्बन हुन नसक्नु, विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय र सामञ्जस्यको कमी हुनु समेत भ्रष्टाचार नियन्त्रण कार्यमा समस्याका रुपमा रहेका छन्।

समाजमा नैतिक मूल्य मान्यताको विकास गरी भ्रष्टाचारलाई समाजिक अपराधको रुपमा स्थापित गर्नु, सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गरी सुशासनको प्रत्याभुति दिनु, भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक प्रतिवद्धतालाई कार्यान्वयनमा उतार्नु, प्रविधिको विकाससँगै वढेको भ्रष्टाचारजन्य अपराधसम्बन्धी अनुसन्धान र तहकिकात गर्ने क्षमता विकास गर्नु चुनौतीका रूपमा रहेका छन्।

३. सोच

सदाचारयुक्त समाजको निर्माण।

४. उद्देश्य

भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी मर्यादित एवम् स्वच्छ समाज निर्माण गर्ने।

५. रणनीति

१. विद्यमान नीति तथा कानूनमा समयानुकूल परिमार्जन तथा कार्यान्वयन गर्ने।

२. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता सहित सदाचारयुक्त समाज निर्माण गर्ने।

३. भ्रष्टाचार विरुद्धका चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक काम कारवाहीलाई प्रभावकारी बनाउने।

४. सार्वजनिक सेवामा लाग्ने खर्च, समायवधि तथा प्रक्रिया एवम् कार्यविधिको सम्बन्धमा स्पष्टता ल्याई सार्वजनिक सेवालाई जवाफदेही एवम् पारदर्शी बनाउने।

५. सार्वजनिक, निजी, गैरसरकारी, सहकारी, बैंकिङ क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजी क्षेत्रको सेवा प्रवाहलाई गुणस्तरीय एवम् सेवामूलक बनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र स	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानि उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकांक	सूचकांक	३४	३४	३६	३८	४०
२	भ्रष्टाचार नियन्त्रण	सूचकाङ्क	-०.६७	-०.३७	०.००	०.३५	०.७०
३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ता गरेका मुद्दामा सफलता	प्रतिशत	७५	७६	७७	७८	७९
४	अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त उजुरीको फछ्यौंट	प्रतिशत	७१	७३	७५	७६	७७
५	अख्तियार दुरुपयोग अनुसन्धान क्षमता विकास	जना प्रति वर्ष	३४२	३५०	३५०	३५०	३५०

७. आगामी तीन वर्षको स्रोत अनुमान तथा प्रक्षेपण

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१३,३०४	९,५०५	३,७९९	-	१३,३०४	-	-
२०७८/७९	१४,०९६	१०,०६९	४,०२७	-	१४,०९६	-	-
२०७९/८०	१४,९९१	१०,६६८	४,३२३	-	१४,९९१	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं	कार्यक्रम/ आयोजना	उद्देश्य	अवधि (सुरु र समाप्ति)	लागत (रू.लाख)	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
२०६००००१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग					
२०६०००११	अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)	भ्रष्टाचारजन्य कार्य नियन्त्रण	सालवसाली			बर्दिवास, पोखरा र सुर्खेतमा भवन निर्माण भएको हुने। नेपालगञ्ज र इटहरी इन्जिनियरिङ ल्याब जडान भएको हुने। उजुरी फछर्यौटको प्रतिशत वृद्धि भएको हुने मुद्दामा सफलताको दर बढेको हुने भ्रष्टाचार अनुभूति न्यूनीकरण सूचकांकमा सुधार भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

आगामी तीन आर्थिक वर्षमा आयोगको भवन निर्माण कार्य सम्पन्न हुने र संस्थागत सुदृढीकरण एवम् क्षमता अभिवृद्धि भई भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजनमा थप प्रभावकारी हुनेछ। निरोधात्मक, प्रवर्द्धनात्मक कार्यक्रममा सबै सरोकारवालाको सहयोग, सहभागिता र सहकार्य प्राप्त भएमा भ्रष्टाचार विरुद्धमा आम जनतामा सचेतना अभिवृद्धि भई भ्रष्टाचार न्यूनीकरण हुने अनुमान लिइएको छ। आयोगको भवन निर्माण कार्यमा अवरोध भएमा, संगठन संरचना र दरबन्दी अनुरूपको कर्मचारीको पदपूर्ति नभएमा तथा सबै सरोकारवालाको सहयोग, सहभागीता र सहकार्य प्राप्त गर्न कठिनाई भएमा आयोगको अपेक्षित उपलब्धि प्राप्त नहुने जोखिम रहन्छ।

८.६ महालेखापरीक्षकको कार्यालय

१. पृष्ठभूमि

संविधानको भाग २२ मा नेपालमा एक महालेखा परीक्षक हुने व्यवस्था रहेको छ। संविधानको धारा २४१ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ। महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत उक्त प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने साथै संसद र सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ।

२. समस्या तथा चुनौती

सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु, पारदर्शिता र जवाफदेहिताको प्रणाली पूर्ण रूपमा विकास भइनसक्नु, विभिन्न तहबीच पर्याप्त समन्वय हुन नसक्नु, सुशासन र सार्वजनिक उत्तरदायित्व अपेक्षित रूपमा वहन हुन नसक्नु प्रमुख समस्या रहेका छन्।

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न आवश्यक स्रोत साधनमा कमी हुनु, विद्यमान संगठन संरचना अनुसार विभिन्न विषय विज्ञ कर्मचारीको परिचालन व्यवस्था तथा वृत्ति विकासका लागि दीर्घकालीन जनशक्ति योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु लेखा परीक्षणका क्रममा औल्याइएका बेरुजु प्रभावकारी रूपमा फछ्यौंट गर्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन्।

३. सोच

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्थाको रुपमा स्थापित।

४. उद्देश्य

सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन तथा उपयोगको लागि राष्ट्रलाई गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्नु।

५. रणनीति

१. सार्वजनिक निकायका पदाधिकारीलाई बढी भन्दा बढी जवाफदेही बनाइ राजश्व परिचालन, आर्थिक अनुशासन तथा सार्वजनिक खर्च व्यवस्थापनमा सुधार गर्ने तर्फ संगठनलाई उन्मुख बनाउने।

२. संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप बनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/ ७९	२०७९/८०
१	स्थानीय निकाय लेखापरीक्षण नीति तयार गरी लेखापरीक्षण कार्यान्वयन	प्रतिशत	१००	१००	१००	१००	१००
२	वित्तीय लेखापरीक्षण सम्बन्धी प्रशिक्षक तालिम	जना	-	१२०	१२०	१२०	१२०

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/ ७९	२०७९/८०
३	वित्तीय लेखापरीक्षण सम्बन्धी तालिम	जना	३००	५१३	५१३	५१३	५१३
४	कार्यमूलक लेखापरीक्षण तालिम	जना	६०	६०	६०	६०	६०
५	लेखापरीक्षणको प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन	गोटा	१	१	१	१	१
६	लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा गुणस्तर आश्वस्तता सम्बन्धी तालिम	जना	१५०	१५०	१५०	१५०	१५०
७	कुल खर्चमा बेरुजुको अंश	प्रतिशत	१३	-	१०	८	७
८	राजस्व वक्यौता (कुल राजस्वको अनुपातमा)	प्रतिशत	११.६	-	९	८	६
९	कुल बेरुजुमा संपरिक्षणको अनुपात	प्रतिशत	४.४	-	१३	१७	२१
१०	बेरुजु अध्ययन तथा अनुसन्धान (वार्षिक)	संख्या	१०	-	१०	१५	१५

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	६,२३२	४,८५९	१,३७३	-	६,२३२	-	-
२०७८/७९	६,६०४	५,१४९	१,४५५	-	६,६०४	-	-
२०७९/८०	६,९९९	५,४५६	१,५४३	-	६,९९९	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	तीन वर्षको अपेक्षित उपलब्धि
२०८००००१	महालेखा परीक्षकको कार्यालय					लेखापरीक्षण नीति तयार भएको हुने। क्षमता विकासका विभिन्न तालमहरू संचालन भएको हुने। वित्तीय सुशासन कायम भएकोहुने। कुल खर्चमा बेरुजुको अंश घटेको हुने।
२०८००००११	महालेखा परीक्षकको कार्यालय(प्रशासनिक खर्च समेत)	क्षमता विकास				

९. जोखिम पक्ष तथा अनुमान

नयाँ संगठन संरचना अनुसार विभिन्न विषय विज्ञ कर्मचारीको परिचालन गरी गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न कठिनाइ हुनुका साथै बजेटको सैद्धान्तिक आधार विपरित खर्च गर्ने परिपाटीले गुणस्तरीय लेखापरीक्षण गर्ने कार्य जोखिममा पर्ने अवस्था रहन्छ।

८.७ लोक सेवा आयोग

१. पृष्ठभूमि

निजामती सेवाको पदका साथै सुरक्षा निकाय र संगठित संस्थाहरूका लागि योग्य उम्मेदवार छनौट गरी विभिन्न पदहरूमा नियुक्तिको लागि सिफारिश गर्न संवैधानिक अंगको रुपमा लोक सेवा आयोगको महत्वपूर्ण स्थान रहँदै आएको छ। आयोगको मुख्या उद्देश्य निष्पक्ष रुपमा सेवाका लागि गुण्स्तरीय उम्मेदवार छनौट गर्नु रहेको छ। साथै संविधानमा उल्लेखित समानताको हकलाई व्यवहारमा उतार्न उत्कृष्टता, निष्पक्षताप्रति समर्पित रही योग्यता प्रणालीलाई आफ्नो मुख्य आदर्श मान्दै यसको संरक्षण गर्ने मुख्य अभिभारा लिएको छ। निजामती सेवाका कर्मचारीहरूको सुरक्षा र प्रतिरक्षाका लागि दरिलो आधार स्तम्भका रुपमा रहेको छ।

२. समस्या तथा चुनौती

विभिन्न विज्ञापनहरूमा परीक्षार्थीहरूको दरखास्त संख्यामा अत्यधिक वृद्धिको कारण परीक्षा सञ्चालन लगायत खर्चमा अत्यधिक वृद्धि भएकोले बजेटको अभाव हुनु, कम्प्युटर सीप परीक्षणको पाठ्यक्रम अनुसार केन्द्र, क्षेत्र तथा अञ्चल कार्यालयहरूमा कम्प्युटर ल्याब स्थापना हुन नसक्नु, भौतिक स्रोत साधनको कमी हुनु, सुरक्षा निकाय तथा संगठित संघ संस्थानहरूको परीक्षा सञ्चालनलाई प्रभावकारी बनाउनु, आयोगले दिएका परामर्शहरू प्रभावकारी रुपमा कार्यान्वयन हुने वातारण तयार गर्नु, प्रदेश लोक सेवा आयोग सम्बन्धी आधार, मापदण्ड तथा नमूना कानुनको तर्जुमा गर्नु र प्रदेश लोक सेवा आयोगको सबलीकरण एवं पद्धति विकास गर्नु जस्ता समस्या तथा चुनौती रहेका छन्।

३. सोच

निजामती सेवाको पदका साथै विभिन्न सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, राष्ट्रिय अनुसन्धान विभाग) अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा छनौट गर्ने कार्यलाई निष्पक्ष छिटो, छरितो र विश्वसनीय, पारदर्शी एवम् आयोगबाट दिने परामर्शमा गुणस्तरीयता र प्रभावकारिता।

४. उद्देश्य

१. संविधान उल्लेखित समानताको हकलाई व्यवहारमा उतार्न उत्कृष्टता र निष्पक्षता प्रति समर्पित रहनु।

२. निजामती सेवा लगायत विभिन्न सुरक्षा निकाय र अन्य संगठित संस्थाहरूको पदमा उम्मेदवार छनौट गर्ने कार्यलाई निष्पक्ष, छिटो, छरितो र विश्वसनीय बनाउनु।

३. निजामती कर्मचारीहरूको सुरक्षा र प्रतिरक्षाको लागि दरिलो माध्यम बन्नु।

४. सेवामा कार्यरत कर्मचारीहरूलाई स्वच्छाचारी रुपमा हटाउन वा कारवाही गर्नबाट जोगाउन संरक्षकत्वको भूमिका निर्वाह गर्नु।

५. रणनीति

१. स्वच्छताको सिद्धान्तमा आधारित भई कार्यहरू सम्पादन गर्ने।

२. निष्पक्षताको सिद्धान्तमा आधारित भई निर्णय लिने।

३. समान अवसरको सिद्धान्तमा आधारित रही परीक्षा सञ्चालन गराउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.स.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	सार्वजनिक सेवामा महिला प्रतिनिधित्व	प्रतिशत	२४.७	२६	२८	३०	३२
२	भवन निर्माण	संख्या	२	२	२	१	१
३	कर्मचारी क्षमता अभिवृद्धि तालिम	पटक	७	६	८	२०	३०
४	पाठ्यक्रम निर्माण	संख्या	१०	३०	१५	१८	२२

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	९,१२६	८,९०४	२२२	-	९,१२६	-	-
२०७८/७९	९,८६०	९,४३४	४२६	-	९,८६०	-	-
२०७९/८०	१०,४४२	९,९९५	४४७	-	१०,४४२	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत रू लाख	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
२१०००००१	लोक सेवा आयोग	संवैधानिक निकायको हैसियतले कार्य सम्पादन	सालवसाली			अनुगमन मूल्यांकनको कार्य भएको हुने।
२१०००११	लोक सेवा आयोग (प्रशासनिक खर्च समेत)	स्वीकृत बार्षिक कार्यतालिका अनुसार परीक्षा सञ्चालन देखि सिफारिश	सालवसाली			विभिन्न सेवा समूहहरूको पाठ्यक्रम निर्माण भएको हुने। दक्ष जनशक्ति उत्पादन भएको हुने। वार्षिक नियमित रुपमा संचालन हुने कार्यक्रम सम्पन्न भएको हुने।

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत रू लाख	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धि सूचक
२१०९१०११	लोक सेवा आयोग, कार्यालयहरू	स्वीकृत बार्षिक कार्यतालिका अनुसार परीक्षा सञ्चालन देखि सिफारिश	सालवसाली			जलेश्वर र दाङमा भवन निर्माण भएको हुने। वार्षिक नियमित रुपमा संचालन हुने कार्यक्रम सम्पन्न भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

लोक सेवा आयोगबाट सञ्चालन हुने परीक्षा समयमै सञ्चालन हुन नसकेमा तथा भौगोलिक दृष्टिले विकट स्थानका योग्यता पुगेका नागरिकसम्म परीक्षा प्रणालीको पहुँच पुग्न नसकेमा आयोगले लिएको उद्देश्य पुरा गर्न कठिन हुने देखिन्छ।

८.८ निर्वाचन आयोग

१. पृष्ठभूमि

निर्वाचनका माध्यमबाट तीनै तहका कार्यपालिका र व्यवस्थापिका निर्माण भई संविधानको प्रावधान बमोजिम देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गराउनमा निर्वाचनले उल्लेख्य योगदान पुऱ्याएको छ। निर्वाचन आयोगले संघीय कानूनहरूको परिधिभित्र रही २०७४ सालमा राष्ट्रपति, उपराराष्ट्रपति संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनहरू स्वतन्त्र एवं निष्पक्ष रुपमा सफलता पूर्वक सम्पन्न गरेको छ। समावेशी र समानुपातिक रुपमा विभिन्न क्षेत्र, वर्ग, लिङ्ग, समुदाय, धर्म, जातजाति समेटिने गरी जम्मा ३५,९२७ जना जनप्रतिनिधिहरू जनताद्वारा निर्वाचित भई लोकतान्त्रिक अधिकारको अभ्यासको थालनी भएकोछ। निर्वाचन शिक्षाका माध्यमबाट मतदातालाई जनचेतनामूलक कार्यक्रमका माध्यमबाट सुसूचित गर्दै निर्वाचनमा सम्पूर्ण मतदाताको अर्थपूर्ण सहभागितालाई सुनिश्चतता गर्न आवश्यक छ। निर्वाचन व्यवस्थापन र सञ्चालनको वर्तमान पद्धतिमा समय सापेक्ष सुधार गर्दै भविस्यमा हुने आवधिक निर्वाचनमा गुणस्तरीय प्रविधिलाई समेत आत्मसात गरी प्रयोगमा ल्याउन जरुरी भैसकेको छ।

२. समस्या तथा चुनौती

आयोगको संस्थागत स्मरणलाई मजबूत गराउन नसक्नु, अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ नतिजामा आधारित र विश्वसनीय बनाउन नसक्नु, मतदाता परिचय पत्रलाई स्थायी प्रकृतिको बनाउन नसक्नु, आयोग र अन्तर्गत कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा स्थायित्व कायम गर्न नसक्नु, जिल्ला निर्वाचन कार्यालयहरूको भवन निर्माण गर्ने कार्य प्रभावकारी हुन नसक्नु, जिन्सी सामग्री तथा उपकरणको प्रभावकारी व्यवस्थापन गर्न कठिन हुनु, पर्याप्त स्रोत साधन उपलब्ध नहुनु जस्ता समस्या रहेका छन्। मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य थप प्रभावकारी बनाउने, विदेशमा रहेको मतदाताहरूको नाम दर्ता गरी निर्वाचनमा सहभागी गराउने, निर्वाचन व्यवस्थापनमा नवीन प्रविधिको प्रयोग गर्ने तथा सो लाई निरन्तरता दिने, राजनीतिक दलको नियमन तथा व्यवस्थापन जस्ता विषयहरू चुनौतिको रुपमा रहेका छन्।

३. सोच

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनको सञ्चालन एवम् व्यवस्थापन।

४. उद्देश्य

१. निर्वाचन सम्बन्धी ऐन, नियम, कार्यविधि र निर्देशिकामा समसामयिक सुधार एवम् निर्वाचन चक्रका सम्पूर्ण क्रियाकलापलाई प्रविधियुक्त र मितव्ययी बनाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, विश्वसनीय एवम् भयरहित निर्वाचन प्रणालीको माध्यमबाट नागरिकको मताधिकारको सुनिश्चितता गर्दै लोकतन्त्रको संस्थागत विकासमा योगदान गर्नु।

२. सरोकारवालाहरू बीचको आपसी सम्बन्धलाई समन्वयात्मक, सहयोगात्मक र सुदृढ बनाउँदै निर्वाचन कार्यक्रम र प्रक्रियामा महसुस हुने गरी सुधार गर्दै लैजानु।

३. निर्वाचन शिक्षा मार्फत मतदातालाई सशक्तीकरण गरी निर्वाचनलाई बढीभन्दा बढी सहभागितामूलक बनाउनु।

५. रणनीति

१. निर्वाचन सम्बन्धी कानुनमा थप परिमार्जन तथा परिष्कृत गर्दै नीतिगत सुधार गर्ने।

२. प्रभावकारी निर्वाचन शिक्षा सञ्चालन तथा नवीनतम प्रविधिको उच्चतम प्रयोग गरी मतदाता नामावली दर्ता, अद्यावधिक, मतदान र मतगणना गर्ने।

३. सबै राजनीतिक दल, सरोकारवाला र सुरक्षा निकायबीचको आपसी समन्वयबाट विश्वासिलो वातावरण सिर्जना गरी निर्वाचन सुरक्षालाई मजबुत र भरपर्दो बनाउने।

४. निर्वाचन आयोगको संस्थागत सुदृढीकरण गर्ने।

६. विषयक्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	निर्वाचनमा मतदाताको सहभागिता	प्रतिशत	६८.६७	६८.६७	६८.६७	६८.६७	७२
२	कुल खसेको मतमा बदर मतको अनुपात	प्रतिशत	४.२३	४.२३	४.२३	३.२१	१.१४
	संघीय संसद	प्रतिशत	५.१७	५.१७	५.१७	५.१७	१
	प्रदेश संसद	प्रतिशत	४.२६	४.२६	४.२६	४.२६	१
	स्थानीय तह	प्रतिशत	३.४४	३.४४	३.४४	१.५	१.५
३	महिला प्रतिनिधित्व						
	संघीय संसद	प्रतिशत	३२.७२	३२.७२	३२.७२	३२.७२	४०
	प्रदेश सभा	प्रतिशत	३४.३६	३४.३६	३४.३६	३४.३६	४०
	स्थानीय तह	प्रतिशत	४०.७५	४०.७५	४०.७५	४१	४१
४	प्रति मतदाता निर्वाचन व्यवस्थापन खर्च	रूपैंया	५०६	५०६	५०६	५०६	५००
५	मतदाता नामावली संकलन र दर्ता (अद्यावधिक)	जना लाख	५	६	६	७	५
६	निर्वाचन शिक्षा सम्बन्धी प्रशिक्षण	जना	३५००	४०००	४५००	५०००	५५००
७	कर्मचारीको क्षमता विकास तालिम (ब्रिज समेत)	जना	३५०	३८०	४५०	५२०	५४०
८	सामाजिक शिक्षा अध्यापन गर्ने शिक्षकको प्रशिक्षण	जना	१६८	४५०	५००	५५०	६००

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	४,८०१	४,४३५	३६६	-	४,८०१	-	-
२०७८/७९	५,२४३	४,७२८	५१५	-	५,२४३	-	-
२०७९/८०	५,५५३	५,००८	५४६	-	५,५५३	-	-

८. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत रु. लाखमा	पुष्ट्याई	आगामी तीन बर्षको उपलब्धि सूचक
२१२०००० १	निर्वाचन आयोग	नियमित कार्य	सालवसाली			
२१२०००११	निर्वाचन आयोग (प्रशासनिक खर्च समेत)	नियमित कार्य	सालवसाली			आगामी आवधिक निर्वाचन सम्पन्न भएको हुने।
२१२०००१२	मतदाता नामावली अद्यावधिक संकलन परिचयपत्र समेत	मतदाता नामावली संकलन तथा अद्यावधिक	सालवसाली			मतदाता नामावली संकलन तथा अद्यावधिक भएको हुने।
२१२९१०११	निर्वाचन कार्यालयहरू (प्रशासनिक खर्च समेत)	नियमित कार्य	सालवसाली			आगामी आवधिक निर्वाचन सम्पन्न भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

मतदाता नामावली दर्ता, मतदान, मतगणना लगायतका निर्वाचन सम्बन्धी क्रियाकलापमा प्रविधिको प्रयोग, सरोकारवालाबाट निर्वाचन आचार संहिताको पूर्ण परिपालना एवम् आवश्यक पूर्वाधार निर्माण हुन नसकेमा आयोगले लक्ष्य अनुसारको काम गर्न नसक्ने जोखिम देखिन्छ।

८.९ राष्ट्रिय मानव अधिकार आयोग

१. पृष्ठभूमि

मानव अधिकारको संरक्षण, संवर्धन र सम्मानको लागि नेपालको संविधानले संवैधानिक निकायको रुपमा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरेको छ। मानव अधिकार सम्बन्धि धारा २४९ मा मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यन्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुने उल्लेख छ। आयोगले संविधान र ऐनमा उल्लेखित कार्यदिशभित्र रहि आफ्ना गतिविधिलाई नियमित गर्दै आएको छ। नेपालले मानव अधिकारको सम्मान संरक्षण र प्रवर्धनमा निरन्तर अन्तर्राष्ट्रिय प्रतिवद्धता जनाउँदै कार्यान्वयनका लागि संवैधानिक, कानुनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ।

२. समस्या तथा चुनौती

समाजमा अझैपनि भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा जस्ता कुप्रथा कायम रहनु, आयोगका सिफारिस प्रभावकारी रुपमा कार्यान्वयन नहुनु, राजनीतिक सामाजिक एवम् मानव अधिकारको आधारभूत ज्ञान, मूल्य मान्यता र संस्कारको पद्धति स्थापित हुन नसक्नु जस्ता विषयहरू मानव अधिकारको प्रत्याभूतिका लागि प्रमुख समस्याको रुपमा रहेका छन्।

मानव अधिकार प्रतिको सचेतनामा अभिवृद्धी भएको भएतापनि सेवाग्राही नागरिक अधिकारका वाहक हुन भने मानव अधिकार संस्कृतिको विकास गराउनु, पुरातन वा, संरचनागत रुपमा रहेको रुढीवादी मानसिकता तथा सामाजिक विभेदलाई अन्त्य गर्नु र दण्डहिनतालाई अन्त्य गर्नु प्रमुख चुनौतीको रुपमा रहेका छन्।

३. सोच

समावेशी, मर्यादित, समतामूलक र स्वअनुशासित समाज निर्माण।

४. उद्देश्य

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नु।

२. सिमान्तीकृत, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार सुनिश्चित गर्नु।

३. मानव अधिकार प्रवर्द्धनको सदृढीकरण एवम् मानव अधिकारमैत्री शासन पद्धतिको विस्तार गर्नु।

५. रणनीति

१. मौलिक हक कार्यान्वयन गर्न निर्माण भएका कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

२. समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने।

३. मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने।

४. मानव अधिकार संस्कृतिको विकास गरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिबद्धताबाट सिर्जित दायित्व कार्यान्वयन गर्ने।

५. तीन तहका सरकारबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा मानव अधिकारमुखी पद्धति अपनाउने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानि उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	अनुसन्धान	मिसन	६०	८०	१२०	१००	१०५
२	अनुगमन	संख्या	३००	८५	१३०	२००	२२५
३	प्रवर्द्धन	संख्या	३३०	१५०	१६०	३५०	३७०
४	मानव अधिकार उल्लङ्घनका घट्नाको उजुरी फर्छ्यौट	प्रतिशत	-	-	८३	८७	९३

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	२,५७५	२,५४०	३५	-	२,५७५	-	-
२०७८/७९	२,७२५	२,६८८	३७	-	२,७२५	-	-
२०७९/८०	२,९७१	२,९३२	३९	-	२,९७१	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धी सूचक
२१४००००१	राष्ट्रिय मानव अधिकार आयोग	मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता	सालबसाली			आयोगको सिफारिस कार्यान्वयनमा वृद्धि भएको हुने।
२१४००००११	राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)		सालबसाली			

९. जोखिम पक्ष तथा अनुमान

आयोगमा उपलब्ध भौतिक तथा मानव स्रोत साधनको कमी, मानव अधिकार सम्बन्धी सूचना, ज्ञान र जानकारी आम नागरिक र सबै निकायका अधिकारीसम्म पुऱ्याई सचेत नबनाउँदा सम्म मानव अधिकारको संरक्षण गर्ने कार्य जोखिमपूर्ण हुन सक्छ।

८.१० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

१. पृष्ठभूमि

संघीय शासन प्रणालीमा तीन तहका सरकारहरूबीच गरिएको राज्यशक्तिको बाँडफाँटलाई वास्तविक अर्थमा कार्यान्वयन गर्नका लागि देशमा उपलब्ध प्राकृतिक एवम् वित्तीय स्रोतहरूको न्यायोचित वितरण सुनिश्चित गर्न नेपालको संविधानको भाग-२६, धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ। मूलतः यस आयोगले संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच हुने राजस्वको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा आन्तरिक ऋण र प्राकृतिक स्रोतको रोयल्टी बाँटफाँटका सम्बन्धमा सिफारीस गर्ने कार्य गर्दछ। त्यस्तै, नेपाल सरकार, प्रदेश र स्थानीय तहले राजस्व असुलीमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने, प्राकृतिक स्रोतको परिचालनमा तीन तहका सरकारले गर्ने लगानीको हिस्सा निर्धारण गरी सिफारिस गर्ने, प्राकृतिक स्रोत परिचालनमा सरकारहरूबीच हुन सक्ने सम्भावित विवाद निरुपणमा भुमिका निर्वाह गर्ने तथा प्राकृतिक स्रोत परिचालन र बाँडफाँटबाट वातावरणमा पर्ने असरका सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने आयोगको संवैधानिक जिम्मेवारी रहेको छ।

२. समस्या तथा चुनौती

अन्तर-सरकारी वित्त व्यवस्थापन तथा प्राकृतिक स्रोतको परिचालनमा प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पहिचान गर्न तिनले गर्नुपर्ने कार्यहरूको लागत विश्लेषण गर्नका लागि राष्ट्रिय लक्ष्य र मापदण्ड यकिन नहुनु, प्रदेश र स्थानीय तहलाई राजस्व अधिकार भएतापनि तिनको वास्तविक राजस्व क्षमता पहिचान नहुनु, प्रदेश र स्थानीय तहको अभिलेख र प्रतिवेदन प्रणाली व्यवस्थित नहुँदा स्थानीय तहसम्मको खण्डीकृत तथ्याङ्क नहुनु, प्रदेश र स्थानीय तहमा वित्त व्यवस्थापनसम्बन्धी क्षमता कमजोर रहनु, प्राकृतिक स्रोत परिचालन र यसको प्रतिफलको बाँडफाँटमा सरकारका तह र स्थानीय समुदायलाई बाँडफाँट गर्नका लागि एकिकृत संघीय कानुनको अभाव रहनु जस्ता समस्या रहेका छन्।

तीनै तहले संविधानप्रदत्त कार्य जिम्मेवारी पूरा गर्न आवश्यक स्रोतको पहिचान गरी व्यवस्थापन गर्ने, प्रदेश र स्थानीय तहको तथ्याङ्कलाई थप विश्वसनीय र भरपर्दो बनाउने, विभिन्न प्रकारका वित्तीय हस्तान्तरणको उपयोग तत् तत् प्रयोजनका लागि हुने सुनिश्चित गर्ने, खर्च र स्रोतको उपयोग सम्बन्धमा प्रदेश र स्थानीय तहको क्षमता विकास गर्ने जस्ता चुनौतीहरू हुन्।

३. सोच

वित्तीय संघीयता मार्फत समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण।

४. उद्देश्य

१. संघ, प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता सम्बोधन हुने गरी न्यायोचित, सन्तुलित र परिपूरक रूपमा स्रोत उपलब्ध गराउनु।

२. तीन तहको वित्तीय आधार (Fiscal Space) वृद्धि गर्नु।

५. रणनीति

१. तीन तहका एकल तथा साझा कार्य जिम्मेवारीहरू सामञ्जस्यपूर्ण ढङ्गबाट पूरा गर्न स्रोत व्यवस्थापन गर्ने।

२. अन्तर-सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउने।

३. संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने।

४. संघ, प्रदेश र स्थानीय तहमा वित्तीय सुशासन कायम गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	संघीय विभाज्य कोषबाट प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँड (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)		२.७	_	२.८	२.९	२.९
२	अन्तरक्रिया कार्यक्रम	वटा	१८	१५	१५	१५	१५
३	अध्ययन कार्यक्रम	संख्या	७	५	५	६	६
४	प्रदेश तथा स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रम	संख्या	१६	१७	१७	१७	१७
५	कर्मचारी क्षमता अभिवृद्धि		-	५	५	७	८

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक बर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	८८०	८५३	२७	-	८८०	-	-
२०७८/७९	९२८	८९९	२९	-	९२८	-	-
२०७९/८०	९७८	९४८	३०	-	९७८	-	-

८. कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत रू. लाख	पुष्ट्याई	आगामी तीन वर्षको उपलब्धी सूचक
२२०००००१	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	संवैधानिक कार्य जिम्मेवारी पूरा गर्ने।	सालबसाली			तीन तहका सरकारलाई आवश्यक सिफारिस गरिने
२२०००११	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	अध्ययन अनुसन्धान र परामर्श गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई राजस्व बाँडफाँट अन्तर-सरकारी वित्त हस्तान्तरण, प्राकृतिक स्रोत परिचालन सम्बन्धी सिफारिस	सालबसाली			अध्ययन अनुसन्धान तथा परामर्शका आधारमा वित्तीय हस्तान्तरण सम्बन्धी सिफारिस पारदर्शि, सन्तुलित र न्यायोचित तबरले भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका काम कारवाही प्रदेश तथा स्थानीय तहको वित्तीय तथ्याङ्कमा भरपर्ने हुनाले तथ्याङ्कको भरपर्दो स्रोत अपरिहार्य छ। समयमै पर्याप्त र सही तथ्याङ्क प्राप्त नहुँदा वैकल्पिक सूचक (Proxy Indicators) का आधारमा समानीकरण अनुदान तथा राजस्व बाँडफाँट गर्नुपर्ने जोखिम हुनेछ। स्थानीय तह र प्रदेशको वित्तीय पक्षलाई यथार्थ रुपमा प्रस्तुत गर्न सक्ने तथ्याङ्क स्रोत निर्माणका क्रममा मानवीय तथा प्राविधिक त्रुटि हुन सक्ने जोखिम रहेको छ। त्यसैगरी प्राकृतिक स्रोतको अवस्थिति, परिचालनको विद्यमान अवस्था र प्राकृतिक स्रोत माथिको स्थानीय निर्भरतालाई यथार्थ रुपमा पहिचान गर्न नसकिएमा त्यसबाट विवाद हुने सम्भावना रहन्छ। प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटमा लाभग्राही स्थानीय तह पहिचानमा समेत गहिरो अध्ययन र विश्लेषणको आवश्यकता छ।

८.११ राष्ट्रिय महिला आयोग

१. पृष्ठभूमि

महिलाहरूको हकहितको संरक्षण तथा सम्बर्द्धन गर्न र महिलाहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्न तत्कालिन मन्त्री परिषदको कार्यकारिणी आदेशानुसार वि. स. २०५८ मा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो। नेपालको संविधानले लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रमको अनुगमन गर्ने, महिला हिंसा लगायतका महिला सम्बन्धी मुद्धाहरूको बारेमा सरकारलाई राय सुझाव दिने, सो संग सम्बन्धीत कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी भविष्यमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धीत निकायलाई सिफारिस गर्ने, महिलाको हकहित सँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतका दायित्व कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने गरी यस आयोगको काम कर्तव्य निर्धारण गरेको छ। संविधानले अङ्गिकार गरे अनुसार महिलालाई विना भेदभाव सम्पूर्ण अधिकारको प्रत्याभूति सहित सारभूत लैङ्गिक समानताका लागि ठोस पहलहरू गर्न आवश्यक छ। संवृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अकांक्षा हासिल गर्न आम महिलाहरूको समान सहभागिता, सिर्जनशील योगदान र अग्रपङ्क्तीय नेतृत्व अपरिहार्य छ। वर्तमान संघीय शासन प्रणालीमा महिला अधिकारका समस्त विषयहरूको सम्बोधनका लागि तीनै तहका सरकारवीच सहकार्य, समन्वय र अन्तरसम्बन्ध स्थापित गरी एकीकृत रुपमा प्रचार गर्न अत्यन्त जरुरी छ।

संविधान तथा ऐन कानूनमा उल्लेखित महिलाका अधिकारहरू व्यवहारमा कार्यान्वयनमा ल्याउन लैङ्गिक समानता र महिला सशक्तिकरणका लागी केन्द्र देखि समुदायतहसम्म विशेष पहल हुन जरुरी देखिएको सन्दर्भमा आयोगले लैङ्गिक समानता तथा महिला सशक्तीकरणका विषयमा नेपाल पक्ष भएको अन्तरराष्ट्रिय सन्धि/सम्झौताको कार्यान्वन अवस्थाको अनुगमनका साथै महिला हिंसा सम्बन्धी उजुरीको लागि चौविसै घण्टा फोन गर्न मिल्ने ११४५ हेल्पलाइन सेवा, जनचेतनामूलक कार्यक्रम तथा समसामियक विषयमा अध्ययन अनुसन्धान तथा सिफारिसका कार्यक्रम संचालन गर्दै आएको छ। नेपालको संविधान एवं राष्ट्रिय महिला आयोग एन २०७४ ले आयोगलाई तोकेको जिम्मेवारी तथा दिगो विकासका लक्ष र पन्ध्रौं योजनामा तोकिएका लक्ष्य अनुसार नै आगामी दिनका कार्यक्रमहरू केन्द्रित गरिएका छन्।

२. समस्या र चुनौती

समाजमा रहेको लैङ्गिक विभेदका कारण श्रोत र साधन माथि महिलाको पहुँच पुग्न नसक्नु; महिलाको आर्थिक परनिर्भरताको कारण घरेलु हिंसा तथा महिला हिंसामा बढोत्तरी हुनु र महिलालाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन हुन नसक्नुका कारणले महिला सशक्तीरणमा उल्लेख्य नतीजा हाँसिल हुन सकेको छैन। नेपाल सरकारले जनाएका अन्तर्राष्ट्रिय प्रतिवद्धता, नेपालको संविधान तथा विद्यमान ऐन, कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु;सविधानमा संघ प्रदेश र स्थानीयतहको एकल तथा साझा अधिकार सूचीमा लैङ्गिक समानता र महिला सशक्तीकरणको विषय उल्लेख नै नहुनु; स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वडाका कार्यहरूमा मात्र महिला तथा बालबालिका सम्बन्धि जिम्मेवारी सीमित हुनु; लैङ्गिक समानता र महिला सशक्तीकरण विशेष कार्यक्रमका लागि अर्थ मन्त्रालयबाट आवश्यक सशर्त अनुदानको बजेट व्यवस्था नहुनु; स्थानीय तहको साङ्गठनिक संरचनामा लैङ्गिक समानता तथा महिला सशक्तीकरण शाखाको छुट्टै व्यवस्था नहुनु; उत्पीडित दलित तथा कैयन् प्रकारका विभेदको मारमा परेका अति विपन्न महिलाका लागि विशेषतः लक्षित कार्यक्रम चाहिन्छ भन्ने स्थानीय तहमा बोध हुन नसक्नु मुख्य समस्याका रुपमा रहेका छन्। यसका साथै महिला सशक्तीकरणका विषयहरू उठान गरी नेपाल सरकारलाई सुझाव प्रदान गर्ने मुख्य सम्वैधानिक निकाय महिला आयोगमा पदाधिकारिहरूको नियुक्ति नभएका कारण तीनतहका

सरकारसंगको समन्वयमा कठिनाई, पर्याप्त बजेटको अभाव, आयोगका सम्पर्क कार्यालय र हेल्पलाइन सेवा विस्तार हुन नसक्नु, कानूनमा लेखिएका महिलाको अधिकारहरू कार्यान्वयनमा रहेका समस्याबारे पर्याप्त अध्ययन अनुसन्धान नहुनु तथा केन्द्रदेखि समुदायतहसम्मको लैङ्गिक खण्डीकृत तथ्याङ्क तथा सूचना प्रणाली स्थापना नहुनुजस्ता विषयहरू प्रमुख चुनौतीका रुपमा रहेका छन्।

३. सोच

लैङ्गिक समानतामूलक राष्ट्र।

४. उद्देश्य

१. लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु।

३. आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्नु।

५. रणनीति

१. राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने।

२. राज्यका सबै तहको सरकार, क्षेत्र तथा निकायहरूमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने।

३. राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने।

४. लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने।

५. आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिंदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने।

६. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१.	लैङ्गिक समानता महिला सशक्तीकरण र महिला अधिकारको बारेमा सचेतना अभिवृद्धि	वटा	५	१०	२४	३०	३५
२.	सम्बन्धित सेवा प्रदायक निकायको अनुगमन	पटक	१०	१०	१०	१२	१३
३.	महिला अधिकार कार्यान्वयनको अवस्था वारे अध्ययन, अनुसन्धान	वटा	३	३	७	९	१०

७. बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	१,२१४	१,२०४	१०	-	९१४	३००	-
२०७८/७९	१,०२७	१,०२७	-	-	१,०२७	-	-
२०७९/८०	१,१२७	१,१२७	-	-	१,१२७	-	-

८. कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरु र समाप्ति)	लागत (रु. लाखमा)	पुष्ट्याईं	आगामी तीन वर्षको उपलब्धी सूचक
२२२०००० १	राष्ट्रिय महिला आयोग	संवैधानिक पदाधिकारीहरूको तलबभत्ता तथा सेवा सुविधाको व्यवस्थापन।	सालबसाली			संवैधानिक पदाधिकारीहरूको पारिश्रमिक र सेवा सुविधाको व्यवस्थापन भएको हुने।
२२२०००११	राष्ट्रिय महिला आयोग	महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम।	सालबसाली			आयोगको कर्मचारीको क्षमता अभिबृद्धि भएको हुने। प्रदेश कार्यालय स्थापना भएको हुने। हेल्पलाइन सेवा विस्तार भएको हुने। नीति र कानुनमा भएका महिला हिंसा सम्बन्धी कमजोरी पहिचान भएको हुने। CEDAW र वेइजिङ्ग प्लेटफर्मको प्रतिवेदन पठाइएको हुने। समानुपातिक प्रतिनिधित्वको व्यवस्था र सकारात्मक विभेद सम्बन्धी व्यवस्थाको अनुगमन गरी सुधारका लागि सरकारलाई सिफारिस भएको हुने।

९ .जोखिम पक्ष तथा अनुमान

राष्ट्रिय महिला आयोगमा पदाधिकारीहरूको नियुक्ति, कर्मचारीहरूको क्षमता विकास, सरोकारवालासँगको सहकार्य र सरकार, अन्य संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज एवम् दातृ निकायसँगको सहकार्य हुन सकेमा मात्र यस आयोगले निर्धारित लक्ष्य प्राप्त गर्न सक्नेछ।

८.१२ राष्ट्रिय दलित आयोग

१. पृष्ठभूमि

राष्ट्रिय दलित आयोग नेपालको संविधानको धारा २५५ बमोजिम गठन भएको एक संवैधानिक आयोग हो। यस आयोगमा एक अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था रहेको छ। आयोगको प्रमुख कार्य दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्.सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने र जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्न नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने रहेको छ। साथै दलितको हक प्रयोग गर्न नदिएको वा वन्चित गरेको विषयमा मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा सम्बन्धित निकाय समक्ष वा नेपाल सरकार समक्ष राय सुझाव तथा सिफारिस गर्ने उद्धेश्यले यस आयोगको स्थापना भएको हो। सोही बमोजिम आयोगले आफ्ना काम कारवाहीहरू अगाडि बढाएको छ।

२. समस्या तथा चुनौती

दलित समुदाय र समाजका अन्य वर्गका बीच सामाजिक क्षेत्रमा ठूलो अन्तर रहनु, जातीय विभेद सम्बन्धि घटनाहरू निरन्तर घटिरहनु, राज्यको स्रोत, साधन, अवसर र लाभमा दलित वर्ग, समुदाय एवम् क्षेत्रको न्यायोचित पहुँच नहुनु, राजनीतिक र प्रशासनिक संरचनामा उचित प्रतिनिधित्व नहुनु यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन्। विभिन्न वर्ग र क्षेत्रका समुदाय र दलित समुदाय वीच आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्र लगायत सम्पूर्ण क्षेत्रमा समान स्तर कायम गर्नु, राज्यको स्रोत, साधन, अवसर र लाभमा दलित समुदायको न्यायोचित पहुँच स्थापित गर्नु साथै दलित समुदायमाथि हुने जातीय छुवाछुत तथा विभेदको अन्त्य गरि सभ्य र समतामूलक समाज निर्माण गर्नु जस्ता चुनौती रहेका छन्।

३. सोच

सुखी, समृद्व र गुणस्तरीय जीवन भएका दलित वर्गका जनताको विकास गर्ने।

४. उद्देश्य

१. दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरण गर्नु।
२. जातीय विभेद तथा छुवाछुत अन्त्य गरी राष्ट्र निर्माण तथा मूलवाहीकरण गर्नु।
३. दलित समुदायको आर्थिक, सामाजिक र भौतिक विकास गर्नु।
४. दलित समुदायबाट निरक्षरता उन्मूलन गर्नु।
५. दलित समुदायको पेशा र सीपको संरक्षण र सम्बर्द्धन गर्नु।
६. जातीय छुवाछुत तथा सामाजिक विभेद अन्त्य गरि सामाजिक एकता कायम गर्नु।

५. रणनीति

१. मुलुकमा उपलब्ध स्रोत साधनहरूमा दलित समुदायको समानुपातिक पहुँच बढाउने।
२. दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरण गर्ने।
३. राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट दलित समुदायको सहभागिता सुनिश्चित गर्ने।

४. दलित समुदायको क्षमता विकास लागि सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मुलुकमा उपलब्ध रोजगारी अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने।

५. दलित समुदायमा शिक्षाको विस्तार र संस्कृतिको संरक्षण एवंम संम्बर्द्धन गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/ ८०
१	जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने सम्बन्धी घटनाहरूको अनुसन्धान तथा अनुगमन	संख्या	७	१५	२०	२०	२०
२	जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने सम्बन्धी अधिकार प्रर्वद्धन कार्यक्रम	संख्या	५	२२	१०	५	१०
३	अन्तर्क्रिया कार्यक्रम	संख्या	३	१०	१०	१०	१०
४	क्षमता विकास	संख्या	-	जनप्रतिनिधि - ६ निजामति सेवा परीक्षा तयारी -	१२	२०	२०
५	प्रकाशन/प्रशारण	संख्या	-	११	१२	१५	१५

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३२८	३२८	-	-	३२८	-	-
२०७८/७९	३४३	३४३	-	-	३४३	-	-
२०७९/८०	३६०	३६०	-	-	३६०	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	तीन वर्षको अपेक्षित उपलब्धि
२२४०००० १	राष्ट्रिय दलित आयोग					
२२४०००११	राष्ट्रिय दलित आयोग	क्षमता विकास, अन्तरक्रिया कार्यक्रम, अध्ययन अनुसन्धान, अनुगमन तथा अनुसन्धान,दलित हक अधिकार, सम्बन्धी सचेतना अभिवृद्धि				दलित समुदायको मातृभाषा एवम् मदरसा शिक्षा र संस्कृतिको संरक्षण एवम् संम्बर्द्धन भएको हुने। दलित समुदायको आर्थिक तथा सामाजिक विकास भएको हुने। दलित समुदायमा छुवाछुतको अन्त्य भएको हुने। दलित समुदायको सशक्तीकरण भएको हुने। मुलुकमा उपलब्ध स्रोत साधन र विकासको प्रतिफलमा दलित समुदायको समानुपातिक पहुँच भएको हुने। दलित समुदाय भित्र मुलुकमा उपलब्ध रोजगारीको अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने। लैगिङ्ग समानता कायम गर्न सहयोगीको भूमिका खेलिएको हुने। दलित समुदाय भित्रको गरिवी न्यूनीकरण गर्न सहयोग पुगेको हुने।

९. जोखिम पक्ष तथा अनुमान

आयोगको लागि आवश्यक नियम समयमै निर्माण तथा मुलुकका विभिन्न दुर्गम तथा भौगोलिक रुपले विकट क्षेत्रमा रहेका दलितको समस्याहरूको अनुगमन, अनुसन्धान तथा प्रवर्द्धनात्मक लगायतका कार्यक्रम गर्न प्रयाप्त साधन स्रोतको व्यवस्थापन नभएमा आयोगले लिएको उद्देश्य हासिल नहुने जोखिम रहेको छ। साथै, देशमा हाल महामारी रुपमा देखा परेको कोरोना भाइरस रोगको परिस्थितिको कारणले गर्दा समयमै फिल्डमा कार्यसम्पादन हुन नसकेकोले लक्ष्य अनुसार काम हुन नसक्ने जोखिम रहेको छ।

८.१३ राष्ट्रिय समावेशी आयोग

१. पृष्ठभूमि

नेपाल विभिन्न सम्प्रदाय, संस्कृति, जातजाती, भाषाभाषी र समुदायको समिश्रणको रुपमा रहिआएको छ। भौगोलिक वनावटका हिसावले पनि हिमाल, पहाड, तराई मधेश सम्मिलित साँच्चिकै सुन्दर र अनुपम छ। प्राचीन सभ्यता र संस्कृतिको धनी यस मुलुकको स्वरुप र चरित्र नै समावेशी किसिमको छ। त्यसैले यस मुलुकमा वसोवास गर्ने खस आर्य, पिछडावर्ग, आदिवासी जनजाती, दलित, अपाङ्ग, असहाय, महिला, मधेसी, अल्पसंख्यक पिछडिएको वर्ग र क्षेत्र लगायत सवै जाति, वर्ग र क्षेत्र एवं आर्थिक रुपमा विपन्न र सीमान्तीकृत समुदायको राष्ट्रिय जनजीवनमा समानुपातिक समावेशीकरण अपरिहार्य शर्त हो। यसै वास्तविकतालाई आत्मसात गर्दै नेपालको संविधानको प्रस्तावनामा नै "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने" उदघोष गरिएको छ। यो नै समानुपातिक समावेशी राज्य व्यवस्थाको मूल आधार हो। संविधानले विशेषत नेपालका विविध जात जाति र भौगोलिक क्षेत्रको पहिचान स्थापित गरी न्यायोचित र समतामूलक समावेशी विकासको माध्यमबाट विद्यमान आर्थिक, सामाजिक र राजनीतिक विभेदहरूको अन्त्य गर्ने उद्देश्य राखेको हो।

महिला, दलित, आदिवासी जनजाती, थारु, दलित, मधेसी र मुश्लिम समुदायहरूको हक अधिकारको संरक्षणको लागि छुट्टाछुट्टै संवैधानिक आयोगको व्यवस्था गरेपछि खस आर्य, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्प संख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली एवं आर्थिक रुपले विपन्न लगायतका समुदायको हक अधिकारको संरक्षणको लागि छुट्टै संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था नेपालको संविधानको भाग २७ को धारा २५८ मा गरिएको हो।

२. समस्या तथा चुनौती

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन २०७४ ले आयोगका काम कर्तव्य र अधिकारहरू सुनिश्चित गर्नुका साथै आयोगका काम कारवाहीलाई व्यवस्थित गरेको छ। आयोगको संगठनात्मक संरचना र दरबन्दी सरकारले स्वीकृत गरेको छ। तथापी आयोगमा हालसम्म पदाधिकारीहरू पूर्ण रुपमा नियुक्ति नभएको, विभिन्न आयोगहरूको अधिकार क्षेत्रमा दोहोरोपना साथै लक्षित वर्गहरू परिभाषित हुन बाँकी, कमजोर भौतिक संरचना, पर्याप्त जनशक्ति र आर्थिक स्रोतको अभाव मुख्य समस्याको रुपमा देखा परेका छन्।

त्यसै गरी, यस आयोगको कार्यक्षेत्र भित्र पर्ने लक्षित वर्गको खण्डित तथ्यांकको अभाव, वित्तीय स्रोतको लागि सरकारसँग निर्भर रहनु, राजनीतिक वादहरूमा विभाजित लक्षित वर्ग र जातीय संगठनहरू रहनु साथै संविधानका प्रावधान बमोजिम संघीय कानून नबनेको अवस्था रहेनु जस्ता चुनौतीहरू आयोगसामु विद्यमान रहेका छन्।

३. सोच

विभिन्न वर्ग, क्षेत्र र समुदायको हक अधिकारको संरक्षण, समावेशीकरण तथा सूचिकृत विषयमा अध्ययन अनुसन्धान मार्फत समावेशी समाज निर्माण।

४. उद्देश्य

१. खस आर्य, पिछडा वर्ग अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक लगायतका समुदायको हक अधिकारको संरक्षणको लागि अध्ययन अनुसन्धान गर्नु।

२. कानुन परिमार्जनका सन्दर्भमा उल्लेखित वर्गहरूका लागि सरकारले अवलम्बन गर्नुपर्ने नीति कार्यहरूको बारेमा सिफारिस गर्नु।

५. रणनीति

१. खस आर्य, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक श्रमिक, किसान, अल्पसंख्यक एवं सिमान्तीकृत समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गर्ने।

२. अल्पसंख्यक तथा सिमान्तीकृत समुदायका लागि प्रत्याभुत हक अधिकारका सम्बन्धमा तर्जुमा गरि कार्यान्वयन गरिएका कानुनमा जनगणना तथा मानव विकास सूचकांक प्रतिवेदनका आधारमा पुनरावलोकन गरि समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने।

३. कर्णाली र बिपन्न तथा पिछडिएका वर्गको विकास र सम्बृद्धिका लागि अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३४१	३२४	१७	-	३४१	-	-
२०७८/७९	३५७	३३९	१८	-	३५७	-	-
२०७९/८०	३७४	३५५	१९	-	३७४	-	-

७. कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याई	तीन वर्षको अपेक्षित उपलब्धि
२२६००००१	राष्ट्रिय समावेशी आयोग		सालबसाली			
२२६००००११	राष्ट्रिय समावेशी आयोग	आयोगको सम्बन्धमा संविधानले व्यवस्था गरे बमोजिम कार्य सम्पादन	सालबसाली			उद्देश्य अनुरूप कार्य सम्पादन भएको हुने।

८. जोखिम पक्ष तथा अनुमान

आर्थिक स्रोत, भौतिक पूर्वाधार र समयमा जनशक्ति परिपूर्ति हुन नसकेमा आयोगले उद्देश्य अनुसारको कार्य गर्न नसक्ने जोखिम रहने देखिन्छ ।

८.१४ आदिवासी जनजाति आयोग

१. पृष्ठभूमि

नेपालको संविधानले बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतालाई स्वीकार गरी विविधतावीचको एकता सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने, वर्गीय, जातिय र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानले नेपालमा एक आदिवासी जनजाती आयोग रहने व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने व्यवस्था गरेको छ। आदिवासी जनजाति आयोग ऐन २०७४ ले आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक र हितको संरक्षण तथा सम्बर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण गर्न आदिवासी जनजाती आयोगको स्थापना भएको हो।

आदिवासी जनजाति भित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य कलाको अध्ययन गरी तीनको विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकालाई सिफारिश गर्ने, त्यस्तो समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्ने, परम्परागत सीप, प्राविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने, आदिवासी जनजाति समुदायसँग सम्वन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा अनुगमन तथा मूल्यांकन गर्ने लगाएतका कार्यहरू आयोगले सम्पादन गर्नुपर्नेछ।

२. समस्या तथा चुनौती

संविधानमा व्यवस्था भए वमोजिम आयोगमा पदाधिकारीको नियुक्ति हुन नसक्नु, राज्यको श्रोत साधन, अवसर र लाभमा आदिवासी समुदायको न्यायोचित पहुँच नहुनु, विभिन्न समुदाय र वर्गका बीच सामाजिक क्षेत्रमा ठूलो अन्तर रहनु समस्याको रुपमा रहेको छ भने लक्षित समुदायमा व्याप्त गरिवी घटाउन विभिन्न समुदाय तथा वर्गवीच आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा रहेको अन्तर कम गर्नु, राज्यको स्रोत-साधन तथा सेवा-सुविधामा यस समुदायको न्यायोचित पहुँच स्थापित गर्नु, राज्यको संरचनामा लक्षित समुदायलाई अपेक्षित प्रतिनिधित्व गराउनु चुनौतिको रुपमा रहेको छ।

३. सोच

राज्यका सवै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास।

४. उद्देश्य

१. आर्थिक सामाजिक तथा राजनैतिक अवसरवाट वञ्चितमा परेका लक्षित वर्गका लागि मुलुकमा उपलब्ध साधन श्रोत तथा सुविधामा समानुपातिक समावेशी पहुँचको सुनिश्चतता गर्नु।

५. रणनीति

१. मुलुकमा उपलव्ध श्रोत साधनहरूमा लक्षित वर्गको समानुपातिक पहुँच वढाउने।
२. राज्यका तीन तहमा हुने निर्णय प्रकृया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमवाट अर्थपूर्ण सहभागिता सुनिश्चत गर्ने।
३. सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीको अवसर उपयोग गर्न सक्षम वनाउने।
४. आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिको संरक्षण एवं सम्बर्द्धन गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानि उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	आयोगको नियमावली तर्जुमा	संख्या			१		
२	आयोगको रणनीतिक योजना तर्जुमा	संख्या			१		
३	आदिवासी जनजाति समुदायको आर्थिक सामाजिक पक्षको अध्ययन र सिफारिश	संख्या			५	६	७
४	आदिवासी जनजाति समुदायको पेशा, लिपी, भाषा, संस्कृति, साहित्य, कला, इतिहास परम्परा आदिको अध्ययन र सिफारिश	संख्या			५	६	७
५	आदिवासी जनजाति समुदायको पहिचान र थर सूचीकृत	पटक	१	१	१	१	१
६	लक्षित समुदायको परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण एवम् प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग	संख्या			१५	२०	२०
६	रोजगारमूलक/सीप विकास तालिम	संख्या			७	८	९
८	चेतनामूलक कार्यक्रम/गोष्ठि संचालन	संख्या			७	१०	१३

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३१५	२९१	२४	-	३१५	-	-
२०७८/७९	३३०	३०४	२५	-	३३०	-	-
२०७९/८०	३४५	३१८	२७	-	३४५	-	-

८. कार्यक्रम आयोजनाको सक्षिप्त विवरण

ब उ शी न	कार्यक्रम आयोजना	उद्देश्य	आयोजना अवधि सुरु र समाप्ति	लागत रू लाखमा	पुष्ट्याई	आगामी तीन वर्षको उपलब्धि सूचक
२२८००००१	आदिवासी जनजाति आयोग		२०७५/७६-सालवसाली			आयोगको नियमावली र रणनीतिक योजना तर्जुमा भएको हुने।
२२८००११	आदिवासी जनजाति आयोग	आदिवासी जनजाति आयोग संस्थागत सुदृढिकरण	२०७५/७६-सालवसाली			आदिवासी जनजाति समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान र सिफारिश भएको हुने। परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण, प्रवर्द्धन र व्यावसायीकरणमा टेवा पुगेको हुने। सशक्तीकरण र समावेशिता वृद्धि गर्ने कार्यक्रम संचालन भएको हुने।

९ जोखिम पक्ष तथा अनुमान

आर्थिक श्रोत, भौतिक पूर्वाधार र जनशक्ति समयमा परिपूर्ति नभएमा, सरोकारवालाहरूको सकारात्मक सहयोग प्राप्त हुन नसकेमा र कोभिड १९ महामारीको असर तथा प्रभाव रहिरहेमा आयोगले आफ्नो उद्देश्य अनुसारको कार्य पूरा हुन कठिन हुने देखिन्छ।

८.१५ मधेशी आयोग

१. पृष्ठभूमि

मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोग संवैधानिक निकायको रुपमा स्थापित भएको हो । आयोगले आफ्नो स्थापनाकाल देखि संवैधानिक परिधि तथा ऐन कानुन भित्र रही कार्यसम्पादन गर्दै आएको छ । मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालनमा यो आयोग सक्रिय रहँदै आएको छ। आयोगले मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने गरेको छ । संघीय संरचनामा आयोगको भूमिका अझै महत्वपूर्ण छ। आयोगले आवश्यकता अनुसार प्रदेश तहमा समेत कार्यालय स्थापना गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । मूलत यस आयोगले मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने कार्य गर्दछ ।

२. समस्या तथा चुनौती

आयोगमा अध्यक्षको नियुक्ति भए पनि अन्य पदाधिकारी नियुक्त नहुनु, कार्यक्षेत्र र जिम्मेवारी अनुसार काम गर्न आफ्नै छुट्टै कार्यालय भवन सहितको संरचना, जनशक्ति लगायत अन्य स्रोत साधन न्यून हुनु, अध्ययन अनुसन्धान र विश्लेषणमा आधारित काम कारवाही गर्नु पर्ने भएता पनि आवश्यक तथ्यांकको अभाव हुनु, मधेशी समुदायको अधिकार संरक्षण, सम्वर्द्धन एवं सशक्तीकरण गर्नु र समुदायमाथि हुने सबै प्रकारका भेदभाव र हिंसाको न्यूनीकरण गर्ने कार्य समस्या तथा चुनौतीका रुपमा रहेका छन्।

३. सोच

मधेशी समुदायको अधिकारको संरक्षण, सम्वर्धन र सशक्तीकरणका लागि सबै प्रकारका विभेदहरू अन्त्य गरी समावेशी, मर्यादित र समतामूलक समाज निर्माण ।

४. उद्देश्य

१. मधेशी समुदायको हकहितको संरक्षण र सम्वर्द्धन गर्नु ।
२. मधेशी समुदायको अधिकारप्रतिको प्रतिवद्धता व्यावहारिक रुपमा सुनिश्चित गर्नु ।
३. मधेशी समुदायको सशक्तिकरण गर्नु।

५. रणनीति

१. सबै तह र तप्काका मधेशीहरूको मानव अधिकारको संरक्षण,सम्वर्द्धन गर्दै उनीहरूको समग्र विकास गर्ने ।
२. विभिन्न क्षेत्र तथा तहमा मधेशीहरूको समानुपातिक, सामाजिक समावेशी तथा अर्थपूर्ण सहभागिता साथै लैंगिक एवं फरक क्षमताका व्यक्तिहरूको मूलप्रवाहीकरण सुनिश्चित गर्ने ।
३. मधेशी समुदायको अधिकारलाई विकासका मुद्दासंग संरचनागत र कार्यात्मक रुपले जोड्ने ।
४. प्रदेशगत एवं जिल्लागत प्रतिनिधित्व व्यवस्थित गर्ने ।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	तालिम	संख्या	१०	५	५	५	५
२	अनुगमन	पटक	८	१५	२०	२०	२०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	३४६	३२९	१७	-	३४६	-	-
२०७८/७९	३६३	३४५	१८	-	३६३	-	-
२०७९/८०	३८१	३६२	१९	-	३८१	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	तीन वर्षको अपेक्षित उपलब्धि
२३०००००१	मधेशी आयोग		सालबसाली			
२३०००००११	मधेशी आयोग		सालबसाली			

९. जोखिम पक्ष तथा अनुमान

पर्याप्त बजेटको विनियोजन गर्न नसकिएमा, पदाधिकारीको नियुक्ति नभएमा र दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन नभई कार्यालयको संस्थागत क्षमता विकास हुन नसकेमा यस कार्यालयले आफूलाई तोकिएको जिम्मेवारी पुरा गर्न नसक्ने जोखिम रहन्छ।

८.१६ थारु आयोग

१. पृष्ठभूमि

थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्धन तथा थारु समुदायको सशक्तीकरण गर्नको लागि एक संवैधानिक निकायको रुपमा यस आयोगको स्थापना भएको हो। आयोगले संवैधानिक प्रावधान तथा संघीय कानून अन्तर्गत रहेर कार्यसम्पादन गर्दै आएको छ। थारु समुदायको हक हितको संरक्षण र सम्वर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालनका साथै नीति तथा कार्यक्रम तयार गर्न आयोग क्रियाशील छ। आयोगले थारु समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्छ। संघीय संरचनामा आयोगको भूमिका अझै प्रभावकारी बनाउनआवश्यकतानुसार प्रदेश तहमा समेत कार्यालय स्थापना गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। मूलतः यस आयोगले थारु समुदायको समग्र बस्तु स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने र सुझाव दिने गर्दछ।

२. समस्या तथा चुनौती

थारु आयोगमा अध्यक्षको नियुक्ति भए पनि अन्य पदाधिकारीहरू नियुक्त नहुनु, कार्यक्षेत्र र जिम्मेवारी अनुसार काम गर्न आफ्नै छुट्टै कार्यालय भवन सहितको संरचना, जनशक्ति लगायत अन्य श्रोत साधन न्यून हुनु, समुदाय सम्बद्ध खण्डिकृत तथ्यांकहरूको अभाव हुनु, आयोगका काम कारवाहीहरू पर्याप्त अध्ययन अनुसन्धान र विश्लेषणबाट हुनुपर्ने भएकाले आगामी दिनमा सम्बन्धित विषयमा गहन अध्ययन अनुसन्धान गर्नु गराउनु, थारु समुदायको अधिकार संरक्षण गर्नु, थारु समुदाय माथि हुने सबै प्रकारका भेदभाव र हिंसाको प्रभावकारी रुपमा न्यूनीकरण गर्नु जस्ता पक्षहरू यस क्षेत्रमा समस्या तथा चुनौतीका रुपमा रहेका छन्।

३. सोच

थारु समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरण गर्दै सबै जात जाति, भाषा भाषी र धर्म संस्कृतिका वीच सह-कार्य, सह-अस्तित्व र सहिष्णुता कायम गरी समृद्ध नेपाल निर्माण।

४. उद्देश्य

१. थारु समुदायको हकहितको संरक्षण र सम्वर्द्धन गर्नु।

२. थारु समुदायको अधिकारप्रतिको प्रतिबद्धतालाई व्यवहारिक रुपमा सुनिश्चित गर्नु।

५. रणनीति

१. थारु समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरण गरी आर्थिक सामाजिक र सास्कृतिक जीवनस्तरमा सुधार गर्ने।

२. विभिन्न क्षेत्र तथा तहमा यस समुदायको समानुपातिक समावेशी तथा अर्थपूर्ण सहभागिता मार्फत मूलप्रवाहीकरण गर्ने।

३. थारु (आदिवासी जनजाती) समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

४. थारु मुक्त कमैया पुनर्स्थापना सम्बनधमा अध्ययन गरी उनिहरूको उत्थानमा सहयेग गर्ने।

५. थारु समुदायको अधिकारलाई विकासका मुद्दाहरूसँग संरचनागत र कार्यात्मक रुपले जोड्ने।

६. थारु लगायत आदिवासी जनजातीसँग सम्बन्धित मौजुदा नीति तथा कानुनहरूको आवश्यक परिमार्जन तथा नयाँ नीति तथा कानून निर्माण गर्ने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको वास्तविक उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	अन्तर्क्रिया कार्यक्रम (चेतनामूलक कार्यक्रम सहित)	संख्या	८	७	१०	१०	१०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	४४७	४०७	४०	-	४४७	-	-
२०७८/७९	४६९	४२७	४२	-	४६९	-	-
२०७९/८०	४९२	४४८	४५	-	४९२	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	तीन वर्षको अपेक्षित उपलब्धि
२३२०००० १	थारु आयोग	आयोगको प्रभावकारिता	सालबसाली			सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय भएको
२३२०००११	थारु आयोग	थारु समुदायको सशक्तिकरण तथा विकास	सालबसाली			थारु समुदायको सशक्तिकरण तथा विकासमा केहि उपलब्धि भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

आयोग प्रति थारु समुदायको अपेक्षा बढी भएको सन्दर्भमा आवश्यकता अनुसार कर्मचारीको व्यवस्था र बजेट विनियोजन हुन सकेमा आयोगले संविधानको परिधिभित्र रही आफ्नो उद्देश्य अनुरुप कार्य गर्न सक्षम हुनेछ। सो हुन नसकेमा आयोगले अपेक्षा अनुसार कार्य गर्न जोखिम रहनेछ।

८.१७ मुस्लिम आयोग

१. पृष्ठभूमि

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि संविधानको धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई संचालनमा रहेको छ। यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नु रहेका छन्। मुस्लिम समुदाय नेपालको सन्दर्भमा मानव विकास सूचकाङ्कको दृष्टिकोणले सबैभन्दा दयनीय अवस्थामा रहेको छ। सो समुदाय तथा व्यक्तिहरूको उत्थान एवम् विकासका लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ। अतः यस समुदायको सामाजिक आर्थिक एवम् सास्कृतिक विकासका लागि रणनैतिक कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

२. समस्या तथा चुनौती

विभिन्न वर्ग र क्षेत्रका समुदाय र मुस्लिम समुदाय वीच आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा ठुलो अन्तर रहनु, राज्यको स्रोत, साधन, अवसर र लाभमा मुस्लिम समुदायको न्यायोचित पहुँच नहुनु, राजनीतिक र प्रशासनिक संरचनामा मुस्लिम समुदायको उचित प्रतिनिधित्व नहुनु, मुस्लिम समुदायका अधिकांश जनता गरिवीको रेखामुनी रहेकाले आर्थिक सामाजिक तथा राजनीतिक क्षेत्रमा पछाडि पर्नु, मुस्लिम समुदाय भित्रको नकरात्मक सामाजिक मूल्य मान्यता र लैङ्गिक हिसांको अन्त्य गर्नु प्रमुख समस्या र चुनौती हुन्।

३. सोच

सुखी, समृद्व र गुणस्तरीय जीवन भएका मुस्लिम जनता।

४. उद्देश्य

१. मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरण गर्नु।
२. मुस्लिम समुदायको आर्थिक सामाजिक र भौतिक विकास गर्नु।
३. मदरसा शिक्षाको गुणस्तरीयता एवम् संरक्षण र सम्वर्द्धन गर्नु।
४. लैङ्गिक विभेद तथा हिंसाको अन्त्य गर्नु।

५. रणनीति

१. मुलुकमा उपलब्ध स्रोत साधनहरूमा मुस्लिम समुदायको समानुपातिक पहुँच बढाउने।
२. मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण गर्ने।
३. राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्ने।

४. मुस्लिम समुदायको क्षमता विकास लागि सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने।

५. मुस्लिम समुदायको मातृभाषा एवम् मदरसा शिक्षा र संस्कृतिको संरक्षण एवम् सम्वर्द्धन गर्ने।

६. विषयक्षेत्रगत नतिजा सूचक

क्र. सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ को अनुमानित उपलब्धि	मध्यकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	अन्तर्क्रिया कार्यक्रम	संख्या	५	३	८	१०	१०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	४४४	३८८	५६	-	४४४	-	-
२०७८/७९	४६६	४०७	५९	-	४६६	-	-
२०७९/८०	४९०	४२७	६३	-	४९०	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत रू लाखमा	पुष्ट्याईं	तीन वर्षको अपेक्षित उपलब्धि
२३४०००००१	मुस्लिम आयोग	उपलब्ध स्रोत साधनहरूमा मुस्लिम समुदायको पहुँच, उनीहरूको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरण गर्नु, राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चितता	सालवसाली			
२३४०००११	मुस्लिम आयोग		सालवसाली			मुस्लिम समुदायको मातृभाषा एवम् मदरसा शिक्षा र संस्कृतिको संरक्षण एवम् संम्बर्द्धन भएको हुने, मुस्लिम समुदायको आर्थिक तथा सामाजिक विकास भएको हुने, मुस्लिम समुदाय भित्रको गरिवी न्यूनिकरण भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

दरबन्दी अनुसार कर्मचारी नभएको तथा सांगठनिक संरचनाको अभावको कारण समयमै फिल्डमा कार्यसम्पादन हुन नसकेकोले लक्ष्य अनुसार काम हुन नसक्ने जोखिम रहेको छ।

८.१८ न्याय परिषद

१. पृष्ठभूमि

स्वतन्त्र न्यायपालिका लोकतान्त्रिक शासन प्रणालीको आधारस्तम्भ हो। न्यायिक स्वतन्त्रताको संवर्द्धनका लागि संविधानले धारा १५३ मा न्याय परिषदको व्यवस्था गरेको छ। परिषदले नेपालको संविधानले व्यवस्था गरेको ३ तहका अदालतहरूमा रहने अब्बल न्यायाधीशहरूको छनौट गरी जनशक्तिको नियुक्ति, कारवाही र बर्खास्ती आदिको कार्य गर्दै आएको छ। साथै न्याय सेवाका राजपत्रांकित अधिकृतको नियुक्ति, सरुवा बढुवा र कारवाही सम्बन्धि कार्य गर्ने संविधानको धारा १५४ ले व्यवस्था गरेको न्याय सेवा आयोगको सचिवालयको भूमिका समेत यसै न्याय परिषद सचिवालयले निर्वाह गर्दै आएको छ।

२. समस्या तथा चुनौती

न्याय परिषदमा आवश्यक दक्ष जनशक्ति र स्रोत साधनको अभाव रहनु, समय सापेक्ष तालिमको अभावले सन्तोषजनक नतिजा दिन नसक्नु, न्याय परिषदले न्यायाधीशहरूको काम कारवाहीको अनुगमन र निगरानी व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने जिम्मेवारी अनुरूप सो कार्य दक्ष जनशक्ति र उचित स्रोत साधनको अभावमा नियमित र प्रभावकारी रूपमा संचालन गर्न नसक्नु लगायतका समस्याहरू रहेका छन्। यी समस्याहरूको वावजुद अन्य निकायहरूको समन्वयमा सिमित स्रोत साधनबाट समाधान गर्दै न्याय परिषदको काम कारवाहीलाई प्रभावकारी बनाउनु पर्ने चुनौती रहेको छ।

३. सोच

स्वतन्त्र, सक्षम, स्वच्छ, निष्पक्ष एवं प्रभावकारी न्याय प्रणाली मार्फत सबैका लागि न्याय।

४. उद्देश्य

१. न्याय प्रशासनलाई छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउनु।

२. सबैका लागि न्याय सुनिश्चित गर्न न्यायमा सहज पहुँच बनाउनु।

५.रणनीति

१. समावेशी लोकतान्त्रिक मूल्य मान्यता अनुरूपको सक्षम न्याय प्रशासनको विकास गरी नागरिक उन्मुख कानुनी शासन स्थापना गर्नुका साथै सर्वसाधारणको न्यायमा पहुँच स्थापित गरी मानव अधिकारको संरक्षण गरिने।

२. न्यायालयमा कार्यबोझको अनुपातमा आवश्यक जनशक्ति उपलब्ध गराई न्याय प्रशासनलाई व्यवसायिक रूपमा दक्ष बनाउन न्याय सेवालाई प्रतिस्पर्धात्मक र आकर्षक हुने विभिन्न कार्यक्रम सञ्चालन गरिने।

६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
१	गोष्ठी, सेमिनार	पटक	९	४	१०	८	९
२	अनुगमन निगरानी	पटक	-	७	११	१२	१०
३	जिल्ला न्यायाधिश परिक्षा सञ्चालन	पटक	१	१	१	१	१

क्र.सं.	सूचक	एकाइ	२०७५/७६ सम्मको उपलब्धि	२०७६/७७ सम्मको अनुमानित उपलब्धि	मध्यमकालीन लक्ष्य		
					२०७७/७८	२०७८/७९	२०७९/८०
४	न्यायाधिश उपर उजुरी छानविन	संख्या	१२	४	१२	१०	१०

७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

आर्थिक वर्ष	विनियोजन तथा प्रक्षेपण				स्रोत		
	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
२०७७/७८	४६९	४४८	२१	-	४६९	-	-
२०७८/७९	४९६	४७४	२२	-	४९६	-	-
२०७९/८०	५२४	५०१	२४	-	५२४	-	-

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

ब.उ.शी.नं.	कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि (सुरू र समाप्ति)	लागत रू. लाखमा	पुष्टयाई	आगामी तीन वर्षको उपलब्धि सूचक
२१८०००० १	न्याय परिषद		सालवसाली			
२१८०००११	न्याय परिषद	सक्षम न्याय प्रणालीको सुनिश्चतता	सालवसाली			प्रतिष्पर्धाबाट न्यायाधीश जिल्ला न्यायाधीश नियुक्ति भएको हुने। न्यायाधीश उपर उजुरी छानविन भएको हुने।

९. जोखिम पक्ष तथा अनुमान

नेपालको संविधान, न्याय परिषद ऐन, २०७३ ले न्याय परिषद सचिवालयको कार्यक्षेत्र विस्तार गरे पश्चात गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न गठित समितिले सिफारिस गरे बमोजिमको दरबन्दी स्वीकृत भएमा सचिवालयको लक्ष्य तथा उद्देश्यहरू पुरा हुने देखिन्छ। सो हुन नसकेमा लक्ष्य हासिल हुन नसक्ने जोखिम रहेको छ।

अनुसूचीहरु

अनुसूची १.१

मन्त्रालय/निकायगत त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण

(रकम रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	आ. व. २०७६/७७ को संशोधित अनुमान	आ.व. २०७७/७८ को विनियोजन				आ.व. २०७८/७९ को खर्च प्रक्षेपण				आ.व. २०७९/८० को खर्च प्रक्षेपण			
			कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था
१	राष्ट्रपतिको कार्यालय	१,३९९	१,६२१	१,२९८	३२३	०	१,७१३	१,३७१	३४२	०	१,८११	१,४४८	३६३	०
२	उपराष्ट्रपतिको कार्यालय	३९५	५१०	४९३	१७	०	५३१	५१३	१८	०	५५०	५३१	१९	०
३	प्रदेश प्रमुखहरु	१,८५१	२,२८९	२,१७३	११६	०	२,४२६	२,३०३	१२३	०	२,५७२	२,४४२	१३०	०
४	संघीय संसद	१०,९८७	१२,५५७	१२,२३८	३१९	०	१३,२९५	१२,९५७	३३८	०	१४,०७८	१३,७२०	३५८	०
५	अदालत	५२,२१६	६७,८१२	४८,३२३	१९,४८९	०	११७,५७८	५१,३८८	६६,१९०	०	१४२,३५४	५१,६५२	९०,७०२	०
६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	११,५२३	१३,३०४	९,५०५	३,७९९	०	१४,०९६	१०,०६९	४,०२७	०	१४,९९१	१०,६६८	४,३२३	०
७	महालेखा परीक्षकको कार्यालय	५,१४०	६,२३२	४,८५९	१,३७३	०	६,६०४	५,१४९	१,४५५	०	६,९९९	५,४५६	१,५४३	०
८	लोक सेवा आयोग	५,९९८	९,१२६	८,९०४	२२२	०	९,८६०	९,४३४	४२६	०	१०,४४२	९,९९५	४४७	०
९	निर्वाचन आयोग	६,६२२	४,८०१	४,४३५	३६६	०	५,२४३	४,७२८	५१५	०	५,५५३	५,००८	५४६	०
१०	राष्ट्रिय मानव अधिकार आयोग	२,००७	२,५७५	२,५४०	३५	०	२,७२५	२,६८८	३७	०	२,९७१	२,९३२	३९	०
११	न्याय परिषद्	४४०	४६९	४४८	२१	०	४९६	४७४	२२	०	५२४	५०१	२४	०
१२	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	७०८	८८०	८५३	२७	०	९२८	८९९	२९	०	९७८	९४८	३०	०
१३	राष्ट्रिय महिला आयोग	७८२	१,२१४	१,२०४	१०	०	१,०२७	१,०२७	०	०	१,१२७	१,१२७	०	०
१४	राष्ट्रिय दलित आयोग	२९७	३२८	३२८	०	०	३४३	३४३	०	०	३६०	३६०	०	०
१५	राष्ट्रिय समावेशी आयोग	२९०	३४१	३२४	१७	०	३५७	३३९	१८	०	३७४	३५५	१९	०
१६	आदिवासी जनजाति आयोग	२४५	३१५	२९१	२४	०	३३०	३०४	२५	०	३४५	३१८	२७	०
१७	मधेशी आयोग	३०९	३४६	३२९	१७	०	३६३	३४५	१८	०	३८१	३६२	१९	०
१८	थारू आयोग	३२१	४४७	४०७	४०	०	४६९	४२७	४२	०	४९२	४४८	४५	०
१९	मुस्लिम आयोग	३४०	४४४	३८८	५६	०	४६६	४०७	५९	०	४९०	४२७	६३	०
२०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३७,१२७	४२,८८५	३७,६७०	५,२१५	०	४४,४४१	३८,२७८	६,१६३	०	४७,७२८	४०,३२७	७,४०१	०
२१	अर्थ मन्त्रालय	२५३,७८६	४३०,८७०	२५०,१०३	९५,४६७	८५,३००	३४६,३९६	१३१,१७५	१२३,२२१	९२,०००	३६०,३८५	१०५,४९३	१५७,८९१	९७,०००
२२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	५५,२७२	१०६,८६४	५२,८५१	४९,०१३	५,०००	११५,९२०	५४,७३६	५७,१८४	४,०००	१२४,२८०	५८,४९१	६३,२८९	२,५००
२३	उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय	६४२,०९६	९९२,९४८	५२,८९९	३६२,२३०	५७७,८१९	१,२३४,२९८	५२,२१९	४९३,२९९	६८८,७८१	१,४८६,५११	६०,४११	७१८,७१५	७०७,३८५
२४	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	३,९९५	४,७८७	४,७३१	५६	०	५,०७४	५,०१५	५८	०	५,३६१	५,२९८	६२	०
२५	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१७१,४४०	३३३,२७६	२६१,७७४	३१,५०२	४०,०००	३८८,६२३	२९८,१९४	४६,४३०	४४,०००	४२०,१७३	३२०,६९७	५०,९७५	४८,५००
२६	खानेपानी मन्त्रालय	२४१,६७८	३८७,०१८	३२,५७५	२४८,२३५	१०६,२०८	३९६,३६८	१८,१३६	२७३,१६०	१०५,०७१	४४६,८२२	१८,९६९	३१४,५७३	११३,२८०
२७	गृह मन्त्रालय	१,०५६,८१९	१,३५८,९८३	१,२९९,११४	५९,८६९	०	१,४६५,१०१	१,३९०,५४७	७४,५५५	०	१,५२७,०६३	१,४५३,१४७	७३,९१६	०
२८	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१२४,०३८	२६१,१९३	३७,५१२	१९,११६	२०४,५६५	२१४,९९९	३३,३८६	३६,७६८	१४४,८४५	२२३,९५२	३५,४५३	४०,६९९	१४७,८००
२९	परराष्ट्र मन्त्रालय	४३,०९०	६२,८९८	५१,०१९	११,८७९	०	६९,७५१	५५,५४५	१४,२०६	०	७०,७७३	५९,०१२	११,७६१	०
३०	वन तथा वातावरण मन्त्रालय	१०३,२३६	१२६,७१८	८०,३४०	४५,३७८	१,०००	१५२,७१६	९७,५९४	५४,६२२	५००	१६९,८४१	१०६,७८१	६२,५६१	५००
३१	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	५६,८२३	८७,२६९	५६,७४२	२५,५२७	५,०००	१०६,३६६	६३,२६९	२८,०९७	१५,०००	११७,६०३	६६,७१९	३०,८८४	२०,०००
३२	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	८९०,२५९	१,३४७,९४४	१०३,६६१	१,२३९,२८३	५,०००	२,०११,०६३	१२६,५२४	१,८७९,५३९	५,०००	२,८९१,४७६	१४८,३०५	२,७४१,१७२	२,०००

(रकम रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	आ. व. २०७६/७७ को संशोधित अनुमान	आ.व. २०७७/७८ को विनियोजन				आ.व. २०७८/७९ को खर्च प्रक्षेपण				आ.व. २०७९/८० को खर्च प्रक्षेपण			
			कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था
३३	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	५,४०४	८,५८९	७,३८०	१,२०९	०	११,०८३	६,६९६	४,३८७	०	१२,४७७	७,७४७	४,७३०	०
३४	युवा तथा खेलकूद मन्त्रालय	४०,९२५	१८,३९५	१६,४६५	१,९३०	०	२१,२५५	१९,२०९	२,०४६	०	२२,३९८	२०,२२९	२,१६९	०
३५	रक्षा मन्त्रालय	४८२,४३७	५०२,५८६	४४५,९६७	५६,६१९	०	५२०,८८३	४६२,२२९	५८,६५४	०	५३९,८६७	४७९,०४१	६०,८२६	०
३६	शहरी विकास मन्त्रालय	२३९,०५२	३३५,०१६	७२,३६४	२४९,६९७	१२,९५५	३६५,७९६	६६,७०६	२९१,०९०	८,०००	४४७,८६४	७३,७४८	३६४,११६	१०,०००
३७	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	३४०,४३८	५५८,६८९	५५४,८६८	३,८२१	०	६२७,२४९	६०६,७०८	२०,५४२	०	६६६,०९१	६३८,५३१	२७,५६०	०
३८	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	५३,१६२	७२,८४२	५२,९०१	१८,४४१	१,५००	११८,७००	५५,६२०	६२,०७९	१,०००	१५१,२३३	५८,७७७	९१,४५६	१,०००
३९	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	१४७,३६८	२९०,९२६	१३६,३१२	१५४,६१४	०	६८५,७३६	१७६,१७९	५०९,५५७	०	७३९,१०४	१७८,४४९	५६०,६५५	०
४०	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२३७,९०१	६०६,७८८	४५४,१०७	१५२,६८१	०	५८४,९०४	३९४,५७२	१९०,३३२	०	६१६,०१२	४१७,९४६	१९८,०६६	०
४१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	२१,३०५	८३,९४०	८३,३१७	६२३	०	९३,४८६	९२,८२४	६६२	०	९८,९३३	९८,२२९	७०३	०
४२	राष्ट्रिय योजना आयोग	७,६४५	३२,५७०	३१,६७६	८९४	०	१५,५१८	१४,४५५	१,०६३	०	१३,०८१	१२,७१२	३६९	०
४३	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	७०३,०६९	५५०,०००	१६०,४९४	३८९,५०६	०	११०,०००	३२,०९९	७७,९०१	०	०	०	०	०
४४	अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी	६२३,४५६	७२३,५९२	२७०,८४७	०	४५२,७४५	८९०,२३८	३३८,९४४	०	५५१,२९४	१,०३९,८७१	३७८,३१८	०	६६१,५५३
४५	अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय)	२४६,८९३	२४७,४१७	४२,१७२	०	२०५,२४५	३०४,७७१	५०,७९१	०	२५३,९८०	३८०,९६३	६३,४८९	०	३१७,४७५
४६	अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय)	६३,५६९	३०,५७४	५,०३८	०	२५,५३६	३९,६००	६,०६२	०	३३,५३८	४९,४९९	७,५७८	०	४१,९२२
४७	अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा	६४७,४३९	८२७,०००	८२७,०००	०	०	९६७,३१३	९६७,३१३	०	०	१,०२०,५९८	१,०२०,५९८	०	०
४८	अर्थ मन्त्रालय- विविध	२६४,४५९	५६१,९५३	२८१,८५४	२८०,०९९	०	५५७,२९४	३४७,०४७	२१०,२४७	०	६००,८१०	३६८,४४६	२३२,३६४	०
४९	प्रदेश	९४३,१९५	९९८,७३७	९९८,७३७	०	०	१,०५८,६६१	१,०५८,६६१			१,१२२,१८१	१,१२२,१८१		
५०	स्थानीय तह	१,८८४,२५८	२,६२७,५७६	२,६२७,५७६	०	०	२,७८५,२३१	२,७८५,२३१			२,९५२,३४४	२,९५२,३४४		
५१	नयाँ कार्यक्रम/आयोजना		०	०	०	०	४८८,०३८	९०,०००	३३३,०३८	६५,०००	९७७,१८७	१३४,०००	८०७,१८७	३६,०००
जम्मा		**१०,७३३,५०४**	**१४,७४६,४५४**	**९,४८९,४०६**	**३,५२९,१७५**	**१,७२७,८७३**	**१६,९७५,७२४**	**१०,०४१,१३२**	**४,९२२,५८४**	**२,०१२,००८**	**१९,५४९,८७४**	**१०,६२०,१६४**	**६,७२२,७९६**	**२,२०६,९१४**

अनुसूची १.२

मन्त्रालय/निकायगत त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण

(रकम रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	आ.व. २०७७/७८ को स्रोत अनुमान				आ.व. २०७८/७९ को स्रोत प्रक्षेपण				आ.व. २०७९/८० को स्रोत प्रक्षेपण			
		कुल	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण	कुल	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण	कुल	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
१	राष्ट्रपतिको कार्यालय	१,६२१	१,६२१	०	०	१,७१३	१,७१३	०	०	१,८११	१,८११	०	०
२	उपराष्ट्रपतिको कार्यालय	५१०	५१०	०	०	५३१	५३१	०	०	५५०	५५०	०	०
३	प्रदेश प्रमुखहरु	२,२८९	२,२८९	०	०	२,४२६	२,४२६	०	०	२,५७२	२,५७२	०	०
४	संघीय संसद	१२,५५७	१२,५५७	०	०	१३,२९५	१३,२९५	०	०	१४,०७८	१४,०७८	०	०
५	अदालत	६७,८१२	६७,८१२	०	०	११७,५७८	११७,५७८	०	०	१४२,३५४	१४२,३५४	०	०
६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१३,३०४	१३,३०४	०	०	१४,०९६	१४,०९६	०	०	१४,९९१	१४,९९१	०	०
७	महालेखा परीक्षकको कार्यालय	६,२३२	६,२३२	०	०	६,६०४	६,६०४	०	०	६,९९९	६,९९९	०	०
८	लोक सेवा आयोग	९,१२६	९,१२६	०	०	९,८६०	९,८६०	०	०	१०,४४२	१०,४४२	०	०
९	निर्वाचन आयोग	४,८०१	४,८०१	०	०	५,२४३	५,२४३	०	०	५,५५३	५,५५३	०	०
१०	राष्ट्रिय मानव अधिकार आयोग	२,५७५	२,५७५	०	०	२,७२५	२,७२५	०	०	२,९७१	२,९७१	०	०
११	न्याय परिषद्	४६९	४६९	०	०	४९६	४९६	०	०	५२४	५२४	०	०
१२	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	८८०	८८०	०	०	९२८	९२८	०	०	९७८	९७८	०	०
१३	राष्ट्रिय महिला आयोग	१,२१४	९१४	३००	०	१,०२७	१,०२७	०	०	१,१२७	१,१२७	०	०
१४	राष्ट्रिय दलित आयोग	३२८	३२८	०	०	३४३	३४३	०	०	३६०	३६०	०	०
१५	राष्ट्रिय समावेशी आयोग	३४१	३४१	०	०	३५७	३५७	०	०	३७४	३७४	०	०
१६	आदिवासी जनजाति आयोग	३१५	३१५	०	०	३३०	३३०	०	०	३४५	३४५	०	०
१७	मधेशी आयोग	३४६	३४६	०	०	३६३	३६३	०	०	३८१	३८१	०	०
१८	थारू आयोग	४४७	४४७	०	०	४६९	४६९	०	०	४९२	४९२	०	०
१९	मुस्लिम आयोग	४४४	४४४	०	०	४६६	४६६	०	०	४९०	४९०	०	०
२०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४२,८८५	३९,९५५	२,९३०	०	४४,४४१	४४,४४१	०	०	४७,७२८	४७,७२८	०	०
२१	अर्थ मन्त्रालय	४३०,८७०	१९७,२४०	६८,५४३	१६५,०८७	३४६,३९६	२१२,७०१	१०३,६९५	३०,०००	३६०,३८५	२०३,८१५	१४६,५७०	१०,०००
२२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१०६,८६४	७२,५८९	१६,३७१	१७,९०४	११५,९२०	१०४,९३३	१०,२४१	७४६	१२४,२८०	११७,२८०	६,०००	१,०००
२३	उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	९९२,९४८	३८९,६७३	७१,४२९	५३१,८४६	१,२३४,२९८	५५९,४२६	८७,५५४	५८७,३१८	१,४८६,५११	८७२,५१६	९३,६७९	५२०,३१६
२४	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	४,७८७	४,७८७	०	०	५,०७४	५,०७४	०	०	५,३६१	५,३६१	०	०
२५	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३३३,२७६	१४०,५७९	२८,४०२	१६४,२९५	३८८,६२३	२७५,१४४	६,२०३	१०७,२७६	४२०,१७३	३२०,६८८	६८५	९८,८००
२६	खानेपानी मन्त्रालय	३८७,०१८	२८९,५४७	१६,२१२	८१,२५९	३९६,३६८	२८५,४४६	०	११०,९२२	४४६,८२२	३११,५७०	०	१३५,२५२
२७	गृह मन्त्रालय	१,३५८,९८३	१,३३६,९९१	१५,०००	६,९९२	१,४६५,१०१	१,४५५,१०१	०	१०,०००	१,५२७,०६३	१,५२७,०६३	०	०
२८	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२६१,१९३	९२,६४७	२,३१०	१६६,२३६	२१४,९९९	९९,९९९	०	११५,०००	२२३,९५२	१२३,९५२	०	१००,०००
२९	परराष्ट्र मन्त्रालय	६२,८९८	६२,८९८	०	०	६९,७५१	६९,७५१	०	०	७०,७७३	७०,७७३	०	०
